नी.अ.प्र प्रकाशन सङ्ख्या ०६२

# नेपालमा विश्वविद्यालयहरूको अवस्था र प्रादेशिक विश्वविद्यालय स्थापनाका आयामहरू

अनुसन्धान प्रतिवेदन

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

काठमाडौं, नेपाल

# नेपालमा विश्वविद्यालयहरूको अवस्था र प्रादेशिक विश्वविद्यालय स्थापनाका आयामहरू

## अनुसन्धान प्रतिवेदन

डा. गिरी राज शर्मा
डा. हरि शर्मा न्यौपाने
डा. विष्णु राज उप्रेती

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

काठमाडौं, नेपाल

नी.अ.प्र. अनुसन्धान प्रतिवेदन सङ्ख्याः ०२५

ISBN: 978-9937-9577-4-8 (Print)

ISBN: 978-9937-9577-5-5 (Electronic)

यस प्रकाशनमा अभिव्यक्त विचारहरू सम्बद्ध अनुसन्धानकर्ताका हुन् । तिनले नीति अनुसन्धान प्रतिष्ठानका विचार र दृष्टिकोणको प्रतिनिधित्व गर्छन् नै भन्ने छैन ।

सर्वाधिकार © नीति अनुसन्धान प्रतिष्ठान, २०७९

यस प्रतिवेदनको कुनै पनि अंश नीति अनुसन्धान प्रतिष्ठानको लिखित स्वीकृतिविना व्यापरिक प्रयोजनका लागि पुनरूत्पादन, पुनःप्रकाशन, अनुलिपि यन्त्र वा त्यस्तै अन्य यन्त्रहरूमा सञ्चयन, प्रसारण तथा विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्डिङ अथवा त्यस्तै कुनै माध्यमहरूमा प्रयोग गर्न पाइने छैन ।

**उद्धरणका लागि :** शर्मा, गिरी राज; न्यौपाने, हरि शर्मा र उप्रेती, विष्णु राज । (२०७९) । *नेपालमा विश्वविद्यालयहरूको अवस्था र प्रादेशिक विश्वविद्यालय स्थापनाका आयामहरू* । काठमाडौँः नीति अनुसन्धान प्रतिष्ठान ।

**लेआउट** : सुविन उलक
**प्रकाशन मिति** : फागुन २०७९
**प्रकाशन प्रति** : ५००
**मूल्य** :

**नीति अनुसन्धान प्रतिष्ठान**

नारायणहिटी, काठमाडौँ, नेपाल
इमेलः info@pri.gov.np
वेबः www.pri.gov.np
फोन : +९७७-१-४५३०५१७/४५३४९७९

# प्राक्कथन

नेपालको संविधानमा प्रदेशहरूले विश्वविद्यालय स्थापना गर्नसक्ने र यसरी स्थापित विश्वविद्यालयहरूको नियमन सङ्घीय सरकारले गर्न सक्ने प्रावधान छ । संवैधानिक प्रावधानअनुसार शिक्षा नेपालको वर्तमान शासन प्रणाली अन्तर्गतका तीनवटै तहका सरकारको साझा दायित्वको विषय पनि हो । संविधानको सोही व्यवस्थाअनुरूप केही प्रदेशहरूले प्रादेशिक विश्वविद्यालय स्थापना गरिसकेको र केहीले स्थापना प्रकिया आरम्भ गरेको वर्तमान अवस्था छ ।

नयाँ स्थापना हुने विश्वविद्यालय (प्रादेशिक विश्वविद्यालयसमेत) को औचित्य के हुने ? किन, कहाँ र कुन आधारमा विश्वविद्यालयहरू स्थापना गर्ने ? जस्ता स्थापनासँग जोडिएका प्रश्नहरूमा आधारित भई अध्ययन गरेर मात्र विश्वविद्यालय स्थापना गर्ने वा नगर्ने, वा गर्ने भए कसरी गर्ने भन्ने विषयको निर्क्योल गर्नुपर्ने देखिन्छ । यसरी अध्ययन र अनुसन्धानलाई आधार मानेर नयाँ विश्वविद्यालय स्थापना गर्दा आवश्यक पूर्वसर्तहरू के-के हुन सक्छन् ? सोको प्रक्रिया के हुनसक्छ ? र सङ्घीय सरकार यस सन्दर्भमा नीतिगत रूपमा कसरी अगाडि बढ्नु पर्छ आदि विषयमा स्पष्ट खाका तयार गर्ने उद्देश्यले यो अनुसन्धान गरिएको हो । यस अनुसन्धानबाट प्राप्त नतिजाको आधारमा तयार गरिएको नीति सिफारिसहरूले सङ्घीय र प्रदेश सरकारहरूलाई नयाँ विश्वविद्यालय स्थापनार्थ सहयोग तथा मार्गदर्शन गर्ने अपेक्षा नीति अनुसन्धान प्रतिष्ठानले लिएको छ ।

यस अध्ययनमा संलग्न अनुसन्धानकर्ताहरू डा. गिरी राज शर्मा, डा. हरि शर्मा न्यौपाने तथा डा. विष्णु राज उप्रेतीप्रति म हार्दिक धन्यवाद दिन चाहन्छु । उहाँहरूको अथक मिहिनेतले यो अनुसन्धान प्रतिवेदन यस रूपमा प्रकाशन गर्न सम्भव भएको हो । अनुसन्धान प्रतिवेदनको अन्तिम मस्यौदामा बाह्य समीक्षकको रूपमा समीक्षा गर्ने राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयाल र नेपाल सरकारका पूर्वसहसचिव डा. तुलसी प्रसाद थपलिया विशेष धन्यवादका पात्र हुनुहुन्छ । यस प्रतिवेदनको गुणस्तर सुधारका लागि नीति अनुसन्धान प्रतिष्ठानको प्रकाशन पुनरावलोकन तथा सिफारिस समितिमा रही विशेष योगदान गर्नु हुने डा. बिक्रम आचार्य, डा. मन्दिरा लामिछाने धिमाल, गोपाल आचार्य र दिपेन्द्र प्रसाद पन्तप्रति म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । भाषा शुद्धाशुद्धिमा सहयोग पुऱ्याउनु भएको मा डा. झम कुमार विश्वकर्मा तथा सुन्दर रूपले पुस्तकको डिजाइन गर्ने सुविन उलक र सोही प्रक्रियामा सहयोग गर्नुहुने सर्वेशराज शर्मालाई विशेष धन्यवाद ।

डा. मुकुन्द राज कट्टेल
प्रमुख, सूचना तथा ज्ञान व्यवस्थापन विभाग
फागुन २०७९

# विषय सूची

**परिच्छेद एकः पृष्ठभूमि** **१**

१.१. नेपालमा विश्वविद्यालय स्थापनाको सन्दर्भ १

१.२. नीतिगत व्यवस्था ३

१.३. पन्ध्रौं पञ्चवर्षीय योजनामा शिक्षा र दिगो विकास लक्ष्य ७

१.४. समस्याको पहिचान तथा अनुसन्धानको आवश्यकता ८

१.५. अनुसन्धानका उद्देश्यहरू १०

१.६. अनुसन्धानका प्रश्नहरू ११

१.७. अनुसन्धानको विधि ११

१.७.१. तथ्याङ्क सङ्कलन तथा विश्लेषण ११

१.७.२. नीति तथा विश्वविद्यालयका आधारभूत सम्भाग (Component) मा आधारित विश्लेषण विधि १४

१.८. अनुसन्धान प्रतिवेदनको संरचना १५

१.९. अनुसन्धानको क्षेत्र तथा सीमा १६

**परिच्छेद दुईः विश्वविद्यालयहरूको स्थिति विश्लेषण** **१७**

२.१. विश्वविद्यालयहरूको वर्तमान स्थिति १७

२.१.१. त्रिभुवन विश्वविद्यालय १८

२.१.२. नेपाल संस्कृत विश्वविद्यालय २३

२.१.३. काठमाडौं विश्वविद्यालय २४

२.१.४. पूर्वाञ्चल विश्वविद्यालय २५

२.१.५. पोखरा विश्वविद्यालय २५

२.१.६. लुम्बिनी बौद्ध विश्वविद्यालय २६

२.१.७. कृषि तथा वन विज्ञान विश्वविद्यालय २७

२.१.८. मध्यपश्चिम विश्वविद्यालय २८

२.१.९. सुदूरपश्चिम विश्वविद्यालय २९

२.१.१०. नेपाल खुला विश्वविद्यालय २९

२.१.११. राजर्षि जनक विश्वविद्यालय ३०

२.१.१२. गण्डकी विश्वविद्यालय ३१
२.१.१३. मनमोहन प्राविधिक विश्वविद्यालय ३१
२.२. विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू र विद्यार्थी भर्नाको अवस्था ३१
२.२.१. तहगत विद्यार्थी भर्ना, भर्नादर र उत्तीर्ण दर ३६
२.२.२. स्वास्थ्य विज्ञान प्रतिष्ठान ३७
२.३. विश्वविद्यालयहरूलाई दिइने अनुदान ४०
२.४. विश्वविद्यालयका प्राध्यापकहरू ४२
२.५. विश्वविद्यालयहरूको प्रदेशगत अवस्था विश्लेषण ४३
२.५.१. प्रदेश १ ४३
२.५.२. मधेश प्रदेश ४४
२.५.३. बागमती प्रदेश ४४
२.५.४. गण्डकी प्रदेश ४५
२.५.५. लुम्बिनी प्रदेश ४५
२.५.६. कर्णाली प्रदेश ४५
२.५.७. सुदूरपश्चिम प्रदेश ४६
२.६. विश्वविद्यालयको सङ्गठन ढाँचा ५२
२.७. विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरू ५५
२.८. विश्वविद्यालयका समस्याहरू ५८
२.८.१. विश्वविद्यालय र राजनीति ५८
२.८.२. अन्य समस्याहरू ६०
**परिच्छेद तीनः विश्वस्तरीय विश्वविद्यालय र पूर्वाधार ६५**
३.१. विश्वविद्यालयको पूर्वाधार ७०
३.१.१. जमिन तथा भौतिक पूर्वाधार ७१
३.१.२. वित्तीय व्यवस्थापन र स्रोतहरू ७४
३.२. बौद्धिक पूर्वाधार ७५
३.२.१. विश्वविद्यालयको पाठ्यक्रम ७५
३.२.२. विश्वविद्यालयको गुणस्तर र विद्यार्थी सङ्ख्या ७६

**परिच्छेद चारः प्रादेशिक विश्वविद्यालय** **८५**

४.१. प्रादेशिक विश्वविद्यालयको परिभाषा ८५

४.२. प्रादेशिक विश्वविद्यालयहरूको प्रारम्भिक अवस्था ८६

४.३. प्रादेशिक विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू ८८

४.४. प्रादेशिक विश्वविद्यालयको सन्दर्भमा आयोगका सुझावहरू ९२

४.४.१. शिक्षा सुधार उच्चस्तरीय कार्यदल ९२

४.४.२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिवेदन ९४

**परिच्छेद पाँचः प्रादेशिक विश्वविद्यालयहरूको स्थापना** **९७**

५.१. प्रादेशिक विश्वविद्यालयको स्थापनाका आधारहरू ९७

५.१.१. आवश्यकताको आधार ९९

५.१.२. नक्साङ्कनको आधार १००

५.१.३. उद्यमशीलता तथा मानव संसाधन विकासको आधार १०१

५.१.४. नीति प्रावधान र कार्यान्वयनको आधार १०३

५.१.५. निजी क्षेत्रको सक्रियताको आधार १०४

५.१.६. विश्वविद्यालयको स्थापनाका अन्य पक्षहरू १०५

५.२. विश्वविद्यालय स्थापनाका तरिका १०६

५.२.१. सञ्चालनमा रहेका क्याम्पसहरूलाई व्यवस्थित गर्ने तरिका १०६

५.२.२. सञ्चालनमा रहेका क्याम्पसहरूको स्तरोन्नति गर्ने तरिका १०७

५.३. प्रादेशिक विश्वविद्यालयका लागि आवश्यक न्यूनतम पूर्वाधारहरू ११०

५.४. प्रादेशिक विश्वविद्यालयको वित्तीय व्यवस्थापन तथा लगानीका ढाँचाहरू ११४

५.४.१. सङ्घीय सरकारको लगानी ढाँचा ११६

५.४.२. प्रदेश एकल लगानी ढाँचा ११७

५.४.३. सार्वजनिक निजी साझेदारी ढाँचा ११८

५.४.४. त्रिपक्षीय संयुक्त लगानी ढाँचा ११८

५.४.५. निजी लगानी ढाँचा १२०

५.४.६. वैकल्पिक लगानी ढाँचा १२१

५.५. प्रादेशिक विश्वविद्यालयको संस्थागत ढाँचा तथा सञ्चालन पद्धति १२१

५.६. सम्बन्धन तथा क्रेडिट ट्रान्सफर १२५

५.७. शैक्षिक विधा र विषयहरू १२६
५.८. एकीकृत नीति तथा ऐन निर्माण र कार्यान्वयन १२७
५.९. शैक्षिक कार्यक्रम, अनुसन्धान र गुणस्तर १२८
५.१०. अनुसन्धान अनुदान र छात्रवृत्ति १२८
५.११. आवासीय प्रबन्ध १३१
५.१२ अवस्था अध्ययनः काठमाडौँ विश्वविद्यालय १३२
५.१२.१. काठमाडौँ विश्वविद्यालयको पूर्वाधार १३३
५.१२.२. काठमाडौँ विश्वविद्यालयको वित्तीय व्यवस्थापन १३४
५.१२.३. सञ्चालनको ढाँचा १३७
५.१२.४. शैक्षिक कार्यक्रम १३८
५.१२.५. अनुसन्धान र विकास १३९
५.१२.६. काठमाडौँ विश्वविद्यालयले अवलम्बन गरेका राम्रा अभ्यासहरू १४०

**परिच्छेद ६: नतिजा तथा छलफल १४३**

६.१. विश्वविद्यालय सुधारको वस्तुगत आधार १४३
६.२. सञ्चालन ढाँचामा सुधारको अपरिहार्यता १४७
६.३. गुणस्तरीय जनशक्ति उत्पादनको सुनिश्चितता १४९

**परिच्छेद सातः निष्कर्ष तथा नीति सिफारिस १५३**

७.१. निष्कर्ष १५३
७.२. नीति सिफारिसहरू १५५

**सन्दर्भग्रन्थ सूची १६४**

**अनुसूची १७२**

# तालिकाहरूको सूची


तालिका १ अनुसन्धानमा प्रयुक्त नीति विश्लेषणका सूचकहरू १४

तालिका २ त्रिभुवन विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात १८

तालिका ३ त्रिभुवन विश्वविद्यालयको रणनीतिक विश्लेषण १९

तालिका ४ नेपाल संस्कृत विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात २३

तालिका ५ काठमाडौं विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात २४

तालिका ६ पूर्वाञ्चल विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात २५

तालिका ७ पोखरा विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात २६

तालिका ८ लुम्बिनी बौद्ध विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात २७

तालिका ९ कृषि तथा वन विज्ञान विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात २७

तालिका १० मध्यपश्चिम विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात २८

तालिका ११ सुदूरपश्चिम विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात २९

तालिका १२ नेपाल खुला विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात ३०

तालिका १३ राजर्षि जनक विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात ३०

तालिका १४ विश्वविद्यालय तथा विद्यार्थी सङ्ख्याको विवरण ३२

तालिका १५ आङ्गिक, सामुदायिक तथा निजी क्याम्पसहरूमा विद्यार्थीहरूको लैङ्गिक वितरण ३५

तालिका १६ कूल विद्यार्थीहरूको तहगत विद्यार्थी सङ्ख्या ३६

तालिका १७ विश्वविद्यालयहरूलाई दिइने अनुदान र प्रति विद्यार्थी अनुदान ४१

तालिका १८ प्रदेशगत शैक्षिक अवस्था ४७

तालिका १९ स्वायत्त उच्च शिक्षण संस्थाले प्राप्त गर्ने अधिकारहरूको वितरण ८०

तालिका २० भारतमा क्लस्टर विश्वविद्यालय ८१

तालिका २१ विश्वविद्यालयका प्रस्तावित तथा सञ्चालित शैक्षिक कार्यक्रमहरू ८८

तालिका २२ विश्वविद्यालयहरूका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार ११२

तालिका २३ बोर्ड अफ ट्रष्टीले नेतृत्व गर्ने सङ्गठनात्मक ढाँचा १२३

# चित्रहरूको सूची


चित्र १ हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूको प्रति क्याम्पस विद्यार्थी सङ्ख्या ३४

चित्र २ स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको विद्यार्थी सङ्ख्या ३८

चित्र ३ आङ्गिक, सामुदायिक तथा निजी क्याम्पसहरूको प्रदेशगत प्रति क्याम्पस जनसङ्ख्या ५०

चित्र ४ प्राविधिक र साधारण सङ्कायका विद्यार्थीहरूको प्रदेशगत प्रतिशत ५१

चित्र ५ विश्वविद्यालयहरूको सङ्गठनात्मक स्वरूप र पदाधिकारीहरू ५३

चित्र ६ विश्वस्तरीय विश्वविद्यालयका मुख्य तत्वहरूको संयोजन ६७

चित्र ७ विश्वस्तरीय विश्वविद्यालय निर्माणका प्रारूप ७०

चित्र ८ विश्वविद्यालय स्थापनाका सम्भागमा आधारित पूर्वाधारका घटकहरू ७१

चित्र ९ उच्च शिक्षाको कूल भर्नादर (प्रतिशतमा) ७९

चित्र १० विश्वविद्यालयमा लगानीका सम्भाव्य ढाँचाहरू ११५

चित्र ११ पुँजी लगानी र सञ्चालन खर्च भार ११९

# कार्यकारी सारांश

विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरूको वर्तमान अवस्था र प्रादेशिक वितरणको समीक्षा गर्दै नयाँ (खासगरी प्रादेशिक) विश्वविद्यालय स्थापनाका लागि आवश्यक पूर्वाधार र लगानीका ढाँचाहरूको बारेमा यस अनुसन्धानले प्रकाश पारेको छ । अध्ययनमा हाल सञ्चालनमा रहेका १३ वटा विश्वविद्यालयमध्ये भर्खरै स्थापना भएका दुईवटा प्रादेशिक विश्वविद्यालय (मनमोहन प्राविधिक विश्वविद्यालय र गण्डकी विश्वविद्यालय) बाहेकको स्थिति समीक्षा गर्दा गुणस्तर, विद्यार्थी सङ्ख्या प्राध्यापक, पाठ्यक्रम, शैक्षिक कार्यक्रम, सञ्चालन पद्धति र लगानीको अवस्था कमजोर देखिएको छ । यी सबै क्षेत्रहरूमा आमूल सुधारको खाँचो रहेको नतिजाले देखाउँछ । उच्च शिक्षाको ठुलो हिस्सा त्रिभुवन विश्वविद्यालयसँग छ भने सबैभन्दा धेरै समस्या र कमजोरी पनि त्यहीँ छन् । विद्यार्थी सङ्ख्या हेर्दा देशभरि छारिएर रहेका क्याम्पसहरूको औसत विद्यार्थी सङ्ख्या ३ सय २६ हुन्छ । यो विद्यार्थी सङ्ख्या एउटा क्याम्पसलाई व्यवस्थापन गर्न र गुणस्तर कायम राख्नका लागि दबाबपर्ने सङ्ख्या त होइन तर त्यसो हुन नसकेको तथ्याङ्क र सूचनाहरूबाट प्राप्त निष्कर्षले देखाउँछ । प्रादेशिक अवधारणामा स्थापना भएका विश्वविद्यालयको पनि सुरूआत कमजोर देखिएको छ । गण्डकी विश्वविद्यालयको विद्यार्थी भर्ना अन्य विश्वविद्यालयहरूसँग शैक्षिक कार्यक्रमको दोहोरोपन नहुने विषयहरूको सुरूआत तथा पूर्वाधार संरचनामा लक्ष्यअनुरूप विकास र प्रगति हुन सकेको छैन ।

स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको दायित्व शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने रहेको भए तापनि यी संस्थाहरूमा गुणात्मक क्षमता अभिवृद्धि हुन सकेको छैन र बारम्बार विवादको सामना गरिरहेका छन् । अर्कोतिर, सङ्ख्यात्मक वृद्धि गर्ने गरी थप प्रतिष्ठान र मेडिकल कलेजहरू सञ्चालनमा आउने तयारीमा छन् । प्रतिष्ठान र मेडिकल कलेजहरूको गुणस्तर सुधार ओझेलमा पर्छ कि भन्ने चिन्ता पनि बढेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत अनुगमन र वित्तीय स्रोत प्रवाह हुने यस्ता प्रतिष्ठानहरू (मेडिकल कलेजसहित) प्रत्येक प्रदेशमा दुईवटा स्थापना र सञ्चालन गर्ने सरकारी योजना छ । तर, यसको सञ्चालनका लागि एकीकृत छाता ऐन नभएको, शिक्षा शुल्क महँगो भएको र विद्यार्थीको आकर्षणअनुरूपको भर्ना प्रकिया सहज नभएको देखिएको छ । यस सवालमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबिच आपसी समन्वय पनि कमजोर देखिन्छ । आयुर्वेद चिकित्सा राज्यको प्राथमिकतामा त्यति परेको देखिदैन । हरेक जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य केन्द्र, तत्कालीन अन्चलस्तरीय औषधालय र ३ सय ५ वटा पालिकास्तरका औषधालयको गुणस्तर र क्षमता अभिवृद्धि हुनसकेको छैन ।

विश्वविद्यालय र क्याम्पसहरूको प्रदेशगत वितरणमा बागमती प्रदेश सबैभन्दा अगाडि देखिन्छ । यस प्रदेशमा विश्वविद्यालयसहित ६ सय २४ वटा क्याम्पसहरू रहेका छन् । कर्णालीमा ६२ वटा यस्ता उच्च शिक्षा शिक्षण संस्था रहेका छन् । यद्यपि विश्वविद्यालय र क्याम्पसहरूको सङ्ख्या त्यहाँको जनसङ्ख्याको अनुपातमा पर्याप्त छ कि छैन भनेर हेर्नु उचित हुने भएकाले त्यो तुलना गरिएको छ । यसरी प्रति

क्याम्पस जनसङ्ख्या औसतमा २४ हजार ३६ जना हुन्छ । सो आधारमा कुन प्रदेशको जनसङ्ख्या कति छ र कतिवटा विश्वविद्यालय वा क्याम्पस चाहिने भन्ने कुरा निर्क्योल गर्न सकिन्छ । त्यसकारण, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँ सराइको प्रवृत्तिसमेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु उचित देखिएको छ ।

प्राविधिक र साधारण शिक्षाबिचको अन्तर सबै प्रदेशमा ठुलो रहेको तथ्याङ्कले देखाउँछ । कर्णाली प्रदेशमा प्राविधिक शिक्षा लिने र साधारण शिक्षा लिने विद्यार्थीहरूको सङ्ख्या क्रमशः ७.४१ र ९२.५९ प्रतिशत छ । यस अवस्थाले रोजगारी बजार र देशको आवश्यकताअनुरूपको जनशक्ति विकासमा निर्णय गर्न सोच्नुपर्ने देखाउँछ ।

सञ्चालित विश्वविद्यालयहरूको तहगत विद्यार्थी भर्ना ठिकै देखिए पनि गुणस्तरीय जनशक्ति उत्पादनका दृष्टिकोणले त्यति सन्तोष गर्ने ठाउँ छैन । उच्च शिक्षाको भर्नादर स्नातक तहको ८९.२०, स्नातकोत्तर तहको १०.२०, एम. फिल. तहमा ०.२९ र विद्यावारिधि तहमा ०.३५ प्रतिशत छ । गुणस्तर, पहुँच, प्राध्यापक, शिक्षाको धार (प्राविधिक वा साधारण), छात्रवृत्तिलगायतका विषयहरूको दृष्टिकोणले विश्वविद्यालयको स्नातक तहमा सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्दछन् भने यो जनशक्ति नै श्रमबजारमा प्रवेश गर्ने भएकाले यस तहमा बढी ध्यान दिनुपर्दछ । साथै मुलुकलाई आवश्यकपर्ने थप जनशक्ति निर्माणगरी तीब्र आर्थिक विकास र सामाजिक रूपान्तरणमा गति दिने एक अविच्छिन्न स्वायत्त संस्थाको रूपमा विश्वविद्यालय रहनुपर्दछ ।

यसैगरी, विश्वविद्यालयको सङ्गठनमा संरचनागत कमजोरी रहेको र यसको सुधार तथा प्रभावकारिता अभिवृद्धि गर्नका लागि विधिमा आधारित बोर्ड अफ ट्रष्टी मोडेल नेपालको सन्दर्भमा उपयुक्त हुन्छ । विश्वविद्यालयको सर्वोच्च निकायको नेतृत्व राजनीतिक नियुक्तिबाट हुनुहुँदैन भन्ने धारणा बलियो रूपमा आएको छ । विश्वविद्यालयभित्रको राजनीतिले समग्र प्राज्ञिक वातावरण, क्रियाकलाप र शैक्षिक क्यालेन्डरलाई प्रभावित गर्दछ । प्राज्ञिक स्वायत्तता कायम राख्न आवश्यक र उचित विकल्पहरूसमेत पेस गरिएको छ । विश्वविद्यालयमा राजनीति प्रभावी हुन नदिने विषयसमेत प्राज्ञिक स्वायत्ततासँग जोडिएको छ ।

विश्वस्तरीय विश्वविद्यालयहरूको विविध पक्षहरूको विश्लेषणबाट नेपालका विश्वविद्यालयहरूले गुणस्तर अभिवृद्धि मार्फत विश्वस्तर सुधार गर्नुको विकल्प छैन । उच्च शिक्षाको अन्तर्राष्ट्रियकरण भइरहेको सन्दर्भमा अन्तर्राष्ट्रियस्तरको भौतिक संरचना, शैक्षिक कार्यक्रम, पाठ्यक्रम, गुणस्तर, विदेशी विद्यार्थी, विदेशी विश्वविद्यालयसँग समन्वय तथा सहकार्य, अनुसन्धान र विकास आदि क्षेत्रमा व्यापक सुधार र परिमार्जन गर्नुपर्दछ । विश्वस्तरीय विश्वविद्यालय निर्माणका लागि आवश्यक तीन चरणहरूमध्ये संस्थाको विशेषता पहिचान, चुनौतीहरू पहिचान र सुधारको खाकाको बारेमा विश्लेषण गरिएको छ । विदेशी विश्वविद्यालयका कार्यक्रमहरूको सम्बन्धन लिएर नेपालमा धेरै कलेजहरू सञ्चालन गरिएका

छन् । विदेशी विश्वविद्यालय स्थापनाको विकल्पबारे अध्ययन गर्दा नेपालको आवश्यकता र परिवेशअनुरूपको विश्वविद्यालय विस्तार गर्न सकिन्छ ।

काठमाडौँ विश्वविद्यालयको अवस्था अध्ययनले नेपालमा सञ्चालित विश्वविद्यालयले गर्नुपर्ने सुधारका उपाय र गर्नसक्ने सुधारका क्षेत्रहरूको बारेमा योजना बनाउन प्रस्ट मार्गनिर्देश गरेको छ । यसले पूर्वाधारको क्रमिक विकास, जमिनको उपलब्धता र उपयोग, कोष तथा लेखा पद्धति, वित्तीय व्यवस्थापन प्रणाली, अक्षय कोषको परिचालन, लगानीका स्रोतहरूको पहिचान जस्ता विषयहरूका बारेमा गहन जानकारी दिएको छ । अनुसन्धान र विकासको प्राथमिकता, नयाँ र सान्दर्भिक शैक्षिक कार्यक्रमहरूको सुरूआत, प्राज्ञिक स्वायत्तताको अभ्यास, राजनैतिक प्रभावमुक्त बनाउने प्रयास, अन्तर्राष्ट्रिय सम्बन्ध, प्रविधिमा जोड र प्राविधिक शिक्षामा प्राथमिकता यस विश्वविद्यालयका मुलभूत विशेषता हुन् । यस अध्ययनबाट प्राज्ञिक क्षेत्रमा हुने अनुसन्धानलाई औद्योगिक उत्पादनसँग संयोजन गर्ने तथा औद्योगिक उत्पादन वृद्धिका लागि अनुसन्धान तथा विकासमा लगानी बढाउँदै वैज्ञानिक तथा प्राविधिक जनशक्तिमा उद्यमशीलताको विकास गर्नुपर्ने तथ्य उजागर भएको छ ।

संवैधानिक प्रावधानका आधारमा स्थापित हुने प्रादेशिक विश्वविद्यालय सबै प्रदेशले आफ्नो योजनामा उल्लेख गर्नु र सञ्चालन गर्नु स्वभाविक हो तर त्यसका लागि न्यूनतम पूर्वाधारका मापदण्ड निर्माण र लागु गर्नु आवश्यक छ । अनुसन्धानका आधारमा मात्र प्रादेशिक विश्वविद्यालय स्थापना नगरिएमा विश्वविद्यालयको आधारभूत सर्तहरूसमेत पूरा नहुने जोखिम रहन्छ । जग्गाको उपलब्धता र उपयोगितामा समस्या छ । पूर्वाधारका लागि लगानी र योजना कमजोर रहेका छन् । पूर्वाधारको गुणस्तर मापदण्ड पुगेको छैन भने विद्यार्थीले न्यूनतम सुविधा, आवास जस्ता पक्षमा सहुलियत प्राप्त गर्न सकिरहेका छैनन् । यसैसँग सम्बन्धित न्यूनतम पूर्वाधारको आधारभूत खाका यस अध्ययनमा प्रस्तुत गरिएको छ । यस्ता पूर्वाधारहरूमा भौतिक, डिजिटल (विद्युतीय), अन्वेषणात्मक, प्राज्ञिक, बौद्धिक, भावनात्मक, नेटवर्क आदि महत्त्वपूर्ण छन् ।

प्रदेश १ र गण्डकी प्रदेशमा प्रादेशिक विश्वविद्यालयहरू सञ्चालनमा आइसकेका छन् । प्रादेशिक तहबाट स्थापना भएका ती विश्वविद्यालयका अधिकांश शैक्षिक कार्यक्रम अन्य विश्वविद्यालयसँग दोहोरिएका देखिन्छन् । विषयहरूको छनोट गर्दा आवश्यकताका आधारमा छनोट भएको छ वा छैन भने पक्ष हेरिएको देखिदैन । गण्डकी विश्वविद्यालयले सञ्चालनमा ल्याएको खेलकुद व्यवस्थापन विषय त्रिभुवन विश्वविद्यालयले त्यसअघि नै सञ्चालन गरेको हो । यसबाट गण्डकी प्रदेशमा त्रिभुवन विश्वविद्यालय कै आङ्गिक क्याम्पसहरू रहेको र सोही क्याम्पसहरू मार्फत त्यो विषय सञ्चालन किन गर्न नसकिने भन्ने प्रश्न उब्जिएको छ । प्रादेशिक विश्वविद्यालयले प्रस्ताव गरेका केही नयाँ शैक्षिक कार्यक्रम पनि रहेका छन् जस्तैः पर्वतीय विज्ञान, सम्पदासम्बन्धी अध्ययन आदि ।

नेपालको शिक्षा क्षेत्रमा विनियोजन गरिएको वर्तमान बजेट, निरन्तरता र कार्यान्वयन पक्षहरूको समीक्षा गर्दै लगानीका सम्भावित ढाँचाहरू प्रस्तुत गरिएको छ । सङ्घीय सरकारको एकल लगानी,

प्रदेशको एकल लगानी, सार्वजनिक निजी साझेदारी, त्रिपक्षीय संयुक्त लगानी, निजी लगानी तथा वैकल्पिक लगानी ढाँचाहरू अपनाउन सकिन्छ । तीनतहका सरकारको वित्तीय जोखिमको नियमित लेखाजोखा गर्ने विधि तयार गरी वित्तीय नियन्त्रण प्रणालीबाट विश्वविद्यालयको सङ्गठनात्मक संरचनालाई सुदृढ पार्नुपर्ने एवम् विश्वविद्यालयको स्रोत परिचालनमा प्रभावकारिता अभिवृद्धि गर्ने पद्धतिको विकास गर्नुपर्दछ ।

नेपालमा विश्वविद्यालय स्थापनाको लागि गरिने लगानीको ढाँचा जुनसुकै भए तापनि विश्वविद्यालयले गुणस्तरीय शिक्षा दिन चाहिने स्रोतको व्यवस्था भएको हुनुपर्दछ । सञ्चालन बाहेकका खर्च जस्तैः पूर्वाधार निर्माण, सुधार तथा स्तरोन्नति, अनुसन्धान र विकासका लागि गरिने लगानी राज्यको दायित्व अन्तर्गत पर्नु पर्दछ । तथापि, ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्र प्रबर्धन गर्ने नवीन सोचलाई वास्तविकतामा उतार्ने नयाँ पाठयक्रममा आधारित विश्वविद्यालय खोल्नु आवश्यक भए राज्यले प्राथमिकता निर्धारण गरी लगानी गर्नुपर्दछ ।

प्रादेशिक विश्वविद्यालय स्थापनाको सन्दर्भमा सङ्कलित तथ्यहरूको विश्लेषणबाट मौजुदा अवस्थामा विश्वविद्यालय स्थापनाको साटो भएका विश्वविद्यालयहरूको संरचनागत स्तरवृद्धि, शैक्षिक कार्यक्रम थप, लगानी थप, गुणस्तर सुधार, मानकस्तरका आधारमा एकीकरण वा गाभ्ने प्रक्रियामा जानुपर्ने अध्ययनको निष्कर्ष छ । नयाँ विश्वविद्यालय स्थापना गर्नुपर्ने परिप्रेक्ष्यमा गहन छलफल र अनुसन्धानबाट मात्र निष्कर्षमा जानुपर्दछ । यस अनुसन्धानको विश्लेषणमा आधारित भएर स्थापनाका आधारहरू तयार गरिएको छ । यी आधारहरूमा १) आवश्यकता, २) नक्साङ्कन नीति, ३) उद्यमशीलता तथा मानव संसाधन विकास, ४) नीति प्रावधान र कार्यान्वयन, ५) निजी क्षेत्रको सक्रियता आदि मुख्य रहेका छन् । तथापि, विश्वविद्यालय स्थापनाका लागि जनशक्तिको उत्पादन, व्यवस्थापन र प्रयोग गर्ने अनुमानित कार्ययोजना प्रदेशसँग हुनुपर्दछ ।

साविकका विश्वविद्यालयले उत्पादन गर्ने जनशक्ति अभाव र त्यसको लागि आवश्यक शैक्षिक कार्यक्रम अपुग भएमा विशिष्टीकृत विधाका लागि विश्वविद्यालय स्थापना उपयुक्त विकल्प हो । देशव्यापी सञ्जाल रहेको त्रिभुवन विश्वविद्यालयको आङ्गिक तथा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरू मध्ये विद्यार्थी सङ्ख्या, आर्थिक तथा भौतिक पूर्वाधार र आवश्यकताका आधारमा विश्वविद्यालयमा रूपान्तरण गर्न प्रदेश तहमा रहेका सम्भावित क्याम्पसहरूलाई स्तरवृद्धि गर्ने र विश्वविद्यालयका रूपमा विकास गर्ने नै सबैभन्दा उत्तम विकल्प रहेको छ । भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यकपर्ने स्रोत साधनको उपलब्धता र व्यवस्थापन गर्नु र सबै विश्वविद्यालयबाट उत्पादित जनशक्तिलाई अन्तराष्ट्रियस्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउने गरी विश्वविद्यालयको संस्थागत विकास गर्नुपर्दछ ।

यसैगरी, खोज र अनुसन्धानमा आधारित उच्चशिक्षाको विकास गरी नेपाललाई विविध विषयको विशिष्टीकृत अध्ययन केन्द्र बनाउन सकिने वातावरण तयार गर्ने खालको विश्वविद्यालय स्थापनामा

जोड दिने नीति लिनु उचित देखिएको छ । मुलुकको रूपान्तरणका लागि आवश्यक मानव संसाधनको विकास गर्न प्रक्षेपण गरेको लक्ष्यअनुरूपको मानवस्रोतको विकास गर्ने गरी विश्वविद्यालय आवश्यक हुन्छ ।

विश्वविद्यालयको सङ्गठन चुस्त, समन्वयात्मक, सहयोगी हुनुपर्दछ भने नेतृत्वहरू प्राज्ञिक, बौद्धिक, अनुसन्धानमुखी, स्वायत्त, पारदर्शी र दिगो हुनुपर्दछ । सङ्गठन, नेतृत्व र सञ्चालन पद्धतिबिच कार्यात्मक समन्वय हुनुपर्दछ भन्ने तथ्य यस अनुसन्धानको मूल प्राप्ति पनि हो । प्राज्ञिक नेतृत्वले सञ्चालन गर्ने, विश्वविद्यालयको प्राज्ञिक स्वायत्तता कायम रहने गरी पाठ्यक्रम र शैक्षिक सुधारमा छलफल र सुधार गर्नसक्ने पद्धतिको विकास गर्नुपर्ने देखिएको छ । विश्वव्यापीकरण, अन्तर्राष्ट्रियकरण र स्थानीयकरणबिच सन्तुलन कायम गर्दै शैक्षिक कार्यक्रम निर्माण गर्नुपर्दछ । स्थानीय, परम्परागत र मौलिक ज्ञानको स्रोतलाईसमेत उपयोग गर्ने र विश्वव्यापी बनाउने पक्ष उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

# परिच्छेद एक

# पृष्ठभूमि

## १.१. नेपालमा विश्वविद्यालय स्थापनाको सन्दर्भ

शिक्षा आर्जन मानव सभ्यताको सुरुआतदेखि नै निरन्तररूपमा चल्दै आएको परम्परा हो । नेपालमा शिक्षाको विकासक्रम प्राचीन समयदेखि "आर्यद्विजहरूको वर्णाश्रम नियमानुसार पाँचदेखि आठ वर्षसम्ममा उपनयन भएर गुरुकुलमा ब्रम्हचार्याश्रममा रहेर प्रायः २०-२५ वर्ष विद्याध्ययन गरेर स्नातक भई गृहस्थाश्रममा प्रवेश गर्ने नियममा आधारित थियो" (शर्मा, २०७१, पृ. १४) । त्यतिबेला साधारण शिक्षा घरमै अभिभावकहरूबाट लिने तथा स्वध्ययनमा आधारित हुन्थ्यो भने उच्च शिक्षाको ज्ञान लिने परम्परा गुरुशिष्य पद्धतिमा रहेर आफ्नो थातथलोबाट गुरुकुल वा आश्रममा गएर शिक्षा दीक्षा लिने प्रचलन थियो । यो परम्परा गुरुकुल पद्धतिअनुरूप लामो कालखण्डसम्म निरन्तर चलिरह्यो । नेपालमा मध्यकालसम्म पनि गुरुकुल परम्पराबाट शिक्षा-दीक्षा लिने परिपाटी थियो । खासगरी तत्कालिन समयमा संस्कृत शिक्षाबाहेक बौद्ध विहारका गुरुकुल समेत निकै प्रचलित रहेको पाइन्छ । गुरुकुल पद्धतिमा गुरु-शिष्य परम्पराको नियममा बसेर शिक्षा लिनु पर्दथ्यो भने शिक्षाको विषयवस्तुहरूमा खासगरी धार्मिक ज्ञान, जीवन र समाजका विषयहरू अध्यापन गराइन्थ्यो । नेपालका केही भूभाग जस्तै दिक्तेल, ओखलढुङ्गा, तेह्रथुम, पाँचथर इलाममा ब्राह्मण विद्वानहरूले गुरुकुल चलाएको इतिहासमा भेटिन्छ (पन्त, २०७०) ।

समयक्रमसँगै आधुनिक कालमा राजा-रजौटा, दरबारिया तथा कुलीन वर्गको सहजताका लागि राजगुरु, पण्डित वा धार्मिक गुरुहरूले आफु अनुकूल शिक्षा प्राप्त गर्ने उद्देश्यले दरबारभित्रै वा पायकपर्ने स्थानमा औपचारिक रूपमा शिक्षा प्रवाह गर्ने पद्धति स्थापित गरेको देखिन्छ । यस किसिमको शिक्षाको परम्परालाई औपचारिकता प्रदान गर्ने सन्दर्भमा प्रधानमन्त्री जङ्गबहादुर राणाको सन् १८५० अर्थात् वि. सं. १९०६/०७ मा भएको बेलायत भ्रमणपश्चात् वि. सं. १९१० मा स्थापना भएको दरबार हाइस्कुललाई महत्त्वपूर्ण कदमका रूपमा लिन सकिन्छ (Adhikari, 2018, p.1, Rajbhandari, 2011, p.2) । यद्यपि त्यससमयमा म्याट्रिकुलेशन तहको शिक्षाका लागि नेपालले सन् १९११ सम्म भारतको प्रयाग विश्वविद्यालय र म्याट्रिकुलेशन तथा महाविद्यालय तहको आई.ए. र बी.ए. दुवै तहसम्मको शिक्षाको लागि सन् १९१७ सम्म कलकत्ता विश्वविद्यालयमा निर्भर रहनुपर्ने अवस्था थियो ।

नेपालमा आधुनिक उच्च शिक्षाको सुरुआत सन् १९१८ मा त्रिचन्द्र कलेजको स्थापनापछि मात्र भएको (Regmi, 2019) देखिन्छ तर पनि पाठ्यक्रम तथा परीक्षाजस्ता पक्षमा भारतकै विश्वविद्यालयमा निर्भर रहनुपर्ने बाध्यताको अन्त्य हुन सकेको थिएन । यो बाध्यात्मक परिस्थितिको निवारण सन् १९५९ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि मात्र भएको हो । राणाशासनको अवधिभर अर्थात् सन्

१८४७ देखि १९५० सम्म शिक्षाको विकासको लागि प्रचार प्रसार हुन सकेन भने शिक्षा प्राप्त गर्ने अवसर र सर्वसाधारण जनताको लागि शिक्षाको पहुँच हुन नसकेको कारणले शिक्षाको उन्नयनका दृष्टिकोणबाट यस समयलाई अध्यारो युग मानिन्छ । तत्कालिन समयमा सर्वसाधारण जनतालाई विद्यालय तथा उच्च दुवै तहको शिक्षा प्राप्त गर्न खुला भइसकेको थिएन ।

राणा शासनको अन्त्य र प्रजातन्त्र स्थापना भएपछि नेपालमा शिक्षाको आधुनिक युग सुरु भयो । वि.सं. २००७ सालको राजनैतिक परिवर्तनले नेपालको शिक्षा क्षेत्रमा समेत परिवर्तनको ढोका खोलिदियो । सन् १९५३ देखि नेपालमा आवधिक योजनाको सुरुआत र सन् १९५९ देखि उच्च शिक्षाको सुरुआत भएदेखि नै विभिन्न विश्वविद्यालयहरू स्थापना हुने र विस्तार हुने वातावरण तयार भयो । त्रिभुवन विश्वविद्यालय स्थापना भएको २७ वर्षपछि मात्र नेपाल संस्कृत विश्वविद्यालय स्थापना भएको हो । यस क्रममा सन् १९९० सम्म देशैभरि विद्यालय तथा उच्च शिक्षाको लागि संस्थाहरू[१] स्थापना हुनुका साथै र द्रुत विस्तार भएकाले विद्यालय तथा विश्वविद्यालय शिक्षा साधारण जनताको पहुँचमा पुग्ने अवस्था बन्यो ।

सन् १९५२ को राष्ट्रिय शिक्षा आयोगले तत्कालीन सरकारलाई विश्वविद्यालय स्थापना गर्न सिफारिस गरे बमोजिम नेपालमा पहिलो विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालयको स्थापना सन् १९५९ मा भएपछि उच्च शिक्षा सबै नेपालीको लागि पहुँचको क्षेत्र बन्यो (Upadhyay, 2018, P.96, Regmi.2019, p.2–3) । यद्यपि, त्रिभुवन विश्वविद्यालयको स्थापना तथा सञ्चालन भएको २४ वर्ष पछि सन् १९८३ मा मात्र नेपालमा बहु-विश्वविद्यालयको नीतिगत अवधारणा आयो र यो नीतिगत व्यवस्थाले अन्य विश्वविद्यालयहरू खुल्ने क्रम सुरु भएको हो (Baral, 2007, p.1) ।

नयाँ विश्वविद्यालयहरू खुल्ने क्रममा क्रमशः सन् १९८६ मा महेन्द्र संस्कृत विश्वविद्यालय, सन् १९९१ मा काठमाडौं विश्वविद्यालय, सन् १९९५ मा पूर्वाञ्चल विश्वविद्यालय र १९९६ मा पोखरा विश्वविद्याल स्थापना भई सञ्चालनमा आएका छन् (UGC, 2022) । यसैगरी, लुम्बिनी बौद्ध विश्वविद्यालय सन् २००५ मा स्थापना भयो भने थप तीन विश्वविद्यालयहरू, सुदूरपश्चिम विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय सन् २०१० मा स्थापना भएका हुन् । नेपाल खुला विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालय क्रमशः सन् २०१६ र २०१७ मा स्थापना भएका हुन् (UGC, 2022) । उल्लिखित विश्वविद्यालयहरूको अतिरिक्त प्रादेशिकस्तरमा गण्डकी विश्वविद्यालय र मनमोहन प्राविधिक विश्वविद्यालय स्थापना भई उच्च शिक्षाको पठनपाठन सुरु भइसकेको छ । यसको साथै मानित विश्वविद्यालयको रूपमा ६ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूले स्वास्थ्यसम्बन्धी विभिन्न विधा र विषयहरूमा अध्यापन गर्दैआइरहेका छन् ।

---

१ यस अनुसन्धानमा उच्च शिक्षा तथा विश्वविद्यालय शिक्षालाई सन्दर्भ र आवश्यकताअनुसार समानार्थी शब्दावलीको रूपमा प्रयोग गरिएको छ । समग्रमा उच्च शिक्षा प्रदायक संस्थाहरू, उच्च शिक्षण संस्था वा विश्वविद्यालय र मानित विश्वविद्यालय, तिनीहरूका आङ्गिक, सामुदायिक र सम्बन्धनप्राप्त क्याम्पसहरू, प्रतिष्ठानहरू, विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरू, स्नातक तहका प्राविधिक तथा व्यवसायिक तालिम प्रदान गर्ने संस्थाहरू तथा माध्यामिक शिक्षा समाप्तिपश्चात् प्रदान गरिने शिक्षालाई उच्च शिक्षा भनिएको छ ।

अहिले प्रदेश सरकारहरू नेपालको संविधानको प्रावधानअनुसार प्रादेशिक विश्वविद्यालयको स्थापनार्थ गृहकार्य तथा नीतिगत आधार तयार गर्न अघि बढेका छन् भने केही प्रदेशहरूले राष्ट्रिय तथा स्थानीय सम्भावनाहरूको आधारमा आवश्यकताको पहिचान (need assessment) गहन रूपमा नगरी प्रादेशिक विश्वविद्यालय स्थापना गरेको पाइन्छ। उदाहरणका लागि मधेश प्रदेशले राजविराजमा कृषि र वीरगञ्जमा प्राविधिकसहित दुई विश्वविद्यालयको प्रस्ताव गरी सञ्चालनमा ल्याउँदै छ जबकि देशको कृषि तथा वन विज्ञान विश्वविद्यालय त्यही आवश्यकता पूरा गर्न स्थापना गरिएको हो। त्यसैगरी, गण्डकी प्रदेशले पनि नयाँ विश्वविद्यालय सञ्चालनमा ल्याएको छ जबकि त्यहाँ पोखरा विश्वविद्यालयले आफ्ना शैक्षिक कार्यक्रम मार्फत शिक्षा सेवा प्रदान गरिरहेको छ। उस्तै प्रकारका विधा र विषयहरू समेटेर नयाँ विश्वविद्यालय खोल्नुले गहन अनुसन्धान र आवश्यकता पहिचान नभएको भन्ने आधारलाई पुष्टि गर्दछ।

माथि प्रस्तुत गरिएको सन्दर्भलाई केलाउँदा हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूको स्थापनाको पृष्ठभूमि र विकासक्रमका आधारहरू मार्फत अब स्थापना हुने विश्वविद्यालयको औचित्य अर्थात् किन, कहाँ र कुन आधारमा विश्वविद्यालय स्थापना गर्न सकिन्छ भन्ने विविध पक्षलाई अध्ययन गरेर मात्र निर्क्योल गर्नुपर्ने देखिन्छ। यसरी अध्ययन र अनुसन्धानलाई आधार मानेर नयाँ विश्वविद्यालय स्थापना गर्दा आवश्यक पूर्वसर्तहरू के के हुन सक्छन्, प्रक्रिया के-के हुन सक्दछन्, स्रोतहरू के- के हुन सक्छन् र सरकारले नीतिगत रूपमा कसरी अगाडि बढ्नु पर्छ आदि विषयमा स्पष्ट खाका तयार गर्ने उद्देश्यले यो अनुसन्धान गरिएको हो। यस अनुसन्धानबाट प्राप्त नतिजाको आधारमा तयार गरिएको नीति सिफारिसहरूले संघ र प्रदेश सरकारहरूलाई नयाँ विश्वविद्यालय स्थापनार्थ सहयोग तथा मार्गदर्शन गर्ने अपेक्षा नीति अनुसन्धान प्रतिष्ठानले लिएको छ।

## १.२. नीतिगत व्यवस्था

नेपालको संविधानको अनुसूची ५ अन्तर्गत (धारा ५७ को उपधारा (१) र धारा १०९ सँग सम्बन्धित) संघको अधिकार सूचीको क्रम सङ्ख्या १५ मा उल्लेख भएअनुसार केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय संघको अधिकार क्षेत्रमा राखिएको छ। यसैगरी, संविधानको अनुसूची ६ (प्रदेशको अधिकार सूची) को क्रम सङ्ख्या ८ मा प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र सङ्ग्रहालय प्रदेशको अधिकारभित्र छ। प्रदेशले विश्वविद्यालय स्थापना गर्नसक्ने तर मापदण्ड तयार गर्ने र नियमन गर्ने सङ्घीय सरकारको अधिकारभित्र रहेको स्पष्ट उल्लेख गरिएको छ। तसर्थ, शिक्षा सबै तहको साझा दायित्व हो भन्ने पनि बुझ्नु पर्दछ। संविधानले प्रादेशिक विश्वविद्यालयको स्थापना गर्ने जिम्मेवारी प्रदेश सरकारलाई दिएको छ। संविधानको सोही मर्मअनुरूप सबै प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय सञ्चालन गर्न आ-आफ्ना प्रदेशहरूमा कार्यारम्भ गरेको वर्तमान अवस्था छ।

नेपालको शिक्षासँग सम्बन्धित नीतिहरूमा सङ्घीय राज्य व्यवस्थाअनुरूप शिक्षाको विकास र परिवर्तनको आवश्यकतालाई आत्मसात् गर्नेगरी उच्च शिक्षाका उद्देश्यहरू तय भएका छन्। प्रादेशिक विश्वविद्यालयको स्थापना सङ्घीयताको कार्यान्वयन पनि हो। राष्ट्रिय शिक्षा नीति २०७६ ले खासगरी विश्वविद्यालय तथा मानित विश्वविद्यालयका रूपमा रहेका प्रतिष्ठानहरू, विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरू र समग्र उच्च शिक्षालाई समयानुकूल परिवर्तन र व्यवस्थित गर्न नीतिहरू अवलम्बन गरेको छ। यी नीतिहरूलाई यहाँ उल्लेख गर्नु वाञ्छनीय देखिन्छ।

१) उच्च शिक्षामा समन्वय, अनुदान वितरण, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, राष्ट्रिय योग्यता परीक्षण, मापदण्ड निर्धारण, अनुगमन तथा नियमनलगायतका कार्य गर्न संस्थागत विकास तथा सुदृढीकरण गर्ने,

२) विश्वविद्यालयस्तरको शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नुका साथै सूचना प्रविधिको प्रयोग बढाउने,

३) हाल सञ्चालनमा रहेका र प्रदेशस्तरमा रहन इच्छुक विश्वविद्यालयहरूलाई प्रदेश सरकारको समन्वयमा प्रादेशिक विश्वविद्यालयका रूपमा सञ्चालन गर्न अभिप्रेरित गर्ने। (यो नीतिलाई यस अनुसन्धानको मूल विषयसमेत मानिएको छ, तसर्थ आउँदा शीर्षकहरूमा विस्तृतमा छलफल गरिएको छ),

४) चिकित्सा शिक्षालाई सेवामूलक तथा गैरनाफामूलक बनाउन गुणस्तरीय, विवेकशील तथा सामाजिक दायित्वबोध भएका चिकित्साकर्मीहरूको उत्पादन गर्न चिकित्सा शिक्षा आयोगको सुदृढीकरण गर्ने र चिकित्सा शिक्षामा सक्षमतामा आधारित पाठ्यक्रम लागु गर्ने,

५) आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेशमै विशेषज्ञ जनशक्तिको उत्पादन, औषधी उत्पादन र गुणस्तर अभिवृद्धि गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने,

६) उच्च शिक्षामा विभिन्न विधामा अध्ययन तथा अनुसन्धान विस्तार गर्नुका साथै हालको शिक्षाशास्त्रको शैक्षिक कार्यक्रमको समयानुकूल पुनरावलोकन तथा पुनःसंरचना गर्ने,

७) उच्च शिक्षाका कार्यक्रमहरूमा अन्तर्राष्ट्रिय विद्यार्थीहरू पनि आकर्षित हुने गरी गुणस्तर र अध्ययन विधि तय गरी नेपालका उच्च शिक्षाका कार्यक्रमहरूलाई अन्तर्राष्ट्रियकरण गर्ने। नेपाली परम्परागत ज्ञान, सीप र प्रविधिको अनुसन्धान गरी प्रतिलिपि अधिकारको सुनिश्चिततासहित गुणस्तरमा विस्तार गर्ने,

८) उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यकपर्ने ज्ञान, सीप र अभिवृद्धिको व्यवहारिक अनुभव हासिल गर्न र उच्च शिक्षाको लाभ प्रत्यक्ष रूपमा जनतासमक्ष पुऱ्याउन अनिवार्य स्वयम्सेवकीय सामाजिक सेवाका रूपमा “राष्ट्रिय विकास सेवा” सञ्चालन गर्ने,

९) अनुसन्धानलाई उच्च शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्दै नवप्रवर्तनलाई प्रोत्साहन गर्न कानुनी, संस्थागत र व्यवहारिक उपायहरू अवलम्बन गर्ने,

१०) शैक्षिक गुणस्तर कायम गर्न सक्ने अवस्थामा मात्र विदेशी विश्वविद्यालय वा सम्बद्ध शैक्षिक संस्थाहरूलाई नेपालमा कार्यक्रम चलाउने स्वीकृति दिने र नेपालका विश्वविद्यालयहरूमा सञ्चालन नभएका, नयाँ र प्रविधिसम्बद्ध विषयका कार्यक्रमहरू विदेशी विश्वविद्यालयसँग सम्बन्धनमा नेपालमा सञ्चालन गरी नेपाललाई विश्वस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्र बनाउने,

११) हिन्दु, बौद्धलगायतका पौरस्त दर्शन, सभ्यता, संस्कृतिलगायतको केन्द्रविन्दु बनाई पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवम् परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, मानविकी, समाजशास्त्र, मानवशास्त्र, जैविक विविधता, पर्यटन, जडीबुटीलगायतका सम्पदामा आधारित अध्ययन तथा अनुसन्धानको व्यवस्था मिलाउने,

१२) अनुसन्धान तथा विकासमा लगानी बढाउने र त्यस्तो लगानी आधारभूत तथा वैज्ञानिक अनुसन्धान र व्यवहारिक अनुसन्धानका निम्ति सार्वजनिक, निजी क्षेत्रका उद्योगहरू एवम् अन्य शैक्षिक एवम् प्राज्ञिक क्षेत्रहरूबिच सहकार्य गर्ने र अनुसन्धानलाई विकाससँग जोड्न अनुसन्धान संस्था र उत्पादन संस्थाहरूबिच साझेदारी गराउने ।

नेपाल सरकारको आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा 'राष्ट्रिय महत्त्व र आवश्यकताका आधारमा स्थापना हुने विश्वविद्यालयलाई पूर्वाधार निर्माणमा सघाउ पुऱ्याइनेछ' (नीति तथा कार्यक्रम, २०७९, पृ. ४७) भन्ने उल्लेख गरिएबाट आवश्यकताको सन्दर्भलाई थप बलियो बनाएको छ। आवश्यकताका आधारमा विश्वविद्यालयहरूको स्थापना र संस्थागत सुधार पनि यससँगै अन्तरसम्बन्धित विषयहरू हुन् । राष्ट्रिय शिक्षा नीति २०७६ मा "उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यमान कानुनी तथा संस्थागत संयन्त्रको पुनःसंरचना गर्ने..., गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई राष्ट्रिय आवश्यकता एवम् अन्तर्राष्ट्रिय मान्यता र प्रचलनअनुरूप हुने गरी सान्दर्भिक बनाउने" (शिक्षा मन्त्रालय, २०७६, पृ. ९) उल्लेख छ ।

प्रादेशिक विश्वविद्यालयको सन्दर्भमा राष्ट्रिय शिक्षा नीति २०७६ मा हाल सञ्चालनमा रहेका र प्रदेशस्तरमा रहन इच्छुक विश्वविद्यालयहरूलाई प्रदेश सरकारको समन्वयमा प्रादेशिक विश्वविद्यालयका रूपमा सञ्चालन गर्न अभिप्रेरित गर्ने (नीति नं. १०.१६) प्रावधान रहेको छ । सोही नीतिको आधारमा सातवटै प्रदेशले आ-आफ्ना प्रदेशमा प्रादेशिक विश्वविद्यालय सञ्चालन गर्न नीतिगत तथा संरचनागत कार्यहरूको थालनी गरिसकेका छन् । यद्यपि राष्ट्रिय शिक्षा नीति २०७६ को १०.१६ बुँदामा उल्लेख भएअनुसार प्रदेशस्तरमा विश्वविद्यालय स्थापना गर्दा वर्तमानमा सञ्चालित विश्वविद्यालयबाट सम्बन्धन

लिएका वा आङ्गिक शैक्षिक संस्थाहरूको नक्साङ्कन (mapping) तथा अध्ययनका आधारमा गाभेर विश्वविद्यालय वा विश्वविद्यालय कलेजका रूपमा स्तरोन्नति गर्ने प्रावधान छ ।

**बक्स १ प्रादेशिक विश्वविद्यालयसम्बन्धी राष्ट्रिय शिक्षा नीति २०७६ को व्यवस्था**

नीति १०.१६. हाल सञ्चालनमा रहेका र प्रदेशस्तरमा रहन इच्छुक विश्वविद्यालयहरूलाई प्रदेश सरकारको समन्वयमा प्रादेशिक विश्वविद्यालयका रूपमा सञ्चालन गर्न अभिप्रेरित गर्ने ।

१०.१६.१. प्रदेशस्तरमा विश्वविद्यालय स्थापना गर्दा हालका विश्वविद्यालयबाट सम्बन्धन लिएका वा आङ्गिक शैक्षिक संस्थाहरूको नक्साङ्कन तथा अध्ययनका आधारमा गाभेर विश्वविद्यालय वा विश्वविद्यालय कलेजका रूपमा स्तरोन्नति गर्ने नीति लिइनेछ ।

त्यसरी प्रदेशस्तरमा हस्तान्तरण गर्दा नेपाल सरकारले दिँदै आइरहेको अनुदान कटौती नहुने र जनशक्तिको सेवा, सर्त र सुविधामा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाइनेछ ।

१०.१६.२. सार्वजनिक तथा सामुदायिक उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरूको नक्साङ्कनका आधारमा प्रदेश क्षेत्रका भूगोल, विषय विशेषता र आपसी समझदारीमा समायोजन भई छुटै विश्वविद्यालय बन्न चाहेमा सामुदायिक विश्वविद्यालयका रूपमा रूपान्तरण गर्न सक्ने व्यवस्था गरिनेछ ।

त्यसरी प्रदेशस्तरमा हस्तान्तरण गर्दा नेपाल सरकारले दिँदै आइरहेको अनुदान कटौती नहुने र जनशक्तिको सेवा, सर्त र सुविधामा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाउने सुनिश्चितता नीतिमा गरिएको छ । यसका साथै सार्वजनिक तथा सामुदायिक उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरूको नक्साङ्कनका आधारमा प्रदेश क्षेत्रका भूगोल, विषय विशेषता र आपसी समझदारीमा समायोजन भई छुट्टै प्रादेशिक विश्वविद्यालय बन्न चाहेमा सामुदायिक प्रादेशिक विश्वविद्यालयका रूपमा रूपान्तरण गर्न सक्ने व्यवस्था छ । नयाँ विश्वविद्यालय स्थापनाको विषयहरू सरकारको प्राथमिकतामा समेत परेको छ । उदाहरणार्थ, आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा 'खेलकुद विश्वविद्यालयको सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने' (नीति तथा कार्यक्रम, २०७९, पृ.४९) उल्लेख भएको छ ।

माथि उल्लिखित सन्दर्भमा, प्रादेशिक विश्वविद्यालयहरूको स्थापना गर्नुपूर्व विश्वविद्यालयहरूको आवश्यकता, औचित्य, सञ्चालनको लागि चाहिने नीति तथा संस्थागत संरचना आदि विषयहरूमा बहस, अनुसन्धान र छलफल चलाउनु आवश्यक छ । नयाँ स्थापना हुने विश्वविद्यालयमा विगतको अनुभवबाट सिक्दै गुणस्तरीय शिक्षा दिन सक्नुपर्दछ । प्रादेशिक विश्वविद्यालयहरूको स्थापनाले वर्तमान अवस्थामा आवश्यक मानव संसाधन विकास र राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्न सक्नुपर्छ भन्ने पक्ष बढी महत्त्वपूर्ण रहेको छ ।

## १.३. पन्ध्रौँ पञ्चवर्षीय योजनामा शिक्षा र दिगो विकास लक्ष्य

पन्ध्रौँ पञ्चवर्षीय योजनामा उच्च शिक्षा प्रदानगर्ने शिक्षण संस्थाहरूलाई अनुसन्धानमा आधारित बनाई ज्ञान उत्पादनको केन्द्र बनाउने उल्लेख गर्दै नागरिकलाई गुणस्तरीय, रोजगारमुखी र व्यवहारिक शिक्षा दिने लक्ष्य प्राप्त गर्न सन् २०२३/२४ मा उच्च शिक्षाको कूल भर्ना दर २२ प्रतिशत पुऱ्याउने उल्लेख छ (National Planning Commission, 2020, p.50)। यसैगरी विशिष्टीकृत र उच्च शिक्षा प्रदेश सरकारको तहमा विस्तारित र सबलीकरण गर्ने उल्लेख गरेको छ।

**बक्स २ पन्ध्रौँ पञ्चवर्षीय योजनामा उच्च शिक्षाका सोच, लक्ष्य तथा उद्देश्य**

**सोच**

सामाजिक-आर्थिक रूपान्तरणको लागि मानव संसाधनको विकास

**लक्ष्य**

गुणस्तरीय शिक्षामार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने

**उद्देश्य**

१. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु

२. सङ्घीय संरचनाअनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु

यसैगरी पन्ध्रौँ पञ्चवर्षीय योजनाले वार्षिक पाँच लाख युवा श्रम बजारमा प्रवेश गर्ने गरेको भए तापनि १ लाख ५० हजार मात्रले प्राविधिक तथा व्यवसायिक तालिम प्राप्त गर्ने गरेको उल्लेख छ। तालिम वा व्यवसायिक शिक्षाको माध्यमबाट सीपयुक्त जनशक्तिको रिक्ततालाई पूरा गर्नुपर्ने आवश्यकता छ। यस्तै चिकित्सा तथा इन्जिनियरिङलगायत प्राविधिक विषयहरूमा विशिष्टीकृत मानव स्रोत उत्पादन गर्ने संस्थाका रूपमा उच्च शिक्षण संस्था स्थापना गरिने तथा खुला विश्वविद्यालयलाई विस्तारित र सबलीकरण गरिने पन्ध्रौँ पञ्चवर्षीय योजनामा उल्लेख छ। यसले अबको युगको शिक्षाको परिवर्तित स्वरूपलाई समेत सम्बोधन गर्नसक्दछ।

उच्च शिक्षामा सुधारका लागि विश्वविद्यालय अनुदान आयोगको पुन:संरचना गर्ने, उच्च शिक्षा सेवा प्रवेश गर्न चाहनेहरूका लागि पूर्वयोग्यता परीक्षा प्रणाली लागु गर्ने र उच्च शिक्षा छाता ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउने विषयहरू पन्ध्रौ पञ्चवर्षीय योजनाले समेटेको छ।

साथै राष्ट्रको दीर्घकालीन लक्ष्य २०४३ अनुसार नेपालले आधार वर्ष २०१८/२०१९ मा रहेको उच्च शिक्षाको १२ प्रतिशत कूल भर्ना दरलाई २०४३/४४ मा ४० प्रतिशत पुऱ्याउने लक्ष्य तोकेको

छ । नेपालको विश्वव्यापी तथा राष्ट्रिय प्रतिबद्धताअनुरूप २०३० सम्म दिगो विकासका लक्ष्यले तय गरेका सूचकाङ्क प्राप्त गर्ने योजना नेपालको पन्ध्रौँ पञ्चवर्षीय योजना (२०१९/२० - २०२३/२४) ले तय गरेको छ । नेपाल सन् २०२१ मा अतिकम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नती हुने प्रक्रियामा गएको (सन् २०२६ सम्म मापदण्डअनुरूप प्रगतिका सूचकहरू प्राप्त गरिसक्नु पर्ने) छ भने २०३० सम्म मध्यम आय भएको राष्ट्रमा स्थापित हुने लक्ष्य छ । दीर्घकालीन लक्ष्यअनुरूप २०४३ मा उच्च आय भएको राष्ट्र बनाउने नीति लिइएको छ (National Planning Commission, 2020) । अबको शिक्षा र राष्ट्रिय विकासको मध्यमकालीन तथा दीर्घकालीन लक्ष्यहरूलाई आत्मसात् गर्दै विश्वविद्यालय शिक्षाले जनशक्ति उत्पादन र आपूर्तिको सामञ्जस्य कायम गर्नुपर्ने आवश्यकता छ ।

## १.४. समस्याको पहिचान तथा अनुसन्धानको आवश्यकता

नेपालको संविधानले शिक्षाको सञ्चालन, नियमन र व्यवस्थापनका अधिकारहरू तीन तहका सरकारहरूमा प्रत्यायोजन गरेको र राष्ट्रिय शिक्षा नीति २०७६ ले अहिले सञ्चालनमा रहेका र प्रदेशस्तरमा रहन वा समायोजन हुन इच्छुक विश्वविद्यालयहरू तथा विभिन्न विश्वविद्यालयहरू अन्तर्गतका क्याम्पसहरूलाई प्रदेश सरकारको समन्वयमा प्रादेशिक विश्वविद्यालयका रूपमा रूपान्तरण गर्ने व्यवस्था गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार कुनै एक विश्वविद्यालय वा उक्त विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसहरू नयाँ प्रादेशिक विश्वविद्यालयमा गाभिन सक्ने बाटो खुले पनि नीतिगत रूपमा "इच्छुक विश्वविद्यालयहरू" भन्ने व्याख्याले हाल सञ्चालनमा रहेका विश्वविद्यालय र तिनीहरूका क्याम्पसहरूलाई प्रादेशिकमा रूपान्तरण गर्ने कार्य इच्छुकको भरमा मात्र सीमित हुने हुँदा वर्तमान समस्या समाधान हुन नसक्ने सम्भावना रहन्छ ।

विभिन्न विश्वविद्यालयहरू र ती विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसहरू प्रादेशिक विश्वविद्यालयको रूपमा समाहित गर्न सकिने नीतिगत व्यवस्थालाई आवश्यकताका आधारमा हेरिएको देखिदैन । प्रादेशिक वा केन्द्रीय विश्वविद्यालय स्थापना गर्दा आवश्यकताको निर्धारण गर्ने विधिसम्मत आधारहरू स्तरोन्नति, एकीकरण वा नयाँ स्थापना के हो स्पष्ट छैन । स्तरोन्नति गर्दा संरचनागत, वित्तीय सक्षमता र शैक्षिक गुणस्तर सुधारमा हुने लाभ वा हानीको लेखाजोखा भएको छैन ।

त्यसैगरी हाल सञ्चालित विश्वविद्यालयहरू र ती विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसहरू एकीकरण गरी विश्वविद्यालय स्थापना गर्दा राज्यले प्राप्त गर्ने आर्थिक लाभ, गुणस्तरीय जनशक्ति उत्पादन मार्फत हुने लाभ र हानीको समीक्षा हुनसकेको छैन । यस्तै केन्द्रीय वा प्रादेशिक रूपमा स्थापना हुने नयाँ विश्वविद्यालयले सिर्जना गर्ने आर्थिक दायित्व, यसको आवश्यकता, दिगोपन र नयाँपनका बारेसमेत गहन विमर्श भएको छैन ।

उल्लिखित सन्दर्भमा अब स्थापना हुने विश्वविद्यालय स्तरोन्नति वा एकीकरण वा नयाँ स्थापना जुन सुकै तरिकाबाट स्थापना भएपनि विश्वविद्यालय स्थापनाको आवश्यकता र औचित्यको ठोस आधार पुष्टि गर्नु सक्नुपर्छ। विश्वविद्यालय स्थापना गर्ने वा नगर्ने तथा कहाँ गर्नेलगायतका आधारहरूको भरपर्दो उत्तर नखोजी नयाँ विश्वविद्यालय स्थापना गर्नुहुँदैन। विश्वविद्यालय स्थापनाको आधारहरू पुष्टि गर्न नसकेको खण्डमा राज्यले जनताको करबाट प्रादेशिक विश्वविद्यालयमा किन लगानी गर्ने भन्ने प्रश्न उठ्छ र राज्यकोष उपयोगिताको औचित्यसमेत पुष्टि हुन सक्दैन।

राज्यले नयाँ विश्वविद्यालय खोल्नुपूर्व अहिले सञ्चालनमा रहेका विश्वविद्यालयहरू र ती विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरूलाई इच्छाको भरमा मात्र नछाडी देशको आवश्यकता र औचित्यका आधारमा प्रादेशिक विश्वविद्यालयमा रूपान्तरण हुन प्रेरित गर्ने एकीकृत नीति र कानुन बनाउन जरुरी छ। यो विषयको समाधान संवैधानिक व्यवस्था तथा राष्ट्रिय शिक्षा नीति २०७६ र अन्य कानुनी आधार अन्तर्गत रहेर खोज्नु पर्दछ। विश्वविद्यालय स्थापना गर्दा स्तरोन्नति वा एकीकरणको माध्यमसम्बन्धी पनि स्पष्ट नीतिगत आधारहरू तयार गर्नुपर्दछ। स्तरोन्नति गर्दा आउनसक्ने स्रोत बाँडफाँट, व्यवस्थापनलगायतका विवादमा स्पष्ट नीति तयार नहुँदा समस्या बल्झिन सक्छ। उदाहरणार्थ त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयबिचको विवाद पूर्ण निरूपण हालसम्म हुन सकेको छैन। यस्ता स्रोत बाँडफाँटलगायतका विषयमा विवाद नहुने गरी नीतिगत रूपमै उल्लेख गरिनु पर्दछ।

विश्वविद्यालय शिक्षा देशको लागि आवश्यक मानव संसाधन र जनशक्ति विकास गर्ने, अनुसन्धान र अन्वेषणमा योगदान गर्ने विशिष्ट खालको बौद्धिक र प्राज्ञिक अभ्यास हो। विश्वविद्यालयहरूको स्वतन्त्र र निष्पक्ष सञ्चालन हुनसकेमा मात्र यसले प्राज्ञिक विकासमा योगदान गर्न सक्दछ। शैक्षिक र प्राज्ञिक विशिष्टताले समग्र देशको परिवेश झल्काउनुका साथै जनशक्ति आपूर्तिको व्यवस्थालाई समेत सुचारू र नियमित गर्दछ। यसको अतिरिक्त विश्वविद्यालय शिक्षाले सैद्धान्तिक र व्यवहारिक दुवै अनुसन्धानको कमीलाई पूरा गर्नुपर्दछ। यही व्यापक उद्देश्यलाई आत्मसात् गर्दै विश्वका धेरै विश्वविद्यालयहरूले विश्वस्तरीय गुणस्तरको पठनपाठन र भौतिक सुविधा, अनुसन्धानमा आधारित पाठ्यक्रम तथा पठनपाठन प्रणालीको विकास, विज्ञान प्रविधि तथा नवप्रवर्तनजस्ता महत्त्वपूर्ण विषयहरूलाई प्राथमिकता दिएर विश्वविद्यालयहरू सञ्चालन भएका छन्।

नेपालमा पनि नयाँ विश्वविद्यालयहरूको स्थापना गर्नुपूर्व उल्लिखित पक्षहरूमा ध्यान दिन अति आवश्यक छ। यसको साथै विश्वविद्यालयस्तरको शिक्षाको विकासको लागि हामीले तयार गरेका नीति तथा योजना व्यवहारिक छन् वा छैनन्? भन्ने विषय र गुणस्तरीय शिक्षाको आवश्यकता र पहुँचमा भौगोलिक असमानताको अवस्था, शिक्षाको सर्वसुलभता र शिक्षा क्षेत्रका चुनौतीहरूको गहन विश्लेषण भएको छैन। यस सन्दर्भमा नयाँ विश्वस्तरीय विश्वविद्यालयहरूको स्थापनाका विशेषताहरूलाई विश्लेषणसमेत गरी यो अनुसन्धान गरिएको छ।

आवश्यक न्यूनतम पूर्वाधारविनाको उच्च शिक्षाले चाहेजति शैक्षिक र प्राज्ञिक उपलब्धिहरू हासिल गर्न सक्दैन । कम्तिमा पनि अब बन्ने विश्वविद्यालयहरूले न्यूनतम पूर्वाधारलाई पहिलो सर्त बनाई कामको थालनी गर्नु आवश्यक छ । कस्तो शैक्षिक कार्यक्रम सञ्चालन गर्नका लागि कस्तो पूर्वाधार आवश्यक पर्दछ भन्ने मापदण्डको पूर्ण पालना हुन नसक्नु र लगानी अभावजस्ता कारणले कतिपय विश्वविद्यालयहरू सहज ढङ्गले सञ्चालन हुन सकेका छैनन् । विश्वविद्यालयहरूले त्यहाँको उच्चतम क्षमतालाई अधिकतम उपयोग गर्न अत्यावश्यकपर्ने पूर्वाधार नभएको यथार्थता प्रस्ट देखिन्छ ।

सन् २०१९ मा स्थापना भएको गण्डकी विश्वविद्यालय पूर्वाधार निर्माणमा लगानी अभावका कारण पनि सुस्त निर्माण भएको र हाल केही कार्यालयहरू भाडाको भवनमा चलिरहेका छन् । यसरी पूर्वाधार निर्माण कार्य सम्पन्न नभई विश्वविद्यालय सञ्चालन भएको देखिएको छ । गण्डकी विश्वविद्यालयलाई विश्वविद्यालयको प्रशासनिक तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने पूर्वाधार निर्माण गर्न यथेष्ट वित्तीय स्रोतको अभाव देखिन्छ । वित्तीय स्रोतको अभाव भएका कारण यस विश्वविद्यालयले प्रारम्भिक चरणमा नै कठिनाइ भोगेको विचार विश्वविद्यालयका पदाधिकारीले सार्वजनिक नीति संवाद कार्यक्रममा व्यक्त गर्नुभएको थियो । तसर्थ, वर्तमान शिक्षा नीति र सङ्घीयताको मर्मअनुरूप लगानीको दिगो स्रोत पहिल्याउनु र शिक्षालाई समग्र विकासको पूर्वाधार बनाउन अति नै आवश्यक छ । देशलाई आवश्यक दक्ष जनशक्तिको आपूर्ति, उच्च शिक्षामा सबैको पहुँच, उच्च शिक्षाको सेवा दिने विश्वविद्यालयहरू वा क्याम्पसहरूको भौगोलिक तथा जनसाङ्ख्यिक आधारमा वितरणको अवस्था र स्थानीय परिवेश, पूर्वाधार विकास तथा यसको लागि आवश्यक लगानीको स्रोत आदि विषयहरूलाई विश्वविद्यालय स्थापना गर्नु पूर्वविश्लेषण गर्न जरुरी हुन्छ ।

नेपालको विश्वविद्यालय तहको शिक्षा व्यवस्थित गर्ने, सुधार गर्ने र खोज तथा अनुसन्धानमूलक बनाई देशको आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने पक्ष एकातिर रहेको छ भने अर्कोतिर प्रदेश सरकारहरूले नयाँ प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने क्रम पनि बढ्दै गएको तथ्य हाम्रोसामु रहेको छ ।

## १.५. अनुसन्धानका उद्देश्यहरू

प्रादेशिक विश्वविद्यालय निर्माणका लागि न्यूनतम पूर्वाधार विकास, संस्थागत ढाँचा, वित्तीय व्यवस्थापन र लगानीका स्रोतहरूको बारेमा अध्ययन गरी समय सापेक्ष र आवश्यकतामा आधारित उच्च शिक्षा विस्तारमा नेपाल सरकारलाई उपयुक्त सुझाव मार्फत नीति निर्माणमा सहयोग गर्ने मूल उद्देश्य यस अनुसन्धानको रहेको छ । सोअनुरूप यस अध्ययनका निम्नानुसार विशिष्ट उद्देश्यहरू निर्धारण गरिएका छन् :

१) विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरूको वर्तमान अवस्था र प्रादेशिक वितरणको समीक्षा गर्नु,

२) विश्वविद्यालयको सञ्चालन ढाँचा, पूर्वाधार विकास तथा वित्तीय व्यवस्थापनसम्बन्धी अध्ययन गर्नु,

३) प्रादेशिक विश्वविद्यालय स्थापनाका आधारहरू नेपाल सरकारलाई सिफारिस गर्नु ।

## १.६. अनुसन्धानका प्रश्नहरू

यस अनुसन्धानका विशिष्ट उद्देश्यहरूअनुसार निम्नलिखित मूल प्रश्नहरूमा केन्द्रित रहेर यो अनुसन्धान गरिएको छ ।

१) विश्वविद्यालय तथा क्याम्पसहरूको प्रादेशिक वितरण र पहुँचको अवस्थाहरू के कस्ता छन् ?

- १.१) जनसाङ्ख्यिक र भौगोलिक आधारमा विश्वविद्यालयहरूको वितरणको वर्तमान अवस्था कस्तो छ ?
- १.२) प्रदेशस्तरमा विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरूबिच तालमेलको अवस्था कस्तो रहेको छ ?

२) सङ्घीय तथा प्रदेशस्तरका विश्वविद्यालयहरूको पूर्वाधार र वित्तीय स्रोतको व्यवस्था कसरी गर्न उपयुक्त हुन्छ ?

- २.१) विश्वविद्यालयको आवश्यक न्यूनतम पूर्वाधार कस्तो हुनुपर्छ ?
- २.२) विश्वविद्यालयको वित्तीय स्रोतका आधारहरू के हुन सक्छन ?
- २.३) विश्वविद्यालयको लगानीसम्बन्धी उपयुक्त ढाँचा के हुन सक्छ ?
- २.४) विश्वविद्यालयको सञ्चालन ढाँचा कस्तो हुनुपर्छ ?

३) विश्वविद्यालय स्थापनाका आधारहरू के के हुन्छन् ?

## १.७. अनुसन्धानको विधि

मूलतः यो अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक विधि (descriptive and analytical method) मा आधारित रहेर तयार गरिएको हो । विश्वविद्यालय स्थापनाका आधारभूत पक्षहरूलाई केलाउन सैद्धान्तिक तथा व्यवहारिक आधारहरू, नीति विश्लेषण र अवस्था अध्ययन विधिसमेत अपनाइएको थियो । अध्ययनको लागि उपलब्ध भएका केही प्राथमिक र द्वितीय सूचना तथा तथ्याङ्कको सङ्क्षेपीकरण गर्न व्याख्यात्मक विधि (descriptive method) हरू जस्तैः तालिका, स्तम्भचित्र, पाई-चार्ट र प्रतिशत आदि माध्यमहरूको उपयोग गरिएको छ ।

### १.७.१. तथ्याङ्क सङ्कलन तथा विश्लेषण

तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्न सैद्धान्तिक तथा व्यवहारिक धारणामा आधारित अनुसन्धान विधिको प्रक्रियाअनुसार चरणबद्ध रूपमा सम्पन्न गरिएको थियो । यस अन्तर्गत पूर्वसाहित्य समीक्षा,

सार्वजनिक नीति संवाद, विज्ञहरूको राय सुझाव तथा पृष्ठपोषणजस्ता आधारभूत सहभागितामूलक विधिहरू समावेश गरिएको थियो ।

यस सन्दर्भमा प्रादेशिक विश्वविद्यालयको स्थापनासम्बन्धी सरोकार राख्ने सरोकारवाला, सम्बद्ध मन्त्रालय, अन्य सरकारी निकायहरू, विश्वविद्यालयहरू, प्राध्यापक, शिक्षा तथा लगानीसम्बद्ध विज्ञहरूसँग व्यापक छलफल गरिएका थिए ।

यस अनुसन्धानको पहिलो चरण अन्तर्गत पूर्वअनुसन्धान प्रतिवेदनहरूको अध्ययन र अनुसन्धानको उद्देश्यसम्बद्ध नीतिहरूको विश्लेषण गर्ने कार्य गरिएको थियो । पूर्वअनुसन्धान कृतिहरूको समीक्षा र नीति विश्लेषणका आधारमा अनुसन्धानका लागि उद्देश्यहरू तयार गरिएको हो । नीति विश्लेषण अन्तर्गत नेपालको संविधान र राष्ट्रिय शिक्षा नीति २०७६ लाई मूल रूपमा उपयोग गरी सोको अध्ययन तथा विश्लेषण यस अनुसन्धानले गरेको छ । साथै, नेपाल सरकारबाट जारी गरिएका शिक्षासम्बद्ध नीतिगत व्यवस्था, ऐन र कानुनहरूसमेत यस अध्ययनको दायराभित्र परेका छन् ।

दोस्रो चरणमा सूचना तथा तथ्याङ्क वा जानकारी सङ्कलन गरिएको थियो । सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने प्राथमिक र द्वितीय स्रोतको उपयोग गरिएको थियो । प्राथमिक स्रोतमा सार्वजनिक नीति संवाद र स्थलगत भ्रमण[२] र अन्तरक्रिया मार्फत सूचना तथा जानकारी सङ्कलन गरिएको थियो । सार्वजनिक नीति संवादमा सङ्कलित प्राथमिक सूचना तथा तथ्याङ्कहरूलाई प्रशोधन र विश्लेषण गर्ने कार्य गरिएको थियो । सार्वजनिक नीति संवादमा सम्बद्ध सरोकारवाला, विज्ञ, जानकारलगायत शिक्षा क्षेत्रसँग सम्बद्ध सरोकारवालाहरूलाई समेत सहभागी हुने र विचार राख्न पाउने गरी विद्युतीय माध्यमको (जुम सफ्टवेयर) उपयोग गरिएको थियो । विज्ञ परामर्शसमेत गरी सूचना सङ्कलन गरिएको थियो । २०७८ असोज ३० गते सम्पन्न सो सार्वजनिक नीति संवादमा सहभागी भएका विज्ञ र जानकारहरूको विवरण अनुसूची १ मा समावेश गरिएको छ । सार्वजनिक नीति संवाद, २०७८ असोज ३०, नीति अनुसन्धान प्रतिष्ठानलाई सङ्क्षिप्तमा सार्वजनिक नीति संवाद मात्र भनिएको छ ।

यसैगरी, गण्डकी विश्वविद्यालयको स्थलगत भ्रमण, अन्तरक्रिया र लुम्बिनी विश्वविद्यालयका पदाधिकारीहरूसँग छलफल गरिएको थियो । गण्डकी विश्वविद्यालय प्रादेशिकस्तरमा स्थापना गरिएको र सञ्चालनसमेत भइसकेको कारण प्रादेशिक तहमा स्थापना गर्दाका अनुकूल र प्रतिकूल परिस्थितिहरूका बारेमा विश्लेषण गर्न मद्दत पुग्ने ठानिएकाले सो विश्वविद्यालयलाई छानिएको हो भने लुम्बिनी बौद्ध विश्वविद्यालय विशिष्टीकृत विधाका लागि स्थापना गरिएको विश्वविद्यालय भएको कारण छनोट गरिएको हो ।

२ मिति २०७८/१२/२४ देखि २६ गतेसम्म गण्डकी विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालयका पदाधिकारीहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो जसको विवरण अनुसूची ९ मा समावेश गरिएको छ ।

प्राथमिक तथ्याङ्क सङ्कलनका अन्य स्रोतहरूमा अवस्था अध्ययन (status study), मुख्य सूचनादातासँगको अन्तर्वार्ता (काठमाडौँ विश्वविद्यालयका रजिष्ट्रार, लुम्बिनी विश्वविद्यालयका रजिष्ट्रार, कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपतिसँग असंरचित अन्तर्वार्ता), विश्वविद्यालयको अवलोकन भ्रमण र विज्ञहरूसँगको अन्तरक्रिया र राय लिने कार्य गरिएको छ । अवस्था अध्ययनको सन्दर्भमा काठमाडौँ विश्वविद्यालय शिक्षाविद्हरू तथा सामुदायिक प्रयासमा मुनाफा नलिने उद्देश्यसहित[३] नेपालमा स्थापना भई शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार, सञ्चालन व्यवस्थालगायतका पक्षहरूमा योजनाअनुरूप व्यवस्थापन गर्न सफल मानिएको छ[४] । त्यसकारण, सो विश्वविद्यालय छनौट गरिएको हो । काठमाडौँ विश्वविद्यालयका सबै स्कुलहरूको व्यवस्थापन, शैक्षिक गुणस्तर र पूर्वाधारहरू उपयुक्त देखिएकाले यस विश्वविद्यालयलाई अवस्था अध्ययनका रूपमा छनोट गर्दा उचित हुने देखिएको हो । साथसाथै Ranking Web of Universities[५] का अनुसार विश्वस्तर वरीयता तहमा नेपालका अन्य विश्वविद्यालयभन्दा काठमाडौँ विश्वविद्यालय अब्बल देखिनु पनि छनोटको अर्को आधार हो ।

द्वितीय स्रोतहरूमा नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति २०७६, नेपाल सरकारबाट जारी गरिएका शिक्षा नीतिहरू, नीतिसम्बद्ध दस्तावेज र विश्लेषणहरू, नीतिसम्बन्धी लेखहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेखहरू, विश्वविद्यालयका सूचनाहरू, विश्वविद्यालय अनुदान आयोगका तथ्याङ्क तथा सूचनाहरू, प्रकाशित पुस्तकहरूबाट सूचना र तथ्याङ्कहरू लिइएको छ ।

तेस्रो चरणमा विश्लेषणमा आधारित तर्कहरू स्थापित गर्ने क्रममा मुलतः सैद्धान्तिक र व्यवहारिक आधारहरू यस अनुसन्धानले तयार गरेको छ । सैद्धान्तिक आधारमा विश्वस्तरीय विश्वविद्यालयका विशेषता र यससँग सम्बन्धित आयामहरूको चर्चा गरिएको छ ।

चौथो चरणमा विश्लेषणका आधारमा नतिजा, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ । अनुसन्धान प्रतिवेदनको मुख्य नतिजा र निष्कर्षहरू प्राप्त गरिसकेपछि यसको लेखन कार्य सम्पन्न गरिएको हो ।

नतिजाको क्रमबद्धतासहित लेखनपश्चात् सबै सरोकारवाला, विज्ञ तथा सम्बद्ध सरकारी निकाय (जस्तै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयहरू, प्रदेश योजना आयोग) लगायतका पदाधिकारीहरूबिच प्रस्तुत गर्ने तथा पृष्ठपोषण लिने कार्य गरिएको हो । पाँचौ चरणमा तयारी गरिएको सो कार्यक्रमको मूल उद्देश्य प्रारम्भिक नतिजामाथि छलफल र पृष्ठपोषण लिने

---

३ Kathmandu University (KU) is an autonomous, not-for-profit, self-funding public institution established by an Act of Parliament in December 1991.It is an institution of higher learning dedicated to maintaining the standard of academic excellence in various classical and professional disciplines.Source link: https://ku.edu.np/about-us

४ The University's broadly perceived signature features include autonomous administration, financial self-sustenance, regular maintenance of the academic calendar, sustained trust of the international academic community, optimum contact between faculties and students and student-friendly environment, among others.Source link: https://ku.edu.np/about-us

५ यस विश्वस्तर वरीयताले काठमाडौँ विश्वविद्यालयलाई २५५४औँ स्थानमा राखेको छ भने नेपालका अन्य विश्वविद्यालय निकै पछाडि रहेका छन्, लिंक: https://www.webometrics.info/en/asia/nepal%20

तथा परिमार्जन गरी थप सान्दर्भिक बनाउने रहेको थियो । २०७९ साल जेठ ९ गते सम्पन्न सो कार्यक्रममा सहभागी भई पृष्ठपोषण गर्ने विज्ञ र सरोकारवाला संस्थाका प्रतिनिधिहरूको विवरण अनुसूची २ मा समावेश गरिएको छ[६] । यसरी पृष्ठपोषण कार्य सम्पन्न भइसकेपछि पुनः विज्ञहरूबाट समीक्षा गरी प्रतिवेदनलाई तार्किक निष्कर्षमा पुऱ्याउने कार्य गरिएको हो ।

### १.७.२. नीति तथा विश्वविद्यालयका आधारभूत सम्भाग (Component) मा आधारित विश्लेषण विधि

नीति विश्लेषणका लागि नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति २०७६, विभिन्न विश्वविद्यालयका ऐन तथा विनियमहरूको समीक्षा गरिएको थियो । साथै, विश्वविद्यालय स्थापनाको लागि आवश्यक न्यूनतम पूर्वाधार तथा सङ्गठनात्मक स्वरूपजस्ता विश्वविद्यालयका आधारभूत विभिन्न सम्भागमा आधारित भएर सूचनाहरू विश्लेषण गर्न सूचकहरू तयार गरिएको थियो ।

**तालिका १ अनुसन्धानमा प्रयुक्त नीति विश्लेषणका सूचकहरू**

| क्र.सं. | सूचकहरू | सूचक मापनका आधारहरू |
|---|---|---|
| १. | सङ्गठन तथा नेतृत्व ढाँचा | – पदाधिकारी छनोट पद्धति<br>– प्राज्ञिक स्वायत्तताको निर्माण र अभ्यास<br>– सङ्गठन तथा नेतृत्व प्रणाली र विश्वविद्यालय सञ्चालन पद्धति |
| २. | कानुनी व्यवस्था | – नीति, ऐन निर्माण, कार्यान्वयन तथा परिमार्जन |
| ३. | भौतिक पूर्वाधार | – जमिनको उपलब्धता र उपयोगको अवस्था<br>– आधारभूत भौतिक पूर्वाधारको अवस्था र स्तरोन्नति<br>– प्रयोगशाला, पुस्तकालय, डिजिटल पूर्वाधार (सूचना प्रविधि) र अन्य |
| ४. | वित्त तथा अन्य स्रोत परिचालन | – आन्तरिक र बाह्य वित्तीय स्रोत, अनुसन्धान कोष र परिचालन |
| ५. | बौद्धिक पूर्वाधार | – योग्यता प्रणालीको कार्यान्वयन र प्रतिस्पर्धा<br>– अनुसन्धान र प्रकाशन<br>– शैक्षिक क्यालेन्डरको नियमितता<br>– विश्वविद्यालयको समग्र शैक्षिक गुणस्तर |

६ समीक्षाका लागि दुईजना बाह्य विज्ञबाट मिति २०७९ असार र साउनमा प्राप्त सुझावहरूसमेतका आधारमा सुधार तथा परिमार्जन गरिएको हो ।

| क्र. सं. | सूचकहरू | सूचक मापनका आधारहरू |
|---|---|---|
| | | – शैक्षिक विधा - प्राविधिक र गैरप्राविधिक विधाको अध्यापन<br>– पाठ्यक्रमको समय सापेक्ष परिमार्जन<br>– शैक्षिक कार्यक्रमको नवीनता तथा सान्दर्भिकता<br>– जनशक्ति माग र आपूर्ति<br>– उद्यमशीलता |
| ६. | विश्ववरीयता | – गुणस्तर मार्फत विश्ववरीयता<br>– विश्वविद्यालयको अन्तर्राष्ट्रियकरण<br>– विश्वविद्यालयहरूबिच समन्वय र सहकार्य |

नीति विश्लेषणको खाकामा प्रस्तुत गरिएका सूचकहरू र त्यसका लागि मापनका आधारहरू यस अनुसन्धानमा उपयोग गरिएको छ । नेपालमा विश्वविद्यालय स्थापनाको सन्दर्भमा उपयुक्त हुने गरी यी सूचकहरू तयार गरिएका छन् । सूचकहरूका आधारमा भिन्नाभिन्नै परिच्छेदमा तथ्यहरूको व्याख्या र विश्लेषण गरिएको छ ।

## १.८. अनुसन्धान प्रतिवेदनको संरचना

यस अनुसन्धानको प्रतिवेदनलाई विभिन्न सातवटा परिच्छेदहरूमा विभाजन गरिएको छ । यसरी विभाजन गर्ने क्रममा परिच्छेद एकमा पृष्ठभूमि अन्तर्गत विश्वविद्यालय स्थापना तथा विकासको ऐतिहासिक सन्दर्भ, नीतिगत व्यवस्था, समस्याको पहिचान तथा अनुसन्धानको आवश्यकता, अनुसन्धानका उद्देश्यहरू, अनुसन्धान विधिलगायतका विषयहरू समेटिएका छन् ।

परिच्छेद दुई अन्तर्गत नेपालमा विश्वविद्यालयको अवस्था र वर्तमान स्थिति विश्लेषण गरिएको छ जसमा सञ्चालनमा रहेका सबै विश्वविद्यालयहरूको सङ्क्षिप्त परिचय र अवस्थासहित समग्र अवस्थाको समीक्षा गरिएको छ । यस अन्तर्गत अनुदान, विद्यार्थी र प्राध्यापक, राजनीतिक प्रभाव तथा समग्र विश्वविद्यालयहरूका समस्याहरू प्रस्तुत छन् । यसैगरी प्रदेशगत वितरण र अवस्था, सङ्गठन ढाँचासमेत यस परिच्छेदभित्र समेटिएका छन् ।

परिच्छेद तीन अन्तर्गत विश्वस्तरीय विश्वविद्यालयका विशेषताहरू र आधारहरूको चर्चा गरिएको छ ।

परिच्छेद चारमा प्रादेशिक विश्वविद्यालयको परिभाषा, प्रावधान र यसको वर्तमान अवस्था विश्लेषण तथा शैक्षिक कार्यक्रमहरू आदिको चर्चा गरिएको छ ।

परिच्छेद पाँच अन्तर्गत विश्वविद्यालय स्थापनाका आधारहरू र प्रक्रियाका बारेमा छलफल गरिएको छ । त्यसैगरी, पाठ्यक्रम, गुणस्तर, अनुसन्धान तथा काठमाडौं विश्वविद्यालयको अवस्था अध्ययन यसै परिच्छेदमा समावेश गरिएको छ ।

परिच्छेद ६ मा तथ्याङ्कको विश्लेषण गरिएको छ । अघिल्ला परिच्छेदहरूमा प्रस्तुत गरिएका तथ्याङ्कहरूबाट विश्लेषण गरी प्राप्त नतिजाहरूसमेत यसैभित्र समेटिएको छ ।

परिच्छेद सात यस अनुसन्धान प्रतिवेदनको अन्तिम परिच्छेद हो जसमा निष्कर्ष तथा नीति सिफारिस प्रस्तुत गरिएको छ ।

## १.९. अनुसन्धानको क्षेत्र तथा सीमा

नेपाल सङ्घीय संरचनामा प्रवेश गरेपछि तीन तहको सरकार अन्तर्गत प्रदेश सरकारले आफ्नो मातहतमा विश्वविद्यालय स्थापना र सञ्चालन गर्न पाउने नीतिगत प्रावधानका आधारमा स्थापना भइरहेका र हुँदै गरेका विश्वविद्यालय/क्याम्पसहरूको सन्दर्भमा यो अध्ययन सीमित छ । यस अध्ययनले राज्यका लागि आवश्यक जनशक्तिको प्रक्षेपण, साविकका विश्वविद्यालय सुधारका योजना, पाठ्यवस्तु, शिक्षण विधिलगायतका विषयहरू विस्तृत रूपमा समेटेको छैन । राष्ट्रिय शिक्षा नीति २०७६ को प्रादेशिक विश्वविद्यालय स्थापनाको मूल विषयमा केन्द्रित रहेर गरिएको यस अनुसन्धानले समग्र विश्वविद्यालयका आयामहरूलाई समेट्न सक्तैन । उल्लिखित विषयमा छुट्टै अनुसन्धान गर्न सान्दर्भिक हुन्छ । हाल सञ्चालित विश्वविद्यालयहरूको सुधार र स्तरोन्नतिको विषयसमेत यस अनुसन्धानले पूर्ण रूपमा समेट्दैन । यद्यपि, हालका विश्वविद्यालयहरूलाई प्रादेशिक सन्दर्भमा गर्न सकिने व्यवस्थापनका पक्षहरू भने यस अध्ययनको क्षेत्रभित्र समेटिएका छन् ।

# परिच्छेद दुई

# विश्वविद्यालयहरूको स्थिति विश्लेषण

नेपालको सन्दर्भमा हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूको वस्तुस्थिति अध्ययन गरी नयाँ विश्वविद्यालय स्थापनाको आवश्यकता पहिचान गर्नुपर्छ । अहिले सञ्चालनमा रहेका विश्वविद्यालयहरूको वितरण, विद्यार्थी सङ्ख्या, विश्वविद्यालयको प्रभाव क्षेत्रले समेट्ने जनसङ्ख्या, त्यहाँ उपलब्ध विधा तथा विषय, विद्यार्थीहरूको पहुँच, शुल्क, शिक्षाको गुणस्तरको अवस्था विश्लेषण गर्नु नितान्त जरुरी छ । विश्वविद्यालय सञ्चालनको पक्ष जस्तैः सञ्चालन ढाँचा, नेतृत्व छनोट, सञ्चालन खर्च तथा स्रोत, भौतिक पूर्वाधार, उपलब्ध सुविधा, प्रयोगशाला तथा अभ्यास, अनुसन्धानजस्ता पक्षहरूको वस्तुगत विश्लेषण गर्नु पर्दछ ।

एसियाली विकास बैंकको एक अध्ययनअनुसार उच्च शिक्षामा हालका दिनमा त्रिभुवन विश्वविद्यालयको एकाधिकार मात्र घटेको होइन सँगसँगै सङ्ख्यात्मक र गुणात्मक दुवै पक्ष घट्दो क्रममा छ । अहिले पनि उच्च शिक्षाको ठुलो भार थेगिरहेको त्रिभुवन विश्वविद्यालयले विश्वबजार र देशको लागि आवश्यक दक्ष जनशक्ति विकासको तुलनामा गुणस्तर तथा विद्यार्थी सङ्ख्यामा कमी र उत्पादित जनशक्ति प्रतिस्पर्धी हुन नसकेको देखिन्छ (ADB, 2016, p.xi) । विश्वविद्यालयहरूको सङ्ख्यात्मक रूपले विकास भएको छ तर गुणस्तरको दृष्टिकोणले हेर्दा सुधार गर्नुपर्ने धेरै ठाउँहरू छन् । गुणस्तरीय उच्च शिक्षाको खोजीमा वर्षेनी लाखौँको सङ्ख्यामा नेपाली विद्यार्थीहरू विदेशिने गरेको तथ्य पनि यसको नतिजा हुनसक्छ । यसरी विदेशिने नेपाली विद्यार्थीहरूको सङ्ख्या शिक्षा मन्त्रालयबाट 'नो अब्जेक्सन सर्टिफिकेट' प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या हेर्दा स्पष्ट हुन्छ । वि.सं. २०७९ को मङ्सिर ६ गतेसम्म ११ महिनाको अवधिमा १ लाख २ हजार ८ सय ७३ जनाले 'नो अब्जेक्सन सर्टिफिकेट' लिएको देखिन्छ[७] । उनीहरू उच्च शिक्षासँगै कामको बजारमा प्रवेश गर्न विदेशिने गरेका छन् । त्यसैले नेपालको वर्तमान शिक्षा प्रणाली र यसबाट उत्पादित जनशक्तिलाई दक्ष र सीपयुक्त किसिमले तयार गर्नु आर्थिक, सामाजिक र विकासका दृष्टिकोणबाट बढी उपयुक्त र बुद्धिमत्तापूर्ण हुने देखिन्छ ।

## २.१. विश्वविद्यालयहरूको वर्तमान स्थिति

नेपालमा विभिन्न समयमा स्थापना भई हाल सञ्चालनमा रहेका (प्रदेशस्तरमा स्थापना भएका समेत) विश्वविद्यालयहरूको छोटो परिचय, अध्ययनरत विद्यार्थी, स्रोत साधनको परिपूर्ति, विश्वविद्यालय वितरणलगायतका विषयहरू यस उपखण्डमा समेटिएको छ ।

---

७ स्रोतः https://www.collegenp.com/news/more-than-one-lakh-noc-issued-in-last-11-months-for-abroad-studies/

### २.१.१. त्रिभुवन विश्वविद्यालय

काठमाडौँको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा पुरानो र ठुलो विश्वविद्यालय हो । देशभरि रहेका यसका आङ्गिक, सामुदायिक र निजी क्याम्पसहरू क्रमशः ६२, ५ सय २९ र ५ सय ५१ गरी जम्मा १ हजार १ सय ४२ वटा रहेका छन् (UGC, 2020) । यसका चारवटा सङ्काय (शिक्षाशास्त्र, मानविकी तथा सामाजिक विज्ञान, कानुन, र व्यवस्थापन) र पाँचवटा अध्ययन संस्थानहरू (कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, इन्जिनियरिङ अध्ययन संस्थान, वन विज्ञान अध्ययन संस्थान, चिकित्सा विज्ञान अध्ययन संस्थान र विज्ञान तथा प्रविधि अध्ययन संस्थान) रहेका छन् (Tribhuvan University, 2022) ।

त्रिभुवन विश्वविद्यालयमा पछिल्लो समय एक्चुअरियल साइन्स, खेलकुद विज्ञान अन्तर्राष्ट्रिय सम्बन्ध, सुरक्षा, सुशासन तथा भ्रष्टाचार निवारणसँग सम्बद्ध विषयहरूको समेत अध्यापन भइरहेको छ । यससँगै त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाज विज्ञान, विज्ञान प्रविधि, आर्थिक क्षेत्र, शिक्षा र प्रशासनका विविध पक्षहरूमा अनुसन्धान गर्नका लागि चारवटा अनुसन्धान केन्द्रहरू रहेका छन् । जसमा- १) व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकास्ट), २) आर्थिक विकास तथा प्रशासन अध्ययन केन्द्र (सेडा), ३) शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) र ४) नेपाल र एशियाली अध्ययन केन्द्र (सिनास) रहेका छन् (Tribhuvan University, 2022) ।

SCIMAGO Institutions Ranking ले त्रिभुवन विश्वविद्यालयको समग्र अवस्था सुधारोन्मुख रहेको देखाउँछ । समग्रमा यो विश्वविद्यालय सन् २०१२ मा ७२३औँ स्थानमा रहेकोमा २०२२ मा स्तर वृद्धि भएर ६६१औँ स्थानमा पुगेको छ । यसैगरी अनुसन्धानस्तर २०१२ मा ५०१औँ रहेकोमा २०२२ मा आइपुग्दा ३८२औँ स्थानमा पुगेको छ । नवप्रवर्तनात्मकस्तरमा भएको उतार चढावका बिच २०१२ को ४३४औँ स्थानबाट ४२४औँ स्थानमा पुगेको छ । सामाजिकस्तर २०१५ को २८औँ स्थानबाट २३९औँ स्थानमा पुगेको देखिन्छ । यससम्बन्धी विस्तृत तथ्याङ्क अनुसूची ६ख मा समावेश गरिएको छ ।

**तालिका २ त्रिभुवन विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात**

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| आङ्गिक | ६२ | १२३२८६ | ६८८ | १९९० | ३८५३ | १०६१ | ७५९२ | १६:१ |
| सामुदायिक | ५२९ | १३२२९८ | - | - | - | - | - | - |
| निजी | ५५१ | १०१०७० | - | - | - | - | - | - |

*नोट: सामुदायिक र निजी क्याम्पसहरूको प्राध्यापक सङ्ख्या उपलब्ध हुन सकेन*
*स्रोत: UGC, 2020*

विश्वविद्यालय अनुदान आयोगका अनुसार त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षाको कूल भर्नाको ७६.४ प्रतिशत भाग ओगटेको छ भने हाल ६ सय ८८ प्राध्यापक, १ हजार ९ सय ९० सहप्राध्यापक, ३ हजार ८ सय ५३ उपप्राध्यापक र १ हजार ६१ सहायक प्राध्यापकले अध्यापन गर्दछन् । तालिकामा सामुदायिक र निजी क्याम्पसहरूको प्राध्यापक सङ्ख्या उपलब्ध छैन तर यी आङ्गिक, सामुदायिक र निजी क्याम्पसहरूसमेत गरी त्रिभुवन विश्वविद्यालयमा कूल ३ लाख ५६ हजार ६ सय ५४ विद्यार्थी अध्ययनरत छन् (UGC, 2020) । उल्लिखित तथ्याङ्कमा भर्ना प्रतिशत समग्र विश्वविद्यालयको आँकडा हो भने कूल विद्यार्थी सङ्ख्या त्रिभुवन विश्वविद्यालयका केन्द्रीय क्याम्पस, ६२ वटा आङ्गिक क्याम्पस, ५ सय २९ सामुदायिक क्याम्पस र ५ सय ५१ सम्बन्धनप्राप्त क्याम्पसहरूको आँकडा हो । त्यस्तै प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक र सहायक प्राध्यापकको तथ्याङ्कले केन्द्रीय क्याम्पससहित देशभरि रहेका ६२ वटा आङ्गिक क्याम्पसहरूका एकीकृत आँकडा देखाउँछ । यसमा सामुदायिक र सम्बन्धनप्राप्त क्याम्पसहरूको प्राध्यापकको तथ्याङ्क समाविष्ट भएको छैन । यस्ता क्याम्पसहरूमा कोर्ष करार र आंशिक विषयगत प्राध्यापकहरू उल्लेख्य रहेको देखिन्छ ।

### २.१.१.१. त्रिभुवन विश्वविद्यालयको रणनीतिक विश्लेषण

उच्च शिक्षाको ठूलो हिस्सा ओगटेको त्रिभुवन विश्वविद्यालयको सङ्क्षिप्त रणनीतिक विश्लेषण गरी प्राप्त निष्कर्षहरूलाई उल्लेख गर्नु सान्दर्भिक ठानिएको छ । यस विश्लेषणमा त्रिभुवन विश्वविद्यालयको मूलभूत पक्षहरूलाई समेट्ने प्रयास गरिएको छ । यो विश्लेषण यस अनुसन्धानबाट प्राप्त तथ्य तथा सूचना, त्रिभुवन विश्वविद्यालयको रणनीतिक योजना (२०१५-२०१९), त्रिभुवन विश्वविद्यालयको "भिजन २०३०" विश्वविद्यालय अनुदान आयोगको प्रतिवेदन अध्ययनबाट संश्लेषण गरी तयार गरिएको हो ।

**तालिका ३ त्रिभुवन विश्वविद्यालयको रणनीतिक विश्लेषण**

| विश्लेषणका पक्षहरू | रणनीतिक विश्लेषणबाट प्राप्त अवस्था |
|---|---|
| सबल पक्ष | – नेपालको पहिलो (सबैभन्दा पुरानो), ठूलो र जनमानसमा स्थापित विश्वविद्यालय,<br>– भौतिक पूर्वाधार विकासका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा जमिन रहेको,<br>– पूर्णरूपले संरचित संगठनात्मक ढाँचा,<br>– उच्च शिक्षाका बहुविधागत विषयहरूको अध्ययन, अध्यापन तथा अनुसन्धान,<br>– वार्षिक रूपमा ठूलो रकमको सरकारी अनुदान प्राप्त गर्दै आएको,<br>– आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरू मार्फत देशव्यापी शैक्षिक सञ्जाल |

| विश्लेषणका पक्षहरू | रणनीतिक विश्लेषणबाट प्राप्त अवस्था |
|---|---|
| | – आमजनताका लागि सुलभ मूल्यमा उच्च शिक्षाको पहुँच,<br>– अन्तर्राष्ट्रिय ख्याति (मान्यता) तथा सम्बन्ध |
| दुर्बल पक्ष | – विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक मापदण्डका आधारमा नेतृत्व गर्ने पदाधिकारीको चयन हुन नसक्नु,<br>– व्यवस्थापकीय निकायहरूको व्यवस्थापन क्षमता कमजोर देखिनु,<br>– प्रशासकीय तथा प्राज्ञिक मावन संशाधनका लागि पद विशेषको कार्यक्षेत्रगत सर्त, कार्यविवरण, कार्य विशिष्टीकरण र कार्यसम्पादन मूल्याङ्कनका लागि उपयुक्त कार्यसम्पादन सूचकको अभाव हुनु,<br>– मानवीय संसाधनको न्यून उपयोग तथा औसत (प्रशासकीय क्षेत्रमा) रूपमा कमजोर सक्षमता हुनु,<br>– आंशिक र करार शिक्षकको सङ्ख्या अधिक रहनु,<br>– विदेशी विद्यार्थी र प्राध्यापकहरूलाई आकर्षित गर्न नसक्नु,<br>– शैक्षिक क्यालेन्डरको पालना नहुनु,<br>– प्राध्यापक, कर्मचारी तथा विद्यार्थीको पेसागत हकहितको सन्दर्भमा राजनीतिका नाममा हुने अवाञ्छित गतिविधिहरू बढ्दै जानु,<br>– पाठ्यक्रम, शिक्षण सिकाइ र परीक्षा प्रणालीमा समयसापेक्ष सुधार हुन नसक्नु,<br>– पाठ्यक्रम निर्माण र पठनपाठनमा अधिकतम रूपमा आफैंबाट उत्पादित मानवीय संशाधनको उपयोग (inbreeding) ले बाहिरीपनाको अभाव,<br>– अन्तरक्रियात्मक शिक्षण र अनुसन्धानका लागि पूर्वाधारको कमी हुनु,<br>– अधिकांशत: कक्षाकोठाभित्रको पठनपाठनमा प्राध्यापन सीमित हुनु र शैक्षिक कार्यक्रमहरूमा अनुसन्धान तथा नवीनतम खोजको भार कम रहेकाले स्नातकोत्तर तथा सोभन्दा माथिका शैक्षिक कार्यक्रमहरूमा विश्वविद्यालयले अनुसन्धान कोष उपलब्ध गराउन नसक्नु र बाहिरी संघ/संस्थासँगको एक्सपोजर अपर्याप्त हुनु,<br>– अप्राविधिक विषयहरूमा हुने विद्यार्थी भर्नामा योग्यता प्रणाली कायम गर्न नसक्नु,<br>– कक्षाकोठामा विद्यार्थीहरूको नियमित उपस्थिति सुनिश्चित गर्न नसक्नु,<br>– अप्राविधिक विषयहरूमा मेधावी विद्यार्थीहरूको आकर्षण कम हुँदै जानु, |

| विश्लेषणका पक्षहरू | रणनीतिक विश्लेषणबाट प्राप्त अवस्था |
|---|---|
| | – अप्राविधिक विषयहरूको उत्तीर्ण दर न्यून र कमजोर हुनु,<br>– अप्राविधिक विषयहरूमा पठनपाठन छोड्ने दर (dropout rate) उच्च हुनु,<br>– उपलब्ध भौतिक स्रोत र पूर्वाधारहरू (जग्गा जमिन, भवन, हल, कक्षाकोठा, छात्रावास आदि) को उचित उपयोग, व्यवस्थापन तथा संरक्षण हुन नसक्नु,<br>– पुस्तकालयहरू र प्रयोगशालाहरूको समुचित उपयोग तथा आवश्यक विकास हुन नसक्नु,<br>– विज्ञान तथा प्रविधि, कृषि, पशु विज्ञान, इन्जिनियरिङ र चिकित्सा जस्ता प्राविधिक क्षेत्रहरूमा अत्याधुनिक प्रविधिको अभाव हुनु,<br>– अनुसन्धान केन्द्रहरू र सम्बन्धित संस्थान, सङ्काय, केन्द्रीय विभाग तथा क्याम्पसहरूबिच अध्ययन अनुसन्धानमा आपसी सान्निध्यताको कमी हुनु,<br>– गुणस्तरीय अनुसन्धान र प्रकाशनको समग्र अवस्था कमजोर देखिनु/कमजोर रहनु,<br>– निर्णय निर्माणका लागि अत्यावश्यक शैक्षिक व्यवस्थापन सूचना प्रणालीको अभाव हुनु,<br>– आन्तरिक तथा अन्तर्राष्ट्रिय सम्बन्ध तथा नेटवर्क (विश्वविद्यालय र समाजबिचको सम्बन्ध) कमजोर हुनु । |
| अवसर | – मुलुकको उच्च शिक्षा क्षेत्रमा नेतृत्वदायी विश्वविद्यालयका रूपमा स्थापित हुने,<br>– शैक्षिक, प्राज्ञिक अवस्था तथा अनुसन्धानमा सुधार गरी विश्वस्तरको विश्वविद्यालय बनाउन सकिने,<br>– नयाँ र अन्तर्राष्ट्रिय स्तरका शैक्षिक कार्यक्रमहरू सञ्चालनको सम्भावना,<br>– भौतिक सम्पतिको उचित उपयोग मार्फत आर्थिक रूपमा सबल बनाउन सकिने,<br>– विश्वभर फैलिएका पूर्वविद्यार्थीहरू परिचालन गरी अनुसन्धान र विकास लगायतका कार्य गर्न सकिने,<br>– शैक्षिक, प्राज्ञिक र अनुसन्धानमूलक कार्यक्रमको अभिवृद्धिमा नेपाल सरकार, समग्र प्राज्ञिक जगत् र अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहकार्यको सम्भावना, |

| विश्लेषणका पक्षहरू | रणनीतिक विश्लेषणबाट प्राप्त अवस्था |
|---|---|
| | – विश्वविद्यालयको ऐतिहासिक महत्त्वलाई कायम राखी प्रदेश स्तरका ठुला क्याम्पसहरूलाई स्तरोन्नति गरेर त्रिभुवन विश्वविद्यालयकै नाममा प्रदेश विश्वविद्यालयमा रूपान्तरण गर्न सकिने,<br>– सांस्कृतिक अध्ययन, हिमाली पर्यावरण, सहासिक पर्यटन, जडीबुटी आदि जस्ता विषयमा विदेशी विद्यार्थी आकर्षण गर्न सकिने,<br>– जैविक, सामाजिक तथा सांस्कृतिक विविधतासहित पर्यावरण र उच्च भेगीय विधामा अध्ययन, अनुसन्धान र अन्वेषणको केन्द्र बन्न सक्ने । |
| चुनौती | – मुलुक र विद्यार्थीहरूको आवश्यकता अनुरूप प्राविधिक विषयको भर्नादरमा वृद्धि गर्न,<br>– मेधावी विद्यार्थीको आकर्षण कायम तथा वृद्धि गर्न,<br>– उच्च शिक्षा आर्जन गर्न देशबाहिर जाने युवा जनशक्तिको विदेश पलायनको सम्बोधन,<br>– मुलुकमा स्थापना भएका तथा भविष्यमा स्थापना हुने नयाँ विश्वविद्यालयहरूसँग प्रतिस्पर्धा गर्न,<br>– विश्वव्यापीकरणको वर्तमान सन्दर्भमा विदेशी विश्वविद्यालय तथा तिनका उच्च शैक्षिक कार्यक्रमहरूसँगको प्रतिस्पर्धा,<br>– राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धी बन्दै शैक्षिक गुणस्तर कायम तथा वृद्धि गर्न,<br>– सङ्घीय परिवेशमा विश्वविद्यालयको व्यवस्थापन तथा पुनर्संरचना,<br>– अनुसन्धानको लागि आर्थिक अनुदानको अपर्याप्तता,<br>– राजनीतिक हस्तक्षेप र राजनीतिका नाम र आडमा हुने गैरप्राज्ञिक गतिविधिहरू र युनियनबाजीको नियन्त्रण,<br>– राजनीतिक भागवण्डाका आधारमा हुने विश्वविद्यालयका पदाधिकारीहरूको चयनमा सुधार,<br>– नेपालमा जनशक्तिको माग हुने पूर्वाधार तथा अन्य विधासँग सम्बन्धित शैक्षिक कार्यक्रम सञ्चालन गर्न जस्तैः सुरूङ इन्जिनियरिङ, रेलवे इन्जिनियरिङ, उच्च प्रविधिमा आधारित कृषि प्रणाली (advanced automated & precision agriculture), भूकम्पीय सुरक्षा आदि । |

### २.१.२. नेपाल संस्कृत विश्वविद्यालय

दाङको वेलभ्रुण्डीमा अवस्थित नेपाल संस्कृत विश्वविद्यालयको मूल उद्देश्य संस्कृत शिक्षाको संरक्षण, सम्बर्धन र दर्शनको अध्ययन अध्यापन गर्नु रहेको छ। यस विश्वविद्यालयका १५ वटा आङ्गिक र चारवटा सम्बन्धन प्राप्त गरी १९ क्याम्पसहरू मार्फत आठवटा विविध विषयहरूको पढाइ भइरहेको छ भने उच्च शिक्षाको कूल भर्नाको ०.६ प्रतिशत भाग यस विश्वविद्यालयले ओगट्छ (UGC, 2020)। विश्वविद्यालय अनुदान आयोगका अनुसार प्राध्यापक ५७ जना, सहप्राध्यापक १ सय ७१ जना, उपप्राध्यापक ३ सय ६१ जना र शिक्षण सहायक १ सय ५६ जना गरी कूल ७ सय ४५ जना प्राध्यापक रहेका छन् (UGC, 2020)। पछिल्लो समयमा आयुर्वेद शिक्षा अध्यापनको सुरुआत भएको छ। आयुर्वेद औषधी र शल्यक्रिया पद्धतिमा पाँचवर्ष ६ महिनाको Bachelor of Ayurveda, Medicine and Surgery (BAMS) अध्यापन यस विश्वविद्यालयले गरिरहेको छ।

**तालिका ४ नेपाल संस्कृत विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात**

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| आङ्गिक | १५ | ३७४९ | ५७ | १७१ | ३६१ | - | ७४५ | ४:१ |
| सामुदायिक | २ | १४३ | - | - | - | - | - | - |
| निजी | २ | १२० | - | - | - | - | - | - |

*नोट: निजी र सामुदायिक क्याम्पसहरूको प्राध्यापक सङ्ख्या उपलब्ध हुन सकेन*

*स्रोत: UGC, 2020*

यस विश्वविद्यालयले संस्कृत, आयुर्वेद, विज्ञान, शिक्षा, अङ्ग्रेजी, नेपाली, गणित, अर्थशास्त्र, राजनीतिशास्त्र, विषयहरूको समेत अध्यापन हुन्छ भने छोटो अवधिका तथा तालिममुखी कार्यक्रमहरू जस्तै: संस्कृत भाषा, विदेशीको लागि संस्कृत भाषा, कर्मकाण्ड तालिम, योग र प्राकृत चिकित्सामा तालिमहरू प्रदान गर्दछ[८]। "योग, ध्यान, आयुर्वेद, प्राकृत चिकित्सा, र ज्योतिषशास्त्रलगायतका ज्ञानको स्वाभाविक चर्चा,

८ संस्कृत विश्वविद्यालयमा शास्त्री र आचार्य तहमा यी विषयहरू उपलब्ध छन् साथै विद्यावारिधि उपाधि लिने सङ्ख्यासमेत उल्लेख्य छ। थप यहाँ हेर्नुहोस्: https://nsu.edu.np/non-degree-short-term-training

विमर्श र प्रयोग भइरहेको परिप्रेक्ष्यमा यसलाई अझ व्यापक बनाउन" यो विश्वविद्यालय प्रयत्नशील रहेको देखिन्छ[९] ।

## २.१.३. काठमाडौं विश्वविद्यालय

काभ्रे जिल्लाको धुलिखेलमा गैरनाफामूलक संस्थाको रूपमा स्थापित गरिएको काठमाडौं विश्वविद्यालयले शैक्षिक गुणस्तर, पूर्वाधार विकास र भौतिक सुविधा, आवसीय प्रबन्ध, छात्रवृत्ति, उद्यमशीलता लक्षित पाठ्यक्रमहरू तयार गरी पठनपाठन गरिरहेको छ । यसका सातवटा स्कुलहरू अन्तर्गत चिकित्सा शिक्षा, इन्जिनियरिङ, व्यवस्थापन, शिक्षा, कानुन, कला, विज्ञान प्रविधिजस्ता विषयहरू उपलब्ध छन् (Kathmandu University, 2022a) ।

### तालिका ५ काठमाडौं विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | पेपर कन्ट्र्याक्ट | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| आङ्गिक | ९ | ८८८६ | २३ | १२० | ८६ | २३ | २५२ | ४८१ | १८:१ |
| निजी | १५ | ९७५७ | - | - | - | - | - | - | - |

*नोट: निजी क्याम्पसहरूको प्राध्यापक सङ्ख्या उपलब्ध हुन सकेन*

*स्रोत: UGC, 2020*

यस विश्वविद्यालयमा २३ जना प्राध्यापक, १ सय २० जना सहप्राध्यापक, ८६ जना उपप्राध्यापक, २३ जना शिक्षण सहायक र २ सय ५२ जना कोर्ष करार गरी कूल ५ सय ४ जना प्राध्यापक र १८ हजार ३ सय ५६ जना विद्यार्थी अध्ययनरत छन् भने नौवटा अङ्गिक, १५ वटा सम्बन्धन प्राप्त गरी जम्मा २४ वटा क्याम्पसहरू छन् । उच्च शिक्षाको कूल भर्नाको ४ प्रतिशत यसले ओगट्छ (UGC, 2020) । सामुदायिक प्रयासबाट यो विश्वविद्यालय स्थापना भएको हो । स्रोत परिचालन, स्वायत्तता र गुणस्तरीय शिक्षा आदिका विषयमा केन्द्रित रहेर काठमाडौं विश्वविद्यालयको विस्तृत अवस्था अध्ययन यस प्रतिवेदनको परिच्छेद पाँचमा गरिएको छ ।

९ विश्वविद्यालयको उन्नयन र संस्कृत शिक्षालाई ज्ञानको अर्थशास्त्रसँग जोड्ने विषयमा केन्द्रित लेखको बारेमा यहाँ हेर्न सकिन्छ: https://nayayougbodh.com/opinion/2020/10/20/717804

## २.१.४. पूर्वाञ्चल विश्वविद्यालय

पूर्वाञ्चल विश्वविद्यालय नेपालको पूर्वी सहर विराटनगरमा अवस्थित रहेको छ। स्थानीय व्यक्ति र स्थानीय निकायको समेत सहभागितामा पूर्वाञ्चल विश्वविद्यालयलाई क्षेत्रीय स्वरूप दिने परिकल्पना भएको देखिन्छ तर सोचेअनुरूप यो विश्वविद्यालयले क्षेत्रीय स्वरूप पाएन (मार्टिन चौतारी, २०७१, पृ. २)। यस विश्वविद्यालयका पाँचवटा आङ्गिक, पाँचवटा सामुदायिक र १ सय ६ वटा सम्बन्धन प्राप्त निजी क्याम्पसहरू रहेका छन् भने आङ्गिक क्याम्पस अन्तर्गत मात्र यस विश्वविद्यालयमा ११ जना सहप्राध्यापक, ३५ जना उपप्राध्यापक, २८ जना शिक्षण सहायक गरी जम्मा ७४ जना प्राध्यापक रहेका छन्।

### तालिका ६ पूर्वाञ्चल विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| आङ्गिक | ५ | १५६२ | | ११ | ३५ | २८ | ७४ | २१:१ |
| सामुदायिक | ५ | ६९४ | - | - | - | - | - | - |
| निजी | १०६ | २५२७१ | - | - | - | - | - | - |

*नोटः सामुदायिक र निजी क्याम्पसहरूको प्राध्यापक सङ्ख्या उपलब्ध हुन सकेन*

*स्रोतः UGC, 2020*

यस विश्वविद्यालयका कूल १ सय १६ वटा क्याम्पसहरू अन्तर्गत २७ हजार ५ सय २७ जना विद्यार्थी, ५६ वटा विभिन्न शैक्षिक कार्यक्रमहरू रहेका छन् (UGC, 2020)। विद्यार्थी सङ्ख्याको आधारमा उच्च शिक्षाको कूल ५.९ प्रतिशत भर्नाको भार यसले थेगेको छ। यस विश्वविद्यालयमा व्यवस्थापन, विज्ञान प्रविधि, कला, शिक्षा, कानुन, मेडिकल एण्ड अल्लाइड साइन्स र इन्जिनियरिङ सङ्कायमा विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन्[१०]।

## २.१.५. पोखरा विश्वविद्यालय

पोखराको लेखनाथमा अवस्थित पोखरा विश्वविद्यालय क्षेत्रीय अवधारणामा स्थापना गरिएको हो। वर्तमानमा पोखरा विश्वविद्यालय अन्तर्गत आठवटा (चारवटा आङ्गिक क्याम्पस र चारवटा

१० विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरूका बारेमा विस्तृत यहाँ हेर्न सकिन्छः https://puexam.edu.np/

आङ्गिक स्कुल) ५८ वटा सम्बन्धनप्राप्त क्याम्पसहरू सञ्चालनमा छन् भने मानविकी, व्यवस्थापन, विज्ञान प्रविधि, इन्जिनियरिङ र चिकित्सा शिक्षाजस्ता विधा मार्फत ४१ वटा शैक्षिक कार्यक्रमहरू उपलब्ध छन् । पोखरा विश्वविद्यालयले अध्यापन गराइरहेका शैक्षिक कार्यक्रमहरूमा सबै क्याम्पसहरूको कूल विद्यार्थी सङ्ख्या ३० हजार ५ सय ४३ रहेका छन् जुन उच्च शिक्षाको कूल भर्नाको ६.९८ प्रतिशत हो । त्यहाँ प्राध्यापक पाँचजना, सहप्राध्यापक आठजना र उपप्राध्यापक १ सय २० जना गरी १ सय ३३ प्राध्यापकहरू विश्वविद्यालयका आङ्गिक स्कुलहरूमा अध्यापन गर्दछन् (UGC, 2020) ।

### तालिका ७ पोखरा विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| आङ्गिक | ८ | ३१४३ | ५ | ८ | १२० | | १३३ | २४:१ |
| निजी | ५८ | २९४४१ | - | - | - | - | - | - |

*नोटः निजी क्याम्पसहरूको प्राध्यापक सङ्ख्या उपलब्ध हुन सकेन*

*स्रोतः UGC, 2020*

तालिकामा उल्लिखित प्राध्यापक सङ्ख्या चारवटा आङ्गिक स्कुलहरूको मात्र हो भने चारवटा संयुक्त आङ्गिक र ५८ वटा सम्बन्धनप्राप्त क्याम्पसहरूमा रहेका प्राध्यापकहरूको आधिकारीक सङ्ख्या उपलब्ध हुन सकेन ।

## २.१.६. लुम्बिनी बौद्ध विश्वविद्यालय

रूपन्देही जिल्लाको लुम्बिनीमा अवस्थित लुम्बिनी बौद्ध विश्वविद्यालय बौद्ध धर्म र दर्शनको संरक्षण, प्रचार र सम्बर्धन गर्ने हेतुले स्थापना भएको हो । यसको दूरदृष्टि “विश्वशान्ती, सद्भाव र समृद्धिका लागि विश्वविद्यालय” भन्ने रहेको छ (Lumbini Bouddha University, 2020) । यस विश्वविद्यालयको आङ्गिक क्याम्पसमा प्राध्यापक तीनजना, सहप्राध्यापक दुईजना, उपप्राध्यापक आठजना र शिक्षण सहायक १० जना गरी कूल २३ जना प्राध्यापकहरू कार्यरत रहनुका साथै ६ सय ९५ विद्यार्थी अध्ययनरत छन् (UGC, 2020) । बाँकी आठवटा सम्बन्धनप्राप्त क्याम्पसहरूका प्राध्यापकहरूको तथ्याङ्क यहाँ समावेश गरिएको छैन ।

### तालिका ८ लुम्बिनी बौद्ध विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| आङ्गिक | १ | ३३० | ३ | २ | ८ | १० | २३ | १४:१ |
| निजी | ८ | ३६५ | - | - | - | - | - | - |

*नोटः निजी क्याम्पसहरूको प्राध्यापक सङ्ख्या उपलब्ध हुन सकेन*
*स्रोतः UGC, 2020*

यस विश्वविद्यालयले उच्च शिक्षाको कूल भर्नाको ०.१५ प्रतिशत भाग ओगटेको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयले आफ्नो मूल विषय बौद्ध दर्शनको अध्ययन अनुसन्धानसँगै कानुन, कला र ट्र्याभल एण्ड टुरिजम म्यानेजमेन्ट विषयसमेत अध्यापन गराइरहेको छ।

## २.१.७. कृषि तथा वन विज्ञान विश्वविद्यालय

कृषि तथा वन विज्ञान विश्वविद्यालय देशको लागि आवश्यक कृषि तथा वन विज्ञानसम्बन्धी प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापित पहिलो प्राविधिक विश्वविद्यालय हो। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका साविकका कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर र वन विज्ञान अध्ययन संस्थान अन्तर्गतको हेटौँडा क्याम्पसलाई गाभेर सन् २०१० मा यो विश्वविद्यालय स्थापना गरिएको हो। यस विश्वविद्यालयमा तीनवटा सङ्काय र १० वटा आङ्गिक क्याम्पसहरू अन्तर्गत १ सय ९ जना प्राध्यापक (३६ जना प्राध्यापक, सातजना सहप्राध्यापक, ५५ जना उपप्राध्यापक र ११ जना शिक्षण सहायक) हरू कार्यरत रहेका छन्।

### तालिका ९ कृषि तथा वन विज्ञान विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| आङ्गिक | ११ | ३८६६ | ३६ | ७ | ५५ | ११ | १०९ | ३६:१ |
| निजी | ७ | ५६२ | - | - | - | - | - | - |

*नोटः निजी क्याम्पसहरूको प्राध्यापक सङ्ख्या उपलब्ध हुन सकेन*
*स्रोतः UGC, 2020*

यस विश्वविद्यालयका सातवटा सम्बन्धनप्राप्त क्याम्पसका समेत गरी जम्मा १७ वटा क्याम्पस अन्तर्गत ३ हजार ८ सय ७१ जना विद्यार्थी अध्ययनरत छन् जुन विद्यार्थी सङ्ख्या उच्च शिक्षाको कूल भर्नाको ०.९५ प्रतिशत हो (UGC, 2020)। यस विश्वविद्यालयमा कृषि, पशु विज्ञान, भेटेरिनरी विज्ञान, मत्स्य विज्ञान र वन विज्ञान सङ्काय अन्तर्गत जनरल फरेष्ट्री, सोइल वाटर कन्जरभेशन, वाइल्डलाइफ आदि विषयहरू अध्यापन हुने गर्दछ (AFU, 2022)।

## २.१.८. मध्यपश्चिम विश्वविद्यालय

सुर्खेतको विरेन्द्रनगरस्थित मध्यपश्चिम विश्वविद्यालयमा १८ वटा आङ्गिक क्याम्पसहरू (६ वटा केन्द्रीय क्याम्पस, एक स्कुल, १० वटा आङ्गिक क्याम्पस र एक सम्बन्धनप्राप्त कलेज) रहेका छन्। केन्द्रीय क्याम्पस अन्तर्गत ६ जना प्राध्यापक, १९ जना सहप्राध्यापक, २ सय ६३ जना उपप्राध्यापक र ५७ जना शिक्षण सहायक गरी कूल ३ सय ४५ जना प्राध्यापकहरू कार्यरत रहनुका साथै ७ हजार ३ सय ५३ जना विद्यार्थी अध्ययनरत छन्। यो विद्यार्थी सङ्ख्या उच्च शिक्षाको कूल भर्नाको २.०९ प्रतिशत हो भने ६ वटा सङ्काय अन्तर्गत ५० भन्दा बढी शैक्षिक कार्यक्रमहरू यस विश्वविद्यालयले सञ्चालन गर्दैआएको छ (UGC, 2020)।

**तालिका १० मध्यपश्चिम विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात**

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| आङ्गिक | १८ | ९७५४ | ६ | १९ | २६३ | ५७ | ३४५ | २८:१ |
| निजी | १ | ८२६ | - | - | - | - | - | - |

*स्रोत: UGC, 2020*

नोट: यस विश्वविद्यालयका सामुदायिक क्याम्पसहरू रहेका छैनन्। यो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको क्याम्पसलाई नै रूपान्तरण गरी क्षेत्रीय अवधारणामा स्थापना गरिएको हो। यस विश्वविद्यालयको हकमा "ऐनमै त्रिभुवन विश्वविद्यालय (सँग) सम्बन्धित क्याम्पसको नाम तोकेर, तिनलाई आधार बनाएर विश्वविद्यालय स्थापना गर्ने व्यवस्था गरिएको" (मार्टिन चौतारी, २०७१, पृ. २) हो।

## २.१.९. सुदूरपश्चिम विश्वविद्यालय

कन्चनपुरको भीमदत्तस्थित सुदूरपश्चिम विश्वविद्यालयका १५ वटा आङ्गिक क्याम्पसहरू रहेका छन् । यस विश्वविद्यालयमा १० जना प्राध्यापक, २३ जना सहप्राध्यापक, १ सय ६७ जना उपप्राध्यापक, ६५ जना शिक्षण सहायक र १ सय २५ प्रशिक्षक गरी कूल ३ सय ९० जना प्राध्यापकहरू कार्यरत रहनुका साथै १० हजार बढी विद्यार्थीहरू अध्ययनरत छन् (UGC, 2020) ।

**तालिका ११ सुदूरपश्चिम विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात**

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | प्रशिक्षक | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| आङ्गिक | १५ | १००९७ | १० | २३ | १६७ | ६५ | १२५ | ३९० | २६:१ |

*नोट: यस विश्वविद्यालयको सम्बन्धनमा सामुदायिक तथा निजी क्याम्पसहरू रहेका छैनन्*

उच्च शिक्षाको कूल भर्नाको २.१७ प्रतिशत भार यस विश्वविद्यालयले लिएको छ भने स्नातक र स्नातकोत्तर तहमा शिक्षा, मानविकी तथा समाजिक विज्ञान, विज्ञान तथा प्रविधि, कृषि, इन्जिनियरिङ, कानुन र व्यवस्थापनजस्ता विषयहरूको अध्यापन गरिरहेको छ (FWU, 2022) । यो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको क्यामपसलाई नै रूपान्तरण गरी क्षेत्रीय अवधारणामा स्थापना गरिएको हो । यस विश्वविद्यालयको हकमा "ऐनमै त्रिभुवन विश्वविद्यालय (सँग) सम्बन्धित क्याम्पसको नाम तोकेर, तिनलाई आधार बनाएर विश्वविद्यालय स्थापना गर्ने व्यवस्था गरिएको" (मार्टिन चौतारी, २०७१, पृ. २) हो ।

## २.१.१०. नेपाल खुला विश्वविद्यालय

ललितपुरमा कार्यालय रहेको नेपाल खुला विश्वविद्यालय उच्च शिक्षाको अवसर खोज्ने जोसुकैलाई स्थान र दुरीको पावन्दी नरहने गरी शिक्षाको अवसर प्रदान गर्ने लक्ष्य राखी स्थापना गरिएको हो । "खुला तथा दूर सिकाईको माध्यमबाट तुलनात्मक रूपले सर्वसुलभ रूपमा गुणस्तरीय उच्चशिक्षा प्रदान गर्ने" (NOU, 2022) दूरदृष्टि यस विश्वविद्यालयले राखेको छ । नेपाल खुला विश्वविद्यालयमा ९ सय ५५ जना विद्यार्थी अध्ययनरत रहेका छन् । यस विश्वविद्यालयमा दईजना प्राध्यापक, तीनजना सहप्राध्यापक, १२ जना उपप्राध्यापक, नौजना शिक्षण सहायक र १ सय ८६ जना कोर्ष करार गरी कूल २ सय १२ जना प्राध्यापक रहेका छन् (UGC, 2020) । विद्यार्थी प्राध्यापक अनुपात ६:१ रहेको छ । यद्यपि खुला

विश्वविद्यालयको हकमा प्राध्यापक विद्यार्थी अनुपातलाई अन्य विश्वविद्यालयहरू जस्तै सीमित गर्नु आवश्यक देखिदैन ।

### तालिका १२ नेपाल खुला विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | पेपर कन्ट्याक्ट | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| खुला | - | ११६४ | २ | ३ | १२ | ९ | १८६ | २१२ | ६:१ |

*स्रोतः UGC, 2020*

यस विश्वविद्यालयको विद्यार्थी सङ्ख्यालाई हेर्दा उच्च शिक्षाको कूल भर्नाको ०.२५ प्रतिशत भार यसले वहन गरेको छ। यस विश्वविद्यालयले दूरशिक्षाका माध्यमबाट अध्यापन गराउने भएकाले जुनसुकै स्थानमा बसेर पनि अध्ययन र अध्यापन गराउन सकिन्छ।

## २.१.११. राजर्षि जनक विश्वविद्यालय

जनकपुरस्थित राजर्षि जनक विश्वविद्यालय सन् २०१७ मा स्थापना गरिएको हो। सन् २०२० को तथ्याङ्कअनुसार यस विश्वविद्यालयमा ६ जना सहप्राध्यापक, नौजना उपप्राध्यापक, पाँचजना शिक्षण सहायक र २५ जना कोर्ष करार गरी जम्मा ४५ जना प्राध्यापक कार्यरत छन्। ६ वटा शैक्षिक कार्यक्रमहरू अध्यापन गराइरहेको यस विश्वविद्यालयमा कूल १ सय ८६ जना विद्यार्थी अध्ययनरत छन् जुन उच्च शिक्षाको भर्नाको ०.०४ प्रतिशत हो (UGC, 2020)।

### तालिका १३ राजर्षि जनक विश्वविद्यालयको प्राध्यापक सङ्ख्या र विद्यार्थी अनुपात

| क्याम्पसको प्रकार | क्याम्पसको सङ्ख्या | विद्यार्थी | प्राध्यापकहरूको सङ्ख्या र अनुपात | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | पेपर कन्ट्याक्ट | जम्मा प्राध्यापक | विद्यार्थी प्राध्यापक अनुपात |
| आङ्गिक | १ | १८६ | | ६ | ९ | ५ | २५ | ४५ | ४:१ |

*नोटः यस विश्वविद्यालयको सम्बन्धनमा कुनै पनि क्याम्पसहरू रहेका छैनन्*

*स्रोतः UGC, 2020*

स्नातक र स्नातकोत्तर तहसम्मको अध्ययन अध्यापन हुने यस विश्वविद्यालयमा कृषि, मानविकी, आयुवेद, पूर्वीय दर्शन, शिक्षा, वन, व्यवस्थापन, मेडिकल साइन्स, पर्यटन, प्राविधिक र व्यावसायिक विधा र विज्ञान विषय अध्यापन हुन्छ (RJU, 2022) ।

### २.१.१२. गण्डकी विश्वविद्यालय

गण्डकी विश्वविद्यालय सन् २०१९ मा प्रादेशिक अवधारणामा स्थापना भएको विश्वविद्यालय हो । गण्डकी प्रदेशले स्थापना गरी सञ्चालनमा ल्याएको यस विश्वविद्यालयले विज्ञान र प्रविधिमा नेपालको लागि मानव स्रोत क्षमता विकास गर्ने दूरदृष्टि लिएको छ (GU, 2022) । विश्वविद्यालयमा १८ जना प्राध्यापक कार्यरत छन् भने १ सय ८७ जना विद्यार्थी अध्ययनरत छन् । बी.आई.टी., बी.एस.एम., बी.फार्म., बी.बी.ए., वि.ए.एल.एल.बी. का शैक्षिक कार्यक्रमहरू हाल सञ्चालनमा रहेका छन् (GU, 2022) । विद्यार्थी प्राध्यापक अनुपात १०:१ रहेको छ ।

प्रादेशिक विश्वविद्यालयको बारेमा अनुसन्धान गरिएको यस प्रतिवेदनमा गण्डकी विश्वविद्यालयको संस्थागत ढाँचा, विषयहरू आदिका बारेमा थप व्याख्या र विश्लेषण यसपछिका खण्डहरूमा गरिएको छ ।

### २.१.१३. मनमोहन प्राविधिक विश्वविद्यालय

विराटनगरस्थित मनमोहन प्राविधिक विश्वविद्यालय प्रदेशस्तरमा स्थापना गरिएको पहिलो प्राविधिक विश्वविद्यालय हो । प्रदेश १ ले स्थापना गरी सञ्चालनमा ल्याएको यस विश्वविद्यालयले इन्जिनियरिङ, फार्मेसी, कृषि, नार्सिङ, वन विज्ञानलगायतका विषयहरू अध्यापन गर्दछ (MTU, 2022) । यस विश्वविद्यालयमा अध्ययन अध्यापन हुने विषयहरूको थप विवरण यसै प्रतिवेदनका अन्य परिच्छेदमा उल्लेख गरिएको छ ।

नेपाल सरकारबाट मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना भर्खर मात्र भएको र पठनपाठन सुरु नभएकाले यस विश्वविद्यालयको विस्तृत विवरण प्राप्त भएको छैन । नेपाल विश्वविद्यालय तथा योगमाया आयुर्वेद विश्वविद्यालयहरूसमेत स्थापनाको क्रममा रहेका छन् ।

## २.२. विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू र विद्यार्थी भर्नाको अवस्था

यस खण्डमा नेपालमा सञ्चालित विश्वविद्यालयहरू अन्तर्गतका विभिन्न क्याम्पसहरू र उच्च शिक्षामा विद्यार्थी भर्नाको समग्र वस्तुस्थितिका बारेमा चर्चा गरिएको छ। सञ्चालनको क्रममा रहेका विश्वविद्यालयहरूको विवरण यसमा देखाइएको छैन । यसैगरी, मानित विश्वविद्यालयको रूपमा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू पनि सञ्चालनमा रहेका छन् । मेडिकल कलेज पूर्वाधार विकास परियोजना समिति, गेटा कैलाली, बुटवल मेडिकल कलेज पूर्वाधार विकास समिति, बर्दिबास मेडिकल कलेज

पूर्वाधार विकास समिति र सुर्खेत मेडिकल कलेज पूर्वाधार विकास समितिलाई पूर्वाधार संरचनामा विश्वविद्यालय अनुदान आयोगबाट अनुदान प्रदान गरिन्छ (UGC, 2020)। अन्य सबै प्रतिष्ठानहरूको वित्तीय व्यवस्थापन स्वास्थ्य मन्त्रालय मार्फत हुन्छ भने नियामक निकायको भूमिका चिकित्सा शिक्षा आयोगले गर्दछ (चिकित्सा शिक्षा आयोग, २०७९)। यी प्रतिष्ठानहरूको सञ्चालन चिकित्सा शिक्षा ऐनअनुसार हुन्छ भने चिकित्सा शिक्षा प्रदान गर्ने विश्वविद्यालयहरूको आ-आफ्नै ऐन अन्तर्गत सञ्चालन हुने व्यवस्था छ। स्वास्थ्य विज्ञान प्रतिष्ठान र विश्वविद्यालयहरूका चिकित्सा शिक्षा प्रदान गर्ने संस्थाहरूका दीक्षित विद्यार्थीहरूलाई लाइसेन्स प्रदान गरी सेवा प्रदान गर्ने अनुमति प्रदान गर्ने कार्य नेपाल मेडिकल काउन्सिल अन्तर्गत हुने गर्दछन्।

विश्वविद्यालय शिक्षाको वितरण हेर्दा संस्थागत उपलब्धता, विद्यार्थी, र शैक्षिक कार्यक्रमहरूको समेत ठूलो हिस्सा त्रिभुवन विश्वविद्यालयसँग रहेको छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गत सबै प्रदेशहरूमा गरी जम्मा ६२ आङ्गिक, सम्बन्धन प्राप्त क्याम्पसका रूपमा ५ सय २९ सामुदायिक व्यवस्थापनमा रहेका र ५ सय ५१ निजी लगानी तथा व्यवस्थापनमा रहेका क्याम्पसहरू छन्। सबै क्याम्पसहरूमा गरेर कूल ३ लाख ५६ हजार ६ सय ५४ विद्यार्थीहरू रहेका छन्। विद्यार्थी सङ्ख्याको हिसाबले दोस्रो ठूलो विश्वविद्यालय पोखरा विश्वविद्यालय रहेको छ। यस विश्वविद्यालयका नौवटा सम्बन्धनप्राप्त क्याम्पसहरू गरी ६७ वटा क्याम्पसहरूमा कूल ३२ हजार ५ सय ८४ विद्यार्थी रहेका छन्।

### तालिका १४ विश्वविद्यालय तथा विद्यार्थी सङ्ख्याको विवरण

| विश्वविद्यालयहरू | स्थापना वर्ष (इस्वी सम्बत्मा) | विश्वविद्यालय/क्याम्पसहरूको विवरण | | | |
|---|---|---|---|---|---|
| | | आङ्गिक | सामुदायिक | निजी | जम्मा क्याम्पस सङ्ख्या |
| त्रिभुवन विश्वविद्यालय | १९५९ | ६२ | ५२९ | ५५१ | ११४२ |
| नेपाल संस्कृत विश्वविद्यालय | १९८६ | १५ | ० | ४ | १९ |
| काठमाडौँ विश्वविद्यालय | १९९१ | ९ | ० | १५ | २४ |
| पूर्वाञ्चल विश्वविद्यालय | १९९५ | ५ | ५ | १०६ | ११६ |
| पोखरा विश्वविद्यालय | १९९६ | ९ | ० | ५८ | ६७ |
| लुम्बिनी बौद्ध विश्वविद्यालय | २००५ | १ | ० | ८ | ९ |

| विश्वविद्यालयहरू | स्थापना वर्ष (इस्वी सम्बत्मा) | विश्वविद्यालय/क्याम्पसहरूको विवरण | | | |
|---|---|---|---|---|---|
| | | आङ्गिक | सामुदायिक | निजी | जम्मा क्याम्पस सङ्ख्या |
| सुदूरपश्चिम विश्वविद्यालय | २०१० | १५ | ० | ० | १५ |
| मध्यपश्चिम विश्वविद्यालय | २०१० | १८ | ० | ० | १८ |
| कृषि तथा वन विज्ञान विश्वविद्यालय | २०१० | ११ | ० | ७ | १८ |
| नेपाल खुला विश्वविद्यालय | २०१६ | १ | ० | ० | १ |
| राजर्षि जनक विश्वविद्यालय | २०१७ | १ | ० | ० | १ |
| गण्डकी विश्वविद्यालय | २०१९ | १ | ० | ० | १ |
| मनमोहन प्राविधिक विश्वविद्यालय | २०१९ | १ | ० | १ | २ |
| कूल जम्मा | | १४९ | ५३४ | ७५० | १४३३ |


*स्रोत: UGC (2020) तथा सम्बन्धित विश्वविद्यालय*

यहाँ आङ्गिक, सामुदायिक र निजी सबै क्याम्पसहरू तथा सञ्चालनमा आइसकेका सबै विश्वविद्यालयहरूको विवरण समावेश गरिएको छ । मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय तथा योगमाया आयुर्वेद विश्वविद्यालय (केन्द्रीय विश्वविद्यालयको रूपमा रहने) को बारेमा हाल तथ्याङ्कहरू उपलब्ध भएका छैनन् भने प्रदेशस्तरबाट स्थापना गरिएको मनमोहन प्राविधिक विश्वविद्यालयमा यो अनुसन्धान हुँदै गर्दा भर्ना प्रक्रिया सुचारू रहेकाले एकिन विद्यार्थी सङ्ख्या प्राप्त भएको छैन । यद्यपि, सो विश्वविद्यालयको स्कुल अफ इन्जिनियरिङमा नेपाल इन्जिनियरिङ परिषद्ले स्वीकृत गरेको कोटाअनुसार जम्मा ९६ जना विद्यार्थी भर्ना गर्ने गरेको छ । थप विषयहरूको हकमा पनि नेपाल इन्जिनियरिङ परिषद्को स्वीकृति बमोजिम नै विद्यार्थी सङ्ख्या भर्ना गरी अध्यापन हुनेछ[११] ।

११ नेपाल इन्जिनियरिङ परिषद् ऐन २०५५ (२०७५ को संसोधनसहित) ले यससम्बद्ध विषयमा नियमन गर्दछ । ऐनको विवरण यहाँबाट हेर्न सकिन्छ: www.lawcommission.gov.np/np/wp-content/uploads/ नेपाल-इन्जिनियरिङ-परिषद्-ऐन-२०५५.pdf

वि. सं. २०७८ पुससम्म पूर्ण रूपमा सञ्चालनमा रहेका प्रादेशिक विश्वविद्यालयहरू गण्डकी विश्वविद्यालय तथा मनमोहन प्राविधिक विश्वविद्यालयसमेत गरी १३ वटा विश्वविद्यालयहरू सञ्चालन भइरहेका छन् । ६ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान र विश्वविद्यालयहरूको समग्र विद्यार्थी सङ्ख्यालाई आधार मानेर औसत प्रति क्याम्पस विद्यार्थी सङ्ख्या गणना गर्दा प्रति क्याम्पस विद्यार्थी ३ सय २६ हुन्छ । सो औसत गणनामा मनमोहन प्राविधिक विश्वविद्यालयको विद्यार्थी सङ्ख्या समावेश गरिएको छैन । चित्र १ मा विश्वविद्यालयहरूको सबै खालका (आङ्गिक, सामुदायिक र निजी) क्याम्पसहरूको प्रति क्याम्पस विद्यार्थी सङ्ख्या देखाइएको छ ।

### चित्र १ हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूको प्रति क्याम्पस विद्यार्थी सङ्ख्या




*द्रष्टव्य: यस चित्रमा सञ्चालनको सुरुआतमा रहेका प्रादेशिक विश्वविद्यालयहरूको विद्यार्थी सङ्ख्या प्रस्तुत गरिएको छैन*

*स्रोत: UGC (2020)*

यस्तै खुला विश्वविद्यालयको विद्यार्थी सङ्ख्या १ हजार १ सय ६४ रहेको छ । दोस्रो धेरै प्रति क्याम्पस विद्यार्थी सङ्ख्या रहेको विश्वविद्यालय काठमाडौं विश्वविद्यालय हो । त्यहाँको तथ्याङ्क हेर्दा ७७६.८ जना विद्यार्थी एउटा क्याम्पसमा पढ्ने गरेको देखिन्छ । यस्तै सुदूरपश्चिम, पोखरा र मध्यपश्चिम विश्वविद्यालयमा क्रमश: ६७३.१, ४८६.३ र ५४१.८ प्रति क्याम्पस विद्यार्थी सङ्ख्या रहेको अवस्था छ । यसैगरी त्रिभुवन, पूर्वाञ्चल, कृषि तथा वन विज्ञान, नेपाल संस्कृत, राजर्षि जनक र लुम्बिनी बौद्ध विश्वविद्यालयहरूमा प्रति क्याम्पस क्रमश: ३११.८, २३७.३, २६०.४, १४८.८, १८६ र ७७.२ विद्यार्थी रहेका छन् । यद्यपि चिकित्सा, इन्जिनियरिङ, कृषि तथा वन विज्ञान र प्रविधिलगायतका प्राविधिक विधाहरूका साथै अन्य सङ्कायका पेसागत कार्यक्रमहरू निश्चित कोटाका आधारमा विद्यार्थी भर्ना गर्ने गरिएको छ ।

## तालिका १५ आङ्गिक, सामुदायिक तथा निजी क्याम्पसहरूमा विद्यार्थीहरूको लैङ्गिक वितरण

| विश्वविद्यालय | क्याम्पसहरूको प्रकार र विद्यार्थीको लैङ्गिक वितरण | | | | | | | | | महिलाको अनुपात (%) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आङ्गिक | | सामुदायिक | | निजी | | जम्मा विद्यार्थी सङ्ख्या | | | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | |
| त्रिभुवन विश्वविद्यालय | ६६,५४८ | ५६,७३८ | ४५,७४९ | ८६,५४९ | ४९,४२३ | ५१,६४७ | १६१,७२० | १९४,९३४ | ३५६,६५४ | ५४.७ |
| नेपाल संस्कृत विश्वविद्यालय | १,९४४ | ६२१ | १०६ | ३७ | ६७ | ५३ | २,११७ | ७११ | २,८२८ | २५.१ |
| काठमाडौं विश्वविद्यालय | ५,३७५ | ३,५११ | - | - | ४,५८६ | ५,१७१ | ९,९६१ | ८,६८२ | १८,६४३ | ४६.६ |
| पूर्वाञ्चल विश्वविद्यालय | ८४६ | ७१६ | २४८ | ४४६ | १२,०१४ | १३,२५७ | १३,१०८ | १४,४१९ | २७,५२७ | ५२.४ |
| पोखरा विश्वविद्यालय | १,६८१ | १,४६२ | - | - | १६,६३६ | १२,८०५ | १८,३१७ | १४,२६७ | ३२,५८४ | ४३.८ |
| लुम्बिनी बौद्ध विश्वविद्यालय | २०० | १३० | - | - | २७८ | ८७ | ४७८ | २१७ | ६९५ | ३१.२ |
| सुदूरपश्चिम विश्वविद्यालय | ३,८७२ | ६,२२५ | - | - | - | - | ३,८७२ | ६,२२५ | १०,०९७ | ६१.७ |
| मध्यपश्चिम विश्वविद्यालय | ५,१७५ | ४,५७९ | - | - | - | - | ५,१७५ | ४,५७९ | ९,७५४ | ४६.९ |
| कृषि तथा वन विज्ञान विश्वविद्यालय | २,२९९ | १,५६७ | - | - | २२९ | ३३३ | २,५२८ | १,९०० | ४,४२८ | ४२.९ |
| नेपाल खुला विश्वविद्यालय | १,०३२ | १३२ | - | - | - | - | १,०३२ | १३२ | १,१६४ | ११.३ |
| राजर्षि जनक विश्वविद्यालय | १०८ | ७८ | - | - | - | - | १०८ | ७८ | १८६ | ४१.९ |
| गण्डकी विश्वविद्यालय | - | - | - | - | - | - | - | - | १८६ | - |

| विश्वविद्यालय | क्याम्पसहरूको प्रकार र विद्यार्थीको लैङ्गिक वितरण | | | | | | | | | महिलाको अनुपात (%) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आङ्गिक | | सामुदायिक | | निजी | | जम्मा विद्यार्थी सङ्ख्या | | | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | |
| मनमोहन प्राविधिक विश्वविद्यालय | - | - | - | - | - | - | - | - | - | - |

स्रोत: UGC (2020)

नेपालमा सञ्चालनमा रहेका विश्वविद्यालयका आङ्गिक, सामुदायिक र निजी क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीको लैङ्गिक वितरणको अवस्थालाई समेत यहाँ प्रस्तुत गरिएको छ। सो तथ्याङ्कअनुसार त्रिभुवन विश्वविद्यालयको सामुदायिक र निजी क्याम्पसमा अध्ययनरत महिला विद्यार्थी (छात्रा) को सङ्ख्या पुरूष (छात्र) को भन्दा बढी देखिन्छ।

त्रिभुवन, नेपाल संस्कृत, र पूर्वाञ्चल विश्वविद्यालयबाहेक अन्य विश्वद्यिलयका सामुदायिक क्याम्पस रहेका छैनन्। पछिल्लो समयमा स्थापना भएका विश्वविद्यालयहरूले सम्बन्धन नदिने नीतिअनुरूप धेरै विश्वविद्यालयहरूका आङ्गिक क्याम्पसहरू मात्र छन्। प्रादेशिक अवधारणामा स्थापना भएका विश्वविद्यालयहरू गण्डकी र मनमोहन प्राविधिक विश्वविद्यालयको लैङ्गिक आधारमा विद्यार्थी सङ्ख्या प्राप्त हुनसकेको छैन। त्यहाँ यो अनुसन्धान भइरहँदा भर्ना प्रकिया चालु रहेको थियो।

### २.२.१. तहगत विद्यार्थी भर्ना, भर्नादर र उत्तीर्ण दर

सबै विश्वविद्यालयहरूको कूल विद्यार्थीहरूको तहगत भर्नाको प्रतिशत हेर्ने हो भने सबैभन्दा धेरै स्नातक तहमा ८९.२० प्रतिशत र स्नातकोत्तर तहमा १०.१२ प्रतिशत रहेको देखिन्छ। यसैगरी एम.फिल तहमा ०.२९ र विद्यावारिधि तहमा ०.३५ प्रतिशत तथा सबैभन्दा कम पोष्ट ग्रयाजुएट डिप्लोमा (पी.जी.डी.) तहमा ०.०५ प्रतिशत रहेको देखिन्छ।

**तालिका १६ कूल विद्यार्थीहरूको तहगत विद्यार्थी सङ्ख्या**

| क्र.सं. | शिक्षाको तह | विद्यार्थी सङ्ख्या (प्रतिशतमा) |
|---|---|---|
| १ | स्नातक | ८९.२० |
| २ | पोष्ट ग्रयाजुएट डिप्लोमा | ०.०५ |
| ३ | स्नातकोत्तर | १०.११ |
| ४ | एम फिल | ०.२९ |

| क्र.सं. | शिक्षाको तह | विद्यार्थी सङ्ख्या (प्रतिशतमा) |
|---|---|---|
| ५ | विद्यावारिधी | ०.३५ |
| | जम्मा | १०० |

स्रोत: UGC (2020)

यसैगरी समग्र विश्वविद्यालयहरूको भर्नाको स्थितिलाई हेर्ने हो भने सबैभन्दा ठुलो त्रिभुवन विश्वविद्यालयमा कूल विद्यार्थीको ७६.४ प्रतिशत विद्यार्थी भर्ना हुन्छन् । सङ्कायगत हिसाबले हेर्ने हो भने ठुलो प्रतिशत (७७.८३) शिक्षाशास्त्र सङ्कायमा भएको देखिन्छ । लैङ्गिक हिसाबमा हेर्ने हो भने औसतमा ५२.९८ प्रतिशत छात्राहरूको भर्ना भएको अवस्था तथ्याङ्कले देखाउँछ भने मानित विश्वविद्यालयको रूपमा सञ्चालित स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत अनुदान प्राप्त हुन्छ र ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा छात्राहरूको भर्नादर ७२.६० प्रतिशत छ (UGC, 2020) ।

स्नातक तहको मात्र उत्तीर्ण हुने दर हेर्ने हो भने त्रिभुवन विश्वविद्यालयको २९.३ प्रतिशत छ । प्राविधिक शिक्षामात्र प्रदान गर्ने संस्था जस्तै स्वास्थ्य विज्ञान प्रतिष्ठानको उदाहरण हेर्ने हो भने पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको ९७.५ प्रतिशत उत्तीर्ण दर छ । दूर शिक्षा प्रविधिमा आधारित नेपाल खुला विश्वविद्यालयको उत्तीर्ण दर ७२ प्रतिशत रहेको छ (UGC, 2020) । यसबाट त्रिभुवन विश्वविद्यालयको उत्तीर्णहुने दर निकै कम देखिएको छ । त्रिभुवन विश्वविद्यालयको प्राविधिक तथा साधारण विषयको समग्र उत्तीर्ण दर सँगै गणना गरिएकोले यो प्रतिशत कम देखिएको हो । त्रिभुवन विश्वविद्यालयको प्राविधिक विषय र साधारण विषयका उत्तीर्ण दर छुट्टाछुटै गणना गर्दा यो दर फरक हुन जान्छ । समग्रमा उत्तीर्ण दरसँगै "शैक्षिक उपलब्धि र गुणस्तरको दृष्टिकोणले नेपालका विश्वविद्यालयमा प्राविधिक उच्च शिक्षा आकर्षक र भरपर्दो देखिन्छ । चिकित्सा, इन्जिनियरिङ, वन विज्ञान, विज्ञान तथा प्रविधि विषयको गुणस्तर राम्रो भएका कारण विश्वविद्यालयको साख विश्वमै विश्वासिलो छ" (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५, पृ. ९४) ।


## २.२.२. स्वास्थ्य विज्ञान प्रतिष्ठान

नेपालमा विश्वविद्यालय सरहको मान्यता प्राप्त गरी जनस्वास्थ्य, चिकित्सा, नर्सिङलगायत विषयहरूको पठनपाठन स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूले गर्ने गरेका छन् । यस्ता प्रतिष्ठानहरूको सञ्चालनका लागि अनुदानको प्रवाह राष्ट्रिय चिकित्सा शिक्षा आयोग मार्फत हुने गर्दछ ।

यी प्रतिष्ठानहरूको अनुगमन, सुपरिवेक्षण र नियमन गर्ने गरी राष्ट्रिय चिकित्सा शिक्षा आयोगले भूमिका निर्वाह गरिरहेको छ । मानित विश्वविद्यालयको रूपमा स्वास्थ्यसम्बद्ध शिक्षा प्रदान गर्ने प्रतिष्ठानहरू मध्येमा बी. पी. कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठानमा सबैभन्दा धेरै (१ हजार ५ सय २८

जना) विद्यार्थी सङ्ख्या रहेका छन् । त्यसैगरी, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ५६ जना विद्यार्थी रहेका छन् (विद्यार्थीहरूको विवरण चित्र २ मा प्रस्तुत गरिएको छ) । चिकित्सा शिक्षा अध्ययनको लागि राष्ट्रिय चिकित्सा शिक्षा आयोगले विद्यार्थी भर्नाको कोटा निर्धारण गर्ने भएकाले प्रति क्याम्पस विद्यार्थी भर्ना सङ्ख्या अन्य विधागत विषयको तुलनामा कम हुने गर्दछ ।

**चित्र २ स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको विद्यार्थी सङ्ख्या**




*पुनश्चः राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको विद्यार्थी सङ्ख्या प्राप्त नभएकाले सामवेश गरिएको छैन*

*स्रोत: UGC (2020) र सम्बन्धित प्रतिष्ठानहरू*

स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको बजेट प्रवाह चिकित्सा शिक्षा आयोग मार्फत हुन्छ । सङ्घीय संरचनाभन्दा अघि चिकित्सा शिक्षासम्बद्ध कार्यक्रमहरू सञ्चालन भएका विश्वविद्यालयहरूमा समेत सो कार्यक्रमका लागि आयोगबाट बजेट प्रवाह हुने व्यवस्था थियो (चिकित्सा शिक्षा आयोग, २०७९) भने प्रादेशिक अवधारणामा स्थापित भएका विश्वविद्यालयले यसरी बजेट नपाउने अवस्था छ (सार्वजनिक नीति संवाद) । अहिलेसम्मको अवस्थामा मानित विश्वविद्यालयको रूपमा रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठान र विश्वविद्यालय अन्तर्गत चिकित्सा शिक्षा प्रदान गर्ने संस्थान तथा सङ्कायहरू मार्फत यससम्बद्ध मानव संसाधन विकास भइरहेका छन् ।

चिकित्सा शिक्षा ऐन २०७५ को दफा १७ (१) को प्रावधानअनुसार आयोगले प्रत्येक वर्ष तोकिए बमोजिमको मापदण्डका आधारमा विश्वविद्यालय तथा अन्य शिक्षण संस्थाका लागि निश्चित सिट सङ्ख्या तोक्ने गर्दछ । स्थापना हुँदै गरेका प्रतिष्ठानहरूको क्षमता, उचित व्यवस्थापन, भौतिक पूर्वाधार

थप तथा स्तरोन्नतिलगायतका कार्यहरू भइरहेको अवस्था छ (राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान कुराकानी, मिति २०७९ वैशाख १४ गते)। सङ्घीय सरकारको आ. व. २०७८/७९ को नीति तथा कार्यक्रममा 'प्रत्येक प्रदेशमा कम्तिमा दुईवटा मेडिकल कलेज/प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने नीति' (नीति तथा कार्यक्रम, २०७९, पृ. ४८) लिइएको देखिन्छ। यसबाट राज्यले देशलाई आवश्यक स्वास्थ्यसम्बद्ध शिक्षा र सेवामा पहुँच अभिवृद्धि गर्न अग्रसर भएको देखिन्छ।

चिकित्सा क्षेत्रको अर्को धार आयुर्वेद चिकित्सा हो। नेपालमा यसको प्रचलन, विश्वास र उपयोग आमरूपमा बढेको पनि देखिन्छ। खासगरी दीर्घरोगीहरूले यसको उपयोगमा रुचि र विश्वास देखाउने गरेका छन् (Kafle, et al ., 2018)। राष्ट्रिय नीतिले समेत यस तथ्यलाई आत्मसात् गर्दै आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेशमै विशेषज्ञ जनशक्तिको उत्पादन, औषधी उत्पादन र गुणस्तर अभिवृद्धि गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने नीति लिएको देखिन्छ। नेपालमा आयुर्वेद चिकित्साको अध्ययन अध्यापन गर्ने विश्वविद्यालयहरूमा मूलतः नेपाल संस्कृत विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालय रहेका छन् भने केही जिल्लामा त्यस्ता क्याम्पसहरू मार्फत सो विषयको अध्यापन हुन्छ। प्रमाणपत्र तह तथा सोभन्दा तल्लो तहको आयुर्वेद चिकित्साको सम्बन्धन प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्रले दिने गरेको छ। आयुर्वेद चिकित्साको अध्यापन गराउने शैक्षिक संस्थाहरूको विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ।

स्वास्थ्य शिक्षा प्रदान गर्ने यस्ता आयुर्वेद क्याम्पस वा संस्थाहरूले स्वास्थ्य सेवा पनि प्रदान गरिरहेका हुन्छन्। यद्यपि, आयुर्वेद चिकित्साका लागि प्रयाप्त लगानी नभएको र उपेक्षामा पारिएको जस्ता गुनासाहरू सुन्न पाइन्छन्। हाल सबै जिल्लामा आयुर्वेद स्वास्थ्य केन्द्र, अञ्चलस्तरीय औषधालय र ३ सय ५ वटा पालिकास्तरका औषधालय संस्था स्थापना भएका छन् (गुरुङ, २०७८)[१२]।

राष्ट्रिय शिक्षा नीति २०७६ ले "चिकित्सा शिक्षासम्बन्धी प्रतिष्ठानहरूलाई एकीकृत प्रतिष्ठानका रूपमा सञ्चालन गर्न आवश्यक कानुनी प्रबन्ध गर्ने" (शिक्षा मन्त्रालय, २०७६, पृ. २९) उल्लेख गरेबाट यसको सुधारको कदम सुरुआत भएको छ। यसैगरी, आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा "स्वास्थ्य क्षेत्रका आयोग, प्रतिष्ठान, काउन्सिल, अनुसन्धान केन्द्र र अस्पतालहरूलाई थप मितव्ययी, व्यवस्थित र प्रभावकारी बनाउन क्षेत्रगत एकीकृत छाता ऐन तर्जुमा गरिने" (नीति तथा कार्यक्रम, २०७७, पृ. १६) उल्लेख छ। यसबाट राज्यको सो क्षेत्रमा भएको लगानीको आर्थिक भार कम गर्ने तथा स्वास्थ्यसम्बद्ध शैक्षिक कार्यक्रमहरूमा एकरूपता कायम गर्न मद्दत पुऱ्याउने उद्देश्य लिएको देखिन्छ। यो छाता ऐनले सबै स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको प्रशासनिक नेतृत्व एकै उपकुलपतिद्वारा गर्ने व्यवस्था हुनेगरी ऐन निर्माण गरेर कार्यान्वयन गर्न खोजिनु एक महत्त्वपूर्ण विषय हो।

---

१२ यससम्बन्धी समाचार यहाँ हेर्नसकिन्छः https://swasthyakhabar.com/story/41500

## २.३. विश्वविद्यालयहरूलाई दिइने अनुदान

नेपालमा सञ्चालित विश्वविद्यालयहरूलाई नेपाल सरकारले आर्थिक अनुदान दिने गरेको छ। यस किसिमको आर्थिक अनुदान विश्वविद्यालय अनुदान आयोग मार्फत दिने गरिन्छ। विश्वविद्यालय अनुदान आयोगको स्थापना नेपालका विश्वविद्यालयहरूलाई सम्बर्धन, सहयोग, क्षमता अभिवृद्धि गरी उच्च शिक्षाको गुणस्तर उकास्ने उद्देश्यका साथ एक स्वायत्त संस्थाको रूपमा भएको हो। विश्वविद्यालय अनुदान आयोग ऐन २०५० को दफा ६ (१) मा आयोगको काम, कर्तव्य र अधिकारमा उल्लेख भएअनुसार (क) विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने, (ख) विश्वविद्यालयहरूमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरूबिच समन्वय कायम गराउने, (ग) विश्वविद्यालयहरूबिच समन्वय कायम गर्ने (पृ. ३)[१३] समेत उल्लेख छ।

विश्वविद्यालय अनुदान आयोगका उद्देश्यहरूमा- क) राष्ट्रको शिक्षित तथा तालिमप्राप्त जनशक्तिको आवश्यकता पूरा गर्न शिक्षण संस्थाहरूलाई सामर्थ्यवान् बनाउन, ख) नेपाली प्राज्ञिक क्षेत्रलाई विश्वस्तरमा विकास गर्न, ग) देशको शिक्षाको गुणस्तर र विकासमा बाधा पुऱ्याउने चुनौतीको सामना गरी समस्या समाधान गर्न, घ) उच्च शिक्षाको पहुँच समावेशी बनाउने र वञ्चितीकरणमा परेका तथा सीमान्तिकृत समुदायमा पुऱ्याउनेलगायतका छन् (UGC, 2022)।

विश्वविद्यालय अनुदान आयोगको माथि उल्लिखित उद्देश्यहरू मध्ये सार्वजनिक विश्वविद्यालयमा अनुदान दिने कार्य पनि प्रमुख हो। त्यसैअनुरूप नेपालमा सबै विश्वविद्यालयहरूले अनुदान प्राप्त गर्दछन्। सबै विश्वविद्यालयहरूको आफ्नो नियमित खर्चको केही अंश छात्रवृत्ति र पूर्वाधार विकासमा आवश्यकपर्ने खर्चको रकम नेपाल सरकारबाट अनुदानमा प्राप्त गर्दछन्।

विश्वविद्यालय शिक्षामा जाने अनुदान शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय हुँदै विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त गर्छन। विश्वविद्यालयहरूले यसरी आर्थिक वर्ष २०७६/७७ मा प्राप्त गरेको अनुदान रकमलाई हेर्ने हो भने त्रिभुवन विश्वविद्यालयले प्राप्त गरेको रकम ९ अर्ब २४ करोड रहेको छ। यहाँ विश्वविद्यालयहरूले प्राप्त गर्ने अनुदान रकमसँगै सो विश्वविद्यालयहरूका विद्यार्थी सङ्ख्याका आधारमा गणना गरी प्रति विद्यार्थी अनुदान रकम देखाइएको छ। यसको मूल उद्देश्य सार्वजनिक लगानीबाट विद्यार्थीले प्राप्त गर्ने अनुदान लाभको अवस्था बुझ्न मद्दत पुगोस् भन्ने हो। सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूले आयोगबाट सीमित तर नियमित अनुदान प्राप्त गर्दछन् भने निजी लगानीका क्याम्पसहरूले शैक्षिक पूर्वाधार विकासलगायतका लागि अनुदान प्राप्त गर्ने व्यवस्था छैन।

१३ विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०

## तालिका १७ विश्वविद्यालयहरूलाई दिइने अनुदान र प्रति विद्यार्थी अनुदान

| क्र.स. | विश्वविद्यालयहरू | अनुदान प्राप्त गर्ने आङ्गिक क्याम्पस/विश्वविद्यालयहरू | रकम (रु. अर्वमा) | प्रति विद्यार्थी अनुदान (ने.रु.) |
|---|---|---|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय | ६२ | ९.२४ | ७४९४८ |
| २ | नेपाल संस्कृत विश्वविद्यालय | १२ | ०.७ | १८६७१६ |
| ३ | काठमाडौं विश्वविद्यालय | ७ | ०.१४ | १५७५५ |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | ५ | ०.२ | १२८०४० |
| ५ | पोखरा विश्वविद्यालय | ४ | ०.१२ | ३८१८० |
| ६ | लुम्बिनी बौद्ध विश्वविद्यालय | १ | ०.१४ | ४२४२४२ |
| ७ | कृषि तथा वन विज्ञान विश्वविद्यालय | १० | ०.७ | १८१०६५ |
| ८ | सुदूरपश्चिम विश्वविद्यालय | १५ | ०.३ | २९७११ |
| ९ | मध्यपश्चिम विश्वविद्यालय | १८ | ०.३ | ३०७५६ |
| १० | नेपाल खुला विश्वविद्यालय | १ | ०.१४ | १२०२७४ |
| ११ | राजर्षि जनक विश्वविद्यालय | १ | ०.१२ | ६४५१६१ |

*स्रोत: UGC (2020)*

अनुदानको तथ्याङ्क हेर्ने हो भने सबैभन्दा धेरै देशको ठूलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयलाई जान्छ । यद्यपि यो रकम प्रति विद्यार्थी ७४ हजार ९ सय ४८ रुपैयाँ हो । यसैगरी, प्रति विद्यार्थी कम अनुदान प्राप्त गर्ने विश्वविद्यालय काठमाडौं विश्वविद्यालय हो । सो विश्वविद्यालयको प्रति विद्यार्थी अनुदान रकम मात्र १५ हजार ७ सय ५५ रुपैयाँ छ । भर्खरै स्थापना भएको राजर्षि जनक विश्वविद्यालयको प्रति विद्यार्थी अनुदान रकम सबैभन्दा धेरै ६ लाख ४५ हजार १ सय ६१ रुपैयाँ पर्न आउँछ । लुम्बिनी बौद्ध विश्वविद्यालयको अनुदान रकम ४ लाख २४ हजार २ सय ४२ रूपैयाँ छ जुन अन्य विश्वविद्यालयसँग तुलना गर्दा राम्रो अनुदान हो ।

नेपाल संस्कृत विश्वविद्यालयले पाउने अनुदान रकमबाट प्रति विद्यार्थी अनुदान रकम हिसाब गर्दा १ लाख ८६ हजार ७ सय १६ रुपैयाँ हुनआउँछ । विद्यार्थी सङ्ख्या थोरै भए तापनि त्यहाँ अध्ययनरत विद्यार्थीहरूले प्राप्त गर्ने छात्रवृत्ति उल्लेखनीय छ ।

## २.४. विश्वविद्यालयका प्राध्यापकहरू

नेपालमा व्यापक प्रचलनमा रहेको प्राध्यापकहरूको विभिन्न तहहरू मध्ये प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक, शिक्षण सहायक तथा कोर्ष करार प्रमुख हुन् । विश्वविद्यालय अनुदान आयोगकाअनुसार नेपालका केन्द्रीय क्याम्पस तथा आङ्गिक क्याम्पसहरूमा सबै तहका प्राध्यापकहरूको कूल सङ्ख्या १० हजार ८ सय १० छ (UGC, 2020) । तथ्याङ्क हेर्दा सबैभन्दा धेरै प्राध्यापकहरू त्रिभुवन विश्वविद्यालयमा ७ हजार ५ सय ९२ जना रहेका छन् भने सबैभन्दा थोरै राजर्षि जनक विश्वविद्यालयमा ४५ जना रहेका छन् (UGC, 2020) ।

त्रिभुवन विश्वविद्यालयसहित धेरै विश्वविद्यालयहरूको आ-आफ्नै सेवा आयोग मार्फत प्राध्यापक नियुक्त गर्ने पद्धति रहेको छ । उपप्राध्यापक, सहप्राध्यापक र प्राध्यापकमा गरी सबै तहमा खुला तथा बढुवा मार्फत प्राध्यापकहरूको नियुक्ति गर्ने अभ्यास छ । सहप्राध्यापक वा प्राध्यापकमा बढुवा हुन कार्यानुभव, अनुसन्धान तथा प्रकाशन थप वाञ्छनीय योग्यता हुने, विद्यावारिधि वाञ्छनीय योग्यता मानिएको छ (ADB, 2016, p.29) ।

नेपालमा २०७५ सालमा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले विश्वविद्यालय सेवामा प्रवेश गर्न न्यूनतम शैक्षिक योग्यता विद्यावारिधि हुनुपर्ने सुझाव दिएको छ । सो आयोगले "सामुदायिक र निजी उच्च शैक्षिक संस्थामा प्राध्यापन गर्ने प्राध्यापकलाई आङ्गिक क्याम्पसका प्राध्यापक सरहको मान्यता, वृत्ति विकास, तलब सुविधा र अन्य सेवा, सुविधा अनिवार्य रूपमा उपलब्ध गराउने र सबैखाले उच्च शिक्षाका (आङ्गिक, सामुदायिक, निजी) संस्थाहरूमा अध्यापन गर्ने प्राध्यापकहरूको बढुवा वा प्राध्यापकको पद प्राप्त गर्ने एउटै मापदण्ड कायम गर्न" सिफारिस गरेको छ (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५, पृ. ११४) ।

विश्वपरिवेश हेर्दा विश्वविद्यालयहरूमा प्राध्यापकहरूको नियुक्ति गर्ने आधारहरूमा तात्विक भिन्नता नभए तापनि तीनै आधारहरूलाई प्रयोग गर्ने इमान्दारिता र प्राध्यापकको नैतिकतामा यसको सफलता निहित हुन्छ ।

भारतको Lady Shri Ram College for Women (2022) ले आफ्नो कलेजमा प्राध्यापक नियुक्त गर्ने आधारमा विश्ववरीयतामा ५ सयभित्र पर्ने विश्वविद्यालयहरूबाट विद्यावारिधि उपाधि प्राप्त भएको, शिक्षण, अनुसन्धानमा अब्बल, सम्बन्धित पेसामा संस्थागत कार्यको अनुभव भएको (जस्तैः व्यवस्थापन विषयका लागि), कन्फेरेन्समा कार्यपत्र प्रस्तुत गरेको अनुभव, विज्ञ समीक्षित अनुसन्धान जर्नलमा लेखहरू प्रकाशित गरेको आदि हुनुपर्ने व्यवस्था गरेको छ । अन्य आधारहरूमा विद्यार्थीका शोधपत्र सुपरिवेक्षण/निर्देशन गरेको, अनुसन्धान परियोजनाका कार्य गरेको र विश्वविद्यालयको लक्ष्यअनुरूप प्राज्ञिक र पेसागत विकासमा परिणाममुखी योगदान गरेको आधारमा बढुवा वा सोझै प्राध्यापकमा नियुक्ति दिने गरेको पाइन्छ ।

यस्ता अन्य धेरै विश्वविद्यालयमा विषयअनुसारका फरक-फरक प्राध्यापक छनोट तथा पदोन्नतिका आधारहरू तय गरिएका हुन्छन् । विश्वविद्यालय सेवा प्रवेश उपप्राध्यापक, सहप्राध्यापक र प्राध्यापकमा खुला र बढुवा दुवै तरिकाबाट गर्ने चलन छ । नेपालमा प्राध्यापक छनोट, बढुवा वा पदोन्नतिजस्ता विषयमा प्रभावकारी मापदण्ड तय गर्न आवश्यक देखिएको छ । यस्तो प्रभावकारी मापदण्ड अभावका कारण आङ्गिक, सामुदायिक तथा निजी क्याम्पसहरूमा आंशिक, करारमा कार्यरत प्राध्यापकहरूको बाहुल्यता देखिन्छ । नेपालमा पनि खुला प्रतिस्पर्धाबाट विश्वभर रहेका उत्कृष्ट जनशक्ति भित्र्याउन प्रयासहरू गरिएको छ भने यहीँका उत्पादनलाई सबल बनाइने र शिक्षण पेसामा आकर्षित गर्न सकिन्छ । नेपालको हकमा विश्वविद्यालय सेवा आयोगमा भाग लिनुअघि योग्यता परीक्षा लिनुपर्ने आवाज उठेको छ ।

## २.५. विश्वविद्यालयहरूको प्रदेशगत अवस्था विश्लेषण

नेपालको सङ्घीय संरचनाअनुरूप प्रदेश सरकारले विश्वविद्यालय स्थापना गर्न नीतिगत प्रावधानबाट सहज भई धेरै विश्वविद्यालयहरू खुल्ने अवस्था सिर्जना भएको छ । २०७८ सालसम्म नेपालमा सञ्चालन भएका विश्वविद्यालयको सङ्ख्या १३ पुगिसकेको छ । स्वास्थ्य शिक्षा प्रदान गर्ने प्रतिष्ठानहरूको सङ्ख्या ६ पुगेको छ भने अन्य केही सञ्चालनको सङ्घारमा रहेका छन् । नेपाल विश्वविद्यालय, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, मदन भण्डारी प्राद्यौगिक विश्वविद्यालय विकास समिति अन्तर्गत रही स्थापनाका सङ्घारमा रहेका छन् भने योगमाया आयुर्वेद विश्वविद्यालय पूर्वाधार निर्माणको चरणमा रहेको छ[१४] । राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापनाको कार्य अगाडि बढी सकेको छ[१५] । हाल सातवटै प्रदेशमा प्रादेशिक विश्वविद्यालयको अवस्था निम्नानुसार रहेको छ ।

### २.५.१. प्रदेश १

प्रदेश १ सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७८/०७९ मा मनमोहन प्राविधिक विश्वविद्यालयलाई स्वायत्त संस्थाको रूपमा विकास गरिने उल्लेख गरिएको छ । प्रस्तावित मदन भण्डारी प्रौद्योगिक महाविद्यालयको गठन र सञ्चालन गर्न आवश्यक कानुनको निर्माण गर्ने योजना रहेको छ । यी दुई

१४ योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक सङ्घीय संसदबाट पारित भएपश्चात् कानुनी रूपमा यसको स्थापनाका लागि प्रक्रिया अगाडि बढेको हो । यससम्बन्धी समाचार यहाँ हेर्न सकिन्छः https://www.khabarhub.com/2022/19/412571/

१५ सेनाको समन्वयमा शैक्षिक सत्र ०८०/८१ देखि कक्षा सञ्चालन गर्ने गरी राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (एनडीयू) को भौतिक र प्राज्ञिक तयारी भइरहेको छ । सरकारले ०७६/७७ को नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी काम अघि बढाएको हो । प्रतिरक्षा विश्वविद्यालयका लागि सरकारले साँगा क्षेत्रमा पर्ने काभ्रेको बनेपा नगरपालिका वडा नं. १३ र १४ स्थित पेरुंगे सामुदायिक वन क्षेत्रमा ७ सय ५० रोपनी जग्गा उपलब्ध गराएको छ । थप विवरण यहाँ हेर्न सकिन्छः https://www.nayapatrikadaily.com/news-details/83271/2022-03-27

योजना मध्ये हाल प्रादेशिक प्राविधिक विश्वविद्यालयको कार्य अघि बढेको देखिन्छ । यस प्रदेशमा हाल सञ्चालनमा रहेका सबै विश्वविद्यालयहरूको कूल मध्ये ८१ वटा सामुदायिक, २४ वटा आङ्गिक र ९२ वटा निजी कयाम्पसहरू गरी कूल १ सय ९७ क्याम्पसहरू रहेका छन् (UGC, 2020) । यद्यपि प्रदेशको लागि आवश्यकपर्ने इन्जिनियरिङ क्षेत्रका दक्ष जनशक्ति प्रबर्धन गर्न मनमोहन प्राविधिक विश्वविद्यालय अन्तर्गत रहने एक इन्जिनियरिङ तालिम केन्द्र स्थापनाको योजना रहेको छ ।

### २.५.२. मधेश प्रदेश

मधेश प्रदेशले प्राविधिक विश्वविद्यालय र कृषि विश्वविद्यालय स्थापनाको लागि अध्यादेश मार्फत कार्य अगाडि बढाएको छ । जसअनुसार राजविराजमा कृषि विश्वविद्यालय र वीरगञ्जमा प्राविधिक विश्वविद्यालय स्थापना गर्ने प्रस्ताव गरिएको छ (मधेश प्रदेश, २०७८) । यी दुई मध्ये कृषि विश्वविद्यालयमा कुलपतिसमेत नियुक्ति गरिसकेको अवस्था छ । यस प्रदेशमा सबै विश्वविद्यालयहरूको ४१ वटा सामुदायिक, नौ वटा आङ्गिक र ७३ वटा निजी क्याम्पसहरू गरी कूल १ सय २३ क्याम्पसहरू सञ्चालनमा छन् (UGC, 2020) ।

### २.५.३. बागमती प्रदेश

बागमती प्रदेशले "प्रदेश उच्च शिक्षा ऐन २०७८" जारी गरी कार्यान्वयनमा ल्याइसकेको छ । उक्त ऐनअनुसार प्रदेश सरकारद्वारा स्थापित हुने विश्वविद्यालय सार्वजनिक विश्वविद्यालय हुने, स्वीकृति बमोजिम मुनाफा आर्जन नगर्ने सामुदायिक वा मानित विश्वविद्यालय हुने व्यवस्था गरिएको छ । मुख्यमन्त्रीको अध्यक्षतामा १५ सदस्यीय प्रदेश उच्च शिक्षा परिषद्को गठन गर्न सकिने व्यवस्थासमेत सो ऐनमा गरिएको छ ।

यसरी प्रदेशमा स्थापना हुने उच्च शिक्षण संस्थाहरू सोही परिषद्को सिफारिसमा प्रदेश सरकारको स्वीकृतिमा मात्र स्थापना हुन्सक्ने प्रावधान छ । ऐनमा भने बमोजिम संघ वा प्रदेशको कुनै विश्वविद्यालय अन्तर्गत सञ्चालनमा रहेको र तोकिएको मापदण्ड पूरा गरेको कुनै उच्च शिक्षण संस्थालाई प्रदेश सरकारले आफै वा ऐन बमोजिम स्थापित संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) अन्तर्गत मुनाफारहित सामुदायिक वा मानित विश्वविद्यालयको रूपमा स्थापना गर्न सक्नेछ । सो ऐनको मापदण्डसम्बन्धी व्यवस्थामा विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको स्थापना गर्दा आवश्यकपर्ने मापदण्ड तथा पूर्वाधार तोकिएबमोजिम हुने उल्लेख छ (प्रदेश उच्च शिक्षा ऐन, २०७८) । उच्च शिक्षा प्रदान गर्ने सबैभन्दा धेरै संस्थाहरू केन्द्रित रहेको यस प्रदेशमा सबै विश्वविद्यालयहरूको जम्मा ६ सय २४ वटा क्याम्पसहरू सञ्चालनमा रहेका छन् जसमा १ सय ७० वटा सामुदायिक, ४४ वटा आङ्गिक र ४ सय १० वटा निजी क्याम्पसहरू रहेका छन् (UGC, 2020) ।

### २.५.४. गण्डकी प्रदेश

गण्डकी प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय स्थापनार्थ २०७६ साल असोज २७ गते गण्डकी विश्वविद्यालय ऐन, २०७६ जारी गरेर यस विश्वविद्यालय अन्तर्गत शैक्षिक कार्यक्रमसमेत सञ्चालन गरिसकेको छ । गण्डकी प्रदेशमा अन्य विश्वविद्यालय अन्तर्गतका हाल ८३ वटा सामुदायिक, १७ वटा आङ्गिक र ५१ वटा निजी क्याम्पसहरू गरी कूल १ सय ५१ क्याम्पसहरू रहेका छन् (UGC, 2020) । प्रादेशिक विश्वविद्यालयको स्थापना गर्ने गण्डकी प्रदेश पहिलो प्रदेश हो ।

प्रदेश नीति तथा योजना आयोगको वार्षिक प्रतिवेदन २०७७/७८ मा उल्लेख गरिएअनुसार समृद्ध राष्ट्र निर्माण गर्न जीवनोपयोगी मूल्य र मान्यतामा आधारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न सक्षम, र नेतृत्वदायी जनशक्ति तयार गर्न गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्य लिएर गण्डकी विश्वविद्यालयको स्थापना गरिएको हो । विश्वविद्यालयको प्रारम्भिक भौतिक पूर्वाधार निर्माणका लागि आवश्यकपर्ने बजेट विनियोजनसमेत भइसकेको छ। यस विश्वविद्यालय अन्तर्गत केही शैक्षिक कार्यक्रम सञ्चालन भइसकेका छन् भने पूर्वाधार निर्माण कार्यसमेत सँगसँगै जारी छ ।

### २.५.५. लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेशले प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको ऐन २०७८ साल असार ८ गते प्रदेश सभाबाट पारित गरिसकेको छ। आर्थिक वर्ष २०७७/७८ को बजेटमा प्रदेशलाई आवश्यक वन, कृषि, सूचना प्रविधि र इन्जिनियरिङ क्षेत्रका प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइने उल्लेख गरिएको छ । सो आर्थिक वर्षमा बाँकेको खजुरामा प्रदेश विश्वविद्यालय स्थापना गरिने र यसका लागि ७ करोड रुपैयाँ विनियोजन गरिएको थियो। यस प्रदेशमा हाल सञ्चालनमा रहेका अन्य विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू मध्ये ८६ वटा सामुदायिक, १९ वटा आङ्गिक र ८० वटा निजी क्याम्पसहरू गरी कूल १ सय ८५ क्याम्पसहरू रहेका छन् (UGC, 2020) ।

### २.५.६. कर्णाली प्रदेश

कर्णाली प्रदेशको नीति तथा कार्यक्रम २०७८/७९ ले पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गरी आगामी आर्थिक वर्षभित्र सञ्चालनमा ल्याइने उल्लेख गरेको छ (नीति तथा कार्यक्रम २०७८/७९, कर्णाली प्रदेश) । यसका लागि विधेयक तयार गर्न प्रदेश मन्त्रिपरिषद्ले सामाजिक विकास मन्त्रालयलाई स्वीकृति दिइसकेको छ । जडीबुटी, प्राकृतिक सम्पदा र पर्वतीय अध्ययनसम्बन्धी शैक्षिक कार्यक्रमहरूको सम्भाव्यताको लागि दुईवटा कार्यदलले अध्ययन सुरु गरिसकेको छ ।

यस प्रदेशले स्थापना गर्न खोजेको पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयमा जडीबुटीको साथ साथै पर्वतीय कृषि प्रणालीको बाली तथा पशुपालनको क्षेत्रमा अनुसन्धानात्मक कार्य अगाडि बढाउन

सकिन्छ । यस प्रदेशमा हाल विभिन्न विश्वविद्यालयका अन्तर्गतका २५ वटा सामुदायिक, १९ वटा आङ्गिक र १८ वटा निजी क्याम्पसहरू गरी कूल ६२ वटा क्याम्पसहरू सञ्चालनमा रहेका छन् (UGC, 2020) ।

### २.५.७. सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेशको नीति तथा कार्यक्रम २०७८/७९ मा प्रदेशमा दक्ष जनशक्ति उत्पादन गर्न साधारण तथा उच्च शिक्षाको सम्भाव्यता अध्ययन गरी प्रदेश विश्वविद्यालय स्थापना गर्न कानुनी तथा संरचनागत व्यवस्था गरिने उल्लेख गरिएको छ (नीति तथा कार्यक्रम २०७८/७९, सुदूरपश्चिम प्रदेश) । यस प्रदेशमा हाल विभिन्न विश्वविद्यालयहरू अन्तर्गत ५० वटा सामुदायिक, २० वटा आङ्गिक र २५ वटा निजी क्याम्पसहरू गरी कूल ९५ वटा क्याम्पसहरू रहेका छन् (UGC, 2020) ।

नेपालमा सातवटै प्रदेशहरूका शिक्षाको वर्तमान अवस्थालाई दृष्टिगत गर्दा शिक्षाको गुणस्तर अभिवृद्धि, भौतिक पूर्वाधारको पर्याप्तता, लगानीको दिगो स्रोत, प्राविधिक शिक्षा, पेसागत तथा जीवनोपयोगी शिक्षा प्रदान गर्ने शैक्षिक कार्यक्रमहरूको कमीजस्ता विषयहरू निकै पेचिला र गहकिला बनेका छन् । यस्ता विषयहरूमा खासगरी प्राविधिक र प्रविधिसँग सम्बन्धित शैक्षिक कार्यक्रमहरू छन् । प्रादेशिक विश्वविद्यालय स्थापनाका लागि जनसङ्ख्या, भूगोल, वातावरण, संस्कृति, जमिन तथा भौतिक पूर्वाधार, लगानी, विषयगत आवश्यकता र जनशक्ति आपूर्ति आदि विषयमा अध्ययन भएको छ वा छैन भन्ने कुरा महत्त्वपूर्ण हुन जान्छ ।

उच्च शिक्षाको अवसर सबै वर्ग, क्षेत्र र समुदायमा उपलब्ध हुने गरी देशको सन्तुलित विकासमा अगाडि बढ्नुपर्ने वर्तमान आवश्यकता हो । यस परिवेशमा हालको प्रदेशगत शैक्षिक वितरण र उपलब्धताको अवस्था के छ भन्ने कुराको विमर्श यहाँ गर्ने प्रयास गरिएको छ । प्रदेशगत तथ्याङ्क केलाउँदा बागमती प्रदेशमा धेरै विश्वविद्यालयहरू र तिनीहरूका क्याम्पस केन्द्रित रहेको स्पष्ट देखिन्छ । यसले देशको सर्वाङ्गीण र सन्तुलित विकासका लागि भौगोलिक परिवेशअनुसार शिक्षामा लगानी र शिक्षण संस्थाहरूको वितरणमा समेत ध्यान दिन आवश्यक ठानिन्छ । यस भावनाअनुरूप हेर्ने हो भने विगतको केन्द्रिकृत शिक्षा पद्धति र सुगममा मात्र केन्द्रित विकास पद्धतिले गर्दा विश्वविद्यालय शिक्षालाई उत्पादनमुखी बनाउन नसकिएको तथ्य पनि हाम्रोसामु छ । तालिका १८ मा प्रदेशहरूमा विश्वविद्यालयको वितरण, जनसङ्ख्या, क्याम्पस सङ्ख्या, विद्यार्थी सङ्ख्या र शिक्षाको तहसम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

## तालिका १८ प्रदेशगत शैक्षिक अवस्था

| प्रदेश | प्रदेश राजधानी | प्रदेशमा मौजुदा विश्वविद्यालयहरू | सम्बन्धित प्रदेशमा केन्द्रीय कार्यालय रहेको विश्वविद्यालय | जनसङ्ख्या (२०७८) | क्याम्पसहरूको सङ्ख्या | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | विराटनगर | त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मनमोहन प्राविधिक विश्वविद्यालय, योगमाया आयुर्वेद विश्वविद्यालय | पूर्वाञ्चल विश्वविद्यालय, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मनमोहन प्राविधिक विश्वविद्यालय, योगमाया आयुर्वेद विश्वविद्यालय | ४९,७२,०२१ | १९७ | ५५,७२९ |
| मधेश प्रदेश | जनकपुर | त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय राजर्षि जनक विश्वविद्यालय, कृषि विश्वविद्यालय, प्राविधिक विश्वविद्यालय | राजर्षि जनक विश्वविद्यालय, कृषि विश्वविद्यालय, प्राविधिक विश्वविद्यालय | ६१,२६,२८८ | १२३ | ३४,०६६ |
| बागमती प्रदेश | हेटौंडा | त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, नेपाल खुला | त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालय, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान | ६०,८४,०४२ | ६२४ | २,३०,६०८ |

| प्रदेश | प्रदेश राजधानी | प्रदेशमा मौजुदा विश्वविद्यालयहरू | सम्बन्धित प्रदेशमा केन्द्रीय कार्यालय रहेको विश्वविद्यालय | जनसङ्ख्या (२०७८) | क्याम्पसहरूको सङ्ख्या | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | | विश्वविद्यालय, चिकित्सा विज्ञान राष्ट्रिय स्वास्थ्य प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल विश्वविद्यालय | प्रतिष्ठान, नेपाल विश्वविद्यालय, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय | | | |
| गण्डकी प्रदेश | पोखरा | त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | पोखरा विश्वविद्यालय, गण्डकी विश्वविद्यालय | २४,७९,७४५ | १५१ | ४०,२९१ |
| लुम्बिनी प्रदेश | भालुवाङ | त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान | नेपाल संस्कृत विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान | ५१,२४,२२५ | १८५ | ५३,३८१ |
| कर्णाली प्रदेश | वीरेन्द्रनगर | त्रिभुवन विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | मध्यपश्चिम विश्वविद्यालय, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | १६,९४,८८९ | ६३ | १८,३७८ |

| प्रदेश | प्रदेश राजधानी | प्रदेशमा मौजुदा विश्वविद्यालयहरू | सम्बन्धित प्रदेशमा केन्द्रीय कार्यालय रहेको विश्वविद्यालय | जनसङ्ख्या (२०७८) | क्याम्पसहरूको सङ्ख्या | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम प्रदेश | धनगढी | त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, पोखरा विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय | सुदूरपश्चिम विश्वविद्यालय | २७,११,२७० | ९५ | ३१,०७५ |


*स्रोत: UGC (2020) and CBS (2021) बाट तयार गरिएको*

पुनश्चः सङ्घीय तथा प्रादेशिक तहबाट स्थापनाको प्रक्रियामा अन्य विश्वविद्यालयहरू रहेको भए तापनि विस्तृत जानकारी प्राप्त नभएकाले उल्लेख गरिएको छैन ।

माथिको तालिकाअनुसार विश्वविद्यालय तथा क्याम्पसहरूको प्रादेशिक वितरणको अवस्थालाई हेर्ने हो भने सबैभन्दा धेरै क्याम्पसहरूको सङ्ख्या बागमती प्रदेशमा ६ सय २४ रहेको छ भने विद्यार्थीहरूको सङ्ख्या २ लाख ३० हजारभन्दा बढी छ । प्रदेश १ का १ सय ९७ वटा क्याम्पसहरूमा ५५ हजार ७ सयभन्दा बढी विद्यार्थीहरू छन् । दोस्रो ठुलो विद्यार्थी सङ्ख्या रहेको प्रदेश लुम्बिनी रहेको छ । यहाँ ५६ हजार ६ सय ८१ विद्यार्थी छन् । गण्डकी प्रदेशमा १ सय ५१ वटा क्याम्पस अन्तर्गत ४० हजारभन्दा बढी विद्यार्थी रहेका छन् । मधेश प्रदेशमा १ सय २३ वटा क्याम्पसहरूमा ३४ हजारभन्दा बढी विद्यार्थी रहेका छन् । सुदूरपश्चिम प्रदेशमा ९५ वटा क्याम्पसहरूमा ३१ हजारभन्दा बढी विद्यार्थी रहेका छन् । त्यसैगरी सबैभन्दा कम ६२ वटा क्याम्पसहरू रहेको र थोरै विद्यार्थी १८ हजार ३ सय ७८ रहेको प्रदेश कर्णाली हो । तालिकाको विवरणअनुसार त्रिभुवन विश्वविद्यालयका आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसहरू सबै प्रदेशमा वितरण भएको देखिन्छ भने कृषि तथा वन विज्ञान विश्वविद्यालयका क्याम्पसहरू पनि सबै प्रदेशमा रहेका छन् ।

विश्वविद्यालयको वितरणको आधारहरू मध्ये एउटा आधार जनसङ्ख्या र उपलब्ध हुनुपर्ने विद्यार्थी सङ्ख्या पनि हो । यस सन्दर्भमा जनसाङ्ख्यिक विश्लेषण गरी कहाँ, कुन ठाँउमा, र किन विश्वविद्यालय खोल्न आवश्यक छ भन्ने तार्किक आधारलाई स्थापित गर्न निकै महत्त्वपूर्ण हुन्छ । चित्र ३ मा प्रस्तुत गरिएको तथ्याङ्कहरूलाई आधार बनाई हेर्ने हो भने सातवटै प्रदेशमा प्रति क्याम्पस जनसङ्ख्याको वितरण निकै असमान रहेको छ ।

### चित्र ३ आङ्गिक, सामुदायिक तथा निजी क्याम्पसहरूको प्रदेशगत प्रति क्याम्पस जनसङ्ख्या





*स्रोत: UGC (2020) and CBS (2021)*

प्रदेशहरूको जनसाङ्ख्यिक अनुपातमा क्याम्पसहरूको विवरण हेर्दा मधेश प्रदेशमा एउटा क्याम्पसले सबैभन्दा धेरै जनसङ्ख्या (४३ हजार ९ सय ३६) लाई शिक्षण सेवा दिनुपरेको देखिन्छ। यहाँ क्याम्पस तथा विश्वविद्यालयको उपलब्धता कम भएको तर जनसङ्ख्या (५४ लाख ३४ हजार ९ सय ४३) भने धेरै रहेको छ। जनसङ्ख्या र क्याम्पसहरूको अनुपातअनुसार विश्वविद्यालय प्रवेश गर्न चाहने योग्यता पुगेका विद्यार्थीहरूलाई सहज प्रवेशका लागि माथिका तथ्याङ्कले सामञ्जस्य प्रकट गरेको देखिदैन। साथै पहुँच र आवश्यकताअनुसार विश्वविद्यालयहरूको विस्तार हुन सकेको छैन भन्नेसमेत देखाउँछ।

बागमती प्रदेशमा धेरै विश्वविद्यालय र उच्च शिक्षा शिक्षण गर्ने संस्थाहरू उपलब्ध रहेको तथ्याङ्कले देखाउँछ। ६० लाख ८४ हजार ४२ जनसङ्ख्या रहेको यस प्रदेशमा एक क्याम्पसले ८ हजार ८ सय ६१ जनसङ्ख्यालाई समेटेको छ। त्यसैगरी, दोस्रो स्थानमा गण्डकी प्रदेशले प्रति क्याम्पस १५ हजार ९ सय १८ जनसङ्ख्यालाई शिक्षा सेवा दिइरहेको छ। यसैगरी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम र प्रदेश १ मा प्रति क्याम्पस जनसङ्ख्या औसत रूपमा समान नै देखिन्छ।

माथि (चित्र ३ मा) प्रस्तुत प्रदेशगत प्रति क्याम्पस जनसङ्ख्या र त्यसको औसत निकाल्दा सातवटै प्रदेशको प्रति क्याम्पस जनसङ्ख्याको औसत २४ हजार ३६ जना पर्दछ। यस आधारमा हरेक क्याम्पसको आधारभूत जनसङ्ख्या कति छ वा एउटा क्याम्पसलाई कति जनसङ्ख्या आवश्यक हुनु पर्दछ भन्ने विषयमा स्पष्ट हुन सकिन्छ।

## चित्र ४ प्राविधिक र साधारण सङ्कायका विद्यार्थीहरूको प्रदेशगत प्रतिशत




*स्रोतः UGC (2020)*

शिक्षालाई आर्थिक विकाससँग जोड्ने, विज्ञान प्रविधिको विकास तथा औद्योगिकीकरण गर्ने सन्दर्भमा प्राविधिक जनशक्तिको खाँचो पर्दछ। उच्च शिक्षामा प्राविधिक जनशक्ति उत्पादन गर्ने कूल विद्यार्थी सङ्ख्या २०.३ प्रतिशत रहेको छ (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५, पृ. ९३)। प्राविधिक र साधारण शिक्षाको सन्तुलनले नै देशको समग्र विकासमा सकारात्मक प्रभाव पार्न सक्ने अवस्था रहन्छ। तथापि, हाम्रो उच्च शिक्षाको उत्पादन भने साधारण शिक्षाको धारमा केन्द्रित रहेको देखिन्छ।

प्रदेशगत अवस्थालाई नियाल्दा कर्णाली प्रदेशमा अवस्थित कलेजहरूमा अध्ययन गर्ने प्राविधिक र साधारण धारमा विद्यार्थीको ठुलो अन्तर देखिन्छ। यस प्रदेशमा अध्ययन गर्ने विद्यार्थीहरू मध्ये प्राविधिक शिक्षा लिने विद्यार्थीहरू ७.४१ प्रतिशत हुँदा साधारणतर्फ ९२.५९ प्रतिशत रहेको छ। यसैगरी सुदूरपश्चिम प्रदेशमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या पनि प्राविधिक धारमा ८ प्रतिशत र साधारण धारमा करिब ९२ प्रतिशत रहेको छ। बागमती प्रदेशमा रहेका क्याम्पसहरूमा प्राविधिक शिक्षा पढ्ने विद्यार्थीको सङ्ख्या करीब २९ प्रतिशत रहेको छ। यस तथ्यले के देखाउँछ भने सुदूरपश्चिम र कर्णाली प्रदेशमा प्राविधिक शिक्षा दिने क्याम्पसहरूको सङ्ख्या पनि कम नै रहेको छ। प्रदेशगत रूपमा बागमती प्रदेशमा प्राविधिक शिक्षा दिने क्याम्पसहरूको सङ्ख्या अन्य प्रदेशहरूमा भन्दा धेरै रहेको पाइन्छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले "साधारण विषय अध्यापन गरिरहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रूपान्तरण गर्न

प्रोत्साहन" (शिक्षा मन्त्रालय, २०७६, पृ. २६) गर्ने रणनीति लिएको छ भने "विश्वविद्यालयहरूबाट वार्षिक ७० देखि ७५ हजारको सङ्ख्यामा जनशक्ति उत्पादन भएको" (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५, पृ. १००) भए तापनि उत्पादित जनशक्ति र रोजगारीबिचको तालमेल केलाउनु आवश्यक छ । राज्यले कम्तिमा ३० प्रतिशत विद्यार्थीहरूलाई प्राविधिक शिक्षा दिने नीति लिएअनुरूप विश्वविद्यालयहरूले सो नीतिलाई आत्मसात् गरी अध्ययन गर्न पाउने ढाँचाको विकास गर्नुपर्ने देखिन्छ । यो नीतिको कार्यान्वयनबाट देशको प्राविधिक जनशक्ति उत्पादनमा योगदान पुऱ्याउने उद्देश्य राखिएको छ ।


## २.६. विश्वविद्यालयको सङ्गठन ढाँचा

विश्वविद्यालयको सञ्चालनमा आउने महत्त्वपूर्ण विषय विश्वविद्यालयको सङ्गठन, यसको स्वरूप र पदाधिकारीहरूको नियुक्ति प्रक्रिया हो । त्रिभुवन विश्वविद्यालयको सङ्गठन ढाँचा र पदाधिकारीहरूको पदसोपान शैली त्योभन्दा पछि सञ्चालनमा आएका विश्वविद्यालयहरूको लागि मोडेलको रूपमा विकासित भएको देखिन्छ । अर्थात्, प्रायजसोले त्रिभुवन विश्वविद्यालयको संस्थागत ढाँचालाई नै अवलम्बन गरेको देखिन्छ । विश्वविद्यालयहरूको सङ्गठन स्वरूपका बारेमा हालको अवस्थालाई यहाँ चित्रण गरिएको छ ।

यद्यपि सङ्गठनात्मक स्वरूप आफैमा समस्यामूलक हो वा होइन भन्ने कुरा छलफल तथा अध्ययनको विषय हुनसक्छ तर यसको कार्यान्वयन पक्ष र कार्यकारी निकायहरूको थप स्वायत्तता, प्राज्ञिक स्वतन्त्रता र गुणस्तर कायम राख्न यसको अहम् भूमिका हुन्छ । खासगरी "सङ्गठनात्मक सुधारले उच्च शिक्षा संस्थाहरूमा पाठ्यक्रम, प्राध्यापकहरूको गुणस्तरका लागि सहजीकरण गर्न सक्छ" (ADB, 2016, p.XV) । यसका साथै शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, अनुसन्धान संस्थाहरूको प्रभावकारिता अभिवृद्धि गर्नेलगायत पदाधिकारी तथा प्राध्यापकहरूलाई उत्तरदायी बनाउने र उनीहरूको अनुगमनको पक्षमा सङ्गठनात्मक ढाँचासँग जोडिएको हुन्छ । यसको अर्थ नेतृत्व सञ्चालन गर्ने व्यक्ति, विषय, सञ्चालन संरचना र सङ्गठनात्मक स्वरूप पनि यसमा महत्त्वपूर्ण पाटोको रूपमा आउछन् । हालका विश्वविद्यालयको सङ्गठनात्मक स्वरूपको अवस्था विवेचना गर्दा बोर्ड अफ ट्रष्टीको नेतृत्वलाई प्राज्ञिक उत्थानको जिम्मा दिनु उपयुक्त हुने छलफलहरूमा पाइएको छ ।

यस छलफलमा प्रतिनिधि विश्वविद्यालयहरूको रूपमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालय र हालसालै मात्र सञ्चालन भएको गण्डकी विश्वविद्यालयलाई लिइएको छ ।

## चित्र ५ विश्वविद्यालयहरूको सङ्गठनात्मक स्वरूप र पदाधिकारीहरू




*स्रोत: *त्रिभुवन विश्वविद्यालय ऐन, २०४९*
***काठमाडौं विश्वविद्यालय ऐन, २०४८*
****गण्डकी विश्वविद्यालय ऐन, २०७६ र*
*****नेपाल खुला विश्वविद्यालय ऐन, २०७३*
*काठमाडौं विश्वविद्यालय, संरक्षण समिति नियम, २०४९*[१६]

१६ https://cdn.ku.edu.np/Obneq_bsgehfgrr_npg_20491550560817.cqs/2

गण्डकी विश्वविद्यालय नेपालको संविधानअनुसार प्रदेशलाई प्राप्त अधिकार प्रयोग गरेर स्थापना गरिएको प्रादेशिक विश्वविद्यालय हो । नेपालको संविधान अन्तर्गत रहेर प्रदेशको अधिकार प्रयोग गरेर सञ्चालनमा आएको यस प्रादेशिक विश्वविद्यालयको सङ्गठन स्वरूप र पदाधिकारीहरू अन्य विश्वविद्यालयहरूको भन्दा फरक छ । यसले आफ्नो सञ्चालनको नेतृत्व न्यासिक परिषद् (board of trustees) मार्फत गर्ने व्यवस्था रहेको छ ।

गण्डकी विश्वविद्यालयमा न्यासिक परिषद्का मातहतमा कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, जनशक्ति व्यवस्थापन समितिलगायतका संरचनाहरू रहेका छन् । न्यासिक परिषद्को अध्यक्षता गर्ने प्राज्ञिक व्यक्तित्व नै यो विश्वविद्यालय संरचनाको सर्वोच्च पदासिन अधिकारी हुने व्यवस्था गरिएको छ । अध्यक्षको मातहतमा कुलपति, उपकुलपति, रजिस्ट्रार, डीनलगायत अन्य पदाधिकारीहरू रहने व्यवस्था गरिएको छ । यो साङ्गठनिक संरचना नेपालमा अभ्यास गरिएको पहिलो र नौलो पनि हो ।

काठमाडौँ विश्वविद्यालयको सङ्गठनात्मक स्वरूपमा सर्वोच्च निकाय विश्वविद्यालय सभा हो जसको अध्यक्ष कुलपति हुने व्यवस्था छ भने रजिष्ट्रार सदस्य सचिव रहन्छन् । यस सभाका धेरै सदस्यहरू मध्ये राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने सदस्य, शिक्षा मन्त्रालयका सचिव र अर्थ मन्त्रालयका सचिवलगायत धुलिखेल र बनेपा नगरकार्यपालिकाका प्रमुखसमेत सदस्य रहन्छन् ।

नेपाल खुला विश्वविद्यालयको सङ्गठनात्मक ढाँचामा सङ्कायभन्दा तल आधारभूत केन्द्रको अवधारणा राखिएको छ जसको मूल कार्य पाठ्यक्रम विकास, अध्ययन सामाग्री उत्पादन तथा प्रसारण, प्राज्ञिक तथा अनुसन्धान, विद्यार्थी सम्पर्क तथा परामर्श आदि रहेका छन् । यसको सर्वोच्च पदाधिकारी कुलपति (शिक्षामन्त्री) रहने प्रावधान छ भने प्राज्ञिक तहमा उपकुलपति र कुलसचिव क्रमशः पूर्णकालीन प्राज्ञिक र प्रशासकीय पदाधिकारी रहन्छन् । नेपालमा सङ्घीय प्रणाली सुरु हुनुभन्दा पहिलेका विश्वविद्यालयहरूमा प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति रहने व्यवस्था गरिएको छ । सरकारका कार्यकारी प्रमुख र विभागीय मन्त्रीले विश्वविद्यालयको प्राज्ञिक नेतृत्व लिने सङ्गठनात्मक स्वरूपमा बढी राजनैतिक प्रश्रय पाएको भनेर आलोचना हुने गरेको छ (सार्वजनिक नीति संवाद) । राजनैतिक नेतृत्व हुँदा विश्वविद्यालयका साधारण सभा तथा प्राज्ञिक सभा र दिक्षान्त समारोहजस्ता विश्वविद्यालयका महत्त्वपूर्ण कार्यक्रमहरू पहिले निर्धारित वा तोकिएको समयमा सम्पन्न हुन सकेको छैन भने प्राज्ञिक वर्ग पनि राजनैतिक पक्षधर[१७] बनेर विश्वविद्यालयको महत्त्वपूर्ण प्रशासनिक पद प्राप्त गर्न लागि परेको देखिन्छ । जसको कारण योग्यता, वरिष्ठता तथा उत्तरदायित्वमा आधारित प्रशासन सञ्चालन गर्न कठिनाइ[१८] भएकाले बेलाबेलामा प्रश्न उठ्ने गरेको छ ।

---

१७ प्राज्ञिक अवसानतिर विश्वविद्यालय शीर्षकमा रहेको यो आलेखको पूर्ण पाठ यहाँ हेर्न सकिन्छः https://nepalmag.com.np/education/2019/09/23/20190923155555

१८ हरे ! कस्तो विश्वविद्यालय बनायौं हामीले ? शीर्षकको विचारको थप अंश यहाँबाट हेर्न सकिन्छः https://nepalmag.com.np/opinion/2019/09/23/20190923164850

## २.७. विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरू

नेपालमा विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाहरूको सम्बन्धन लिएर कलेजहरू तथा शिक्षण संस्थाहरू सञ्चालन गर्ने नीति रहेको छ । यसरी विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा स्नातक तह वा सोभन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गर्ने कार्यलाई व्यवस्थित र नियमन गर्न नेपाल सरकारले यससम्बन्धी निर्देशिका बनाई लागु गरिसकेको छ । यस्ता शिक्षण संस्थाहरूको सम्बन्धन वैधता, गुणस्तर, अनुगमन र नियमन तथा नियन्त्रण गर्नका लागि विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका २०५९ (पहिलो संशोधन २०७२-०४-३२) लागु भइसकेको छ । सो निर्देशिकाअनुसार यसरी सम्बन्धन अनुमति लिन कम्पनीमा दर्ता भई सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, प्रबन्धपत्र, नियमावलीको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदन पेश गरी शिक्षा मन्त्रालयमा आवेदन दिनुपर्दछ ।

यसका साथै विदेशी विश्वविद्यालय वा शिक्षण संस्था र नेपालमा शिक्षण संस्था सञ्चालन गर्ने संस्था वा कम्पनीबिच भएको सम्झौतापत्र वा समझदारीपत्रको प्रमाणित प्रतिलिपि आवश्यक पर्दछ । यसरी सम्बन्धन दिने विश्वविद्यालय वा शिक्षण संस्था कानुनबमोजिम स्थापित भएको प्रमाणको प्रतिलिपि, विश्वविद्यालय वा शिक्षण संस्थालाई विदेशमा शैक्षिक संस्थाहरूलाई सम्बन्धन प्रदान गर्न सक्ने अधिकार रहेको व्यहोरा खुलेको प्रमाणको प्रमाणित प्रतिलिपिसमेत पेश गर्नुपर्दछ । साथै सम्बन्धित देशको गुणस्तरसम्बन्धी मापदण्ड पूरा गरेको व्यहोरा खुलेको सम्बन्धित देशको कूटनीतिक नियोग वा सम्बन्धित मन्त्रालयबाट प्रमाणित गरेको पत्र वा गुणस्तर सुनिश्चितता प्रत्यायन प्रमाणपत्रको प्रमाणित प्रतिलिपि आवश्यक पर्दछ । शिक्षण संस्था सञ्चालनका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारको विवरणलगायत कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्ने विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाको सञ्चालन गरिने कार्यक्रम, सञ्चालन अवधि, विषयहरू, शिक्षण तह, पाठ्यक्रम, क्रेडिट आवर, पाठ्यभार र परीक्षा प्रणालीका सम्बन्धमा आधिकारिक पत्रसमेत समावेश गर्नुपर्दछ ।

अनुमति आवेदनका साथसाथै निवेदन दस्तुरबापत प्रति कार्यक्रम पाँच लाख रूपैयाँ राजस्व दाखिला गरेको सक्कलै भौचर, सञ्चालन अनुमतिका लागि आवेदन गर्ने संस्थाले उपरोक्त विवरण तथा कागजातसहित शैक्षिक, आर्थिक, भौतिक, भौगोलिक, जनघनत्व, जनशक्ति र सम्भाव्यतासमेतको विस्तृत प्रस्ताव तथा विश्वविद्यालयको अन्तर्राष्ट्रिय वरीयतामा उत्कृष्ट एक हजार भित्र सम्बन्धन प्रदायक विश्वविद्यालय रहेको सम्बन्धी विवरण आवश्यक पर्दछ । यसको अर्थ नेपालमा विदेशी विश्वविद्यालयको सम्बन्धन लिएर सञ्चालन हुने कलेजहरू उत्कृष्ट विदेशी विश्वविद्यालयसँग आबद्ध हुनुपर्छ ।

छात्रवृत्ति सम्बन्धमा सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थाले स्वदेशी लगानीकर्ता भए कूल क्षमताको कार्यक्रमगत आधारमा प्रत्येक कार्यक्रममा १० प्रतिशत र विदेशी लगानीकर्ता भए प्रत्येक कार्यक्रममा

२० प्रतिशत छात्रवृत्ति नेपाल सरकारमार्फत विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ। यसरी शिक्षण संस्थाले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरूबाट मन्त्रालयले तोकिदिएको शीर्षकमा मात्र शुल्क लिन सक्ने व्यवस्था छ ।

नेपालमा विदेशी विश्वविद्यालयको सम्बन्धन लिएर सञ्चालन भएका कलेज तथा संस्थाको सङ्ख्या ८३ वटा[१९] रहेका छन् भने त्यसमध्ये उच्च शिक्षासँग सम्बद्ध शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने संस्थाहरूको सङ्ख्या ६० मात्र रहेका छन् । सम्बन्धन प्रदान गर्ने संस्था, नेपालमा उनीहरूको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्था, विषयहरूको विस्तृत विवरण अनुसूची ७ मा राखिएको छ । उल्लिखित संस्थाहरूले नेपालमा सञ्चालन गर्दैआएका शैक्षिक कार्यक्रमहरू "ए" लेबलदेखि स्नातक र स्नातकोत्तर तहसम्मको पढाइ सञ्चालन गर्ने कलेजहरू पनि सञ्चालनमा छन् । यस्ता कार्यक्रमहरूको प्रभाव तथा आकर्षण विद्यार्थीमाझ बढ्दो छ। यसको कारण शैक्षिक कार्यक्रमका लागि सम्बन्धन दिने विश्वविद्यालयहरू गुणस्तरका दृष्टिकोणले कहलिएका छन् भने यी कलेजहरूले पठनपाठन गराउने धेरैजसो विषयहरू उद्यमशीलता र गरीखाने शिक्षामा आधारित हुनु र उत्पादित जनशक्तिका माग श्रम बजारमा हुनु आदि रहेका छन्। यस्ता सम्बन्धनप्राप्त कलेजहरू विश्वविद्यालय अनुदान आयोग अन्तर्गत नभई मन्त्रालयबाट सञ्चालन तथा नियमन गर्ने व्यवस्था छ । सञ्चालन अनुमति प्रदान गर्ने कार्य मन्त्रालयले गर्नुभन्दा विश्वविद्यालय अनुदान आयोगले नै गर्नुपर्ने आवाजहरू पनि उठ्ने गरेका छन् । नेपालको समग्र उच्च शिक्षाको नियमन गर्ने विश्वविद्यालय अनुदान आयोगको जिम्मेवारीलाई थप सुव्यवस्थित गरी विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिई चलेका कलेजलाई पनि आयोग मार्फत नै नियमन गर्न सकिन्छ ।

विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको सम्बन्धनबाट सञ्चालित कलेजहरूको सञ्चालन सम्बन्धमा दुईवटा पक्ष महत्त्वपूर्ण रहेका देखिन्छन्। एकातर्फ यसरी सम्बन्धन प्राप्त कलेजहरूको शैक्षिक कार्यक्रमको प्रभावकारिता, विद्यार्थी सङ्ख्याको चाप, शैक्षिक कार्यक्रमको निरन्तरता, पुँजी पलायनजस्ता विषयहरूको सन्दर्भमा ध्यान दिन नसकिएको अनुभव गरिएको छ । अर्कोतर्फ उद्यमशीलता र गरीखाने सीप प्रदान गर्ने खालको शिक्षाको विस्तारमा विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएर चलेका कलेजहरूले ठुलो योगदान गरिरहेका छन् ।

यसरी विदेशी विश्वविद्यालय वा संस्थाहरूको सम्बन्धनबाट सञ्चालित कलेजहरूमा विद्यार्थी आकर्षित भइरहेको सन्दर्भमा यसको दीर्घकालीन प्रभाव वा फाइदा के हुनसक्छ भन्ने कुरा केलाउन आवश्यक छ । विदेशी सम्बन्धनमा सञ्चालित यी कलेजहरूबाट उत्पादित जनशक्ति पुन: विदेशमै गएर काम गर्ने गरी उत्पादित भएका त छैनन् ? यसखालका सम्बन्धनले देशको पुँजी बाहिरिने मात्र भएको छ कि प्रतिफल पनि प्राप्त भएको छ ? यसले नेपालमा सञ्चालित यस्ता कलेज तथा संस्थाहरूको नियमन, नियन्त्रण र अनुगमन कति प्रभावकारी छ भन्ने विषयमा थप अध्ययन गर्नु आवश्यक छ ।

---

१९ https://www.collegenp.com/article/updated-list-of-colleges-in-nepal-affiliated-with-foreign-universities/

नेपालका विश्वविद्यालयको गुणस्तर सुधार, पाठ्यक्रम परिमार्जन, अन्तर्राष्ट्रिय विद्यार्थीलाई आकर्षण गर्ने नीतिगत व्यवस्था तथा प्राज्ञिक स्वायत्तता स्थापित गर्नुपर्ने देखिन्छ । साथै प्राविधिक र गरीखाने शिक्षालगायतका समय सान्दर्भिक विषयका पढाइमा कोटा वृद्धि गर्नुपर्ने, प्रविधिको प्रयोगमा जोड दिनुपर्ने तथा अनुसन्धान र विकासमा महत्त्व दिनुपर्ने आवश्यकता छ । विश्वविद्यालय शिक्षामा राजनैतिक प्रभावलाई निर्मुल गर्ने, लामो र सुस्त परीक्षा तथा नतिजा प्रकाशन प्रणालीलाई छरितो बनाउनुपर्ने, उद्यमशीलतासँग जोड्ने शिक्षा पद्धतिलाई प्रोत्साहन गर्नुपर्ने कार्यहरू प्राथमिकतामा राखी कार्य गरेको देखिदैन ।

विदेशी विश्वविद्यालयको सम्बन्धनबाट कलेजहरू सञ्चालन गर्ने नीति राज्यले अख्तियार गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर प्रादेशिक विश्वविद्यालय सञ्चालन गर्ने नीति छ । यसले प्रतिस्पर्धी रूपमा आउने विदेशी विश्वविद्यालयका कलेज र उनीहरूका शैक्षिक कार्यक्रम, लगानी र व्यवसायिक क्रियाकलापले प्रादेशिक विश्वविद्यालयको समग्र प्रणालीमा पार्नसक्ने प्रभावका बारेमा पनि अध्ययन गर्नुपर्दछ । यो विषय राज्यको प्राथमिकता, जनशक्ति माग र आपूर्तिसँग सम्बन्धित छ । गुणस्तर र शैक्षिक कार्यक्रमका लागि कानुन तयार गरेर मात्र यस्ता कलेजहरूलाई सञ्चालनको अनुमति दिने व्यवस्था गर्नुपर्दछ । विदेशी विश्वविद्यालयको सम्बन्धनबाट सञ्चालित कलेजहरूको गुणस्तर परीक्षणका लागि नेपालको गुणस्तर परीक्षण तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गरी सोहीअनुरूप शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था उपयुक्त हुन्छ (राष्ट्रिय शिक्षा नीति २०७६ को नीति नं. १०.४९.५ सँग सम्बन्धित) ।

विश्वका केही उदाहरणहरू हेर्ने हो भने एउटा देशको उत्कृष्ट विश्वविद्यालय अर्को देशमा स्थापना गर्ने र दुवै देश वा विश्वविद्यालयको सहकार्यमा कार्यक्रमहरू सञ्चालनमा ल्याएको पाइन्छ । यसरी स्थापना हुने विश्वविद्यालयको लगानी, गुणस्तर, प्राध्यापक/जनशक्ति, उत्पादित जनशक्तिको उपयोग, सञ्चालन पद्धतिजस्ता मूल विषयहरूमा आपसी समझदारीमा तय गरेको पाइन्छ । नेपालमा पूर्वाधार र लगानी अभाव हुनसक्ने तथ्यलाई मध्यनजर गर्दै यस्तो खालको लगानीमा नयाँ विधा तथा विषयहरूसहित देशको जनशक्तिको मागअनुरूप विश्वविद्यालय स्थापना गर्न सकिने बहसलाई पनि अगाडि बढाउन सकिन्छ । जस्तै उदाहरणको लागि हल्ट इन्टरनेशनल विजनेस स्कुल बेलायतमा सन २००२ देखि उत्कृष्टताको केन्द्रको रूपमा उदय भएको कलेज हो । यस कलेजको विस्तार लन्डन (२००७), दुवई (२००८), सनफ्रान्सिस्को (२०१०) र साङ्घाई (२०११) जस्ता सहरहरूमा भइसकेको छ[२०] । हल्ट इन्टरनेशनल विजनेस स्कुल विश्ववरीयता (QS Ranking) मा २८औं नम्बरमा पर्दछ[२१] । यस्ता अन्य धेरै विश्वविद्यालय छन् जसले आफ्नो विश्वविद्यालय अन्य देशमा समेत विस्तार गरी गुणस्तरीय शिक्षा

२० https://www.timeshighereducation.com/world-university-rankings/hult-international-business-school

२१ https://www.hult.edu/blog/qsworlduniversityonlinembarankings2022/#:~:text=Hult's%20Live%20Online%20MBA%20has,Rankings%20in%20its%20inaugural%20year.

प्रदान गरिरहेका छन्[२२] । नेपालमा पनि यस्ता विश्वविद्यालयलाई हाम्रो आवश्यकताअनुरूप आफ्ना शैक्षिक कार्यक्रम ल्याउन दिने गरी नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ । सम्बन्धित देशका सरकारहरूबिचको समन्वयबाट यस्ता विश्वस्तरीय विश्वविद्यालयले नेपालमा पनि विशिष्टीकृत विधाका लागि सेवा विस्तार गर्न सक्ने विषयलाई खुला राख्नु पर्दछ ।

## २.८. विश्वविद्यालयका समस्याहरू

नेपालका विश्वविद्यालयहरूको वर्तमान स्थितिको समीक्षा, सम्बन्धित द्वितीय स्रोतहरूको अध्ययन र तथ्याङ्क प्रस्तुतिका आधारमा विश्वविद्यालयका मुख्य समस्याहरूलाई यहाँ व्याख्या गरिएको छ ।

### २.८.१. विश्वविद्यालय र राजनीति

नेपालका विश्वविद्यालयहरूमा उच्च तहको नेतृत्वदेखि तल्लो तहसम्म राजनीतिक प्रभावपर्ने गरेको आक्षेप आमरूपमा लाग्दैआएको छ । राजनैतिक हस्तक्षेपले विश्वविद्यालयको समग्र विकासमा प्रभाव पर्दछ । विगतदेखि नै उच्च राजनैतिक हस्तक्षेपबाट प्रभावित विश्वविद्यालयहरूले आफै सञ्चालन खर्च जुटाउन नसक्ने समस्या भोगिरहेका छन् (Shrestha et al., 2007) । विश्वविद्यालयको नेतृत्व छनोट र नियुक्तिमा राजनैतिक दबाबपर्ने गरेको र यसले समग्र विश्वविद्यालयको शैक्षिक प्रणालीमा प्राज्ञिक वातावरण र गुणस्तर कायम गर्न चुनौतीपूर्ण भएको तथ्य बारम्बार बाहिर आइरहन्छ । विश्वविद्यालयहरू तथा उच्च शिक्षण संस्थाहरूमा प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूको राजनैतिक संलग्नता नै सबैभन्दा ठुलो समस्या हो । "धेरै जसो शिक्षकहरू राजनीतिक प्रभावबाट नै नियुक्त हुन्छन्" (Upadhyay, 2018, p.99) । देशकै पुरानो र ठुलो त्रिभुवन विश्वविद्यालयमा यो समस्या निकै जरो गाडेर बसेको छ[२३] ।

विश्वविद्यालयमा ताला लगाउने, नेतृत्वलाई काम गर्न बाधा सिर्जना गर्ने, विश्वविद्यालयहरूमा गठन भएका प्राध्यापकहरूका संघ/सङ्गठन, विद्यार्थी संघ/सङ्गठन र कर्मचारी संघ/सङ्गठन सामूहिक हितको सौदाबाजीको सट्टा राजनैतिक दलका भातृ सङ्गठनको रूपमा विकास भएकाले संस्थागत उद्देश्यभन्दा बाहिर गएर राजनैतिक पक्षधर भएर क्रियाशील हुँदा समग्र पठनपाठन तथा विश्वविद्यालयको

२२ 1) Kean University-Wenzhou, China, 2) New York University Shanghai, China, 3) Duke Kunshan University, China, 4) American University of Paris, France, 5) Temple University, Japan Campus, Tokyo, आदि । सम्बन्धित विश्वविद्यालयको वेवपेजका आधारमा तयार गरिएका यी नामहरू उद्देश्यमूलक रूपमा छनोट गरिएका हुन् ।

२३ "सरकारी अकर्मण्यता, राजनीतिक भागबण्डा र नेतृत्वको व्यवस्थापन कौशलहीनतालगायतका कारण निरन्तर अधोगति उन्मुख त्रिभुवन विश्वविद्यालयले फेरि अर्को उल्टो पाइला चालेको छ । खुला प्रतिस्पर्धा रोकेर १५ सय आंशिक प्राध्यापकसँग करार गर्ने विश्वविद्यालयको कदमले विश्व विद्यालयको यो थलोको ओरालो यात्राको वेग अझ बढाउनेछ । यसले आंशिक सेवामा छिर्ने र करार हुँदै आन्तरिक प्रतिस्पर्धाका नाममा स्वतः स्थायी हुने उही पुरातन दुश्चक्रलाई अन्त्यहीन तुल्याउनेछ" 'त्रिभुवन विश्वविद्यालयको उल्टो पाइला' शीर्षकमा साउन ५, २०७९ मा कान्तिपुर दैनिकमा प्रकाशित सम्पादकीयले यस विषयमा धेरै विषयहरू केलाउने प्रयास गरेको छ । सम्पादकीयको पूरा विवरण यहाँबाट हेर्नसकिन्छः https://ekantipur.com/opinion/2022/07/21/165836863108898097.html

शैक्षिक क्यालेन्डर र शैक्षिक गुणस्तरमा प्रभाव पारेको छ । यी सङ्गठनहरूले आफ्नो पक्षधरको नेतृत्व नभएमा आवश्यक सहयोग नगर्ने परिपाटीको विकास भएकाले विश्वविद्यालयको समग्र विकास तथा व्यवस्थामा प्रतिकूल प्रभाव पारेको विषय नै मूल समस्याको रूपमा समेत हेर्न थालिएको तर्क विज्ञहरूले गरेका छन् ।

प्राध्यापकहरूका सङ्गठन, कर्मचारीहरूका सङ्गठन र विद्यार्थीहरूका सङ्गठनहरूले गर्ने आन्दोलन र सङ्घर्षका कार्यक्रहरूले शैक्षिक वातावरणमा प्रत्यक्ष असर पारेका देखिन्छन् । कहिले विद्यार्थी[२४], कहिले प्राध्यापक कहिले कर्मचारी आ-आफनै मागमा आन्दोलनरत देखिन्छन् । विद्यार्थी, कर्मचारी तथा प्राध्यापकहरूका संघ तथा सङ्गठनहरूको शैक्षिक मुद्दाबाहेक अन्य राजनैतिक विषयमा हुने आन्दोलन तथा मागहरूले विश्वविद्यालयको शैक्षिक वातावरणमा नकारात्मक प्रभाव पार्दछन् । यसको ज्वलन्त उदाहरण २०७८ फागुन १३ गते अनलाइनखबरले प्रकाशित गरेको खबरको[२५] यो सानो अंशलाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक छः

> "८० प्रतिशत कर्मचारी काम नलाग्ने छन् । प्रथम श्रेणीको कर्मचारीले 'सेलरी सीट' बनाउन जान्दैन । दोस्रो श्रेणीको कर्मचारीले टिप्पणी लेख्न जान्दैन । अनेक बहानामा स्थायी भएका प्राध्यापक त्यस्तै छन् । उनीहरूलाई कारबाही गर्ने हो भने सङ्गठन जुलुस लिएर आउँछन्" ।

विश्वविद्यालयका बहालवाला उपकुलपतिको यो भनाइले कर्मचारी, प्राध्यापक तथा उनीहरूका सङ्गठनको राजनीतिक सामर्थ्यले कसरी काम गरिरहेको छ भन्ने कुरा बुझ्न सकिन्छ । यस्तो चरम राजनैतिक दाउपेचमा विश्वविद्यालय शिक्षालाई कसरी उकास्न सकिन्छ भन्ने ठुलो चुनौती खडा भएको अवस्था छ । विश्वविद्यालय अनुदान आयोगले २०७४ सालमा गरेको एक अध्ययनमा उच्च शिक्षामा देखिएका विद्यमान समस्याहरूमा राजनीति हाबी हुनु पनि एक प्रमुख समस्याका रूपमा उल्लेख गरेको छ । अध्ययनमा भनिएको छ - "दलीय विद्यार्थी, शिक्षक र कर्मचारी र राजनीतिकरणले गर्दा उच्च शिक्षाको व्यवसायीकरण (professionalism) मा ह्रास आयो । यसको साथसाथै दलीय भागबन्डाको संस्कृतिले शैक्षिक नेतृत्वको क्षमतामा कमी आयो र जसको फलस्वरूप प्राध्यापक र विद्यार्थीहरूको दायित्वबोधमा कमी आयो । यी सबैको प्रभाव उच्च शिक्षाको गुणस्तरमा पर्न गयो र यसले गुणस्तरका साथै विश्वसनीयतामा पनि कमी ल्यायो" (विश्वविद्यालय अनुदान आयोग, २०७४, पृ. २९) ।

विश्वविद्यालय शिक्षामा देखिएको व्यापक राजनीतिकरणले विद्यार्थी भर्नादेखि नतिजा प्रकाशनसम्म प्रभाव पारेको छ[२६] । त्यसैगरी प्राध्यापकको नियुक्ति, आंशिक प्राध्यापक तथा कोर्स करारलाई स्वतः

२४ पोखरा विश्वविद्यालय मातहतका क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले विश्व विद्यालयमा रिक्त उपकुलपतिसहितका पदाधिकारी तत्काल नियुक्त गर्न माग गरेका छन् । यससम्बन्धी विस्तृत विवरण यहाँ हेर्नुहोस्: https://www.onlinekhabar.com/2020/09/895343

२५ आपराधिक गिरोहबाट त्रिवि जोगाउन गुहार माग्दैछौँ भन्ने शीर्षकमा प्रकाशित लेखको पूर्ण पाठ यहाँ हेर्न सकिन्छः https://www.onlinekhabar.com/2022/02/1084851

२६ दलीय भागबण्डाले अस्तव्यस्त खुला विश्वविद्यालय, नुनुता राई, २०७९ असार २० गते, थप समाचार यहाँबाटः https://www.onlinekhabar.com/2022/07/1152176

स्थायी गर्नुपर्नेलगायतका विषयहरूमा राजनैतिक प्रभावपर्ने तथ्यलाई सम्बोधन गर्न सकिएको अवस्था छैन । विश्वविद्यालयमा राजनैतिक पार्टीसम्बद्ध संघ सङ्गठनहरू विद्यार्थी, कर्मचारी र प्राध्यापकहरू गरी तीन वटै तहमा बलियो साङ्गठनिक संरचना खडा गरेर बसेको अवस्था छ । यसलाई विश्वविद्यालयको शैक्षिक गुणस्तर र पेसागत विकाससँग जोड्न कसैले ध्यान दिन सकेको देखिदैन ।

विश्वविद्यालय तथा उच्च शिक्षा संस्थाहरूमा राजनैतिक प्रभावको सन्दर्भ धेरै लामो समयदेखि अस्तित्वमा रहेको देखिन्छ। यसको प्रभाव प्राज्ञिक दृष्टिकोणले विश्लेषण गर्ने हो भने नकारात्मक दिशातर्फ मात्र गएको देखिएको छ। उच्च शिक्षामा "केही उच्च राजनैतिक पद प्राप्ती गरिरहेका शिक्षक, विद्यार्थी र विद्यार्थी समूहहरूका व्यक्तिहरूबिचको प्रतिद्वन्द्वी राजनैतिक समूहसँगको सङ्घर्षले क्याम्पसको शैक्षिक वातावरणमा असर गर्नुका साथै विश्वविद्यालयको सुधारको मुद्दालाई प्रभाव पारेको छ" (Mathema, 2007, p.56) । त्रिभुवन विश्वविद्यालयका पूर्वउपकूलपति भन्छन्- "विद्यार्थी समूहहरूबिच हरेक क्याम्पसहरूमा धेरै प्रतिस्पर्धा र प्रतिद्वन्द्वात्मक अवस्था रहेको छ र तथाकथित विद्यार्थी अधिकारको संरक्षण र प्रबर्धन गर्ने सन्दर्भमा हरेकले अर्को राजनैतिक समूहहरूलाई निषेध गर्न प्रयास गर्दछन्" (Mathema, 2007, p.56) । यसबाट प्रजातान्त्रिक अभ्यासका नाममा प्राज्ञिक विकासभन्दा राजनैतिक क्रियाकलापले बढी प्रश्रय पाएको अवस्था देखिन्छ ।

पेसागत हितको लागि गठन हुनुपर्ने प्राध्यापक संघ/सङ्गठन राजनैतिक आस्थाका आधारमा निर्मित भएका देखिन्छन् । विश्वविद्यालयमा एउटा मात्र छाता पेसागत सङ्गठन हुँदा पनि प्राध्यापकका पेसागत हकका लागि सामूहिक सौदाबाजी गर्न सक्दछन् । तर, राजनैतिक पार्टीपिच्छे प्राध्यापकसम्बद्ध समूहहरू गठन गरिएका छन र उनीहरूको कार्य हड्ताल, बन्द र तालाबन्दी गर्नुमा सीमित रहेको देखिन्छ । पेसागत हकहितका लागि सङ्गठित हुने भनिएका यस्ता सङ्गठनका क्रियाकलापहरू भने राजनैतिक प्रभावबाट मुक्त हुन सकेका छैनन् । "विश्वविद्यालय उत्कृष्टताको लागि सबैभन्दा खराब असर गर्ने तत्वमध्ये राजनैतिक स्वार्थका आधारमा विश्वविद्यालय नेतृत्वको नियुक्ति नै मुख्य कारक हो" (Joshi, 2018, p.26) ।

### २.८.२. अन्य समस्याहरू

नेपालको वर्तमान विश्वविद्यालय शिक्षामा आमूल सुधार र परिवर्तनको खाँचो रहेको छ। यसबारेमा धेरै छलफल भएको देखिन्छ तर ठोस नीतिगत निर्णयहरू हुन सकिरहेको देखिदैन । नीति अनुसन्धान प्रतिष्ठानले आयोजना गरेको सार्वजनिक नीति संवाद कार्यक्रमका अधिकांश वक्ताहरूबाट विश्वविद्यालयहरूको निर्मम समीक्षा गरी स्वेतपत्र सार्वजनिक गर्नुपर्ने धारणा व्यक्त भएको थियो[२७] हाम्रा विश्वविद्यालयहरूमा प्राज्ञिक सर्वोच्चभन्दा बढी प्रशासनिक र राजनीतिक सर्वोच्चताको बाहुल्य रहेको

२७ नीति अनुसन्धान प्रतिष्ठानले यस अनुसन्धानबाट प्राप्त परिणामहरू माथि समीक्षा गर्न २०७९ जेठ ९ गते सार्वजनिक संवाद आयोजना गरेको थियो । सो संवाद कार्यक्रममा आएका विचारहरूलाई यहाँ उल्लेख गर्न सान्दर्भिक ठानिएको छ ।

तीतो सत्य छ। विश्वविद्यालयहरूबाट देशले गरेको अपेक्षाअनुरूपको नतिजा प्राप्त हुन नसकेको अनुभव विज्ञहरूको छ। विश्वविद्यालयहरूमा भएको लगानीअनुसार उत्पादित जनशक्तिको गुणस्तर कमजोर भएकाले अनुसन्धान, उद्यमशीलता, नवप्रवर्तन तथा समग्र देशको विकासमा अपेक्षित प्रभाव नपरेको आमबुझाइ छ।

नेपालका विश्वविद्यालयसम्बन्धी एक अध्ययनमा प्राध्यापकहरूको क्षमतामा कमी, विषयको तालमेल, ज्ञान र व्यावहारिक क्षमताको कमी हुनु, भौतिक सुविधा तथा शैक्षिक गुणस्तरका लागि आवश्यक बजेट तथा वित्तीय व्यवस्था हुनु नसक्नुलगायतका कारणहरू देखाइएका छन् (Upadhyay 2018)। यी विविध समस्याहरू विश्वविद्यालय, सरोकारवाला निकाय र नीतिगत तहसम्म बहस भएकै परिणाम राष्ट्रिय शिक्षा नीति २०७६ ले शिक्षाको समस्या तथा चुनौतीबारे यसरी उल्लेख गरेको छ :

> "शिक्षा र रोजगारबिच तालमेल हुन नसक्नु, शिक्षित बेरोजगारहरूको सङ्ख्या बढ्दै जानु, उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु, शिक्षामा पर्याप्त लगानी नहुनु, शिक्षाको गुणस्तर अपेक्षित रूपमा न्यून हुनु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहुँच विस्तार पर्याप्त मात्रामा हुन नसक्नु" (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६ पृ. ४)।

हाम्रा विश्वविद्यालयहरूले अन्तर्राष्ट्रिय प्रवृत्ति विश्लेषण गरी सोअनुरूपका कार्यक्रम सञ्चालन गर्न नसक्नु पनि समस्याको रूपमा आउँछ। अबको सान्दर्भिक शिक्षा कस्तो हुनुपर्ने र नेपालले त्यसलाई कसरी सम्बोधन गर्न सक्छ भन्ने कुरा आउन सकेको देखिदैन। नेपालका विश्वविद्यालयहरूको ठुलो समस्या भनेको विशिष्टीकृत हुन नसक्नु नै हो। सबैले उही विषय, उस्तै प्रकारले, एकै स्थानमा पढाउनुको सान्दर्भिकता त्यति हुँदैन। संस्थागत ढाँचादेखि विधा, विषय र पाठ्यक्रम उस्तै राखेर पढाउन किन नयाँ विश्वविद्यालय चाहियो भन्ने प्रश्न पनि उठेको छ। नयाँ, समय सान्दर्भिक र आवश्यकतालाई सम्बोधन गर्नसक्ने विषयहरू अहिलेकै कलेज र क्याम्पसहरूमा थप गरेर अध्यापन गर्न किन नहुने र के समस्या छ, सोको समाधान गरी अघि बढ्नु पर्दछ।

१) ठुलो संरचना नेपालको सन्दर्भमा व्यवस्थापन, नियमन र अनुगमन गर्न कठिन रहेको (जस्तैः त्रिभुवन विश्वविद्यालय),

२) सबै विश्वविद्यालयहरूको औसतमा प्रति क्याम्पस विद्यार्थी सङ्ख्या ३ सय २६ जना मात्र हुने भएकाले शिक्षाको लगानी महँगो सावित भएको, यसमा त्रिभुवन विश्वविद्यालयको सबै १ हजार १ सय ४१ वटा क्याम्पसहरूको प्रति क्याम्पस विद्यार्थी सङ्ख्या सरदर ३ सय ११ जना रहेको,

३) देशको जनशक्तिको मागअनुरूप उद्यमशीलतामा आधारित नभई जागिरे प्रवृत्तिको शिक्षित जनशक्ति उत्पादन गरिरहेको,

४) उद्यमशीलता विकास हुनेगरी पठनपाठन तथा अनुसन्धान नभएको,

५) त्रिभुवन विश्वविद्यालयको स्नातक तहको समग्र विषयको उत्तीर्ण दर निकै न्यून (२९.३ प्रतिशत) रहेको[२८],

६) प्राविधिक र साधारण शिक्षाको बिचमा ठुलो खाडल देखिनु, प्राविधिकको माग बढी तर उत्पादनको जोड साधारण शिक्षामा देखिनु (जस्तै कर्णाली प्रदेशमा ७.४१ प्रतिशत प्राविधिक र ९२.५९ प्रतिशत साधारण शिक्षामा विद्यार्थी भर्ना हुनु),

७) विद्यार्थी, प्राध्यापक, कर्मचारीलगायत उच्चतहको नेतृत्व तहमा समेत राजनैतिक प्रभाव र राजनीति हाबी हुनु,

८) नेतृत्व, सङ्गठन स्वरूप र सञ्चालन प्रक्रियामा प्राज्ञिक र पेसागत मर्यादा कायम हुन नसक्नु,

९) उच्च शिक्षा नीति अभाव, सबै विश्वविद्यालयलाई नियमन गर्ने छाता ऐन, गुणस्तर मापदण्ड तथा प्रत्यायन निकायको अभाव र राष्ट्रिय समकक्षता परीक्षण निकाय खडा हुन नसक्नु,

१०) प्राध्यापक नियुक्ति नियमित हुन नसक्नु, आंशिक र करार प्राध्यापकको सङ्ख्या उल्लेख्य रहनु,

११) शैक्षिक कार्यक्रमहरू दोहोरिनु तथा उद्यमशीलतासम्बन्धी नयाँ शैक्षिक कार्यक्रममा कमी हुनु,

१२) खासगरी निजी उच्च शिक्षण संस्थामा शिक्षा सेवाभन्दा व्यापारतर्फ उन्मुख हुँदै जानु,

१३) लागत, गुणस्तर तथा परिणामबिच तालमेल मिलाउन नसक्नु,

१४) स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको नियमन तथा सञ्चालन गर्ने छाता संस्था (सो संस्था मार्फत सबै प्रतिष्ठानहरूको एउटैले नेतृत्व गर्ने) नहुनु,

१५) शिक्षण विधि तथा पाठ्यक्रम परिमार्जन प्रभावकारी हुन नसक्नु,

१६) अनुसन्धान तथा अभ्यासमुखी शिक्षण प्रणाली स्थापित गर्न नसक्नु,

१७) विशिष्टीकृत विश्वविद्यालयको सञ्चालनमा प्राथमिकता नदिनु,

१८) विश्वविद्यालयबाट उत्पादित जनशक्ति र बजारका साथै जनशक्ति र श्रमबजारबिचको सम्बन्ध अध्ययन गर्न नसक्नु[२९],

---

२८ अष्ट्रेलियाका केही विश्वविद्यालयहरूको स्नातक तहको उत्तीर्ण दर (२००९-२०१४) हेर्दा युनिभर्सिटी अफ मेलवर्न, युनिभर्सिटी अफ सिड्नी, अष्ट्रेलियन न्यास्नल युनिभर्सिटीको क्रमशः ८८, ८१.९ र ८१ प्रतिशत छ। यससम्बन्धी थप जानकारी यहाँ हेर्नसकिन्छः https://www.universityrankings.com.au/degree-completion-rates/

२९ सरकारको कार्यविभाजन नियमावलीले शिक्षा क्षेत्रको जिम्मेवारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई दिएको अवस्था भए तापनि मन्त्रालयहरूले (उदाहरणको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) 'मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन' (नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४, पृ. ३३) गर्न सक्ने कार्य अधिकारक्षेत्रभित्र पनि परेको देखिन्छ। स्वास्थ्य मन्त्रालय अन्तर्गत सञ्चालित प्रतिष्ठानहरू जस्तै अन्य मन्त्रालयहरूले विश्वविद्यालय र प्रतिष्ठानहरू स्थापना गर्न पहल गरिरहेको देखिन्छ। स्वास्थ्य, रक्षा, पर्यटन तथा खेलकुद मन्त्रालयले विश्वविद्यालयको स्थापनाको पहल गरिरहेको देखिन्छ यसरी केही विश्वविद्यालय स्थापनाको प्राथमिकता नीति तथा कार्यक्रममा समेत परिसकेको छ। यो विषय उच्च शिक्षा क्षेत्रमा कसरी स्थापित हुने, यसका प्रभावहरू के हुने भन्नेबारेमा बहस भएको छैन।

१९) सरकारी अनुदान लिने विश्वविद्यालयहरूको गुणस्तर, जनशक्ति उत्पादनलगायतका पक्षहरू केलाउन नसक्नु र अनुदान र उत्पादकत्वलाई जोडेर विश्लेषण नहुनु,

२०) सञ्चालन खर्च उठ्ने सिद्धान्त (cost recovery principle) का आधारमा शैक्षिक कार्यक्रमहरूको व्यवस्थापन गर्नु नसक्नु[३०],

२१) राज्यले लक्षित वर्ग, पिछडिएका समूह, अति विपन्न समूह, शहीद तथा वेपत्ताका परिवारलगायत खासखास समुदायका विद्यार्थीहरूका लागि आरक्षित गरेको छात्रवृत्ति कोटा न्यायोचित र प्रभावकारी हुन नसक्नु ।

३० राज्यका लागि आवश्यक र संवेदनशील विधाहरू जस्तैः स्वास्थ्य, सुरक्षा, नवप्रवर्तन आदिका लागि राज्यले लगानी गर्ने दायित्व यसमा जोडिएर आउँछ । यसरी लगानी गर्दा विश्वविद्यालयहरूको तहगत हिसाबले खासगरी स्नातकोत्तर, एमफिल तथा विद्यावारिधि तहमा प्रदान गर्नुपर्ने छात्रवृत्ति तथा छुट्टै अनुसन्धान कोष खडा गरी सञ्चालनमा ल्याउनु पर्दछ, जुन हालको उच्च शिक्षामा हुने गरेको लगानीले पर्याप्त छैन ।

# परिच्छेद तीन

# विश्वस्तरीय विश्वविद्यालय र पूर्वाधार

यस परिच्छेदमा विश्वस्तरीय विश्वविद्यालयका मुख्य घटक तथा विशेषताहरूको बारेमा चर्चा गरिएको छ । विश्वविद्यालयको सेवा प्रभावकारी हुनको लागि सम्पूर्ण पक्षहरूलाई समष्टीगत रूपमा विकास गर्दै लैजानुपर्ने आवश्यकता हुन्छ । यसका घटकहरूमा जग्गा, वित्तीय स्रोत, संस्थागत ढाँचा, पूर्वाधार, शैक्षिक कार्यक्रम मुख्य हुन् जसका बारेमा समीक्षा गर्नु सान्दर्भिक ठानिएको छ । यस खण्डको समीक्षा गर्न मुख्यत: सम्भागमा आधारित विश्लेषण मोडेल (component based analysis model) अनुसरण गरी गरिएको छ । सम्भागमा आधारित विश्लेषण मोडेलले पहिलेदेखि नै अस्तित्वमा रहेका सम्भागहरूको पहिचान र पुन: प्रयोग गरी विश्लेषणको मोडेल तयार गर्दछ[३१] । यस परिच्छेदले नेपालमा हालका विश्वविद्यालय र अब स्थापना हुने विश्वविद्यालयहरूले विश्वस्तरीय गुणस्तरका लागि के-कस्ता पक्षहरूमा ध्यान पुऱ्याउन आवश्यक छ भन्नेबारे आधार प्रदान गर्ने प्रयास गरिएको छ ।

विश्वविद्यालयमा गरिने अनुसन्धानले विश्वव्यापी ज्ञान अर्थतन्त्रको (global knowledge economy) परिदृश्यमा राष्ट्रको प्रतिस्पर्धात्मक क्षमता विकास गर्न निकै महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले अनुसन्धान अति आवश्यक मानिन्छ (Hui Wang, Wang, Cai Liu, 2011) । अनुसन्धानात्मक गतिविधिहरू विश्वविद्यालय शिक्षाको अभिन्न पक्ष भएकाले अनुसन्धानलाई कुनै पनि विश्वस्तरीय विश्वविद्यालयहरूको शैक्षिक प्रणालीको प्रमुख अङ्गको रूपमा मानिन्छ ।

नेपालमा सञ्चालन भएका विश्वविद्यालयहरूको प्राज्ञिक तथा शैक्षिक गतिविधिहरू मूलत: शिक्षण क्रियाकलापहरूमा नै केन्द्रित रहेको पाइन्छ । धेरैजसो विश्वविद्यालयको प्रवृत्ति अनुसन्धान कार्यमा कम र अध्ययन-अध्यापनमा धेरै समय केन्द्रित रहेको पाइन्छ । प्रादेशिक विश्वविद्यालय स्थापनाको सन्दर्भलाई विश्ववरीयता (globalranking) को विकास गर्ने एउटा अवसरका रूपमा पनि लिन सकिन्छ । विश्वविद्यालयहरूले पनि गुणस्तर कायम गर्दै विश्ववरीयतामा आफ्नो उच्च स्तर प्राप्त गर्न प्रयास गर्नु पर्दछ ।

विश्वविद्यालयहरूलाई विश्वस्तरीय बनाई स्तरीकरण प्रतिस्पर्धामा सहभागी हुनुपर्ने अवस्था सिर्जित हुनाको कारणहरू पनि छन् । यस्ता विश्वव्यापी कारणहरूमध्ये नवउदारवादको सिद्धान्त पनि एक हो । "उच्च शिक्षामा नवउदारवाद व्यापक रूपमा प्रयोगमा आएको छ । व्यवस्थापनमा नयाँ सार्वजनिक व्यवस्थापनको मान्यता प्रबल बनेको छ । उपलब्धिमा आधारित उत्तरदायित्वको मान्यता प्रचलनमा आएको छ । अर्कातिर, ज्ञानमा आधारित बजार अर्थतन्त्रको मान्यताले प्रश्रय पाएको छ" (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५, पृ. ९१)[३२] । यसरी विश्ववरीयतामा सामेल हुने परिस्थितिको सिर्जना

३१ What is a Component-Based Process Model? https://study.com/academy/lesson/component-based-model-definition-uses-examples.html बाट लिइएको हो ।

३२ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणी पोखरेलको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन सरकारी तहबाट

भएबाट सबै विश्वविद्यालयहरू यसको प्रतिस्पर्धात्मक दौडमा सामेल भएका देखिन्छन । विश्ववरीयतामा सहभागी हुनुपर्ने चार कारण उल्लेख गर्दै QS World University Raknking ले[३३] - क) शैक्षिक संस्थाको ब्रान्डिङ गर्न मद्दत गर्ने, ख) सङ्गठन र व्यवस्थापनमा सुधार गर्न मद्दत पुग्ने, ग) महत्त्वपूर्ण निर्णयहरूका लागि आधार तयार गर्न सघाउ पुग्ने, र घ) साझेदारी र सहकार्यमा प्रभाव पार्नसक्ने हुनुपर्ने भनेर उल्लेख गरेको छ ।

विश्वका धेरैजसो विश्वविद्यालयहरू जुन आर्थिक तथा वैज्ञानिक क्षेत्रमा अग्रणी भूमिकामा रहेका छन् ती विश्वविद्यालयहरू अनुसन्धानमा आधारित तथा उद्यमशीलता विकास गर्ने विश्वविद्यालय नै हुन् । नेपालमा अब स्थापना हुने विश्वविद्यालयहरू अनुसन्धान, नवप्रवर्तन तथा उद्यमशिलतामा आधारित हुन आवश्यक देखिन्छ । चीनले पनि यस्तै अनुसन्धान विश्वविद्यालयको स्थापना गर्ने नीति लिएर अगाडि बढेको धेरै भएको छैन । Huang (2015) को आलेखअनुसार सन् २००७ मा चीनमा सम्पन्न गरिएको "परिवर्तनशील प्राज्ञिक गतिविधि (changing academic profession)" सम्बन्धी एक अन्तर्राष्ट्रिय सर्वेक्षणले चीनले छोटो अवधिमा नै विश्वस्तरीय अनुसन्धान विश्वविद्यालयको विकास गर्न सराहनीय सफलता प्राप्त गरेको देखाएको छ ।

चीनले विश्व तहमा चिनिने विश्वविद्यालय बनाउन विशेष राष्ट्रिय पहल र प्रतिस्पर्धात्मक अनुसन्धान कोष कार्यक्रमहरूका लागि समूह तयार गरेर १ सय वटा सम्भावित विश्वविद्यालयका लागि २ सय ११ वटा परियोजनाहरू मार्फत उत्कृष्टताको लागि क्षमता विकास गर्ने लक्ष्य लिएको थियो । त्यसैगरी, ९ सय ८५ वटा अनुसन्धानमूलक परियोजना सन् १९९८ मा लागु गरिएको थियो । दुवै परियोजनाको मूल ध्येय भनेको संस्थागत, संरचनागत र व्यवस्थापकीय स्वायत्ततासहितको शिक्षण र अनुसन्धानको गुणस्तर अभिवृद्धि र यसका लागि बृहत् लगानी गर्नु रहेको थियो (Cheng, Wang & Liu, 2014) । यसका प्रभावकारी मानिएका पक्षहरू जस्तैः राष्ट्रिय नीति र लगानी, प्रतिस्पर्धात्मक पद्धतिमा आधारित अनुसन्धान बजेट, सञ्चालन र व्यवस्थापकीय स्वायत्तता आदि हुन् ।

यस सफलताको लागि चीनका मुख्य तीन नीतिगत पक्षहरू महत्पूर्ण रहेको थियो । ती नीतिगत व्यवस्थाहरू निम्न बमोजिम रहेका थिए ।

१. शिक्षासम्बन्धी राष्ट्रिय नीति तथा रणनीतिहरूको प्रभावकारी रूपमा कार्यान्वयन हुनु,
२. तोकिएका विश्वविद्यालयहरूमा अनुसान्धानको लागि केन्द्र सरकारको लगानी केन्द्रित गर्ने (top–down policy) र केही महत्त्वपूर्ण स्थानीय विषयको अध्ययनमा स्थानीय सरकारले कोष

सार्वजनिक भएको छैन । यससम्बन्धी समाचार (https://www.edukhabar.com.news/15345) र यो प्रतिवेदन समेत यसै समाचार पोर्टलबाट (https://www.edukhabar.com/news/12986) प्रात गरिएको हो ।


३३ 4 Reasons why Rankings Matter in Higher Education सम्बन्धी विस्तृत विवरण यहाँ हेर्नुहोस्: https://www.qs.com/4-reasons-why-rankings-matter-in-higher-education/#:~:text=The%20results%20of%20global%20rankings,make%20positive%2C%20internal%20policy%20changes

उपलब्ध गराउने नीति तथा केन्द्र र स्थानीय दुवै सरकारले सघन अनुसन्धानको लागि उपलब्धिमा आधारित अनुसन्धान कोष वृद्धि गर्ने नीति अवलम्बन गर्नु,

३. संयुक्त राज्य अमेरिका र बेलायतका विश्वविद्यालयहरूले अवलम्बन गर्दैआएका अन्तर्राष्ट्रिय विश्वविद्यालय वरीयता (university ranking) प्रणालीलाई नै मान्यता दिएर पश्चिमा विश्वविद्यालय र संस्थाहरूको मापदण्डको आधारमा चीनका विश्वविद्यालयहरूको स्तरोन्नति गर्न प्राज्ञिक तथा अनुसन्धान गतिविधिहरूलाई विश्वविद्यालयहरूले प्राथमिकता दिई शैक्षिक कार्यक्रम सञ्चालन गर्न राज्यले प्रोत्साहन गर्नु ।

यसको अर्थ नीतिगत परिमार्जन र प्रभावकारी कार्यान्वयनको योजना मार्फत विश्वविद्यालयहरूलाई विश्वस्तरीय बनाउन सकिन्छ भन्ने स्पष्ट हुन्छ ।

**चित्र ६ विश्वस्तरीय विश्वविद्यालयका मुख्य तत्वहरूको संयोजन**




*स्रोत: Salmi, 2009*

विश्वस्तरीय विश्वविद्यालयको मुलभूत तत्वहरूको संयोजनको खाकामा Salmi (2009) ले विश्वस्तरीय विश्वविद्यालय निर्माणका लागि मेधावी प्रतिभालाई एकत्रित गर्ने, प्रशस्त स्रोतको व्यवस्था गर्ने र अनुकूल सुशासन हुनुपर्ने धारणा व्यक्त गरेका छन् । यहाँ प्रतिभा केन्द्रित भन्नाले सक्षम विद्यार्थी, प्राध्यापक र अनुसन्धानकर्ताले उत्पादन गरेको ज्ञान तथा नवप्रवर्तनको अन्तर्राष्ट्रियकरण गर्नु भन्ने बुझिन्छ । प्रतिभावान

जनशक्ति विश्वविद्यालयबाट दीक्षित विद्यार्थीहरू नै हुन् र उनीहरूले गरेको गहन अनुसन्धानको परिणामले विश्वस्तरीय विश्वविद्यालय बनाउन मुख्य भूमिका निर्वाह गर्दछन् । विश्वविद्यालयका मेधावी विद्यार्थी तथा अनुभवी प्राध्यापकहरूले नै ज्ञानको निर्माण गर्दछन् । नवप्रवर्तन प्याटेन्ट निर्माण आदिजस्ता विषयहरूमा पनि विश्वविद्यालयहरूले मुख्य भूमिका निर्वाह गर्दछन् ।

अर्को मौलिक विशेषता भनेको पर्याप्त स्रोतको उपलब्धता र परिचालन गर्ने साथै त्यसबाट अनुसन्धान कार्य सम्पन्न गर्नु हो । स्रोतको मूल आधार सार्वजनिक बजेट, अक्षयकोषबाट हुने आम्दानी, शिक्षण शुल्क र अनुसन्धान अनुदान हो । यो निरन्तर चक्रमा चलिरहने प्रकिया हो । अनुसन्धानबाट प्राप्त ज्ञानको उपयोग वस्तु र सेवा मार्फत बजारमा जाने र त्यसबाट प्राप्त आम्दानीको निश्चित अंश पुनः अनुसन्धान कार्यमा लगाउने गरिन्छ ।

Salmi (2009) का अनुसार विश्वस्तरीय विश्वविद्यालयलाई अनुकूल वातावरण आवश्यक पर्दछ जुन अनुकूल सुशासनबाट प्राप्त हुन्छ । अनुसन्धानका लागि अनुकूल सुशासन तथा त्यसलाई समर्थन गर्ने सरकारले खासगरी नियामक निकायको लागि आवश्यक सहयोगी कार्यढाँचालाई अनुमोदन गर्ने कार्यमा सहयोग गरिदिने वातावरण आवश्यक हुन्छ । त्यसैगरी, वित्तीय, प्रशासनिक र प्राज्ञिक स्वायत्तता प्रदान गरी विश्वविद्यालयलाई विश्वस्तरीय बनाउन मद्दत गर्नसक्दछन् । विश्वस्तरीय विश्वविद्यालयको अर्को विशेषता भनेको सहजीकरण गर्ने नेतृत्व समूह, रणनीतिक दृष्टिकोण र उत्कृष्टताको संस्कृतिको विकास गरी उत्कृष्टहरूलाई अगाडि बढाउने कार्यनीति नै हो ।

विश्वस्तरीय विश्वविद्यालयहरूको वरीयतामा पुराना तथा नयाँ (एसियाली विश्वविद्यालयसमेत) विश्वविद्यालयहरू र तिनीहरूले हासिल गरेको गुणस्तर वृद्धिका कारणहरू यसप्रकार छन् ।

### बक्स ३ विश्वस्तरीय विश्वविद्यालयका गुणस्तर राम्रो हुनुका कारणहरू

अग्रणी विश्वस्तरीय विश्वविद्यालयहरू -हार्वर्ड, स्ट्यानफोर्ड, एमआईटी, क्यालटेक, प्रिन्सटन आदिमा शैक्षिक गुणस्तर राम्रो हुनुका प्रमुख कारणहरूः

१. **बलियो शैक्षिक र प्रशासनिक शासन व्यवस्था-** पूर्वछात्र/छात्रा, प्रख्यात् शिक्षाविद् र उद्योग विशेषज्ञहरू, सङ्कायहरू सम्मिलित ट्रष्टीहरूको ठूलो समूह रहेको र सबै विश्वविद्यालयहरूमा बलियो र प्रभावकारी विश्वविद्यालय परिषद्हरू, सङ्काय र बोर्डको व्यवस्था छ ।

२. **सावधानीपूर्वक कर्मचारी तथा प्राध्यापक भर्ना लिने नीति-** उदाहरणार्थ स्ट्यानफोर्ड विश्वविद्यालयले अन्तर्राष्ट्रिय रूपमा प्रसिद्ध फ्याकल्टीहरू भर्ती गर्दछ जसमध्ये ९९ प्रतिशत आ-आफ्नो क्षेत्रहरूमा उच्चतम योग्यता भएका छन् ।

३. **पूर्वछात्र/छात्रा र सामुदायिक संलग्नता-** यी विश्वविद्यालयहरूमा पूर्वछात्रछात्राहरूले पर्याप्त आर्थिक र बौद्धिक योगदान दिन्छन् । सामुदायिक पहुँचका लागि विभिन्न कार्यक्रमहरू आयोजना गरिन्छ जस्तै हार्वर्ड कर्पोरेशन ।

४. **भविष्यका प्रविधिहरूमा अनुसन्धान केन्द्रित रहनु-** Antiwerp विश्वविद्यालयले हरित रसायन विज्ञान, जेनोमिक्स चिकित्सा र अन्य नवीन क्षेत्रहरूमा तथा KAIST स्पेस टेक र बायोइन्जिनियरिङ क्षेत्रहरूमा केन्द्रित अनुसन्धान ।

५. **प्राज्ञिक क्षेत्र र उद्योगसँग बलियो सहकार्य-** POSTECH तथा म्याक्स् प्लाङ्क् इन्स्टिच्युट् (जर्मनी) र रिकेन (जापान) तथा सामसुङ, एलजी र एक्सोनमोबिलसँग सहकार्य गरेको पाइन्छ भने NTU ले ४ सयभन्दा बढी शैक्षिक र अनुसन्धान साझेदारीहरू स्थापना गरेको छ ।

६.**अन्तर्राष्ट्रिय रूपमा प्रशिक्षित सङ्काय सदस्यहरूलाई आकर्षित गर्नु-** NTU को नान्याङ सहायक प्राध्यापक योजनाले उत्कृष्ट सङ्कायलाई आकर्षित गर्छ ।


७. **संस्थाहरूको रणनीतिक एकीकरण र गाभ्ने प्रक्रिया-** यो प्रक्रिया युरोपेली देशहरूमा तीव्र वृद्धिको लागि अपनाइएको छ ।

विगत १५ वर्षभित्र विश्वव्यापी शीर्ष ५ सय अन्तर्गत पुग्ने नयाँ विश्वविद्यालयहरू NTU, POSTECH, KAIST, HKUST, Centrale Supélec, Antwerp, Université PSL, Aalto University हुन् ।

विश्ववरीयताका सन्दर्भमा विकासशील देशहरूले विश्वस्तरीय विश्वविद्यालय स्थापनाका लागि के गर्न सक्छन् भन्ने प्रश्नको उत्तरमा Lee (2013) ले तीन तहको कार्यगत ढाँचा प्रस्तुत गरेका छन् । उनका अनुसार विश्वस्तरीय विश्वविद्यालय बनाउन पहिलो तहमा विश्वस्तरीय विश्वविद्यालयको विशेषता बुझ्नुपर्छ, दोस्रो तहमा चुनौतीहरू बुझ्नुपर्छ र तेस्रो तहमा के गर्न सकिन्छ भन्ने बुझ्नुपर्छ । यस अन्तर्गत उनले निकै सान्दर्भिक पक्षहरूको संयोजन र अन्तरसम्बन्धलाई यस कार्यगत ढाँचामा प्रस्तुत गरेका छन् (हेर्नुहोस् चित्र ७) ।

विश्वस्तरीय भन्नाले हामीले अनुसन्धानमा अब्बल, शैक्षिक गुणस्तर र विश्वबजारमा आवश्यक जनशक्ति उत्पादन गर्ने विश्वविद्यालयको निर्माण हो भन्ने बुझ्नु पर्दछ । Lee (2013) को ढाँचामा विश्वविद्यालय निर्माणमा यसका विभिन्न घटकहरू बुझ्नुपर्ने तथ्य सुझाइएको छ । जसमा विश्वविद्यालयलाई अन्तर्राष्ट्रियकरण गर्नका लागि आवश्यक यथेष्ट स्रोतको (इन्पुट) लगानी र त्यसबाट प्राप्त हुने प्रतिफल (आउटपुट) अर्थात् input and output relation दुवैलाई हेर्नुपर्दछ । स्रोत परिचालन वा लगानी भन्नाले अन्तर्राष्ट्रियकरण गर्ने सवालमा गरिने प्राज्ञिक प्रतिभाको लगानीमा ध्यान केन्द्रित गर्नु भन्ने बुझ्नुपर्दछ । त्यसैगरी, प्रतिफलले सीमा वारपारका प्राज्ञिक क्रियाकलाप भन्ने बुझ्नुपर्दछ ।

### चित्र ७ विश्वस्तरीय विश्वविद्यालय निर्माणका प्रारूप




*स्रोतः Lee (2013): Prospects, 43(2), 233-249.https://doi.org/10.1007/s11125-013-9266-x*

यसैगरी, विश्वविद्यालयको रूपमा अनुसन्धानमा गहन संस्था हुनुपर्छ । जसको लागि विश्वविद्यालयहरू प्रविधिमुखी र स्रोतले परिपूर्ण हुनुपर्छ । दक्ष अनुसन्धानकर्ता उपलब्ध हुनुपर्दछ । संस्थागत स्वायत्ततामा आधारित विश्वविद्यालय पद्दतिको सञ्चालन व्यवस्था हुनुपर्छ भने प्राज्ञिक स्वायतता विश्वविद्यालयहरूका लागि सबैभन्दा महत्त्वपूर्ण हुन्छ ।

सो प्रारूपअनुरूप विश्वस्तरीय विश्वविद्यालयका लागि बृहत् तहका चुनौतीहरू क्रमशः संरचनागत कमजोरीहरू र विश्वव्यापी प्रतिस्पर्धा हुन् । सूक्ष्म तहका चुनौतीहरूमा आन्तरिक तनाब, अनुसन्धान क्षमताको कमी र उच्च लागत तथा स्वायत्ततामा बाधा रहेका छन् । ती चुनौती र बाधाहरूको समाधानका उपायहरू अन्तर्गत वास्तविकतामा आधारित अपेक्षाहरू, विविधतायुक्त शिक्षा प्रणाली, सुधार गरिएको उच्च शिक्षा प्रणाली, लक्षित क्षेत्रहरूको छनोट, विश्वव्यापी पार्टनर र सक्षम विश्वविद्यालय सञ्चालन पर्दछन् ।

## ३.१. विश्वविद्यालयको पूर्वाधार


विश्वविद्यालय स्थापनाको लागि सबैभन्दा महत्त्वपूर्ण तत्व नै पूर्वाधार विकास हो । पूर्वाधार विकासको सम्पन्नतापश्चात् मात्र विद्यार्थीहरूले आवश्यक ज्ञान प्राप्त गर्ने, प्राध्यापकहरूले अध्ययन अनुसन्धान

गर्ने र ज्ञानको उत्पादन र प्रसार गर्ने कार्य सम्भव हुन्छ । यसै सन्दर्भलाई लिएर पूर्वाधारका विभिन्न घटकहरूको परिचर्चा यस अनुच्छेदमा गरिएको छ ।

### ३.१.१. जमिन तथा भौतिक पूर्वाधार

विश्वविद्यालय स्थापनाको लागि पूर्वाधार निर्माण गर्न आवश्यक जमिनको प्राप्ती हाम्रो सन्दर्भमा निकै जटिल तथा समस्यामूलक बनेको र बन्न सक्ने देखिन्छ । किनकी, घनाबस्ती तथा सहरी क्षेत्रमा जमिनको उपलब्धता कम छ भने उच्च मूल्यका कारण लगानी झनै महँगो सावित हुँदै गएको छ । यसको साथै विश्वविद्यालयको लागि आवश्यक हुने जमिन निःशुल्क उपलब्ध पनि हुँदैन भने सरकारले सार्वजनिक जमिनको व्यवस्थापन गर्न पनि कठिन छ । जसले गर्दा विश्वविद्यालय स्थापनामा समस्या परिरहेको देखिन्छ । सार्वजनिक जमिन पनि विश्वविद्यालय सञ्चालन गर्न उपयुक्त हुने स्थानमा उपलब्ध नहुने अवस्था छ । हालका विश्वविद्यालयहरूको जग्गाको उपलब्धता र व्यवस्थापनलाई हेर्ने हो भने यो कुरा छर्लङ्ग हुन्छ ।

**चित्र ८ विश्वविद्यालय स्थापनाका सम्भागमा आधारित पूर्वाधारका घटकहरू**




*स्रोत: Aithal & Aithal (2019) को मोडेलमा परिमार्जन गरिएको*

उदाहरणार्थ त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय परिसर बृहत् क्षेत्रफलमा फैलिएको छ । त्रिभुवन विश्वविद्यालयको आफ्नो स्वामित्वमा रहेको जग्गाको पूर्ण उपयोग हुन सकिरहेको छैन । जमिन भएपनि भौतिक पूर्वाधार विस्तारका योजनाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न कठिन भइरहेको छ । विश्वविद्यालयको नेतृत्व चयन राजनैतिक आधारमा हुने गरेकाले सरकार परिवर्तनसँगै नेतृत्वले पनि प्रभावकारी रूपमा कार्य सम्पादन गर्न नसक्ने वा नेतृत्व नै परिवर्तन हुने गरेकाले विश्वविद्यालय विकासका योजनाहरू कार्यान्वयन गर्न कठिनाइ भइरहेको छ भने राज्यबाट प्राप्त हुने आर्थिक सहयोग वृद्धि हुन नसक्दा पूर्वाधार विस्तार योजना सञ्चालन गर्न कठिन भएको विचार सार्वजनिक नीति संवाद कार्यक्रममा विज्ञहरूले राख्नु भएको थियो ।

साथै, विज्ञान प्रविधि, इन्जिनियरिङ तथा चिकित्सा शिक्षाजस्ता प्रयोगशाला बनाउनुपर्ने विधा र कृषि तथा वन विज्ञानजस्ता विधाहरूको अध्ययन तथा अनुसन्धानको लागि अझ धेरै क्षेत्रफल जमिन आवश्यक हुन्छ । पर्याप्त जग्गा उपलब्ध भएमा मात्र यस्ता विषयहरूका लागि योजनाबद्ध तरिकाले भौतिक पूर्वाधारका संरचना निर्माण तथा अनुसन्धानात्मक कार्य सञ्चालन गर्न सहज हुन्छ ।

विश्वविद्यालय शिक्षण, अनुसन्धान, अन्वेषण, प्राज्ञिक बहस, सीप, ज्ञान आदि निर्माण गर्ने थलो हो । तसर्थ, विश्वविद्यालय भौतिक पूर्वाधारबाट सुसज्जित, शान्त, रमणीय, सुविधासम्पन्न र सहज पहुँच भएको स्थानमा स्थापना गर्नुपर्छ । त्यसपछि मात्र विश्वविद्यालयले गुणस्तरीय उच्च शिक्षाका लागि उपयुक्त वातावरण सिर्जना गर्न सहयोग प्राप्त गर्दछ । पूर्वाधार तथा शैक्षिक वातावरणको निर्माणका कुराहरू सम्भाव्यता अध्ययनकै क्रममा स्पष्ट रूपमा आउनुपर्छ ।

हाल सञ्चालनमा आउदै गरेका र स्थापित विश्वविद्यालयहरूको स्थान, जग्गा र वातावरणको उपलब्धतालाई दृष्टिगत गर्दै भविष्यका लागि मार्गदर्शक बन्न सकोस् भन्ने हेतुले यहाँ १३ वटा विश्वविद्यालयहरूमध्ये केही विश्वविद्यालयहरूको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफलका बारेमा विवेचना गरिएको छ ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगको वार्षिक प्रतिवेदन २०७७/७८ अनुसार प्रादेशिक अवधारणाअनुरूप सञ्चालनमा आइसकेको गण्डकी विश्वविद्यालयको हालसम्म उपलब्ध जग्गाको विवरण हेर्दा पोखरा महानगरपालिका वडा नं. ३२ को ज्ञानकुञ्ज (स्यालटहरा) र शुक्लागण्डकी नगरपालिकाको वेलचौतारा दुवै ठाँउमा गरी करीव ५ सय २६ रोपनी जमिन नेपाल सरकारबाट उपलब्ध गराइएको छ (गण्डकी प्रदेश, २०७८) ।

नेपालको सबैभन्दा पुरानो र ठुलो त्रिभुवन विश्वविद्यालय रहेको स्थान कीर्तिपुरमा सो विश्वविद्यालयको ३ हजार ४२ रोपनी ५ आना २ पैसा जमिन छ (Tribhuvan University, 2022) । त्यस्तै नेपाल संस्कृत विश्वविद्यालयको केन्द्रीय कार्यालयसहित चार स्थानमा रहेको जग्गाको कूल क्षेत्रफल २० हजार ७ सय ९६ रोपनीभन्दा बढी रहेको छ । जसमा ४ हजार ३ सय ४२ रोपनी केन्द्रीय कार्यालय वेल्झुण्डी दाङ

परिसरमा, ४ सय ६५ रोपनीभन्दा बढी जमिन देउखुरीको गढवामा, २ हजार २ सय ४१ भन्दा बढी लमहीमा र १३ हजार ७ सय ४७ रोपनीभन्दा बढी जमिन राजपुरमा रहेको छ (नेपाल संस्कृत विश्वविद्यालय, २०७८) । प्रदेश १ मा अवस्थित पूर्वाञ्चल विश्वविद्यालयको मातहतमा १० हजार ७ सय १६ रोपनी १५ आनाभन्दा बढी जग्गा छ (पूर्वाञ्चल विश्वविद्यालय, २०७८) । सुदूरपश्चिम विश्वविद्यालयका अनुसार १ हजार ५६ रोपनी जग्गा केन्द्रीय कार्यालय र आवासीय प्रयोजनका लागि रहेको छ तर सो विश्वविद्यालयका नाममा यसबाहेक ३ हजार ९ सय ९३ रोपनी १४ आनाभन्दा बढी जमिन विश्वविद्यालयसँग रहेको छ (सुदूरपश्चिम विश्वविद्यालय, २०७८) ।

नयाँ दिल्लीस्थित श्री राम कलेज अफ कमर्सले स्थापनाको सुरुआत सन् १९४९ मा १६ एकड अर्थात् १२७.२८ रोपनी मात्र जग्गा प्राप्त गरेको थियो । सन् १९६३ मा यो दिल्ली विश्वविद्यालय पौडी पोखरी भएको प्रतिष्ठित कलेज बनिसकेको थियो (SRCC, 2022) । तत्कालीन समयमा यस विश्वविद्यालयले प्राप्त गरेको क्षेत्रफल पुगेको देखिए तापनि हालको बदलिँदो समयमा यति जग्गा पर्याप्त हुँदैन । विश्वका प्रतिष्ठित विश्वविद्यालयहरूको जग्गाको क्षेत्रफललाई उदाहरण मान्ने हो भने टाइम्स हाइयर एजुकेशनको विश्वस्तरमा चौथो नम्बरमा पर्ने स्ट्यानफोर्ड विश्वविद्यालयको जग्गाको क्षेत्रफल ६५ हजार रोपनीभन्दा बढी (२६९ एकड) रहेको छ (Standford University, 2022) । क्षेत्रफलका हिसाबले संसारकै दोश्रो ठुलो जी. बी. पन्त युनिभर्सिटी अफ एग्रिकल्चर एण्ड टेक्नोलोजी पन्तनगर भारतको जग्गा १० हजार एकड अर्थात् ७९ हजार ५ सय ४७ रोपनी छ (ICAR, 2022) । यसर्थ, विश्वविद्यालय स्थापनामा आवश्यक पूर्वाधार निर्माणका लागि पर्याप्त जमिन उपलब्ध हुनुपर्छ । अझै प्राविधिक विषय जस्तै कृषि, वन, चिकित्सा, इन्जिनियरिङजस्ता विधाका लागि जग्गा धेरै अवश्य पनि चाहिन्छ । यसको सङ्केत धेरै विधा, गुणस्तर, प्राविधिक धार, प्रयोगात्मक शिक्षा, अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी शिक्षा, पर्याप्त पूर्वाधार विकास, खेलकुद मैदान, छात्रावास, कर्मचारी तथा प्राध्यापक आवासलगायतका सेवा सुविधाको व्यवस्था गर्न धेरै जग्गाको व्यवस्था गर्नु अनिवार्य सर्त हो ।

नेपाली तथा अन्य विदेशी विश्वविद्यालयहरूको जमिनको उपलब्धतालाई हेर्दा नेपालमा स्थापना हुने प्रादेशिक विश्वविद्यालयले भविष्यमा हुनसक्ने जग्गा अभावलाई ख्याल गरेर स्थान चयन गर्नुपर्दछ । सहरी क्षेत्रमा अव्यवस्थित बसोबासको चाप तीव्र गतिमा बढिरहेको सन्दर्भमा जमिनको उपलब्धता सहज नहुन सक्दछ । तसर्थ, सहरी क्षेत्रबाट अलिक टाढाको दुरीमा विश्वविद्यालय स्थापना गरी यसका बहुआयामिक फाइदाहरूका बारेमा समेत योजना बनाउनु पर्दछ । विश्वविद्यालय स्थापना हुने स्थान र त्यसको वरपरको क्षेत्र र समग्र प्रदेशको भूगोललाई प्राज्ञिक र शैक्षिक उन्नयनको झल्को प्रदान गर्न सक्नु पर्दछ । विश्वविद्यालयका कारण त्यहाँ नयाँ सहरी योजना बन्न सकोस्, नयाँ रोजगारी सिर्जना हुन सकोस्, नयाँ व्यापारिक केन्द्र बन्न सकोस् अर्थात् यसले विकासको प्रत्यक्ष र अप्रत्यक्ष ढोका खोल्न मद्दत गरोस्, त्यो नै सफल, दिगो र विश्वस्तरीय विश्वविद्यालय हुनसक्छ । यो विषयलाई मनन् गरेर गाउँ वा सहर क्षेत्रमा जग्गाको उपलब्धतालाई हेरी विश्वविद्यालयहरूको लागि जमिनको न्यूनतम सीमा तोक्न सकिने आधार बनाउनु पर्दछ ।

## ३.१.२. वित्तीय व्यवस्थापन र स्रोतहरू

वित्तीय व्यवस्थापन र दिगोपन विश्वविद्यालयहरूको लागि मूल चुनौती हो । वित्तीय स्रोतका धेरै माध्यमहरू विश्वविद्यालय आफैले खोज्नुपर्छ । प्रारम्भिक स्रोत राज्य, राज्यका निकायहरू, औद्योगिक क्षेत्र र वैदेशिक सहायता हुनसक्ने भए पनि यी स्रोतको परिचालन विश्वविद्यालय स्वयम्ले नै गर्नुको विकल्प रहदैन । Denneen & Dretler (2012) का अनुसार अमेरिकन विश्वविद्यालय तथा कलेजहरूको सन्दर्भमा वित्तीय सङ्कट हुँदा विद्यार्थी र अभिभावकहरूबाट अतिरिक्त शुल्क लिएर वा केन्द्र अथवा राज्य सरकारबाट सहयोग लिएर व्यवस्थापन गर्ने परिपाटी थियो । पछि विभिन्न कारणले यसखालको स्रोत परिचालन गर्न दिगो रूपमा सम्भव भएन र विश्वविद्यालयले आफैले यसका उपायहरू पहिल्याउँदै गए । उनीहरूका अनुसार यस्ता उपायहरूमा खासगरी अन्वेषणात्मक कार्य, उत्पादन, प्रशासनिक खर्च कटौती, मुद्दा केन्द्रित क्रियाकलापहरू जस्तैः विश्वविद्यालय-उद्योग सहकार्य, छोटा अवधिका तालिम तथा शैक्षिक कार्यक्रमहरू, सुरुआती उद्यम प्रोत्साहन गरी आर्थिक पक्षमा सहयोग जुटाउने गरेको देखिन्छ ।

विश्वविद्यालय-उद्योग सहकार्यमा सबैभन्दा उपयुक्त मानिएको tripple-helix मोडेल हो । यस मोडेलका परिकल्पनाकारहरू Etzkowitz & Leydesdorff (1995) का अनुसार यसले विश्वविद्यालयको ज्ञान उत्पादनलाई औधोगिक क्षेत्रले वस्तु वा सेवा उत्पादन, बजारीकरण र त्यसबाट नाफासमेत प्राप्त गर्ने गरी योजनाबद्ध सहकार्यको खाका दिन्छ भने राज्यले नियामक निकायको रूपमा नीति निर्माणमा अनुकूल भूमिका निर्वाह गर्दछ । अन्य व्यापारिक संस्था जस्तै विश्वविद्यालयले पनि नवप्रवर्तनमार्फत बौद्धिक सम्पत्तिको निर्माण र बजारमुखी प्रविधिको विकास गर्न सक्दछन् (Gulbranson & Audretsch, 2008, p.257) । यसमा विश्वविद्यालयहरूले ठुलो लगानी गरेका हुन्छन् र गर्नुपर्दछ । वित्तीय लगानीको स्रोत जुटाउनुपर्ने यो क्षेत्र विकासोन्मुख देशको लागि चुनौतीपूर्ण देखिन्छ ।

नेपालमा विश्वविद्यालय र उद्योग सहकार्य tripple-helix मोडेलको उपयोग गरी विश्वविद्यालयलाई वित्तीय तथा प्राज्ञिक क्षमतामा लाभ लिन सकिन्छ । विश्वविद्यालयले आर्जन गरेको ज्ञान समाज र देशका लागि उपयोगी बनाउने र ज्ञानको अर्थतन्त्र निर्माण गर्ने दिशामा लाग्न यो मोडेल प्रेरक हुनसक्छ । विश्वविद्यालय स्थापना गर्दा यसको सञ्चालन खर्च (पूर्वाधार र अनुसन्धानबाहेक) स्वयम् विश्वविद्यालयको शिक्षण शुल्क तथा अन्य अतिरिक्त आयबाट पूरा हुनसक्ने वा नसक्ने पक्षलाई ध्यान दिन जरुरी हुन्छ । अन्यथा सार्वजनिक अनुदानमा मात्र आधारित हुने गरी विश्वविद्यालय स्थापना भएमा आर्थिक अभाव भई विश्वविद्यालयको दिगोपना तथा यसबाट प्राप्त हुने शैक्षिक तथा अनुसन्धानबाट प्राप्त हुने प्रतिफल प्राप्त हुन कठिन हुन्छ ।

ठुलो वित्तीय भार निम्त्याउने क्षेत्र कर्मचारीहरूको पदसोपानमा आधारित सङ्गठनात्मक संरचना पनि हो । अनावश्यक कर्मचारीहरूको भर्ना र नियुक्तिबाट निर्मित पदसोपानका कारण संस्थाहरूमा उत्पादनको तुलनामा आर्थिक सङ्कटमा गइरहेका हुन्छन् । मध्य तहका व्यवस्थापक कर्मचारीको

सङ्ख्या यो पदसोपानमा अनावश्यक मानिएको रहेछ । Denneen & Dretler (2012) कै अध्ययनका अनुसार अमेरिकाको बर्कले विश्वविद्यालय (Berkeley University) ले पदसोपानको तहगत प्रणालीमा कटौती गर्नु परेको थियो । त्यस्ता मध्यम तहका व्यवस्थापक जसले केन्द्रीय पदाधिकारीहरूलाई सूचना प्रवाह गर्छन र उनीहरूको सङ्ख्या कम गर्न सकिन्छ भन्ने उनीहरूको निष्कर्ष छ । यद्यपि विश्वविद्यालयको सङ्गठन स्वरूपमा पदाधिकारीको नियन्त्रण प्रणाली कसरी चलेको छ भन्ने कुराले महत्त्व राख्दछ । धेरै नियन्त्रित संस्थाहरूमा बहुतहको पदाधिकारी पदसोपान प्रणाली आवश्यक हुनसक्दछ तर विश्वविद्यालयमा नियन्त्रणभन्दा स्वायत्त प्रकारको शासन प्रणालीको अपेक्षा गरिन्छ ।

## ३.२. बौद्धिक पूर्वाधार

बौद्धिक पूर्वाधार विश्वविद्यालयको समग्र प्राज्ञिक गुणस्तरको आधार हो । यस अन्तर्गत विश्वविद्यालयको पाठ्यक्रम, विश्वविद्यालयको गुणस्तर, विद्यार्थी सङ्ख्या, स्वायत्तताजस्ता पक्षहरूको चर्चा गरिएको छ ।

### ३.२.१. विश्वविद्यालयको पाठ्यक्रम

साधारणतः विद्यार्थीको सिकाइ उद्देश्य प्राप्त गर्न तयार गरिएको विस्तृत शैक्षिक योजना नै पाठ्यक्रम हो । Walker (2005, p.175) का अनुसार पाठ्यक्रमले विषयवस्तुको ज्ञानमा पहुँच प्रदान गर्छ जसले विद्यार्थीहरूको भविष्यको पेसा छनोट वा सामान्य रूपले उनीहरूको त्यो ज्ञानलाई अन्तरक्रियात्मक वस्तुको रूपमा उपभोग गर्न सिकाउँछ । यसले भविष्यप्रतिको चेत र पेसा छनोटमा मद्दत गर्दछ । यसैगरी, UNESCO (2022) को परिभाषामा सिकारूहरूले सिक्नुपर्ने (औपचारिक र अनौपचारिक दुवै माध्यममा) सङ्गठित सिकाइ अनुभवहरू प्रणालीगत तरिकाबाट निर्दिष्ट दक्षता विकास (जस्तै ज्ञान, सीप, दृष्टिकोण जुन मूल्य मान्यतासँग आबद्ध रहेका हुन्छन) गर्ने समग्र योजना पाठ्यक्रम हो[३४] । यस परिभाषामा ज्ञान, सीप र मूल्य मान्यतासँग सम्बन्धित मनोवृत्तिसम्बन्धी क्षमता अभिवृद्धि गर्ने मूल उद्देश्य पाठ्यक्रमको हुन्छ भन्ने बुझिन्छ ।

पाठ्यक्रम समयको मागअनुरूप परिवर्तन नहुने र त्यसले भविष्यको लागि आवश्यक दक्ष जनशक्ति विकासमा योगदान गर्न नसक्ने भएमा त्यो पाठ्यक्रम असान्दर्भिक ठहर्छ । नेपालमा विश्वविद्यालयको पाठ्यक्रम विकास तथा यसको समयक्रममा परिमार्जन वा नयाँ पाठ्यक्रम विकास गर्ने पद्धति र गुणस्तरका विषयमा धेरै गुनासो र समस्याहरू छन्[३५] । नेपालको पाठ्यक्रममा आमूल परिवर्तन भएको

---

३४ UNESCO को International Bureau of Education ले पाठ्यक्रमको परिभाषामा विस्तृतमा उल्लेख गर्दै भनेको छः Good curriculum plays an important role in forging life-long learning competencies, as well as social attitudes and skills, such as tolerance and respect, constructive management of diversity, peaceful conflict management, promotion and respect of Human Rights, gender equality, justice and inclusiveness.हेर्नुहोस् http://www.ibe.unesco.org/en/geqaf/core-resources/curriculum

३५ सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापना भएको आठवर्ष बितिसक्दा पनि पाठ्यक्रम विकास केन्द्रको स्थापना हुन सकेको छैन । "कहिले हुन्छ सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा पाठ्यक्रम विकास केन्द्रको स्थापना ?" भन्ने शीर्षकमा प्रकाशित समाचार यहाँ हेर्न सकिन्छः https://www.asiasanchar.com/2018/05/387/

अवस्था छैन जुन पुरातन शैलीबाट धेरै माथि उठ्न सकेको देखिदैन (महर्जन, २०२१)[३६] । नेपालमा पाठ्यक्रमको अन्तरसम्बन्धलाई पुनर्व्याख्या गरी नयाँपन प्रदान गर्ने कार्य भएको देखिदैन । परिमार्जनको अवस्था निकै कमजोर रहेको अवस्था छ[३७] । लामो समयसम्म पाठ्यक्रम परिमार्जन र सुधार नहुनु धेरै विधाका विद्यार्थीहरूले भोग्नु परेको समस्या हो[३८] । पाठ्यक्रमलाई कक्षाकोठामा सिकाइको विषयवस्तुका रूपमा रूपान्तरण गर्न पाठ्यपुस्तक वा सन्दर्भ सामग्रीको प्रयोग गरिन्छ ।

पाठ्यपुस्तक र सन्दर्भ सामाग्रीसहित छलफल, अन्तरक्रिया, परियोजना कार्य, अनुसन्धान, प्रस्तुतीकरणजस्ता विधिबाट पाठ्यक्रमले निर्दिष्ट गरेको ज्ञान र सीपको उद्देश्य प्राप्त गरिन्छ । नेपालको सन्दर्भमा विश्वविद्यालयले निर्माण गर्ने पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामाग्रीहरूको गुणस्तर र त्यसको प्रभावकारी उपयोगमा ध्यान दिन नसक्दा उत्पादित जनशक्ति र बजारको मागबिच तालमेल नमिलेको अवस्था छ । नेपालको आउँदो समयका लागि आवश्यक जनशक्ति उत्पादन र विश्वबजारको बदलिँदो परिवेशअनुरूपको उच्च शिक्षामा सान्दर्भिक हुने विषयहरूका बारेमा आउने उपशीर्षकमा व्याख्या गरिएको छ । यस्तै प्राविधिक विषयका विद्यार्थीलाई देश, समाज र संस्कृति बुझाउन सकिने साथै अर्थ राजनीति आदि विषयमा समेत समायोजन गर्न आवश्यक पाठ्यक्रम तथा साधारण (जस्तैः शिक्षाशास्त्र, मानविकी, कानुन) विषयका पाठ्यक्रममा प्रविधिका ज्ञान समेट्ने नसकेको अवस्था छ[३९] ।

सङ्क्षिप्तमा भन्दा नेपालको पाठ्यक्रम समयानुकूल परिवर्तन हुनसकेको छैन र यसले परम्परागत शैलीका पाठ्यक्रमलाई नै निरन्तरता दिइरहेको छ । अर्कोतर्फ श्रमबजारसँग तालमेल नहुने खालको सीप र क्षमता उच्चशिक्षाले निर्माण गरिराखेको छ ।

### ३.२.२. विश्वविद्यालयको गुणस्तर र विद्यार्थी सङ्ख्या

विश्वविद्यालयको गुणस्तर मापन विश्वविद्यालयले सञ्चालन गरेको शैक्षिक कार्यक्रम र त्यहाँबाट उत्पादित जनशक्तिले श्रमको बजारमा पार्ने प्रभाव मूल्याङ्कनका आधारमा मात्र भन्न सकिन्छ । विश्वविद्यालयबाट हुने ज्ञानको प्रसारले मात्र नभई ज्ञानको उत्पादन अनुरूपको काम प्राप्त

३६ महर्जन, हर्षमान । (२०२१) । पाठ्यक्रममा अब डिजिटल मिडिया । मार्टिन चौतारी । थप यहाँ हेर्नुहोस्: https://www.martinchautari.org.np/blogs/1048

३७ सन् १९८१ मा प्रकाशित रिपोर्टिङसम्बन्धी पुस्तकले ३८ वर्षपछि पत्रकारलाई कस्तो ज्ञान देला ? अनि भर्खरै परिमार्जन गरिएको नयाँ पाठ्यक्रमले अग्रगमनतर्फ डोहोऱ्याउँछ कि पश्चगमनतर्फ ? यस लेखमा पत्रकारिता विषयको पाठ्यक्रमको स्थिति समीक्षा गरिएको छ । थप यहाँ हेर्नुहोस्: giddhepress.wordpress.com/२०२२/०७/०७/पत्रकारितामा-पश्चगामी-पा/

३८ "आईओईका पाठ्यक्रम पुरानो हुँदा युट्युबको भरमा पढ्छन् विद्यार्थी, १३ वर्षपछि मात्र कोर्स 'अपडेट' गर्ने तयारी" मा प्रकाशित समाचारमा इन्जिनियरिङ विषयको पाठ्यक्रम परिमार्जन नहुँदाका समस्याहरूको चित्रण गरिएको छ । थप समाचार यहाँ हेर्नुहास्: https://www.ukeraa.com/news/2022/07/05/20737

३९ विश्वविद्यालयबाट मास्टर्स डिग्री गरेका विद्यार्थीमा आफ्नै देशको जानकारीसमेत कमजोर पाइएपछि त्रिभुवन विश्वविद्यालयले 'नेपाल स्टडी' विषय अनिवार्य गर्ने तयारी गरेको छ । यससम्बन्धी विस्तृत जानकारी यहाँ हेर्न सकिन्छ: https://www.onlinekhabar.com/2016/07/448552

भएको छ वा छैन भनेर मूल्याङ्कन गर्नु पर्दछ । देशको लागि आवश्यक शिक्षित जनशक्तिको स्तर र उत्पादित वा उत्पादन हुने जनशक्तिको स्तरबिचको अन्तरसम्बन्धलाई विश्लेषण गरेर मात्र गुणस्तरको परिभाषा निक्योंल गर्न सहज हुन्छ ।

Dicker, at al.(2019, p.9) ले गरेको एक अध्ययनमा गुणस्तर मापन गर्ने तरिकामा विद्यार्थी, प्राध्यापक र रोजगारदाताको मूल्याङ्कनलाई आधार बनाउन उनीहरूले उपयुक्त ठानेका छन् । अध्ययनको निष्कर्षमा रोजगारदाताहरूले व्यक्तिगत विशेषताहरूलाई उच्च मूल्याङ्कन गर्ने भएकाले विद्यार्थीहरूको बाह्य सम्बन्ध खासगरी उद्योग क्षेत्रसँग उनिहरूको पहुँच वा सम्बन्ध महत्त्वपूर्ण सङ्केत हो । अर्थात् उत्पादित जनशक्तिले रोजगारदाताको आवश्यकताअनुसार ज्ञान सीप प्रयोग गरेर उत्पादकत्व वृद्धि भयो वा भएन भन्ने प्रश्न महत्त्वपूर्ण हो । व्यवहारिक ज्ञान र सीपयुक्त जनशक्ति विकासमा प्राध्यापक र विद्यार्थीहरूबिचमा भने सिकाइको साझेदारी (partnership) सबैभन्दा आवश्यक पक्ष हो । यसमा विद्यार्थीको कुन तहको डिग्री र कुन पद्धतिबाट आर्जन भएको भन्ने कुरा त्यति चासो रहँदैन । यसैले उत्पादित जनशक्तिको कार्य दक्षता र उत्पादकत्व महत्त्वपूर्ण हुने भएकाले औद्योगिक प्रतिष्ठानहरू र रोजगारदाताहरूले व्यवहारिक ज्ञान सीप र उद्यमशील जनशक्तिको माग गर्छन् ।

यसैगरी, Burrows, Harvey & Green (1992) ले भनेका छन् कि उत्पादन वा सेवा जसले स्थापित गरिएका उद्देश्यहरू कुन हदसम्म प्राप्त गर्न सक्छ त्यसको आधारमा गुणस्तरलाई मूल्याङ्कन गर्नुपर्दछ । अर्थात्, यसको परिभाषा निर्धारित उद्देश्य पूरा गर्नमा सक्षम भयो वा भएन भन्ने सन्दर्भसँग जोडेर मात्र बुझ्न सकिन्छ । नेपालको सन्दर्भमा उच्च शिक्षाले राखेको लक्ष्यहरू त्यसका संस्थाहरू मार्फत के कति प्राप्त भए भनेर हेर्न आवश्यक देखिन्छ । यी लक्ष्यहरूको समग्र राष्ट्र विकासको लक्ष्यसँग पनि तालमेल हुनु जरुरी हुन्छ किनकी उत्पादित जनशक्तिले दिक्षित भएपछि श्रम बजार मार्फत राष्ट्र विकासमा योगदान गर्छन् । विश्वविद्यालय शिक्षाले राखेका उद्देश्यहरू परिवर्तनशील हुन्छन् । तसर्थ, उद्देश्यहरू परिवर्तन हुँदा त्यसको गुणस्तर मापनको विधिसमेत फरक हुनुपर्छ ।

नेपालमा विश्वविद्यालय अनुदान आयोग मार्फत विश्वविद्यालयहरूको शैक्षिक गुणस्तर मापन तथा प्रत्यायनको सुरुआत भएको १४ वर्ष भइसकेको छ । यस अवधिमा जम्मा ५७ वटा उच्च शिक्षा संस्थाले गुणस्तर सुनिश्चितता गरेको मान्यता पाएका छन् (UGC, 2022) । तर, शैक्षिक गुणस्तर सुधारमा अपेक्षित सफलता प्राप्त हुन भने सकिरहेको छैन । शैक्षिक गुणस्तर मापन तथा प्रत्यायन प्रणालीलाई प्रभावकारी बनाउन नसकेको कारण यसो भएको हो । नेपालको उच्च शिक्षाको उद्देश्यअनुरूपको गुणस्तर कायम भए नभएको यकिन गरी आवश्यक नीतिगत तथा कार्यान्वयनको पक्षलाई सबल बनाउन जरुरी छ ।

धेरै विद्यार्थी सङ्ख्या रहेको त्रिभुवन विश्वविद्यालयमा गुणस्तर कायम हुन नसक्नुको पछाडि विश्वविद्यालयको संरचना ठुलो भई व्यवस्थापकीय पक्ष कमजोर हुनु, त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू देशभर छरिएर रहेकाले चुस्त अनुगमन हुन नसक्नु, दुर्गम क्षेत्रमा रहेका क्याम्पसहरूमा

अध्यापनमा पोख्त भएका प्राध्यापकहरूको कमी हुनु, अनुसन्धान कार्यमा यथेष्ट ध्यान नदिई प्राध्यापक केन्द्रित अध्यापन शैली तथा कमजोर भौतिक पूर्वाधारहरू आदिजस्ता कारणहरू रहेको आमबुझाइ छ । यसैगरी त्रिभुवन विश्वविद्यालयलाई सानो र चुस्त बनाउनुपर्ने आवाज पनि उठिराखेको देखिन्छ । यो जनगुनासो व्याप्त भइरहेको भए तापनि गुणस्तरका विषयमा संस्थाको आकार र विद्यार्थी सङ्ख्याले मात्र भूमिका खल्ने होइन भन्ने उदाहरणहरू थुप्रै भेटिन्छन् । शैक्षिक गुणस्तरका सन्दर्भमा विद्यार्थी सङ्ख्या कुनै बाधक हुन सक्दैन । संसारमा केही यस्ता विश्वविद्यालयहरू रहेका छन् जहाँ विद्यार्थी धेरै होस् वा थोरै त्यहाँ शिक्षाको उच्च गुणस्तर कायम रहेको छ । टाइम्स हाइयर एजुकेशन (Times Higher Education) को तथ्याङ्कअनुसार सन् २०२१ मा अमेरिकास्थित क्यालिफोर्निया इन्स्टिच्यूट अफ टेक्नोलोजी आकारमा सबैभन्दा सानो विश्वविद्यालय हो । सन् १८१० मा स्थापना गरिएको ईटालीको Scuola Normale Superiore di Pisa विद्यार्थी सङ्ख्याका हिसावले सानोमध्येको एक हो जहाँ ६ सयजना विद्यार्थी मात्र छन् । यी विश्वविद्यालयहरू मध्ये क्यालिफोर्निया इन्स्टिच्यूट अफ टेक्नोलोजी एक उत्कृष्ट हो भने ईटालीको विश्वविद्यालयले पनि नोवेल पुरस्कार विजेताहरू (साहित्य, भौतिकशास्त्र, गणितमा) उत्पादन गरिसकेको छ (Times Higher Education, 2021) ।

विद्यार्थी सङ्ख्याका हिसाबले संसारकै सबैभन्दा ठुलो विश्वविद्यालय भारतस्थित इन्दिरा गान्धी नेसनल ओपन युनिभर्सिटी हो । यसका ४० लाख विद्यार्थी छन् भने केन्द्रीय विश्वविद्यालय र दूरशिक्षाका माध्यमबाट समेत यो विश्वविद्यालयमा पढाइ हुन्छ । यो विश्वविद्यालय संसारकै ठुलो विश्वविद्यालय हो र उच्चस्तरको व्यवस्थापन र स्वायतताको कारणले यो विश्वविद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्दैआएको छ (Jennifer Jones, 2018) । गुणस्तरीय शिक्षाको लागि शैक्षिक व्यवस्थापन र प्राज्ञिक स्वायत्तता बढी महत्त्वपूर्ण मानिन्छ । त्यसो त नेपालको त्रिभुवन विश्वविद्यालय पनि सन् २०१८ मा विद्यार्थी सङ्ख्याका हिसाबले ११औं ठुलो विश्वविद्यालय रहेको थियो (The World University Ranking, 2018) जहाँ करिब ४ लाख विद्यार्थी अध्ययनरत रहेका छन् । तर समग्रमा त्रिभुवन विश्वविद्यालयको औसत शैक्षिक गुणस्तर भने क्रमशः खस्किंदै गएको छ । त्यसकारण त्रिभुवन विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न व्यस्थापकीय, प्राज्ञिक तथा अनुसन्धानको पक्षलाई सुधार गर्न ढिला गर्नुहुँदैन ।

छिमेकी मुलुक भारतलाई हेर्ने हो भने पनि त्यहाँ सन् २००१ देखि उच्च शिक्षण संस्थाहरूको व्यापक विस्तार भएको पाइन्छ । यस अवधिमा उच्च शिक्षण संस्थाहरूको सङ्ख्या र भर्ना दर चारगुणाले वृद्धि भएको हो । पछिल्लो तथ्याङ्कअनुसार भारतको उच्च शिक्षण संस्थाहरूको सङ्ख्या ५१ हजार ६ सय ४९ पुगेको छ (Ravi, Gupta, & Nagaraj, 2019, p.11) । भारतको उच्च शिक्षा प्रणाली संसारको ठुला उच्च शिक्षा प्रणालीमध्ये एक हो । विद्यार्थी भर्नाको आधारमा भारतको उच्च शिक्षा ३ करोड ५७ लाख विद्यार्थीसहित दोस्रोमा पर्दछ भने चीनको उच्च शिक्षा विश्वको पहिलो हो । चीनमा ४ करोड १८ लाख विद्यार्थीहरू विश्वविद्यालय र कलेजहरूमा अध्ययन गर्दछन् (Ravi, Gupta, & Nagaraj, 2019, p.11) ।

उच्च गुणस्तरका उच्च शिक्षा प्रदान गर्ने साना संस्था स्थापना गर्ने भारतीय नीति, चीन, संयुक्त राज्य अमेरिका र युरोपेली देशहरूले अनुसरण गरेको ठुला उच्च शिक्षा संस्थाहरू स्थापना गर्ने नीतिभन्दा फरक थियो। चीनले २ हजार ५ सय ९६ उच्च शिक्षा संस्थाहरूबाट नै ४ करोड १८ लाख विद्यार्थीहरूलाई उच्च शिक्षाको सेवा दिएको छ (Ravi, Gupta, & Nagaraj, 2019, p.11)। यसअनुसार प्रति क्याम्पस औसत विद्यार्थी सङ्ख्या १६ हजार १ सय २ जना हुन्छ। नेपालको ३ सय २६ प्रति क्याम्पस औसत विद्यार्थी सङ्ख्याको तुलनामा यो झण्डै पचास गुणा बढी हो। भारतको सन् २०१६-२०१७ को तथ्याङ्कअनुसार ५१ हजार ६ सय ४९ उच्च शिक्षण संस्थाहरूमा (व्यावसायिक तालिम प्रदान गर्ने ११ हजार १ सय ६९ संस्थाहरूबाहेक) अध्ययन गर्ने औसत विद्यार्थी सङ्ख्या ६ सय ९१ थियो।

सङ्ख्यात्मक रूपले सबल बन्दैगइरहेको भारतको उच्चशिक्षाका थुप्रै चुनौतीहरू मध्ये शिक्षित वेरोजगारी बढी हुनु, निम्न गुणस्तरको शिक्षण हुनु, कमजोर सुशासन, अपर्याप्त वित्तीय व्यवस्था र जटिल नियम कानुन आदि हुन्। जसको कारणले गर्दा उच्च शिक्षाको कूल भर्ना दर सन् २०२२ को लक्ष्य ३२ प्रतिशतलाई भेट्टाउन मुस्किल हुने देखिन्छ। भारतको सन् २०१८-१९ को कूल भर्ना दर २६.३ प्रतिशतभन्दा त्यो दर निकै फराकिलो छ (Ravi, Gupta, & Nagaraj, 2019, p.12)। सन् २०२० मा यी तीन देशको कूल भर्नादर देहायअनुसार रहेको छ।

**चित्र ९ उच्च शिक्षाको कूल भर्नादर (प्रतिशतमा)**




*स्रोत: World Bank (2022a&b) & UGC (2020)*

Ravi, Gupta, & Nagaraj (2019) का अनुसार भारतको उच्च शिक्षाको एउटा कमजोरी उच्च शिक्षण संस्थाहरूलाई प्राज्ञिक र प्रशासनिक स्वायतता नदिनु पनि रहेको थियो। विश्वविद्यालयबाट सम्बन्धनप्राप्त कलेजहरूलाई सुपरिवेक्षण गर्न र शैक्षिक क्रियाकलापहरूमा जिम्मेवार बनाउन सकेको देखिदैन। तर स्वायत्त कलेजहरूमा आफ्नै सुपरिवेक्षण र नियामक अङ्ग हुने भएकाले तिनीहरूमा यस्तो समस्या रहेको पाइदैन (Ravi, Gupta, & Nagaraj, 2019, p.12)।

वित्तीय स्रोतको सन्दर्भमा भारतमा सबै सार्वजनिक उच्च शिक्षण संस्थाहरूको स्रोत व्यवस्था राज्यले नै प्रवाह गर्ने पद्धति भए तापनि केही दशकयता प्रान्तीय सरकारले उच्च शिक्षामा केन्द्रीय सरकारको भन्दा धेरै लगानी गर्न थालेको छ। निजी लगानीमा रहेका उच्च शिक्षण संस्थाहरूमा भने पूर्णतया विद्यार्थीहरूको शुल्कबाट वित्तीय स्रोतको परिपूर्ति गर्ने अभ्यास रहेको देखिन्छ। यस्ता निजी लगानीका कलेजहरूमा विद्यार्थीहरूबाट उठाइने शुल्क सार्वजनिक लगानीमा रहेका उच्च शिक्षण संस्थाहरूको तुलनामा दोब्बर रहेको हुन्छ। निजी कलेजहरूको भर्ना सङ्ख्या सम्पूर्ण भर्ना सङ्ख्याको तीन चौथाई रहेको छ (Ravi, Gupta, & Nagaraj, 2019, p.12)।

भारतको उच्च शिक्षाको परिदृश्य समीक्षा गर्दा सन् २०११ बाट निजी शिक्षण संस्थाहरूको वृद्धिले गति लिएको देखिन्छ। सन् २०१७ सम्म आइपुग्दा यो वृद्धि सरदर साढे दुई गुणाले रहेको देखिन्छ भने सार्वजनिक लगानीका संस्थाहरूको वृद्धिदर निकै सुस्तगतिमा बढेको तथ्याङ्कहरूले देखाउँछन। त्यसैगरी समग्र उच्च शिक्षा सुधारका लागि उच्च शिक्षण संस्थाहरू स्वायत्त बन्नुपर्ने बहसमा भारतले पहलकदमी लिएको पाइन्छ। सन् २००१ मा १ सय ९७ वटा मात्र स्वायत्त उच्च शिक्षण संस्था रहेकोमा सन् २०१७ मा ८ सय ९२ वटा शिक्षण संस्थाहरू स्वायत्त रूपले सञ्चालन भएका छन् जुन कूल उच्च शिक्षण संस्थाको दुई प्रतिशत मात्र हो (Ravi, Gupta, & Nagaraj, 2019, p.30–32)। भारतले स्वायत्तता प्रदान गरेका उच्च शिक्षण संस्थाहरूले प्राप्त गर्ने अधिकारहरूलाई वित्तीय, प्राशासनिक र प्राज्ञिक गरी तीनवटा क्षेत्रमा विभाजन गरेको पाइन्छ।

### तालिका १९ स्वायत्त उच्च शिक्षण संस्थाले प्राप्त गर्ने अधिकारहरूको वितरण

| वित्तीय | प्रशासनिक | प्राज्ञिक |
|---|---|---|
| शुल्क तय गर्ने | प्राध्यापक तथा कर्मचारी भर्ना | नयाँ, व्यवसायिक र नवप्रवर्तनात्मक पाठ्यक्रम तयार गरी लागु गर्ने |
| वित्त बाँडफाँट र वितरण गर्ने | सरकार वा अनुदान आयोगलाई प्रत्यक्ष रिपोर्ट गर्ने नकि प्राज्ञिक परिषद् वा सञ्चालक परिषद्लाई | आफ्नै परीक्षा प्रणाली लागु गर्ने, प्राज्ञिक स्तर निर्धारण र मापन गर्ने |
| पूर्वस्वीकृतिविना नयाँ राजस्व वा आम्दानीका स्रोतहरूको खोजी गर्ने | विद्यार्थीहरूलाई प्रशस्त स्रोत व्यवस्थापन र नियमन | आफ्नै संस्थाको नामबाट शैक्षिक उपाधि प्रदान गर्ने |

*स्रोत: Adopted from Ravi, Gupta, & Nagaraj, 2019, p.32*

भारतले विश्वविद्यालयहरूले दिने सम्बन्धन प्रणालीको भार कम गर्न र बढीभन्दा बढी प्राज्ञिक स्वतन्त्रता प्रदान गर्न उच्च शिक्षण संस्थाहरूलाई स्वायत्त बनाउन ग्रेडेड अटोनोमी (graded autonomy) को नीति लिएको पाइन्छ। जसले गर्दा नियामक निकायलाई प्रशासनिक दृष्टिकोणले न्यून क्षमताका कलेजहरूको स्तरवृद्धिमा ध्यान केन्द्रित गर्न सहज हुन्छ। तर, स्वायत्तता प्रदान गर्ने र कलेजले प्राप्त गर्ने प्रक्रिया आफैमा लामो र झन्झटिलो प्रकिया हो। त्यसकारण नेपालको सन्दर्भमा पनि स्वायतता प्राप्त गर्ने प्रक्रियालाई सहज बनाउनुपर्ने र स्वायततालाई गुणस्तर मापदण्ड तथा प्रत्यायनसँग जोडेर थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ।

सन् २०१८ देखि स्वायतता प्रदान गर्दा गुणस्तर मापदण्डसँग सम्बन्धित गरेर प्राप्त गर्ने प्रक्रियाबाट अगाडि बढाइएको 'ग्रेडेड अटोनोमी' (graded autonomy) को अवधारणाले प्रभावकारी भूमिका खेलेको र शैक्षिक विकासले सही दिशा प्राप्त गरेको छ (Ravi, Gupta, & Nagaraj, 2019, p.30)। 'ग्रेडेड अटोनोमी' यस्तो एक योजना हो जसको कुनै निश्चित समयावधि तोकिएको हुँदैन। जुनसुकै संस्थाले जुनपनि बेला यो प्रक्रियामा सामेल हुनसक्छन्। नेसनल एसेस्मेन्ट एण्ड एक्रिडिटेशन काउन्सिल (National Assessment and Accreditation Council) को मूल्याङ्कनमा कुनै पनि उच्च शिक्षण संस्थाले ग्रेड "ए" वा सोभन्दा माथिको ग्रेड प्राप्त गरेमा तिनीहरूलाई स्वतः स्वायतता प्रदान गर्ने गरिन्छ।

सम्बन्धन प्रणालीलाई विस्थापित गरी विशिष्टीकृत कलेजहरूको स्थापनामा प्रभावकारी मानिएको 'क्लस्टर विश्वविद्यालय' (cluster university) को अवधारणालाई भारतले नीतिगत रूपमा लागु गरेको छ (Ravi, Gupta, & Nagaraj, 2019, p.33)। यसरी क्लस्टरबाट निर्माण गर्दा स-साना कलेजका भौतिक संरचना एकीकृत गरी शिक्षाको गुणस्तर सुधार गर्ने नीति प्रभावकारी भएको दाबी गरिएको छ। कलेजहरूलाई व्यवस्थापनयोग्य आकारमा ल्याउन र ठुलो भौतिक संरचनामा विद्यार्थीहरूलाई बहुआयामिक सुविधाहरू प्रदान गर्नसमेत सहज हुन्छ।

### तालिका २० भारतमा क्लस्टर विश्वविद्यालय

| विश्वविद्यालयको नाम | कलेज सङ्ख्या | भर्ना भएका विद्यार्थी सङ्ख्या (२०१६-१७) | पोष्टग्रयाजुएट भर्ना प्रतिशत | शैक्षिक कार्यक्रमको सङ्ख्या | स्वामित्वको प्रकृति |
|---|---|---|---|---|---|
| क्लस्टर युनिभर्सिटी अफ जम्मु | ५ | १६,६१६ | १.८ | २० (८ वटा पोष्टग्रयाजुएट) | सरकारी |
| क्लस्टर युनिभर्सिटी अफ श्रीनगर | ५ | १५,२४१ | ३.६ | २० (१० वटा एकीकृत मास्टर्स) | सरकारी |

| विश्वविद्यालयको नाम | कलेज सङ्ख्या | भर्ना भएका विद्यार्थी सङ्ख्या (२०१६-१७) | पोष्टग्रयाजुएट भर्ना प्रतिशत | शैक्षिक कार्यक्रमको सङ्ख्या | स्वामित्वको प्रकृति |
|---|---|---|---|---|---|
| खालिकोट युनिभर्सिटी | ५ | उपलब्ध नभएको | उपलब्ध नभएको | उपलब्ध नभएको | सरकारी |

*स्रोत: Ravi, Gupta, & Nagaraj, 2019, p.33*

भारतको उच्च शिक्षामा सन् १९८०-८१ मा प्राविधिक शिक्षामा समेत सरकारले गर्ने गरेको लगानी १ हजार ५३ दशमलव २ करोड थियो भने सो लगानी बढेर सन् २०१४-१५ मा ७० हजार २२४.५८ करोड भारतीय रूपियाँ पुऱ्याइएको छ (Ravi, Gupta, & Nagaraj, 2019, p.38) । भारतको विश्वविद्यालय अनुदान आयोगले विश्वविद्यालयहरूमा गर्ने लगानीको मात्रा बढाउने तथा प्रान्तीय तहको नियमनकारी भूमिका र लगानी गर्नसक्ने क्षमतासमेत अभिवृद्धि गर्ने रणनीति अख्तियार गरेको पाइन्छ । यी रणनीतिहरूको मुख्य उद्देश्य उच्च शिक्षाको नियमनका लागि मूल्य-मान्यता निर्धारण गर्ने जस्तै प्राध्यापकको तलबमान तोक्ने आदि कार्य गर्दछ । तर, अधिकांश कार्यक्षेत्रको नियमन गर्न विश्वविद्यालय अनुदान आयोगलाई निकै दबाब परेको र त्यो दबाबलाई कम गर्न उच्च शिक्षा परिषद्ले कार्य गरिरहेको छ ।

विश्वविद्यालय सञ्चालनका लागि भारतले सन् १९९० देखि नै लागत उठाउने (cost recovery) रणनीति अवलम्बन गरेको हो । सन् १९९१ को 'द पुन्याय कमिटि' (The Punnayya Committee) ले १५-२५ प्रतिशत लागत असुलीको लक्ष्य निर्धारण गरेको थियो भने ६५ प्रतिशत खर्च शिक्षण र अनुसन्धानमा लगाउने सुझाव दिएको थियो। यसैगरी द स्वामिनाथान कमिटी, १९९२ (The Swaminathan Committee, 1992) ले सरकार र उच्च शिक्षा शिक्षण संस्थाहरूलाई लागत उठाउने सम्भावित उपायहरू सिफारिस गरेको थियो (Ravi, Gupta, & Nagaraj, 2019, p.4) । जसका केही महत्त्वपूर्ण सिफारिसहरूमा उद्योगहरूलाई उच्च शिक्षा कर लागु गर्ने, वित्त आर्जन गर्ने शैक्षिक कार्यक्रमहरूको विकास गर्नुपर्ने र आर्थिक रूपले सक्षम विद्यार्थीहरूबाट शिक्षण शुल्क लिने आदि छन् ।

भारत सरकारले उच्च शिक्षामा प्रत्यक्ष लगानी बढाउनुको साटो विद्यार्थीले ऋण प्राप्त गर्ने प्रक्रिया र पद्धतिलाई सहज बनाई उच्च शिक्षामा सहज पहुँच बढाउने र घरपरिवारको आर्थिक बोझ कम गर्न मद्दत पुग्नेगरी यो नीति लिएको छ (Ravi, Gupta, & Nagaraj, 2019, p.46) ।

समग्रमा भारतले उच्च शिक्षाका लागि गरेको नीतिगत प्रयासहरूको प्रतिफल देखिन थालेको आभास उल्लिखित सूचना र तथ्याङ्कहरूबाट पाउन सकिन्छ। उच्च शिक्षण संस्थाहरूले प्राप्त गर्ने अधिकारहरूलाई वित्तीय, प्रशासनिक र प्राज्ञिक स्वायत्तता प्रदान गरी विश्वस्तरीय बनाउने नीतिगत सुधार भारतको उच्च शिक्षा सुधारमा प्राथमिकतामा रहेको नीति हो। त्यसैगरी आर्थिक रूपमा

बोझिलो, प्रशासनिक रूपमा झन्झटिलो र गुणस्तरको दृष्टिकोणले सुधारको खाँचो रहेको 'सम्बन्धन प्रणाली' लाई विस्थापित गरी विशिष्टीकृत कलेजहरूको स्थापनामा प्रभावकारी मानिएको 'क्लस्टर विश्वविद्यालय' को अवधारणालाई भारतले नीतिगत रूपमा लागु गरी उच्च शिक्षाको सुधारमा सकारात्मक सङ्केतहरू देखाइसकेको छ ।

उच्च शिक्षा नियमन, अनुगमन र मूल्याङ्कन गर्न विश्वविद्यालय अनुदान आयोगलाई निकै दबाब परेको अवस्थामा त्यो दबाबलाई कम गर्न उच्च शिक्षा परिषद्ले कार्यक्षेत्रको बाँडफाँट गरी समग्र उच्च शिक्षा सुधारमा सहयोगी भूमिका निर्वाह गरेको पाइन्छ । लगानीको बहुआयामिक अवधारणामध्ये प्रान्तीय तहको नियमन गर्न सक्षम बनाउने र लगानी क्षमतासमेत अभिवृद्धि गर्ने रणनीति प्रभावकारी मानिएको छ ।

भारतको उदाहरणबाट नेपालमा उस्तै खालका समस्याहरूलाई हल गर्न नीतिगत पक्षमा गर्नुपर्ने सुधारको खाकासमेत निर्माण गर्न मद्दत पुग्ने देखिन्छ । क्याम्पसहरूलाई स्वायत्तता प्रदान गर्ने, स्वायततालाई गुणस्तर सुधारसँग जोड्ने, क्लस्टर विश्वविद्यालय निर्माण वा यस्तै अवधारणा विकास गरी गुणस्तर अभिवृद्धि गर्ने, प्रदेशको लगानी क्षमता र नियमनकारी भूमिकाको क्षमता अभिवृद्धि गर्ने र विश्वविद्यालय अनुदान आयोगको कार्यभार वहनलाई सहजीकरण गर्ने उच्च शिक्षा परिषद्को निर्माणजस्ता आवश्यक तथा उपयोगी हुनसक्ने नीतिगत सुधार गर्नुपर्ने देखिन्छ । विश्वविद्यालयको उत्पादित जनशक्तिले बजारमा प्राप्त गर्ने रोजगारी, उद्यमशीलताको विकास गर्ने अवधारणा तथा स्वतन्त्र रूपमा ज्ञानको निर्माण र विस्तार गर्नसक्ने क्षमताका आधारमा त्यसको गुणस्तर निर्धारण र मापन गर्ने आधार बन्न सक्दछ ।

समग्रमा विश्वस्तरीय विश्वविद्यालय निर्माण र त्यसका आधारभूत पक्षहरूको विश्लेषण गरी सोहीअनुरूपका पूर्वाधारहरू विकास गर्नुपर्दछ । भौतिक पूर्वाधार, बौद्धिक पूर्वाधार, नेटवर्क पूर्वाधार, भावनात्मक पूर्वाधार र अन्य पूर्वाधारहरूको एकीकृत खाकासहित विश्वविद्यालय सुधार वा निर्माणको कार्य अगाडि बढाउनु पर्दछ । यी पूर्वाधारसँग लगानी, प्राज्ञिक स्वायत्तता, विश्वविद्यालयहरूबिचको सहकार्य, उद्योग र अनुसन्धान संस्थाहरूबिच सहकार्यजस्ता विषयहरू निकै महत्त्वपूर्ण मानिन्छन् । यसका साथै शैक्षिक कार्यक्रम र पाठ्यक्रममा समयानुकूल विषयवस्तु र ज्ञानको विस्तार गर्ने विषय समेटिनु उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

# परिच्छेद चार

# प्रादेशिक विश्वविद्यालय

## ४.१. प्रादेशिक विश्वविद्यालयको परिभाषा

नेपालको संविधानको अनुसूची ६ अन्तर्गत प्रदेशको अधिकार सूचीको क्रमसङ्ख्या ८ मा प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र सङ्ग्राहलय प्रदेशको अधिकारभित्र छ । प्रदेशले विश्वविद्यालय स्थापना गर्नसक्ने तर मापदण्ड तयार गर्ने र नियमन गर्ने सङ्घीय सरकारको अधिकारभित्र रहेको स्पष्ट उल्लेख गरिएको छ । तसर्थ, सङ्घीय सरकारको सोही अधिकार क्षेत्रलाई कार्यान्वयन गर्न मद्दत पुग्ने गरी प्रादेशिक विश्वविद्यालयको परिभाषा स्पष्ट पार्नुपर्दछ ।

बागमती प्रदेशले आफ्नो प्रदेश उच्च शिक्षा ऐन २०७८ मा प्रादेशिक विश्वविद्यालय सम्बन्धमा गरेको व्यवस्थामा धेरै महत्त्वपूर्ण आधारहरू तयार गरेको छ । बागमती प्रदेशको उच्च शिक्षा ऐनमा भनिएको छ - प्रादेशिक विश्वविद्यालय प्रदेशस्तरबाट स्थापना गरिने उच्च शिक्षा प्रदान गर्ने स्वायत्त शैक्षिक संस्था भन्ने बुझ्नु पर्दछ । यस्ता विश्वविद्यालयले सम्बन्धन प्रदान नगर्ने तर प्रदेशभित्र आङ्गिक क्याम्पसहरू सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । प्रदेशस्तरका विश्वविद्यालयको मान्यता, तह र स्तर केन्द्रीय वा सङ्घीय विश्वविद्यालयको भन्दा फरक हुने छैन ।

यसका साथै उल्लिखित अवस्थामा केन्द्रीय वा प्रादेशिक विश्वविद्यालय भनेर कुनै तहगत भेद गरिएको छैन् । प्रदेशले कानुन बनाउने, व्यवस्थापन गर्ने, लगानीका लागि स्रोतको व्यवस्था गर्ने, पूर्वाधार र आवश्यकता निर्क्योल गर्ने र उपयुक्त ठहरिएमा मात्र विश्वविद्यालय सञ्चालनको अनुमति प्रदान गर्नेछन् । विश्वविद्यालय स्थापना गर्दा प्रदेश सरकारको अनुमतिले मात्र सञ्चालन गर्न सकिनेछ (प्रदेश उच्च शिक्षा ऐन, २०७८) ।

यसैगरी लुम्बिनी प्रदेश सरकारले प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न ऐन जारी गरेको छ । सो ऐनको परिच्छेद १ को 'ज' मा प्रदेश विश्वविद्यालयलाई परिभाषित गरिएको छ । जसअनुसार प्रदेश विश्वविद्यालय भन्नाले यस ऐन बमोजिम प्रदेश सरकारले सञ्चालन अनुमति दिएका विश्वविद्यालय सम्झनु पर्छ र सो शब्दले मानित विश्वविद्यालय सरह प्रदेश सरकारबाट सञ्चालन अनुमति वा स्वीकृति प्राप्त उच्च शिक्षा शिक्षण संस्थालाई समेत जनाउँछ (लुम्बिनी प्रदेश, २०७८) ।

लुम्बिनी प्रदेश सरकारले प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न ऐनले गरेको कानुनी प्रबन्धमा रही व्यवहारिक रूपले सम्भाव्य हुने गरी विश्वविद्यालय स्थापनाको लागि अनुमति तथा स्वीकृति प्रदान गर्न उचित व्यवस्था मिलाउनु पर्दछ । साथै प्रदेश स्तरमा विश्वविद्यालय

आवश्यक रहेको र यसको सम्भाव्यतासम्बन्धी विस्तृत अध्ययन गरी लगानीका स्रोतहरूको सुनिश्चितता गरेर मात्र स्वीकृति दिने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

प्रदेशस्तरमा स्थापना हुने प्रादेशिक विश्वविद्यालयले विश्वस्तरीय शिक्षा, अनुसन्धानमुखी शैक्षिक कार्यक्रम, उद्यमशीलतालाई प्रोत्साहन गर्ने प्राविधिक वा साधारण वा दुवै धारका कार्यक्रम सञ्चालन गर्न सक्दछन् । विश्वविद्यालयको गुणस्तर कायम गर्न आन्तरिक गुणस्तर मापनका संयन्त्र र अनुसन्धानलाई प्रभावकारी बनाउन अनुसन्धान अक्षय कोष खडा गर्न सक्ने हुनुपर्दछ । यसरी प्रादेशिक विश्वविद्यालय स्थापना गर्दा समाज, देश, परिवेश र समय अनुकूलका विषयहरूलाई प्राथमिकता दिनु नितान्त आवश्यक छ । अन्वेषणात्मक र नयाँ पाठ्यक्रमहरू विकास गरी नेपालको जनशक्ति देशभित्र र विदेशमा समेत प्राविधिक सीपमा अब्बल तथा उपयुक्त हुने जनशक्ति तयार गर्ने विस्तृत योजना तयार गरेर विश्वविद्यालय स्थापना गर्नु पर्दछ । प्राविधिक धारका विश्वविद्यालयको मूल उद्देश्य रोजगारी सिर्जनामा सहयोगी हुने गरी शैक्षिक कार्यक्रम निर्माण गर्ने हुनुपर्दछ । यसले उद्यमशीलता विकासमा टेवा दिनुको साथै रोजगार सिर्जनामा समेत सहयोग गर्दछ ।

समग्रमा प्रादेशिक विश्वविद्यालय भन्नाले प्रदेशको ऐन तथा विधान बमोजिम स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन भएका तथा सञ्चालन अनुमति वा स्वीकृति प्राप्त विश्वविद्यालय सम्झनु पर्दछ । प्रादेशिक विश्वविद्यालय अन्तर्गत प्रदेश सरकारले अनुमति वा स्वीकृति प्रदान गरेका मानित विश्वविद्यालय सरह उच्च शिक्षण संस्थाहरूलाई समेत बुझाउँछ । प्रादेशिक विश्वविद्यालयहरूले आफ्नो प्रदेशमा आङ्गिक क्याम्पसहरू खोल्न सक्नेछन् तर सम्बन्धन नदिने व्यवस्था गर्नु उचित देखिन्छ ।

## ४.२. प्रादेशिक विश्वविद्यालयहरूको प्रारम्भिक अवस्था

प्रादेशिक विश्वविद्यालय सञ्चालन गर्न न्यूनतम पूर्वाधार विकासका लागि वित्तीय व्यवस्थापन र लगानी सुनिश्चिततासम्बन्धी नीतिगत सुझावहरू प्रकाशमा ल्याउनुपूर्व प्रदेश स्तरबाट भएका वर्तमान प्रयास र ऐन कानुन निर्माणसम्बन्धी अवस्थालाई समेत केलाउने प्रयास गरिएको छ । साथै विश्वविद्यालय किन खोल्न आवश्यक छ भन्ने मूल आधारलाई समेत विश्लेषण गरिएको छ ।

यसरी प्रदेश वा संघमा खुल्ने विश्वविद्यालयहरूले पहुँचयोग्य, सर्वसुलभ (affordable) अर्थात् चाहेको शैक्षिक तह अध्ययन गर्न लाग्ने शिक्षण शुल्क तिर्न सक्ने बनाउदै, उद्यमशीलता विकास गर्ने, रोजगारीमूलक र गरीखाने शिक्षा सञ्चालनमा विशेष जोड दिनुपर्छ । यसका साथै विश्वविद्यालयका लागि आवश्यक जनशक्ति आपूर्तिको व्यवस्था र प्राज्ञिक स्वायत्ततामा समेत ध्यान दिनु आवश्यक छ ।

प्रादेशिक विश्वविद्यालयको स्थापनामा प्रारम्भिक चरणमा जति उत्साह देखिएको छ सोअनुसार काम हुन नसक्नुमा विभिन्न कारकतत्वहरू जिम्मेवार देखिएका छन् । विश्वविद्यालय पूर्वाधार निर्माणका लागि आवश्यक हुने जग्गा प्राप्ति, कर्मचारीतन्त्रको लामो प्रक्रिया, राजनैतिक सहमतिको अभाव,

लगानी गर्ने रकमको अभाव, संस्थागत सञ्चालन ढाँचा वैज्ञानिक नहुनु, नेतृत्व छनोटमा समस्या आदि प्रमुख चुनौतीको रूपमा रहेको कुरा मिति २०७८ असोज ३० गते आयोजित सार्वजनिक संवादका क्रममा विज्ञहरूले राख्नु भएको थियो । प्रादेशिक विश्वविद्यालयको सो अवस्था विश्लेषणमा गण्डकी विश्वविद्यालय तथा मनमोहन प्राविधिक विश्वविद्यालयका बारेमा यहाँ उल्लेख गरिएको छ ।

गण्डकी विश्वविद्यालय स्थापनाका लागि आर्थिक वर्ष २०७७/७८ का लागि ३२ करोड बजेट विनियोजित भएकोमा प्रिफ्याब भवन बनाउन ५ करोड रुपैयाँ सहरी विकास तथा भवन कार्यालय, कास्कीलाई हस्तान्तरण गरिएको तथा १ करोड २० लाख प्रदेश सरकारले नागरिक उड्डयन प्राधिकरणको भवन मर्मतका लागि खर्च गरेको छ । जुन प्राधिकरणको भवनको भुईंतला र पहिलो तलामा विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको छ (गण्डकी प्रदेश, २०७८) । एउटा विश्वविद्यालय स्थापना र भौतिक पूर्वाधार निर्माण गर्नका लागि यो बजेट पर्याप्त भने अवश्य पनि होइन । तथापि, आगामी वर्षहरूमा बजेट बढोत्तरी गरेर गण्डकी विश्वविद्यालयलाई रकम प्रदान गर्न सकेमा मात्र यसले आफ्नो तोकिएको समयसीमाभित्र निर्माण सम्पन्न गर्न सक्ने देखिन्छ ।

यसका साथै गण्डकी प्रदेश सरकारले विश्वविद्यालयलाई उपलब्ध गराएको महेन्द्रपुलमा रहेको हुलाक भवनमा बी.आई.टी. (BIT) कार्यक्रम सञ्चालन गरिरहेको छ । गण्डकी विश्वविद्यालयको शिक्षण अस्पताल भवनहरू निर्मानस्थलमा तारवार लगाउने कार्य सम्पन्न भएको छ । सूचना सञ्चार प्रविधि प्रयोगशाला निर्माण (आई.सी.टी. ल्याब सेटअप), चिकित्सा प्रयोगशाला निर्माण (मेडिकल ल्याब सेटअप) सम्बन्धी कार्य सम्पन्न भएको छ । चिकित्साशास्त्र (एम.बी.बी.एस.) तथा दन्तचिकित्सा शास्त्र (बी.डी.एस.), सूचना प्रविधि, खेलकुद व्यवस्थापन, फार्मेसीहरूका पाठ्यक्रम तयार गरी पठनपाठन सञ्चालनमा आइसकेको छ (गण्डकी प्रदेश, २०७८) ।

विश्वस्तरीय संस्था बनाउने लक्ष्य लिएर १० वर्षे गुरुयोजनाअनुरूप मनमोहन प्राविधिक विश्वविद्यालयले काम अघि बढाएको छ । गुरुयोजना कार्यान्वयन गर्न बजेट आवश्यक हुने प्रक्षेपण गरिएको छ । तर प्रदेश १ को आ. व. २०७७-७८ को बजेट वक्तव्यअनुसार मनमोहन प्राविधिक विश्वविद्यालयको संरचनागत तथा कार्यक्रमगत सुदृढीकरण गर्न जम्मा १३ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ (बजेट वक्तव्य २०७७-७८ प्रदेश १, २०७८) । यसरी हेर्दा विश्वविद्यालयको अनुमानित बजेटभन्दा यो निकै कम छ । यो १.९३ प्रतिशत हो । यहीअनुसार न्यून बजेट विनियोजन भए परियोजना सम्पन्न गर्न करीब ५२ वर्ष लाग्छ । बहुवर्षीय बजेट अवधारणामा विनियोजित हुँदै जाँदा र विश्वविद्यालयको आन्तरिक आम्दानी (जस्तैः विद्यार्थी शुल्क) ले पूर्वाधार खर्चमा योगदान गर्ने अवस्थामा पनि लक्ष्यअनुसारको बजेट पुग्न धेरै वर्ष लाग्ने देखिन्छ । विश्वविद्यालयको आन्तरिक आम्दानीले पूर्वाधार निर्माण गर्न निकै कठिन हुन्छ । स्रोतको आपूर्ति सुनिश्चित नहुँदा प्रारम्भिक चरणमै भौतिक पूर्वाधार निर्माण गर्न समस्या देखिएको हो । वित्तीय स्रोतको पहिचान र सुनिश्चितता हुन नसके मनमोहन प्राविधिक विश्वविद्यालयले पनि पुराना विश्वविद्यालय जस्तै समस्या भोग्नुपर्ने हुन्छ र आशातित् विधाका

कार्यक्रम सञ्चालन गर्न कठिन हुन्छ । यसले विश्वविद्यालयको समग्र अध्ययन अनुसन्धान र गुणस्तरीय शिक्षाका विविध पक्षहरूमा असर गर्ने सम्भावना रहन्छ ।

यससँगै मनमोहन प्राविधिक विश्वविद्यालयमा शैक्षिक कार्यक्रमहरूको निर्माण र प्रमाणिकरण प्रक्रिया तथा शैक्षिक सत्र सञ्चालनमा तालमेल मिलाउनसमेत अप्ठेरो रहेको देखिन्छ। प्रादेशिक विश्वविद्यालयहरूले विद्यार्थीहरूलाई प्रदान गर्ने छात्रवृत्तिको रकम कसरी र कुन स्रोतबाट पूर्ति हुने भन्नेसमेत यकिन गर्न नसकेको अवस्था रहेको छ । यसको अर्थ सञ्चालन खर्चमा थप भारपर्ने निश्चित छ । आर्थिक स्रोतको यकिन हुन नसक्दा यसको प्रत्यक्ष असर प्रादेशिक विश्वविद्यालयहरूले सञ्चालन गर्न तयारी गरिरहेको चिकित्सा शिक्षाको सन्दर्भमा पनि लागु हुन्छ । चिकित्सा शिक्षाको पठन पाठन सञ्चालन गर्नको लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को प्रावधानले सो कार्यक्रममा ७५ प्रतिशत विधार्थीहरूलाई पूर्ण छात्रवृत्ति प्रदान गर्नुपर्ने हुन्छ तर हालसम्म त्यो स्रोतको सुनिश्चितता राज्यबाट भएको छैन । सो अवस्थामा छात्रवृत्तिको रकमको व्यवस्थाको सुनिश्चितता गरेर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

## ४.३. प्रादेशिक विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू

विश्वविद्यालयहरूको न्यूनतम पूर्वाधार र लगानीको प्रत्यक्ष सम्बन्ध ती विश्वविद्यालयले सञ्चालन गर्ने शैक्षिक कार्यक्रमहरूको छनोट र प्रभावकारी पठनपाठनसँग जोडिन्छ । वि.सं. २०७८ को अन्त्यसम्म केही विश्वविद्यालयहरूले आफ्नो शैक्षिक कार्यक्रमहरू निर्क्योल गरी पठनपाठन सुचारू गरिसकेको अवस्था छ भने केहीले प्रस्ताव मात्र गरेका छन् । बाँकी केही यसको सुरूआत गर्न तयारी अवस्थामा छन् । यिनै विश्वविद्यालयहरूमा सञ्चालित कार्यक्रमहरूको विवरण प्रस्तुत यहाँ गरिएको छ । यसको आशय विश्वविद्यालयहरूले कुन कार्यक्रम छनोट गर्छन र त्यो किन त्यस स्थान विशेष वा देशका लागि अति जरुरी छ वा छैन भन्ने समीक्षा गर्न मद्दत पुग्दछ ।

### तालिका २१ विश्वविद्यालयका प्रस्तावित तथा सञ्चालित शैक्षिक कार्यक्रमहरू

| प्रादेशिक विश्वविद्यालयहरू | शैक्षिक कार्यक्रमहरू | सञ्चालित | प्रस्तावित | पाठ्यक्रम तयार भएका |
|---|---|---|---|---|
| मनमोहन प्राविधिक विश्वविद्यालय (मोरङ) | – सिभिल इन्जिनियरिङ<br>– इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ<br>– मेकानिकल इन्जिनियरिङ | सञ्चालित<br>सञ्चालित<br>सञ्चालित | प्रस्तावित<br>प्रस्तावित<br>प्रस्तावित | |

| प्रादेशिक विश्वविद्यालयहरू | शैक्षिक कार्यक्रमहरू | सञ्चालित | प्रस्तावित | पाठ्यक्रम तयार भएका |
|---|---|---|---|---|
| | – आर्किटेक्चरल इन्जिनियरिङ<br>– कम्प्युटर इन्जिनियरिङ<br>– मास्टर्स अफ साइन्स इन हेल्थ पोलिसी, म्यानेजमेन्ट एण्ड टेक्नोलोजी<br>– स्ट्रक्चरल इन्जिनियरिङ<br>– पावर सिस्टम इन्जिनियरिङ | | प्रस्तावित<br>प्रस्तावित<br>प्रस्तावित | |
| कृषि विश्वविद्यालय (राजविराज) | – कृषि | | प्रस्तावित | |
| गण्डकी विश्वविद्यालय (पोखरा) | – व्याचलर्स इन स्पोर्ट्स म्यानेजमेन्ट (बी.एस.एम)<br>– व्याचलर्स इन इन्फर्मेसन टेक्नोलोजी (बी. आइ.टी.)<br>– व्याचलर्स इन फार्मेसी (बी.फार्म)<br>– व्याचलर्स अफ बिजनेस एडमिनिस्ट्रेशन (बी.बी.ए) | सञ्चालित<br>सञ्चालित<br>सञ्चालित<br>सञ्चालित<br>सञ्चालित | <br>प्रस्तावित<br>प्रस्तावित | <br>पाठ्यक्रम तयार<br>पाठ्यक्रम तयार |

| प्रादेशिक विश्वविद्यालयहरू | शैक्षिक कार्यक्रमहरू | सञ्चालित | प्रस्तावित | पाठ्यक्रम तयार भएका |
|---|---|---|---|---|
| | – व्याचलर्स अफ आर्ट्स व्याचलर्स अफ ल (बी.ए.एल.एल.बी)<br>– चिकित्साशास्त्र<br>– बी.डी.एस. | | | |
| पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय | – जडीबुटीसम्बन्धी<br>– पर्वतसम्बन्धी<br>– सम्पदासम्बन्धी | | प्रस्तावित<br>प्रस्तावित<br>प्रस्तावित | |

*स्रोत: सम्बन्धित विश्वविद्यालयहरूका वेवपेज र नीति तथा कार्यक्रमहरू*

यस तालिकामा देखाइएअनुसार गण्डकी विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरूको समीक्षा गर्दा यो विश्वविद्यालयले गण्डकी प्रदेशमा रहेको पोखरा विश्वविद्यालय र अन्य विश्वविद्यालय क्याम्पस जस्तै पृथ्वीनारायण क्याम्पस आदिले पठनपाठन गराउँदै आएका शैक्षिक कार्यक्रमहरू नै सुरु गरेको देखिन्छ।

गण्डकी विश्वविद्यालयले व्याचलर इन स्पोर्ट्स म्यानेजमेन्ट (बी.एस.एम.) को नयाँ विषय सुरुआत गरेको छ। यस्तै नयाँ विषयको सुरुआत गर्नु उपयुक्त हुन्छ। तर, समान तह र विधाका शैक्षिक कार्यक्रममा दोहोरोपन हुने गरी कुनै पनि विषय पठनपाठन गर्नु तर्कसङ्गत हुँदैन। गण्डकी प्रदेश सरकारले सञ्चालन गर्न लागेको चिकित्सा शिक्षाको कार्यक्रम अन्य क्याम्पससँग के-कति कारणले फरक छ भन्ने विषयमा तुलनात्मक अध्ययनका साथै क्याम्पसहरूको क्षमता अभिवृद्धि गरेर एउटै कलेजलाई जिम्मा दिन सकिन्छ। विश्वविद्यालयमा हुने लगानीलाई घटाउने सन्दर्भमा यो प्रभावकारी हुनसक्दछ भने गुणस्तर सुधारमा सो लगानी उपयोगमा ल्याउन सकिन्छ।

यस्तै, मनमोहन प्राविधिक विश्वविद्यालयले सञ्चालनको तयारी गरेका शैक्षिक कार्यक्रमहरू र अन्य विश्वविद्यालयहरूले सञ्चालन गरिराखेका शैक्षिक कार्यक्रमहरूबिच पनि दोहोरोपना आउने देखिन्छ। मधेश प्रदेशमा प्रस्तावित कृषि विश्वविद्यालयहरूका कतिपय शैक्षिक कार्यक्रमहरू कृषि तथा वन विज्ञान विश्वविद्यालयका शैक्षिक कार्यक्रमसँग दोहोरिने कुरा स्पष्ट देखिएको छ। तसर्थ, एउटै शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने हो वा होइन ? आवश्यकता छ वा छैन ? यस्ता कार्यक्रमहरूको सम्भाव्यता छ वा छैन भन्ने विषयमा यकिन गर्नुपर्दछ।

यसरी हाल नेपालमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयलगायतले इन्जिनियरिङका विषयहरू पढाइरहेका छन् भने कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र

त्रिभुवन विश्वविद्यालयले कृषि तथा वन विज्ञान विषय पढाइरहेका छन् । मधेश प्रदेशमा प्रस्तावित कृषि विश्वविद्यालयको पाठ्यक्रम, गुणस्तरलगायतका दृष्टिकोणले अब्बल हुनु पर्दछ । यसको अतिरिक्त नेपालमा प्रदेशहरूको भौगोलिक सीमा सीमित भएकाले सबै प्रदेशमा एउटै विधाका शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावनाको अध्ययनविना शैक्षिक कार्यक्रमहरू दोहोऱ्याएर सञ्चालन गर्दा विद्यार्थीहरूको अभाव हुन सक्ने सम्भावना पनि रहन्छ । पाठ्यक्रम र गुणस्तर तथा आर्थिक रूपले प्रादेशिक विश्वविद्यालयहरू कति सम्भव छन् वा यिनलाई क्याम्पसहरूका रूपमा मात्र विस्तार गरी पठन पाठन गर्न उपयुक्त हुन्छ भने विषय मननयोग्य छ । कर्णाली प्रदेश सरकारले प्रस्ताव गरेको पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय अन्तर्गत अध्ययन हुने जडीबुटी, पर्वतीय सम्पदा अध्ययनसम्बन्धी शैक्षिक कार्यक्रम नितान्त नौला देखिएका छन् ।

अहिलेको सन्दर्भमा नेपालमा आवश्यक र यहाँको परिवेश सुहाउँदो विधा र विषयहरूको खोजी गरी पाठ्यक्रम विकास गर्नुपर्ने आवश्यकता छ । यसको अर्थ विश्व परिवेश र समसामयिक शैक्षिक कार्यक्रम सञ्चालन गर्दै विदेशका विश्वविद्यालयहरूमा अध्यापन गराइरहेका नेपाली प्राध्यापक तथा अनुसन्धानकर्ताहरूलाई नेपालमा सेवा गर्ने मौका दिने अवसरका रूपमा समेत लिन सकिन्छ भने उनीहरूले नयाँ तथा समसामयिक विषयमा त्यहाँ आर्जन गरेको ज्ञान, सीप र क्षमताको उपयोग नेपालमा गर्न सकिने सम्भावनाको ढोका खुल्दछ ।

नेपालका विश्वविद्यालयले नयाँ र परिवर्तित समयअनुसारको शैक्षिक विधा अन्तर्गतका विषयलाई प्राथमिकता दिनुभन्दा हाल पठनपाठन भइरहेका शैक्षिक विधा र विषयमा दोहोरोपन हुने गरी शैक्षिक कार्यक्रमहरू पठन पाठन गराइरहेको अवस्था देखिन्छ । यस वास्तविकतालाई परिवर्तन गरी देशको आवश्यकता र वस्तुस्थितिलाई समेट्ने किसिमका विषयहरूको विकास गर्नुपर्दछ । यसो नगर्ने हो भने समग्र उच्च शिक्षा प्रणालीको रूपान्तरणमा उल्लेख्य भूमिका खेल्ने सम्भावना देखिदैन भने विज्ञान, सूचना तथा प्रविधिजस्ता उद्यमशीलतामा आधारित शिक्षाको मागलाई सम्बोधन गर्न पनि कठिनाइ हुने देखिन्छ । यसर्थ, नयाँ स्थापना हुने विश्वविद्यालयहरूले सम्भाव्यता अध्ययनविना दोहोरोपन आउने गरी शैक्षिक कार्यक्रमहरूमा नै केन्द्रित हुनु उपयुक्त हुँदैन । विश्व परिवेशअनुसार उच्च जनशक्तिको विकास गर्न सोहीअनुसारको शैक्षिक कार्यक्रम सञ्चालन गर्न सके मात्र हामीले उत्पादन गरेको जनशक्ति विश्वबजारमा प्रतिस्पर्धी हुनसक्छ ।

नेपालको आर्थिक, सामाजिक र भौगोलिक विकासको लागि सहयोग पुऱ्याउने क्षेत्रहरू कृषि, पर्यटन, पर्यावरण, नवीनतम सूचना प्रविधि, जैविक प्रविधि, जलविद्युत, हिमालय तथा पर्वतारोहण, सहरी विकास तथा व्यवस्थित बसोबास, सुशासन, नागरिक समाजलगायतलाई समेट्ने गरी शैक्षिक कार्यक्रमहरूको आवश्यकताअनुरूप अध्ययन र अध्यापन गर्न नसकिएको वर्तमान अवस्था छ । नेपालको सन्दर्भमा विश्वविद्यालयले प्राथमिकतामा राखी पठनपाठन गर्नसक्ने केही विधा तथा विषयहरूको सूची उदाहरणार्थ अनुसूचीमा उल्लेख गरिएको छ । उल्लिखित विषयहरू विश्वका प्रतिष्ठित विश्वविद्यालयहरूमा

पठन पाठन हुने गरेको[४०], विद्यार्थीको प्राथमिकतामा परेको[४१], देश र विश्व परिवेशअनुसार उच्च माग भएका[४२,४३], तथा अनुसन्धानमूलक[४४] संस्थाहरूको सूचीका[४५] आधारमा तयार गरिएको हो ।

यी विषयहरू नमुनाका रूपमा पेश गरिएको हो । विश्वविद्यालयले देशको आवश्यकताअनुसार विषयको छनोट र निर्णय गर्ने अधिकारलाई स्वायत्त रूपमा उपभोग गर्नबाट वञ्चित गर्न मिल्दैन ।

## ४.४. प्रादेशिक विश्वविद्यालयको सन्दर्भमा आयोगका सुझावहरू

नेपाल सरकारले उच्च शिक्षा सुधारका लागि उच्चस्तरीय कार्यदल गठन गरी सुझावहरू माग गरेको थियो । महालेखा परीक्षकको मिति २०७४ भदै १९ गतेको निर्णयअनुसार विद्याधर मल्लिकको संयोजकत्वमा गठन गरिएको सो शिक्षा सुधार उच्चस्तरीय कार्यदलको प्रारम्भिक प्रतिवेदनमा नेपाल सरकारले उच्च शिक्षा क्षेत्रमा तत्काल गर्नुपर्ने सुधारहरू तथा दीर्घकालमा गर्नुपर्ने सुधारहरू सिफारिस गरेको थियो (शिक्षा मन्त्रालय, २०७४ क) । त्यस प्रतिवेदनले प्रादेशिक विश्वविद्यालयसम्बन्धी केही सिफारिससमेत गरेको थियो । मल्लिक आयोगले प्रादेशिक विश्वविद्यालयको स्थापना, सञ्चालनलगायतका विषयहरूमा प्रस्तुत गरेका सुझावहरू र सङ्घीयता कार्यान्वयनमा शिक्षा क्षेत्रको सङ्गठन, संरचना, कार्य विवरण तथा कर्मचारी व्यवस्थापनसम्बन्धी सुझाव दिएको थियो ।

### ४.४.१. शिक्षा सुधार उच्चस्तरीय कार्यदल

शिक्षा सुधार उच्चस्तरीय कार्यदल (मल्लिक आयोग) का सुझावहरू:

(१) उच्च शिक्षाको गुणस्तरमा सुधार ल्याउन र केन्द्र एवम् प्रदेशमा रहेका विश्वविद्यालयहरूको सञ्चालनमा सहजीकरण गर्नको लागि एउटा उच्च शिक्षा ऐन आवश्यक रहेको ठम्याइ यस कार्यदलले गरेको छ,

---

४० सन् २०२२ को टाइम्स हाइयर एजुकेशनको विश्वस्तराङ्कनमा ८८औं नम्बरमा परेको (https://www.timeshighereducation.com/world-university-rankings/university-science-and-technology-china) यस University of Science and Technology of China विषयहरूसम्बन्धी जानकारी यहाँबाट लिइएको छ: https://ic.ustc.edu.cn/en/v7info.php?Nav_x=107

४१ QS World University Ranking मा परेका उत्कृष्ट विषयहरूको जानकारी यहाँबाट लिन सकिन्छ: https://www.qschina.cn/university-rankings-articles/university-subject-rankings/university-subject-rankings-top-ten-most-viewed-subjects

४२ https://www.topuniversities.com/subject-rankings/2021

४३ The 9 Best University Courses to Study को बारेमा विस्तृत यहाँ पढ्न सकिन्छ: https://www.careeraddict.com/best-courses

४४ World University Rankings by Subject को बारेमा यहाँ पढ्न सकिन्छ: https://www.timeshighereducation.com/world-university-rankings/by-subject

४५ 10 subjects ranked in world's top 100 को बारेमा विस्तृत यहाँ पढ्न सकिन्छ: https://www.waseda.jp/top/en/news/73367

(२) उच्च शिक्षा हासिल गर्न इच्छुक एवम् प्रवेशका लागि योग्य सबैलाई उच्च शिक्षामा पहुँच हुनुपर्दछ । साथै उच्च शिक्षा प्रवेशका निम्ति आवश्यकता पूरा गर्ने प्रावधानको पनि व्यवस्था गरिनु पर्छ । पिरामिड शैक्षिक संरचनाअनुसार सीमित विद्यार्थीहरूले मात्र उच्च शिक्षा हासिल गर्न सक्नुको पछाडिका कारणहरू मध्ये एउटा कारण महँगो उच्च शिक्षा पनि हो । यसको लागि लगानी व्यवस्थापनमा विशेष जोड दिनु आवश्यक छ । शैक्षिक संस्थाको सेवास्तर हेरी विद्यार्थीबाट शुल्क रकम उठाउने शुल्क रकम न्यायोचित हुनु जरुरी छ । विभिन्न शैक्षिक संस्थाको शुल्क रकम फरक हुन् सक्छ तर शुल्कअनुरूप सेवा सुविधाको नियमन गर्नुपर्छ,

(३) उच्च शिक्षा प्रणालीको सन्दर्भमा उच्च शिक्षा प्रतिको चाहना बढ्दो भएपनि यसको व्यवस्थित विकास हुन नसकेको देखिन्छ,

(४) उच्च शिक्षाको सम्पूर्ण निकाय तथा संरचना मार्फत शैक्षिक सुशासन कायम गर्ने नीतिमा सरोकारवाला सबै प्रतिबद्ध रहने वातावरण सिर्जना गर्नु पर्दछ । विश्वविद्यालयलगायत प्रत्येक कलेजहरूको सङ्गठनात्मक स्वरूपको उच्च निकायमा बोर्ड अफ ट्रष्टीको प्रबन्ध गर्नु पर्दछ,

(५) केन्द्रीय तथा प्रादेशिक दुवै विश्वविद्यालयहरू प्राज्ञिक दृष्टिकोणले उत्कृष्टताको केन्द्र हुनु अनिवार्य छ । दुरूस्तै उही नभए पनि दुवै प्रकारका विश्वविद्यालयको शैक्षिक संरचना, विधि र स्तरमा एकरूपता हुनुपर्दछ,

(६) विश्वविद्यालयको नाममा केन्द्रीय वा प्रादेशिक हुनु कुनै तहको भेद होइन, यो सङ्घीय संरचनाको एउटा नीतिगत सिर्जना मात्र हो । यी दुईबिचको मूल भेद भनेको बजेटको स्रोत परिचालन मात्र हो । केन्द्रीय विश्वविद्यालयलाई केन्द्रीय सरकारले अनुदान दिन्छ । प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालयमा बजेट प्रवाह गर्नुपर्दछ भन्ने आशय हो,

(७) संरचना र शासकीय व्यवस्था अन्तर्गत उच्च शिक्षा परिषद् र उच्च शिक्षा आयोगको गठन गरी कार्य गर्नु उपयुक्त हुन्छ । परिषद्को अध्यक्ष प्रधानमन्त्री, उपाध्यक्ष शिक्षा मन्त्री र १९ जना सरोकारवाला रहने गरी सुझाव दिइएको छ । यस्तै सात सदस्यीय आयोग कार्यकारी अङ्ग हुनुपर्ने सुझाव दिइएको छ,

(८) मानव स्रोत विकासका लागि कस्तो जनशक्ति आवश्यक छ भन्ने प्रक्षेपण गर्ने कार्यसमेत विश्वविद्यालय आफैले गर्नुपर्छ र जनशक्ति र पढाइबिचको तालमेल मिलाउने कार्य पनि विश्वविद्यालयले नै गर्नसक्ने र गर्नुपर्ने सुझाव दिइएको छ,

(९) एउटै उपाधिका लागि फरक-फरक विश्वविद्यालयका फरक-फरक पाठ्यक्रम छन् जुन कुरामा स्तरीकरण मिलान गरी एकरूपता ल्याउनुपर्ने आवश्यक छ । यसले क्रेडिट ट्रान्सफर गर्नसमेत सहज हुन्छ,

(१०) अबको प्रक्रियामा मानित विश्वविद्यालयको अवधारणालाई कार्यान्वयन गर्नु आवश्यक छ । पर्याप्त वित्तीय स्रोत, भौतिक साधन तथा मानव संसाधन भएका उत्कृष्ट ढङ्गबाट

> शैक्षिक कार्यसम्पादन गर्न सक्षम शैक्षिक संस्थाले आवेदन दिई प्रक्रिया पूरा गरेर मानित विश्वविद्यालयमा रूपान्तरण हुन सक्दछ । शैक्षिक संस्थालाई आवेदन प्रक्रियामा जाने योग्यता नै कम्तिमा १५ वर्षसम्म उत्कृष्ट शैक्षिक कार्य सम्पादनमा संलग्न भएको हुनु पर्दछ । साथै मानित विश्वविद्यालय बन्न चाहने क्याम्पसमा कम्तिमा २ हजार विद्यार्थी हुनुपर्ने सर्तलाई उपयुक्त मान्नुपर्दछ । यस प्रक्रियामा क्याम्पस व्यवस्थापन समितिको निर्णय तथा बोर्ड अफ ट्रष्टीको सहमति आवश्यक हुन्छ । मानित विश्वविद्यालयले निरन्तर रूपमा गुणस्तरीय ढङ्गबाट शैक्षिक कार्य सम्पादन गरेको आठवर्ष बितेपछि पूर्ण विश्वविद्यालयमा रूपान्तरण गर्न सकिने नीति लिनु उपयुक्त हुन्छ । तर, वार्षिक समीक्षा तथा गुणस्तर मापनका विधि अवलम्वन भने गर्नु पर्दछ ।

शिक्षा सुधार उच्चस्तरीय कार्यदलले प्रस्तुत गरेका केही सुझावहरू प्रादेशिक विश्वविद्यालयको सन्दर्भमा उपयुक्त देखिए तापनि परिवर्तित सन्दर्भमा उठेका सवालहरूको विश्लेषण गरी मात्र लागु गर्न उपयुक्त हुन्छ । उच्च शिक्षा नेपालमा महँगो भन्ने तर्कलाई त्यसले प्रदान गर्ने गुणस्तरसँग तुलना गरेर भन्न सकिन्छ । प्रयोगशालामा आधारित तथा प्राविधिक जनशक्ति उत्पादन गर्न लाग्ने खर्चलाई हेर्दा यो अझै पनि सस्तो नै देखिन्छ । त्यसैगरी, बजेट प्रवाह गर्ने विविध विधिहरू भएको सन्दर्भमा मल्लिक आयोगले दिएको सुझावले सबै विधिहरूलाई समेट्न सकेको छैन् ।

मानित विश्वविद्यालयका बारेमा समेत पुनर्विचार गर्नु आवश्यक छ जुन कुरा सो प्रतिवेदनले उल्लेख गरेको छ । मल्लिक आयोगका प्रतिवेदनले औँल्याएका सकारात्मक पक्षहरूको पुनर्समीक्षा गर्दै परिवर्तित सन्दर्भमा अध्ययन अनुसन्धान गरेर मात्र निर्क्योलमा पुग्नु पर्दछ ।

### ४.४.२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिवेदन

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सङ्घीयता कार्यान्वयनमा शिक्षा क्षेत्रको सङ्गठन, संरचना, कार्य विवरण तथा कर्मचारी व्यवस्थापनसम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदनले प्रादेशिक विश्वविद्यालयका सन्दर्भमा संविधानअनुसार प्रादेशिक विश्वविद्यालयहरू आवश्यकताका आधारमा स्थापना हुने तथा सञ्चालन व्यवस्था मिलाइने छ भनेको छ । प्रतिवेदनमा हरेक प्रदेशमा स्थापित विश्वविद्यालयहरू सोही प्रदेशमा स्वतः रहनेछन् (शिक्षा मन्त्रालय, २०७४ख) उल्लेख छ । मन्त्रालयबाट प्रादेशिक विश्वविद्यालयका सन्दर्भमा नीतिगत खाका तयार गरी समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ । यसले प्रादेशिक विश्वविद्यालय स्थापना गर्न सहजीकरण गर्नुको साथै प्राथमिकता निर्धारणमा समेत मद्दत पुग्दछ ।

केही अध्ययनहरूका आधारमा हेर्दा विगतमा नयाँ विश्वविद्यालय स्थापना गर्ने क्रममा त्रिभुवन विश्वविद्यालयको सम्पत्ति र स्वामित्व हस्तान्तरण गर्दा देखिएका समस्याहरूलाई मूल रूपमा समाधान गर्न निकै चुनौतीपूर्ण रहेको देखिन्छ । यसरी क्याम्पसहरूको स्तरोन्नति गरी नयाँ विश्वविद्यालयमा

रूपान्तरण गर्दा नीतिगत स्पष्टता र व्यवहारिक पक्षलाई राज्यले उचित किसिमले सम्बोधन गर्न नसक्दा यो समस्या भोग्नु परेको हुनसक्छ । मार्टिन चौतारी (२०७१, पृ.७) को अध्ययनअनुसार विगतमा त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूको स्तरोन्नति गर्दा भएका कमजोरीहरूलाई निम्नानुसार चित्रण गरिएको छः

१. नयाँ विश्वविद्यालयका ऐन निर्माण गर्दा त्रिभुवन विश्वविद्यालयसँग सरसल्लाह गर्न र सो विश्वविद्यालयको ऐनलाई समेत संसोधन गर्न उनीहरू चुकेको देखियो,

२. नयाँ विश्वविद्यालयलाई शुन्यबाट सुरु नगरी प्रारम्भमै केही पूर्वाधार र जनशक्ति दिँदा तत्काल कार्यारम्भ गर्न सहज भई चाँडै गति लिने र त्रिभुवन विश्वविद्यालयको अनियन्त्रित विशालतालाई समेत सम्बोधन गर्ने ठानिए पनि त्यस्तो भएन । त्रिभुवन विश्वविद्यालय र मातहतका क्याम्पस तथा जनशक्तिले विरोध गरिरहँदा सो 'ट्रान्जिसन' असहज बन्न पुग्यो,

३. त्रिभुवन विश्वविद्यालयलाई 'डाउनसाइज' गर्न, चुस्त तुल्याउन र गुणस्तर सुधार गर्न सहज नभएको देखाउँछ । यसले भविष्यमा त्रिभुवन विश्वविद्यालय टुक्र्याएर नयाँ विश्वविद्यालय स्थापना गर्ने हाइवे (मार्ग) का जटिलता, चुनौती र सुधारका उपायबारे पनि जानकारी दिन्छ ।

# परिच्छेद पाँच

# प्रादेशिक विश्वविद्यालयहरूको स्थापना

## ५.१. प्रादेशिक विश्वविद्यालयको स्थापनाका आधारहरू

प्रादेशिक विश्वविद्यालयका विभिन्न पाटाहरूलाई केलाउनुभन्दा पहिले यसको क्षेत्र वा दायरा (scope) लाई परिभाषित गर्नुपर्ने देखिन्छ। विश्वविद्यालयको क्षेत्र भन्नुको मतलब यसले प्राप्त गर्ने शैक्षिक मान्यता र दायरा कति फराकिलो हुने र यो सङ्घीय तहमा सञ्चालन भइरहेका वा सङ्घीय तहभन्दा कुन रूपमा फरक वा समान छ ? भन्ने कुरा सबैको सरोकारको विषय बनेको छ। प्रादेशिक विश्वविद्यालयको दायरा खुम्चिएको हुने त होइन भन्नेजस्ता प्रश्नहरू आउनु अस्वभाविक होइन। यस विषयमा स्पष्ट भइसकेपछि मात्र विश्वविद्यालय स्थापनाका आधारहरू तय गर्न सकिन्छ। प्रदेशले सञ्चालन गर्ने प्रादेशिक विश्वविद्यालयको मान्यता, दायरा र यसका विषय क्षेत्रहरू सङ्घीय र प्रदेश तहका सरकारको संयुक्त छलफलबाट मात्र तय हुनसक्दछन्। तर पनि प्रादेशिक विश्वविद्यालयको क्षेत्र र दायराभित्र कम्तीमा पनि विधागत विषय वा शैक्षिक कार्यक्रम छनोट, अनुसन्धान, व्यवसायिक शिक्षाको विविधता, विधागत समन्वय, धान्न सकिने शुल्क पद्धति, गुणस्तरलगायतका पक्षमा स्पष्ट हुनुपर्दछ।

विश्वविद्यालयबाट उत्पादित ज्ञान र अनुसन्धानले राज्यको लागि निकै ठुलो योगदान गर्ने हुँदा अनुसन्धान कार्यमा राज्यले वित्तीय सहायता प्रदान गर्ने अभ्यास गरेको पाइन्छ। यसबाहेक विश्वविद्यालयले आफ्नो सामर्थ्यमा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट प्रतिस्पर्धात्मक रूपमा र सहकार्यमा अनुसन्धान अनुदान आर्जन गर्नसक्ने क्षमताको विकास पनि विश्वविद्यालयले गर्दै जानुपर्दछ। तर विश्वविद्यालय सञ्चालन खर्चका लागि राज्यको अनुदान नभई विश्वविद्यालय आफैले खर्च धान्न सक्ने गरी व्यवस्थापन गर्नुपर्दछ।

प्रदेशलाई विश्वविद्यालय खोल्न संविधानले अधिकार दिइसकेपछि नै स्थापनाको कार्य अगाडि बढेको हो। स्थापना गर्न संविधानले अधिकार दिएको भए तापनि हाल चलिरहेका विश्वविद्यालयमा कस्ता प्रकारका समस्यालाई सम्बोधन गर्न खोजिएको हो भन्ने यकिन गर्नुपर्दछ। प्रादेशिक विश्वविद्यालय प्रदेश स्तरमा मात्र सीमित हुने पनि होइन र हुनु हुँदैन। प्रदेश स्तरमा स्थापना भएपनि यी विश्वविद्यालयहरूले देशको सम्पूर्ण भूगोलभित्रका सबै विद्यार्थीहरूलाई अध्ययन तथा अनुसन्धान गर्ने अवसर प्रदान गर्दछन्। प्रादेशिक अवधारणा अन्तर्गत विश्वविद्यालयहरूको व्यवस्थापन, नियमन, सेवा प्रवाह आदिजस्ता कार्यहरू मात्र प्रदेश सरकारले गर्ने भनिएको हो। प्रदेश ऐनअनुसार केही प्रादेशिक विश्वविद्यालयहरू सञ्चालनमा आइसकेका छन्।

त्रिभुवन विश्वविद्यालय तथा अन्य विश्वविद्यालय अन्तर्गतका विभिन्न भौगोलिक क्षेत्र अर्थात् प्रदेश स्तरमा सञ्चालनमा रहेका क्याम्पसहरूलाई सङ्घीय सरकारको समन्वयमा प्रादेशिक विश्वविद्यालयको रूपमा विकास गर्न सकिने सम्भावना भएपनि समायोजन गर्ने संयन्त्रको कमी देखिन्छ। सोको कारण केलाउन जरुरी छ। प्रादेशिक विश्वविद्यालय किन स्थापना गर्नु पऱ्यो ? कसका लागि स्थापना गर्नु पऱ्यो र प्रादेशिक विश्वविद्यालयहरूले पूरा गर्ने शैक्षिक तथा अनुसन्धानात्मक रिक्ततालाई स्पष्ट रूपमा देखाउन सकेमा मात्र प्रादेशिक विश्वविद्यालयको स्थापनाको आधारहरू तयार हुन्छन्। यद्यपि संवैधानिक प्रावधानअनुसार प्रादेशिक विश्वविद्यालय स्थापना गर्न प्रदेश सरकारको अग्रणी भूमिका हुने भए पनि त्यहाँ राज्यको लगानी हुने भएकाले विश्वविद्यालय खोल्नुको औचित्य स्पष्ट हुन जरुरी छ।

विश्वविद्यालय अनुदान आयोग[४६] ले विश्वविद्यालय स्थापनाका सन्दर्भमा औँल्याएका विद्यमान समस्याहरू प्रादेशिक विश्वविद्यालय स्थापना गर्दा ध्यान दिनुपर्ने हुन्छ। विश्वविद्यालय अनुदान आयोगले उठाएका समस्याहरू निम्नानुसार रहेका छन्:

१) विश्वविद्यालय अनुदान आयोगको परामर्शविना विश्वविद्यालयहरूको स्थापना हुनु,
२) आवश्यकता र औचित्यको आधारमा भन्दा पनि प्रतिष्ठाको लागि विश्वविद्यालय स्थापना हुनु,
३) पर्याप्त अध्ययनविना विश्वविद्यालय खोल्दा समान पाठ्यक्रम, समान सञ्चालनको तौरतरिका र उही जनशक्तिको उत्पादन हुनु,
४) स्पष्ट योजनाविना क्याम्पसहरू स्थापना हुने तथा सम्बन्धनको लागि निश्चित मापदण्ड र नक्सांकनको व्यवस्था नभएकाले संस्थागत दिगोपन र स्रोतको व्यवस्थापन कमजोर हुनु,
५) सरकारको कार्यविभाजन नियमावलीले शिक्षाको जिम्मेवारी शिक्षा मन्त्रालयलाई दिएपनि अन्य विषयगत मन्त्रालयले पनि शैक्षिक संस्थादेखि विश्वविद्यालयसम्म खोल्न प्रयास गर्नु,
६) प्रदेश सरकारले केन्द्र (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालय अनुदान आयोग) सँग समन्वय परामर्श नगरी विश्वविद्यालय र प्रतिष्ठानहरू स्थापना गर्नु, र
७) विशिष्टीकृत विश्वविद्यालयले पनि विद्यार्थी अभाव हुन थालेपछि आफ्ना विषयसँग जोड्दै अन्य विषयहरूको पनि अध्यापन थाल्नु।

विश्वविद्यालय अनुदान आयोगले प्रस्तुत गरेका उल्लिखित विद्यमान समस्याहरूले नयाँ विश्वविद्यालय स्थापनाका औचित्य सावित हुनुपर्ने आशय व्यक्त गरेको पाइन्छ। उपर्युक्त समस्याहरूले यस अनुसन्धानले उठाएका मूल मुद्दाहरूलाई स्थापित गर्न थप मद्दत गरेको छ। अनुसन्धानविना विश्वविद्यालय स्थापना गर्नु, योजना तथा मापदण्ड स्पष्ट नहुनु, स्रोतको पहिचान हुन नसक्नुलगायतका कारण भविष्यमा विश्वविद्यालय समस्यामूलक बन्ने सम्भावना रहन्छ।

---

४६ विश्वविद्यालय अनुदान आयोग, सानोठिमी भक्तपुरले असार २६, २०७९ मा आयोजना गरेको "नयाँ विश्वविद्यालय स्थापनाको वैधानिक व्यवस्था, प्रक्रिया र मापदण्ड विषयक नीति संवाद" मा दिइएको प्रस्तुतिकरणमा आधारित समस्याहरू यहाँ सान्दर्भिक देखिएकाले उल्लेख गरिएको हो।

सार्वजनिक नीति संवाद कार्यक्रममा गण्डकी विश्वविद्यालयका उपकुलपतिले व्यक्त गरेको धारणालाई मनन् गर्नुपर्ने जरुरी छ । उनी भन्छन् -"पूर्वाधार तयार नभईकन गण्डकी विश्वविद्यालय सञ्चालनमा आयो तर यो विश्वविद्यालय आर्थिक, नीतिगत (जस्तैः अनुदान प्राप्त गर्ने सन्दर्भमा) र प्रशासनिक समस्याहरूबाट मुक्त हुन सकेको छैन । अहिले यसका आधारहरूको बारेमा स्पष्ट नभई स्थापनाको हतारो गर्नुपरेको जस्तो भान भइरहेको छ" । यसले प्रादेशिक विश्वविद्यालयको आवश्यकता, सम्भावना र स्थापनाको अपेक्षित लक्ष्य प्राप्त गर्न सकिदैन । प्रादेशिक विश्वविद्यालय स्थापनापूर्व यथार्थपरक अध्ययन तथा राष्ट्रिय बहस अति नै न्यूनतम सर्त हो । अध्ययन र बहसका आधारमा तल केही आधारभूत विषयहरू प्रस्तुत गरिएको छ ।

### ५.१.१. आवश्यकताको आधार

संवैधानिक व्यवस्थालाई आधार बनाएर प्रदेशहरूले ऐन मार्फत विश्वविद्यालय स्थापना गर्ने कार्य अगाडि बढाएको वर्तमान सन्दर्भमा विश्वविद्यालय स्थापना गर्ने कार्य गर्दा यसको आवश्यकता र औचित्यको पुष्टि गर्ने कुरा ओझेलमा परेको धारणा शिक्षा क्षेत्रका विज्ञहरूबाट २०७८ असोज ३० गते सम्पन्न भएको सार्वजनिक नीति संवाद कार्यक्रममा व्यक्त भएको थियो । प्रादेशिक विश्वविद्यालयको प्रतिस्पर्धात्मक क्षमता र औचित्य (competing niche) के हो भनेर स्पष्ट गनुपर्दछ । विश्वविद्यालयहरूको लागि प्रतिस्पर्धात्मक क्षमता र औचित्य कसरी पुष्टि गर्ने भन्ने कुरा सबैभन्दा पहिले छलफल गरिनुपर्ने विषय हुनुपर्दछ ।

प्रादेशिक विश्वविद्यालय स्थापना गर्दा केन्द्रीय विश्वविद्यालयसँग सञ्चालन, लगानी, पठनपाठन आदिमा दोहोरोपन वा बाझिने गरी गर्नु हुँदैन । लगानीको सन्दर्भमा समेत देशको अमूल्य स्रोतको सदुपयोग गर्ने भावनाबाट प्रेरित हुनुपर्दछ । प्रादेशिक विश्वविद्यालय स्थापनाको औचित्यलाई मूल आधार बनाउन सकिएन भने यसले नयाँपन प्रदान गर्न सक्दैन । उदाहरणको लागि प्रदेशमा जाँदा केन्द्रको भन्दा कर्मचारीतन्त्र सजिलो हुन्छ कि भन्ने सोचबाट मात्र यो निर्देशित भएको भए यो निकै कमजोर तर्क हुने विज्ञको भनाइ रहेको छ । यदि प्राज्ञिक स्वायत्तता (autonomy) का लागि स्थापना गर्न खोजिएको हो भने यो सकारात्मक पक्ष हो । यी विषयहरूमा स्पष्ट भएमा मात्र प्रादेशिक विश्वविद्यालय स्थापना गर्न आधार बन्दछ । प्रादेशिक विश्वविद्यालय स्थापनाको आवश्यकताका आधारहरूलाई प्रविधि, उद्यमशीलता तथा देशको जनशक्ति मागसँग जोडेर हेर्नुपर्दछ ।

आवश्यकता र औचित्यलाई पनि देशको वर्तमान परिवेशसँग जोडेर हेर्नु वाञ्छनीय हुन्छ । देशको माग र आवश्यकता भनेको प्रविधि र उद्यमशीलतामा आधारित साथै गरीखाने शिक्षा प्रदान गर्ने सीपयुक्त जनशक्ति प्रदान गर्ने शिक्षा चाहिएको हो । त्यसैले प्रादेशिक विश्वविद्यालयको प्रतिस्पर्धात्मक क्षमता र औचित्य (competitive niche) भनेको उच्च शिक्षाको सम्पूर्ण वृत्त (whole spectrum) मा हेरिनु पर्दछ । यसर्थ हाल सञ्चालनमा रहेका विश्वविद्यालयका प्रदेश अन्तर्गतका क्याम्पसहरूले पूरा गर्न

नसक्ने शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान र विकाससम्बन्धी कुन पक्ष हो ? र यी क्याम्पसहरूले स्थानीय विशिष्ट भौगोलिक सांस्कृतिक र औद्योगिक विकासको कुन पक्षलाई आवश्यक हुने जनशक्ति आपूर्ति गर्न सकेन ? उच्च शिक्षाको आमजनतामा पहुँचको अवस्था कस्तो छ ? आदि विषयमा ध्यान दिनु पर्दछ । उल्लिखित पक्षहरूको गहन विश्लेषणको आधारमा मात्र प्रादेशिक विश्वविद्यालय स्थापना गर्न उपयुक्त हुन्छ । प्रादेशिक विश्वविद्यालयलाई समग्रतामा हेर्नुपर्दछ । प्रदेश स्तरमा सङ्कुचित गरिनु हुँदैन ।

अर्कोतर्फ विश्वविद्यालय स्थापनाको मूल उद्देश्य सार्वजनिक रूपमा प्रकाशमा ल्याई सबैको सहयोग र समर्थन जुटाएर स्थापना र सञ्चालन गर्न सक्ने हो भने मात्र यसको उपादेयता प्राप्त हुनसक्छ । राजनैतिक तथा सामाजिक रूपमा विश्वविद्यालय शिक्षा भनेको देशको आवश्यकताअनुसार जनशक्ति निर्माण गर्ने सबैको साझा थलो हो । तसर्थ, कुनै पनि विश्वविद्यालय खोल्नको लागि दूरदृष्टि, लक्ष्य र उद्देश्यका साथ (vision, mission and objective) बहुआयामिक र सरोकारवालाहरूको बिचमा बहस गरी स्पष्ट हुनुपर्छ । उदाहरणको लागि कुनै राजनैतिक दल वा जनप्रतिनिधिले हामीलाई विश्वविद्यालय चाहियो भन्न सक्ने अवस्था रहन्छ तर त्यो किन चाहियो भन्ने कुराको बारेमा विस्तृत सम्भाव्यता अध्ययन गरी आवश्यकता र औचित्यका आधारमा मात्र भन्नु पर्दछ ।

यस्तो अध्ययनले त्यसको वित्तीय व्यवस्थापन, आर्थिक स्रोत, जनशक्ति मागलगायत सबै पक्षहरूको यकिन हुन्छ र विश्वविद्यालय स्थापनाको औचित्य स्थापित गर्नसक्छ । आवश्यकता र औचित्यमा आधारित वस्तुनिष्ठ क्षेत्राधिकार, कार्यविभाजन र सहमतिबाट मात्र सो कुरा निर्क्योल गर्नसकिन्छ । उल्लिखित विषयहरू अध्ययन कै क्रममा आउनुपर्दछ र त्यस्तो अध्ययन तथ्य र प्रमाणमा आधारित भएर मात्र गर्नु सान्दर्भिक हुन्छ ।

### ५.१.२. नक्साङ्कनको आधार

वर्तमान परिस्थिति र सङ्घीय ढाँचाअनुरूप विश्वविद्यालयहरूको नक्साङ्कन गरेर सो विधिअनुरूप विश्वविद्यालय स्थापना गर्नु वाञ्छनीय हुन्छ । विश्वविद्यालयहरूको नक्साङ्कन गर्दा उच्च शिक्षामा सबैको पहुँच किन विस्तार हुन् सकेन ? कहाँ-कहाँ विश्वविद्यालयको सेवा पहुँच (coverage) पुगेको छैन ? किन पुगेन ? कसरी सेवाको पहुँच बढाउन सकिन्छ ? अहिले भएका विश्वविद्यालयहरूका विभिन्न भौगोलिक क्षेत्र वा प्रदेशमा रहेका विश्वविद्यालयहरूले प्रदान गरिरहेको शैक्षिक कार्यक्रमको कुन पक्ष कमजोर छ ? प्रदेश वा स्थानीय स्तरमा कुन र के कुराको कमी भएको छ ? स्थानीय परिवेशअनुसार कुन पक्षको ज्ञान वा सीप हामीले हासिल गर्न सकेका छैनौ ? यस्ता विषयहरूलाई नक्साङ्कन गर्दा विश्लेषण गरिनुपर्दछ ।

यसका साथै नक्साङ्कन गर्दा गरीखाने शिक्षा अर्थात् उद्यमशीलतासँग सम्बन्धित शिक्षाको पहुँच कुन कुन क्षेत्रमा पुगेको छैन र यस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न सम्भावना कहाँ-कहाँ छ भन्ने विषयको

निर्क्योल प्रादेशिक विश्वविद्यालयहरूले परावर्तित गर्न सक्नुपर्छ । यसमा धेरै विषयहरू जोडिएर आउँछन् । मुख्यगरी अहिले भएका विश्वविद्यालयहरूले प्रदान गर्न नसकेको सीप, ज्ञान, क्षेत्र र विधालाई समेट्ने नक्साङ्कन नीतिको आवश्यक छ । नक्साङ्कन गर्दा भूगोल, जनसङ्ख्या, पहुँच, समावेशिता, जनशक्ति प्रक्षेपण, शैक्षिक कार्यक्रमहरूलगायतका पक्षहरूलाई ध्यान दिनु आवश्यक छ ।

यसैगरी, प्रादेशिक विश्वविद्यालयको स्थापनाको आधार तयार गर्दा विश्वव्यापी शैक्षिक आवश्यकताहरू (global educational needs) लाई पनि विचार पुऱ्याउनु पर्छ । यहाँ अन्तर्राष्ट्रिय आवश्यकता भन्नाले विश्वबजारमा आवश्यक जनशक्ति तथा सोसँग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति विकास, छिमेकी देशको माग, अन्तर्राष्ट्रिय स्तरमा वर्तमान अवस्थामा सञ्चालनमा रहेका विधा र विषय, विज्ञान प्रविधिका नयाँ विषयहरू, प्राविधिक तथा व्यवसायिक विषयहरू र उद्यमशीलताको विकास गर्ने विषयहरूको पठन पाठनलाई भनिएको हो । तसर्थ विश्वविद्यालयहरूको विदेशी विद्यार्थीहरूको आकर्षणको केन्द्र बनाउन सकिने गरी अब स्थापना हुने विश्वविद्यालयको नक्साङ्कन गरिनुपर्दछ । यसले शिक्षा तथा पर्यटनसँगै आर्थिक विकासमा टेवा पुऱ्याउन मद्दत गर्दछ । विशेष गरी पर्वतीय तथा उच्च हिमालय क्षेत्रको अध्ययन, प्राकृतिक चिकित्सा शिक्षा, हिन्दु दर्शन तथा बौद्ध दर्शन आदि विषयमा विदेशी विद्यार्थीहरूको आकर्षण हुनसक्छ ।

### ५.१.३. उद्यमशीलता तथा मानव संसाधन विकासको आधार

मानव संसाधनको आवश्यकता निर्धारण गर्न विभिन्न क्षेत्रको अध्ययन गरी प्रदेश र समग्र देशमा कस्तो जनशक्ति चाहिएको छ त्यो निर्क्योल गर्न सक्नुपर्दछ । त्यसअनुसार मानव संसाधनको माग परिपूर्तिका लागि प्रदेशहरूले विविध क्षेत्रमा जनशक्ति उत्पादनका लागि योगदान गर्न प्रादेशिक विश्वविद्यालय खोल्न सक्ने आधार बन्दछ । समग्र देशमा कस्तो मानव संसाधन चाहिएको छ भन्ने अध्ययन त्यसैको आधारमा विश्वविद्यालयहरूले गुणस्तरीय मानवीय पुँजी (human capital) निर्माणमा ध्यान दिनु पर्दछ ।

मानवीय पुँजी खपत गर्ने क्षेत्र अर्थात् सार्वजनिक क्षेत्र, व्यापारिक प्रतिष्ठानहरू, वित्तीय क्षेत्र र विश्वविद्यालयहरूबिचको समन्वय गर्ने परिपाटी विकास गर्नसके संघ-संस्था तथा व्यापारिक प्रतिष्ठानलाई चाहिएअनुसारको जनशक्ति विश्वविद्यालयले उत्पादन गर्न सक्दछन् । औधोगिक प्रतिष्ठानहरूले अर्धदक्ष तथा दक्ष जनशक्ति अभाव रहेको अनुभव गरेका पाइन्छ । आपसी सहकार्यबाट विश्वविद्यालयहरूलाई अनुसन्धान कोष वा छात्रवृत्ति उपलब्ध हुनसक्दछ भने व्यापारिक प्रतिष्ठानहरूसँगको पूर्वाधार विकासमा पनि सहयोग गर्न सक्दछन् ।

यसर्थ, विश्वविद्यालयहरू उत्पादित जनशक्ति उपयोग गर्ने क्षेत्रको आपसी समन्वयबाट जनशक्ति विकासका योजना तयार गर्नसके रोजगारी प्रबर्धनमा मद्दत पुग्नुका साथै शिक्षित जनशक्ति वेरोजगार हुने सम्भावना पनि कम हुन्छ । "व्यापार, व्यवसाय कर्पोरेट सङ्गठनहरूको प्रतिनिधित्वले विश्वविद्यालयको शिक्षालाई कामको संसारसँग जोड्न, रोजगारीका क्षेत्रहरू, उद्यमशीलताका क्षेत्रहरू, अनुसन्धान र

प्रयोगका क्षेत्रहरू एवम् अविभावक र विद्यार्थीका चासोहरू पहिल्याउन सहयोग पुग्दछ जुन नेपालमा कमजोर देखिन्छ" (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५, पृ. ९५)। औद्योगिक प्रतिष्ठानहरूबाट उनीहरूको जनशक्ति आवश्यकताका बारेमा विश्वविद्यालयहरूलाई पृष्ठपोषण गर्ने प्रणालीको विकास गर्नसके श्रम बजारको मागबमोजिमको जनशक्ति आपूर्ति गर्न सकिन्छ। यसले अभिभावक र विद्यार्थीहरूको रोजगारसम्बन्धी चासो पनि सम्बोधन गर्दछ। विश्वविद्यालयहरूलाई औद्योगिक क्षेत्र र प्राज्ञिक जगत्को सहकार्य (university-industry collaboration) को ढाँचामा उत्पादित दक्ष जनशक्ति आपूर्तिमा सहज हुने र औद्योगिक प्रतिष्ठानहरूले विश्वविद्यालयलाई अनुसन्धान तथा विकासको लागि आर्थिक सहयोग गर्न सक्छन। यसरी शैक्षिक कार्यक्रम वा विधा सञ्चालन गरी ज्ञानको अर्थतन्त्र निर्माणमा विश्वविद्यालयले खेल्ने भूमिका प्रभावकारी बनाउन सहयोग गर्दछ।

विश्वविद्यालय र निजी तथा औद्योगिक क्षेत्रसँगको सहकार्यले विश्वविद्यालय शिक्षामा उद्यमशीलतालाई सजिलै प्रबर्धन गर्न सकिन्छ। नेपालमा विश्वविद्यालय शिक्षाको एउटा प्रमुख कमजोरी भनेको उद्यमशीलताको धारणा विकास गर्न नसक्ने जनशक्ति उत्पादन हुनु नै हो। तसर्थ, अहिलेको शिक्षाबाट उद्यमशीलतालाई आत्मसात् गर्नसक्ने मानव संसाधन विकास गर्ने शिक्षा प्रदान गर्ने आधारमा विश्वविद्यालयको स्थापना हुनु वाञ्छनीय ठानिएको छ। उद्यमशीलता विकास नभएकाले शिक्षित वेरोजगार बढेको धारणा प्रबल रूपमा उठेको छ।

नेपाल श्रमशक्ति सर्वेक्षण २०१७-१८ का अनुसार - युवा जनशक्ति अन्तर्गत १५ देखि २४ वर्षको श्रमशक्ति ३८.१ प्रतिशत र २५ देखि ३४ वर्षसम्मको श्रमशक्ति ३१.१ प्रतिशत वेरोजगारी रहेको छ भने समग्रमा १५ देखि ३४ वर्ष समूहका युवाको वेरोजगारी दर ६९.१ प्रतिशत छ (CBS, 2018)। यस उमेर समूहका युवाहरू नै उच्च शिक्षाको लागि विश्वविद्यालयमा अध्ययन गर्न जान्छन्। तसर्थ उच्च शिक्षाको दृष्टिकोणले पनि निकै महत्त्वपूर्ण समूह हो। स्नातक तह प्रवेश गर्ने औसत उमेर १८-२० वर्ष रहेको छ। यसैले यो उमेर समूहका युवाहरूलाई शिक्षा प्रदान गर्दा वेरोजगारी र शिक्षाको अन्तरसम्बन्धलाई केलाएर सीप र उद्यमशीलतालाई प्रोत्साहन गर्ने शिक्षा दिन सक्ने उद्यमशीलता विकास भई वेरोजगारीको समस्या सम्बोधन गर्न र राष्ट्रिय अर्थतन्त्रमा पनि उल्लेख्य योगदान हुनसक्ने देखिन्छ।

उच्च शिक्षालाई बजारको श्रमशक्तिसँग जोडेर विश्लेषण गर्ने हो भने पनि भविष्यमा कस्तो प्रकारको जनशक्ति आवश्यक पर्दछ र अहिले उत्पादित जनशक्ति आन्तरिक तथा बाह्य श्रम बजारमा कति खपत भएको छ र औसत उत्पादनशीलता र आयस्ता आकलन गर्न प्रति व्यक्ति श्रमको आय वृद्धि गर्न सकिने सम्भावना र अवसरको उपयोग गर्न सकिन्छ। यो विषयमा केन्द्रित रहेर नेपालमा अनुसन्धान भएको पाइदैन। नेपाल श्रमशक्ति सर्वेक्षण २०१७-१८ ले उच्च शिक्षाको बजार सूचकाङ्क श्रमशक्ति सहभागिता दर (labour rorce participation rate) र रोजगारी-जनसङ्ख्या अनुपात (employment population ratio) क्रमश: ६७.५ प्रतिशत र ६१.८ प्रतिशत रहेको देखाउँछ। सोही दर राष्ट्रिय तथ्याङ्कमा हेर्दा श्रमशक्ति सहभागिता दर र रोजगारी-जनसङ्ख्या अनुपात क्रमश: ३८.५ र ३४.२ प्रतिशत रहेको

देखिन्छ (CBS, 2018)। यी तथ्याङ्कबाट के बुझ्न मद्दत पुग्दछ भने नेपालको उच्च शिक्षाको उत्पादनलाई श्रम बजारको मागअनुरूप पूर्ण रूपमा प्रतिस्पर्धी बनाउन सकिएको छैन।

प्रादेशिक विश्वविद्यालयहरूले श्रम बजारको आवश्यकताअनुसार तयार गरिएको पाठ्यक्रममा आधारित अनुकूलित व्यवसायिक शिक्षा (tailor-made professional education) प्रदान गर्न सक्छन्। यसले स्थानीय पालिका तथा हाम्रो हावापानी र भूगोलअनुसार उद्यमी बनाउने शिक्षाको प्रबर्धन गर्न सकिन्छ। यसर्थ, प्रादेशिक विश्वविद्यालय स्थापना गर्नुपूर्व सञ्चालन गरेका प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (Council for Technical Education and Vocational Training) का पेसागत शिक्षा तथा तालिम कार्यक्रमको वर्तमान अवस्था र समेटेको भूगोल तथा विधागत क्षेत्रको स्थिति हरेक प्रदेशमा कस्तो छ र यी कार्यक्रमबाट प्रदेशको अर्धदक्ष जनशक्ति माग पूरा गर्छ वा गर्दैन भन्ने पक्षबाट पनि विश्लेष्ण गर्नु सान्दर्भिक हुन्छ।

हाल नेपालमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले आङ्गिक संस्था, साझेदारी संस्था, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा र निजी संस्था अन्तर्गत डिप्लोमा, प्रिडिप्लोमा र छोटो अवधिका कार्यक्रम मार्फत सीप विकास गर्ने कार्य गर्दछ। प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८/०७९ मा आङ्गिक संस्था ६३, साझेदारी संस्था ४२, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कर्यक्रममा ५ सय ७२ र निजी संस्था ४ सय २९ गरी जम्मा १ हजार १ सय ६ संस्थाहरूले प्राविधिक शिक्षा प्रदान गर्दछन् प्राविधिक शिक्षा प्रदान गर्ने संस्थाहरूको कूल भर्ना क्षमता ७४ हजार ६ सय २७ जना रहेको छ (सीटीइभीटी, २०७८/०७९)।

यस खालका सीप प्रदान गर्ने कार्यक्रमहरूबाट उत्पादित जनशक्तिले निम्न वा मध्यमस्तरको सीप प्रदान गर्दछन्। छोटा अवधिका तालिम प्रदान गर्ने र विश्वविद्यालयले उत्पादन गर्ने उच्चस्तरको जनशक्तिबिचको तालमेल कायम राख्न उपयुक्त हुन्छ। अर्कोतर्फ "उच्च शिक्षामा आउने बाटो ११-१२ कक्षा भएको र त्यहाँ पनि जम्मा १५ प्रतिशत विद्यार्थीले विज्ञान र प्रविधि विषय अध्ययन गर्ने अवसर पाएको देखिन्छ। यसले मूल स्रोत नै साँघुरो भएको देखाउँछ" (उच्चस्तरीय राष्ट्रिय शिक्षा, २०७५, पृ. ९३)। यसरी प्राविधिक र साधारण शिक्षाको तालमेल र अन्तरसम्बन्धलाई विश्लेषण गर्दै विश्वविद्यालय स्थापना गर्ने आधारमा तयार गर्न सकिन्छ।

### ५.१.४. नीति प्रावधान र कार्यान्वयनको आधार

कार्यान्वयनयोग्य नीति जसले वास्तविक समस्याहरूलाई समाधान गर्न सक्छ त्यो नै असल नीति हो। असल नीतिले रणनीतिक मार्गदर्शन र सङ्ख्यात्मक आधारलाई स्पष्ट गरेको हुन्छ। तसर्थ, नीतिले अख्तियार गरेका कार्यनीतिहरू सुविचारित ढङ्गले कार्यान्वयनमा ल्याउन सकेमा मात्र यसको प्रभाव दिगो हुनसक्छ। सार्वजनिक नीति संवाद कार्यक्रममा विज्ञहरूले राख्नुभएको धारणालाई आधार मान्ने हो भने प्रादेशिक विश्वविद्यालयको सन्दर्भमा राष्ट्रिय शिक्षा नीति २०७६ ले निर्दिष्ट गरेको नीति (नीति

नं. १०.१६) बाट अङ्गीकार गरिएका अथवा त्यस नीतिअनुसार स्थापना गरिएका विश्वविद्यालयहरू भविष्यमा सञ्चालन र नियमन गर्न समस्यामूलक नबनोस भन्नेतर्फ सचेत रहनु बुद्धिमानी हुन्छ । उदाहरणका लागि पछिल्लो पटक स्थापना गरिएका मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयहरूले अपेक्षित प्रगति हासिल गर्न सकेको देखिदैन ।

ती विश्वविद्यालयहरू विगतमा गहन रूपमा वित्तीय स्रोत पहिचान नगरी स्थापनाका गरिएका हुन् भन्न सजिलै सकिन्छ । यद्यपि क्षेत्रीय अवधारणाअनुरूप मध्यपश्चिम र सुदूरपश्चिम विश्वविद्यालय खुलेका हुन् । हाल विश्वविद्यालयको सङ्ख्यात्मक वृद्धि त देखियो तर गुणात्मक वृद्धि सोचेअनुरूप भएको छैन । क्षेत्रीय विश्वविद्यालय स्थापना गर्दा "ऐनमै त्रिवि सम्बन्धित क्याम्पसको नाम तोकेर, तिनलाई आधार बनाएर विश्वविद्यालय स्थापना गर्ने व्यवस्था गरियो । तर, ऐनमा तोकिएको भवन, जग्गा या सम्पत्तिसमेत प्राप्त गर्न र अपेक्षित गति लिन यी नयाँ विश्वविद्यालयले सकेका छैनन्" (मार्टिन चौतारी, २०७१, पृ. २) । चितवनस्थित कृषि तथा वन विज्ञान विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयको समस्या अझै समाधान भएको छैन ।

अध्ययन र अनुसन्धानमा आधारित नभई विश्वविद्यालय स्थापना गर्दा यो समस्या आएको आकलन गर्न कठिन पर्दैन । तर अहिले शिक्षा नीतिले स्पष्ट आधार दिएको भएपनि नयाँ विश्वविद्यालयहरूलाई एउटा विश्वस्तरको विश्वविद्यालय अर्थात् अहिलेको प्रतिस्पर्धात्मक तथा सक्षम विश्वविद्यालयको रूपमा विकास गर्न एकदमै 'फलामे चिउरा' भएको अवस्था छ भन्ने कुरा नीति अनुसन्धान प्रतिष्ठानको २०७८ असोज ३० मा आयोजित सार्वजनिक संवाद कार्यक्रममा विज्ञहरूले प्रस्तुत गर्नुभएको हो । त्यस अर्थमा राष्ट्रीय शिक्षा नीतिले व्यवस्था गरेको प्रादेशिक विश्वविद्यालयको अवधारणालाई हामीले अत्यन्त सावधानीका साथ विश्लेषण गर्नुपर्छ र यसको कार्यान्वयन गर्ने सन्दर्भमा गम्भीर बन्न आवश्यक छ । अर्कोतर्फ, नेपालको संविधान को प्रावधानअनुसार प्रादेशिक विश्वविद्यालयको स्थापना प्रदेशले गर्ने तर त्यसको मापदण्ड तयार गर्ने र नियमन गर्ने काम सङ्घीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ । त्यसैले विश्वविद्यालय स्थापनाका लागि आवश्यक पूर्वाधारहरू र संस्थागत ढाँचा एवम् वित्तीय व्यवस्थापन तथा आवश्यक लगानीको लागि संघ र प्रदेशको भिन्ना-भिन्नै मोडेल प्रस्तुत गर्नु पनि उपयुक्त देखिन्छ ।

### ५.१.५. निजी क्षेत्रको सक्रियताको आधार

नेपालमा निजी क्षेत्रले विश्वविद्यालय शिक्षामा ठुलो योगदान गरिरहेको तथ्य सर्वविदितै छ । निजी लगानीमा विभिन्न विश्वविद्यालयहरूबाट सम्बन्धन लिएर गुणस्तरीय शिक्षाको प्रयास गरिरहेका केही निजी क्याम्पसहरूलाई एकल वा एकीकृत गरेर विश्वविद्यालय बनाउन सकिने धारणा पनि विज्ञको तहबाट आएको थियो । राष्ट्रिय शिक्षा नीति २०७६ ले उच्च शिक्षा प्रदायक सार्वजनिक, सामुदायिक तथा निजी शिक्षण संस्थाहरूको नक्साङ्कन, समायोजन र स्तरोन्नति गर्ने (शिक्षा मन्त्रालय, २०७६, पृ. ११) रणनीति अख्तियार गरेबाट निजी शिक्षण संस्थाले उच्च शिक्षाको योगदानमा बल पुऱ्याएको छ । निजी क्षेत्र विश्वविद्यालयबाट दीक्षित जनशक्तिलाई रोजगार प्रदान गर्ने एक प्रमुख क्षेत्र पनि निजी

क्षेत्रले एकातर्फ सामाजिक उत्तरदायित्व कोषबाट विश्वविद्यालयहरूलाई भौतिक, पूर्वाधार निर्माणमा सहयोग पनि गरेका हुन्छन् भने अर्कोतर्फ उच्च शिक्षाको लागि छात्रवृत्ति दिने, कर्मचारीहरूलाई अध्ययनको लागि पठाउने र अनुसन्धान तथा नवप्रवर्तनमा आर्थिक सहयोग गर्ने गर्दछन् । अनुसन्धान तथा विकासका लागि निजी क्षेत्रले प्रदान गर्ने आर्थिक सहायता अपरिहार्य हुन्छ । त्यसैले निजी क्षेत्रको सहकार्य विश्वविद्यालयको लागि अपरिहार्य मानिन्छ ।

उच्च शिक्षाको राष्ट्रिय लक्ष्यलाई आत्मसात् गर्ने गरी, देशको दक्ष जनशक्ति मागको आवश्यकतालाई पूर्ति गर्ने उद्देश्यलाई अङ्गीकार गर्दै निजी क्षेत्रको सक्रियतामा नेपालमा अन्तर्राष्ट्रिय स्तरको विश्वविद्यालय स्थापना गर्न वाञ्छनीय छ । यस्ता निजी लगानीका विश्वविद्यालयहरूमा राजनैतिक प्रभावको गुन्जायस रहदैन भने प्राध्यापक तथा विद्यार्थीले समेत उचित शैक्षिक वातावरण पाउन सक्ने अवस्था सिर्जना हुन्छ । विश्वमा नाम कहलिएका विश्वविद्यालयहरू निजी नै धेरै छन् ।

सन् २०२२ मा विश्ववरीयतामा प्रथम स्थानमा रहेको अमेरिकास्थित म्यासाचुसेटस् इन्स्टिच्युट अफ टेक्नोलोजी नाफा नलिने एक निजी उच्च शिक्षण संस्था हो । यस संस्थामा कला तथा मानविकी, विजनेस तथा सामाजिक विज्ञान, भाषा तथा संस्कृति, औषधी तथा स्वास्थ्य, इन्जिनियरिङ, विज्ञान तथा प्रविधिका सङ्कायहरू छन् । स्नातक, स्नातकोत्तर र विद्यावारिधिसम्मको अध्यापन हुने यस संस्थामा प्राध्यापक तथा विद्यार्थीहरूलाई प्राज्ञिक तथा अन्य सुविधाहरू प्रदान गर्दछ । यस्ता सुविधाहरू जस्तैः पुस्तकालय, आवास, खेलकुद, वित्तीय सहायता, छात्रवृत्ति, विदेश अध्ययन तथा विद्यार्थी आदान प्रदान कार्यक्रम, अनलाइन कक्षा, दूरशिक्षा र प्रशासनिक सहायतालगायतका रहेका छन् ।

अमेरिकास्थित म्यासाचुसेटस् इन्स्टिच्युट अफ टेक्नोलोजीलाई हेर्ने हो भने त्यहाँ विद्यार्थीले अभ्यास गरेर सिक्ने र त्यसबाट व्यवहारिक ज्ञान प्राप्त गर्ने संस्कृति छ । विद्यार्थीहरूले प्राध्यापकहरू सँग अनुसन्धानात्मक सहकार्य गरी विश्वव्यापी चुनौतीहरूको सामना गर्ने, आधारभूत प्रश्नहरूमा खोज गर्ने र सोचलाई व्यवहारमा उतार्ने गरी काम गर्छन (MIT, 2022) । यस संस्थाको शुल्कको प्रावधान हेर्ने हो भने स्थानीय र अन्तर्राष्ट्रिय दुवै खालका विद्यार्थीलाई अन्डर ग्रयाजुएट र पोष्ट ग्रयाजुएटमा वार्षिक २० हजार अमेरिकी डलर शुल्क लाग्छ । यहाँ १० हजारदेखि बढीमा १५ हजार विद्यार्थी भर्ना हुने सक्ने व्यवस्था छ (UniRank, 2022) । यसरी निजी संस्थाको मोडेलमा यति लामो इतिहास बोकेर विश्वकै उत्कृष्ट शिक्षा प्रदान गर्न सम्भव भएको छ । नेपालमा निजी क्षेत्रको लगानीको सम्भावना र उच्च शिक्षाको विकासलाई प्रभावकारी बनाउन आमसरोकारवालाहरूसँग छलफल गरी विश्वविद्यालय स्थापनाको ढोका खोल्न सकिन्छ ।

### ५.१.६. विश्वविद्यालयको स्थापनाका अन्य पक्षहरू

विश्वविद्यालय स्थापनाका अप्रत्यक्ष आधारहरू पनि रहेका हुन्छन जुन देशको सर्वोपरी हितका लागि त्यतिकै महत्त्वपूर्ण हुन्छन् । विश्वविद्यालयहरूले कूटनीतिक तथा सौम्य शक्ति (soft power) आर्जन

गर्ने, नेपालको कृति विश्वसामु फैलाउने र सम्बर्धन गर्ने पनि गर्दछन् । नेपालसँग दौत्य सम्बन्ध स्थापित भएका र मित्रराष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध तथा भाइचाराको सम्बन्ध स्थापित गर्न, राष्ट्रहितमा काम गर्न र देशको गरिमा बढाउनसमेत विश्वविद्यालय तथा विद्यार्थीहरूले सहयोग गर्दछन् । तसर्थ विश्वविद्यालयहरूले राष्ट्रप्रेमी, असल, देशभक्त, विश्वस्तरीय नागरिक बनाउने कुरामा पनि केन्द्रित हुनुपर्छ । यसले कूटनीतिक तथा सौम्य शक्तिको क्षमतामा वृद्धि हुन्छ र विश्वस्तरमा देशको उपस्थिति र पहिचान सबल हुन्छ । नेपालको राष्ट्रिय हितलाई समेत ध्यानमा राख्दै उच्च शिक्षाले दक्ष तथा कूटनीतिक तथा सौम्य शक्तिमा आधारित जनशक्ति तयार पार्नेतर्फ जोड दिनु पर्दछ । आफ्नो देशको कला, धर्म, सस्कृति, रितिरिवाज, मूल्यमान्यताजस्ता पक्षहरूको जगेर्ना गर्नसक्ने, अनुसन्धान तथा प्रकाशन र विद्यार्थी आदानप्रदान कार्यक्रम मार्फत देशको गौरवगाथा विश्वसमाजमा फैलाउन सक्ने मानवसंसाधनको विकास गर्न पनि विश्वविद्यालय शिक्षाले भूमिका खेल्न सक्नु पर्दछ । प्रादेशिक विश्वविद्यालयहरूले उल्लिखित विषयहरूलाई समेटेर शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्छन् ।

निजी विश्वविद्यालय स्थापना गर्ने, महिला विश्वविद्यालय स्थापना गर्ने, सामुदायिक विश्वविद्यालय स्थापना गर्ने, वा अन्य फरक नाम, क्षेत्र, विषय, स्थान, भाषालगायत जुनसुकै प्रक्रिया वा आधारमा विश्वविद्यालय स्थापना गर्ने भानिए तापनि यसको मूल सर्त भनेको आवश्यकता र मागमा आधारित हुनुपर्छ भन्ने नै हो । तसर्थ प्रादेशिक रूपमा होस् वा सङ्घीय तहबाट होस् विश्वविद्यालय स्थापनामा उठेका यी समकालीन सवालहरूका बारेमा पनि गहन छलफल गरेर मात्र निर्णय लिनुपर्दछ ।

## ५.२. विश्वविद्यालय स्थापनाका तरिका

विश्वविद्यालय स्थापनालाई विधि वा तरिकासँग जोडेर पनि हेर्नु आवश्यक छ । विगतको अनुभवमा नीतिगत रूपमा स्पष्ट भइसकेका कतिपय हक हस्तान्तरण, सम्पत्ति विवादजस्ता विषयहरू सुल्झाउन समस्या भएको देखिन्छ । त्रिभुवन विश्वविद्यालय टुक्र्याएर नयाँ विश्वविद्यालय बनाउँदाका जटिलताका सम्बन्धमा मार्टिन चौतारीले यसका बहुआयामिक पक्षहरूको चर्चा गरेको थियो (मार्टिन चौतारी, २०७१) । सङ्क्षिप्तमा भन्नु पर्दा ऐन, कानुन, विधि र प्रक्रियाको तालमेल नमिल्दा व्यवथापन गर्ने, स्तरोन्नति गर्ने, टुक्र्याउने र नयाँ विश्वविद्यालय स्थापना गर्ने विषय जटिल बन्दछ । स्थापनाका तरिकाहरूले कानुनी पक्ष सँगै संस्थागत र संरचनागत पक्षमा समेत सहजीकरण गर्नु आवश्यक छ ।

### ५.२.१. सञ्चालनमा रहेका क्याम्पसहरूलाई व्यवस्थित गर्ने तरिका

नयाँ विश्वविद्यालय स्थापनाको एक विकल्पको रूपमा हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूको उचित व्यवस्थापन गर्ने नीति पनि हो । यसबाट नयाँ विश्वविद्यालय स्थापनाको आवश्यकता मात्र पूर्ति नभई हाल सञ्चालित विश्वविद्यालयहरूको स्रोत साधनको समेत उचित उपयोग हुन्छ र गुणस्तरमा सुधार गर्न सहज हुन्छ । यसरी व्यवस्थापन गर्दा हाल हरेक प्रदेशमा अवस्थित विश्वविद्यालयहरूलाई नै सोही प्रदेश अन्तर्गत रहने गरी प्रादेशिक विश्वविद्यालयको रूपमा रूपान्तरण गर्नु उपयुक्त विधि

हो । यस अध्ययनका अघिल्ला परिच्छेदहरूमा प्राप्त विश्लेषणलाई आधार मान्ने हो भने भर्खर स्थापना भएका र हुँदै गरेका प्रादेशिक विश्वविद्यालयहरू सुरुआती चरणमा नै आर्थिक तथा पूर्वाधार कमीजस्ता समस्याहरूबाट गुज्रिरहेको यथार्थ छ । यस तथ्यलाई समेत मध्यनजर गर्दै हाल हरेक प्रदेश अन्तर्गत सञ्चालित विश्वविद्यालयहरूलाई नै व्यवस्थित गर्नुपर्ने आवश्यकता छ ।

विगतमा त्रिभुवन विश्वविद्यालयका क्षेत्रीय रूपमा रहेका ठुला क्याम्पसहरूलाई नै विश्वविद्यालयका रूपमा परिणत गर्ने प्रयास गरिएको थियो । सो अनुभवका आधारमा भन्ने हो भने पछिल्लो समयका क्षेत्रीय अवधारणामा स्थापना गरिएका विश्वविद्यालयहरू (जस्तैः मध्यपश्चिम, सूदूरपश्चिम, कृषि तथा वन विज्ञान आदि) स्थापना गर्दा त्रिभुवन विश्वविद्यालयले सम्पत्ति र हक हस्तान्तरण गर्ने कुरामा विवाद आएको देखिन्छ (मार्टिन चौतारी, २०७१) । तसर्थ, यस्तो समस्या आउन नदिन नीतिगत तथा कानुनी व्यवस्था गरेर मात्र स्तरोन्नतिको विधिलाई कार्यान्वयन गर्नुपर्दछ । प्रदेश स्तरमा रहेका तथा धेरै विद्यार्थी भएका र संरचनागत रूपले सम्भाव्य क्याम्पसहरूलाई नै विश्वविद्यालयको रूपमा परिणत गर्नुपर्दछ ।

हाल सञ्चालित विश्वविद्यालयहरू समेत पूर्वाधार, वित्तीय स्रोत र गुणस्तरका दृष्टिकोणले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी नभएको तथ्यहरू यस अध्ययनले देखाएको छ । यसलाई आधार मान्दा हालका विश्वविद्यालयहरूको पुनर्संरचना गर्नु अपरिहार्य छ । त्रिभुवन विश्वविद्यालयसँग पनि देशभरि ६२ वटा आङ्गिक क्याम्पस रहेको तथ्य सर्वविदितै छ । ती क्याम्पसहरूलाई त्रिभुवन विश्वविद्यालयकै "ब्राण्ड" कायम गरी सञ्चालन र आर्थिक स्वायत्तता प्रदान गर्न सकिने नीतिगत विषय उच्च तहको शैक्षिक र राजनैतिक तहमा विमर्श गर्नुपर्ने आवश्यकता छ । त्रिभुवन विश्वविद्यालयको ऐतिहासिक महत्त्व र उच्च शिक्षामा यसको योगदानको कदर गर्दै त्रिभुवन विश्वविद्यालय- प्रदेश १, त्रिभुवन विश्वविद्यालय- मधेश, त्रिभुवन विश्वविद्यालय- बागमती, त्रिभुवन विश्वविद्यालय- गण्डकी, त्रिभुवन विश्वविद्यालय- लुम्बिनी, त्रिभुवन विश्वविद्यालय- कर्णाली, त्रिभुवन विश्वविद्यालय- सूदूरपश्चचिम गरी सातवटै प्रदेशमा त्रिभुवन विश्वविद्यालयको नामबाट नै विश्वविद्यालय स्थापना गरी नयाँ विश्वविद्यालयको आवश्यकता परिपूर्ति गर्न सकिन्छ ।

त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन, स्तरोन्नति र पुनर्संरचना गर्दा (कीर्तिपुरस्थित) केन्द्रीय क्याम्पस तथा काठमाडौँ उपत्यकामा सञ्चालित त्रिभुवन विश्वविद्यालयका सबै आङ्गिक क्याम्पसहरूलाई समेटेर सबल र गुणस्तरीय विश्वविद्यालयका रूपमा स्तरोन्नति गर्नुपर्दछ । त्रिभुवन विश्वविद्यालयलाई सङ्घीय विश्वविद्यालयका रूपमा राष्ट्रिय शिक्षा नीति २०७६ ले समेत परिभाषित गरिसकेको सन्दर्भमा यसलाई सोहीअनुरूप व्यवस्थापन गर्नुपर्दछ ।

### ५.२.२. सञ्चालनमा रहेका क्याम्पसहरूको स्तरोन्नति गर्ने तरिका

विश्वविद्यालयको स्थापना गर्ने विभिन्न तरिकाहरू मध्ये प्रदेश स्तरमा रहेका, विश्वविद्यालय बनाउन स्रोत र साधनका दृष्टिकोणले सम्भावना बोकेका विभिन्न क्याम्पसहरूलाई स्तरोन्नति वा एकीकरण

गरेर गर्न सकिने मध्ये एउटा महत्त्वपूर्ण तरिका हो । यो मोडेल व्यवस्थापकीय तथा लगानीका दृष्टिकोणले सहज र सरल पनि मानिएको छ तर यसमा नीतिगत तथा व्यवहारिक रूपमा सहज बनाउन कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ । ठुला संरचना भएका, आवश्यक सेवा सुविधा प्रदान गरिरहेका, पर्याप्त विद्यार्थी सङ्ख्या भएका, उपयुक्त भौगोलिक अवस्थितिमा रहेका, जनसाङ्ख्यिक हिसाबले उपयुक्त हुने, देशमा काम गर्ने जनशक्ति उत्पादन गर्नसक्ने र उद्यमशीलतालाई प्रोत्साहन दिने क्याम्पसहरूलाई स्तरोन्नति गर्ने प्रकियामा जान सक्ने देखिन्छ । यसका लागि अन्तरप्रदेश समन्वयको खाकासहित आवश्यक कानुन निर्माण गरी मात्र स्तरोन्नति गनुपर्दछ । यसरी स्तरोन्नति वा एक अर्कामा गाभिएर नयाँ विश्वविद्यालय हुँदा यसले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न मद्दत पुग्दछ (Marginson and Considine, 2000, Mok, 2008, Ngok and Guo, 2008) भने न्यून विद्यार्थी, कमजोर गुणस्तर र उचित पूर्वाधारको समस्या पनि निराकरण गर्न सहज हुन्छ ।

यसका साथै सम्भावना भएका क्याम्पसहरूमा शैक्षिक कार्यक्रमहरू थप गरेर वा विधा नै थप गरेर पनि स्तरोन्नति गर्न सकिने अवस्था रहन्छ । अध्ययनको आधारमा विगतमा केन्द्रीकृत संरचना अन्तर्गत विश्वविद्यालय सञ्चालनमा रहनु र त्यसबाट उत्पादित जनशक्ति एउटा निर्वाहमुखी ज्ञान र सीपका लागि मात्र उपयोग भइरहेको अवस्था देखियो । अझ भन्ने हो भने त्यो एउटा जनशक्ति सीमित रूपमा उत्पादन भएर पनि विदेश पलायन हुने र त्यहाँको लागि काम गर्ने वातावरण सिर्जना भइरहेको छ । यो संरचनाबाट उत्पादित जनशक्ति न त गरीखाने वर्गको न त उद्यमशील र सीपयुक्त बन्न सकेको देखिन्छ [४७] । त्यसकारण अब देशको लागि जनशक्ति उत्पादनमा प्रादेशिक विश्वविद्यालयले सो कुराको कमीलाई परिपूर्ति गर्न सक्नुपर्दछ । देशलाई उद्यमशील, समझदार, सीपयुक्त र प्राविधिकका साथै देश विकासको आवशयकतासँग आबद्ध भएर काम गर्न सक्ने जनशक्तिको खाँचो छ ।

विश्वविद्यालयका सरोकारवालाहरू जो समाजका आममानिसहरू हुन्, उनीहरू नै विश्वविद्यालयका उपयोगकर्ता र संरक्षक (custodian) पनि हुन् । उनीहरूसँग विश्वविद्यालय स्थापनाका विषयमा राष्ट्रिय बहस गरी निष्कर्षमा पुग्नु पर्दछ । यदि यस्तो बहस नभई विश्वविद्यालय स्थापना गरियो भने त्यसको दिगोपन र स्वायत्ततामा प्रभाव पर्नसक्दछ । जनताको आवाजको प्रतिनिधित्व नभई स्थापित भएका विश्वविद्यालयहरूले जनतालाई अपेक्षित र आवश्यकतामा आधारित सेवा प्रवाह गर्न सक्दैनन् । सर्वपक्षीय छलफल, बहस, सहमति र सहयोग विश्वविद्यालय स्थापनाका लागि अनिवार्य सर्त हो । विश्वविद्यालय स्थापनामा दिगो लगानीका आधार, आवश्यकता, अपन्त्व र आत्मीयता गाँसिएको हुन्छ । तसर्थ, सञ्चालन भइराखेका र स्थानीय रूपमा अन्तरसम्बन्धित भएका तथा भावनात्मक रूपमा जोडिएका संस्थाहरूलाई साझा सहमतिबाट स्तरोन्नति गरी अगाडि बढ्न सकिन्छ । यसरी स्तरोन्नति गर्दा पूर्वाधार, शैक्षिक गुणस्तर, जनशक्ति आपूर्ति, लक्षित विद्यार्थी, दिगो लगानी, पहुँच आदि जस्ता विषयहरूलाई ध्यान दिनुपर्छ ।

---

४७ सार्वजनिक संवाद

प्रादेशिक विश्वविद्यालय बनाउँदा स्थानान्तरण हुने तथा टुक्रिने विश्वविद्यालय र रूपान्तरण हुने क्याम्पसका जग्गा जमिनसहित भौतिक संरचना र आर्थिक स्रोतसाधन नयाँ बन्ने विश्वविद्यालयको स्वामित्वमा स्वतः स्थानान्तरण भई यथावत कायम रहने तर शैक्षिक कार्यक्रम भने परिवर्तित सन्दर्भको आवश्यकता र मागका आधारमा संशोधन, खारेजी तथा नयाँ सुरुआत हुन सक्ने र विद्यमान मानव संशाधन पनि प्रादेशिक विश्वविद्यालयको आवश्यकताअनुरूप परिमार्जन र विस्थापन गर्दै लैजाने कानुनी व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

एकीकरण र स्तरोन्नतिको अभ्यास नेपालले अपनाउनु नै उपयुक्त हुने देखिन्छ । विश्वका अन्य देशमा एकीकरण र स्तरोन्नति गर्ने अभ्यासहरू प्रचलनमा रहेका र सफल पनि भएका छन् । एकीकरण र स्तरोन्नति गर्दा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको विश्वविद्यालयलाई मूल आधार बनाउनु पर्दछ र शाखा क्याम्पसका रूपमा आवश्यक स्थान र भूगोलमा सोही विश्वविद्यालयका क्याम्पसहरू विस्तार गर्न सकिन्छ । अमेरिकाको एरिजोना स्टेट युनिभर्सिटीले पाँचवटा फरक स्थानमा आफ्नो विश्वविद्यालय विस्तार गरेको छ र त्यसको सबै स्थानमा आफ्नो सामर्थ्य र अन्वेषण पहुँचलाई समान रूपले विस्तार गरेको छ[४८] । कुनैपनि स्थानको विश्वविद्यालयमा समान रूपले उही गुणस्तर, सुविधा र पहुँच प्रदान गर्नु यसको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । स्तरोन्नति प्रक्रियामा ध्यान पुर्‍याउनुपर्ने अन्य पक्षहरूमा स्वायत्तता र मानक निर्धारण पर्दछन् । यद्यपि यहाँ विर्सन नहुने तथ्य बहु-क्याम्पस र बहु-राज्य (state), नेपालको सन्दर्भमा प्रदेशे विश्वविद्यालय नेतृत्व गर्दा आउने मुख्य चुनौती नै निर्णयको स्वायततामा सिर्जना हुने द्वन्द्वात्मक स्थिति हो (Groenwald, 2018) । यसलाई नीतिगत र कानुनी पक्षबाट सुल्झाउनु पर्दछ ।

मानकस्तर अन्तर्गत विश्वविद्यालय सञ्चालनका लागि आधारभूत पक्षहरू जस्तैः गुणस्तर र अनुसन्धान तथा क्रेडिट मूल्याङ्कन, एक्रेडिटेशन आदि विषयहरू पर्दछन् भने एक्रेडिटेशनमा आधारित सञ्चालन पद्धति उतिकै महत्त्वपूर्ण छ (Elken, 2017) । विश्वविद्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मान्य हुने पाठ्यक्रम तथा विविध विधाहरूको गुणस्तर कायम गरी सञ्चालन गर्नु आवश्यक छ । अनुसन्धानमा प्राथमिकता तथा रोजगारदाताको विश्वास र दीक्षित विद्यार्थीहरूले दिएको सेवाको गुणस्तरमा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यसैगरी विश्वविद्यालयका पाठ्यसामग्रीहरूको गुणस्तरसमेत मानकस्तरभित्र अटाउनुपर्ने कुरा हो । यीसँगै विश्वविद्यालयको स्थापनामा आवश्यक मानकस्तरले समेट्नुपर्ने पक्षहरू निम्नानुसार उल्लेख गर्न सकिन्छः

१) रोजगार,

२) शैक्षिक कार्यक्रमको समकक्षता,

३) विश्वविद्यालयको सुशासन,

---

४८ ASU Campues and locations को बारेमा यस वेवपेजबाट जानकारी लिइएको हो । पूरा विवरण यहाँ हेर्नसकिन्छः https://campus.asu.edu/#:~:text=Arizona%20State%20University%20is%20%22One,of%20unique%20colleges%20and%20schools.

४) अन्तर्राष्ट्रिय स्तरको शैक्षिक कार्यक्रम,
५) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन,
६) विद्यार्थी सेवा केन्द्र तथा कल्याण,
७) सिकाइ अनुभव तथा विद्यार्थी सहायता (स्रोतहरू, विद्युतीय पुस्तकालय, आदि)
८) विद्यार्थी आदानप्रदान कार्यक्रम,
९) मूल्याङ्कनका एकीकृत मानकहरू,
१०) दीक्षान्त कार्यक्रम,
११) पूर्वविद्यार्थी परिषद्,
१२) औद्योगिक क्षेत्रसँग सहकार्यको अवधारणा

उल्लिखित मानकस्तर निर्धारणका आधारहरू यकिन गरी तयार गर्ने, लागु गर्ने गराउने र अनुगमन गर्ने कार्य गर्न राष्ट्रियस्तरको निकायले गर्नु उपयुक्त हुन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयबाट अध्ययन पूरा गरेका विद्यार्थीले आवश्यकताअनुसार समकक्षता प्राप्त गर्न सक्दछन् ।

यसका अतिरिक्त उच्च शिक्षा तथा विश्वविद्यालय सुधारमा प्रेरित गर्ने तत्वहरूका बारेमा धेरै अध्ययनहरू भएका छन् (Miles & Huberman, 1984; Walker, 1990; Torres, 2011; Barber, et al., 2013) । यी अनुसन्धानहरूले उच्च शिक्षा सुधारका लागि आवश्यक विभिन्न तत्वहरू जस्तैः आर्थिक तथा राजनैतिक अपरिहार्यताका क्षेत्र, प्राविधिक विकास, विश्वव्यापीकरण, प्राकृतिक प्रकोपहरू, सामाजिक मूल्यमान्यताको परिवर्तन, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धीहरू, अन्तर्राष्ट्रिय विकास समुदायहरू, जनसाङ्ख्यिक परिवर्तनहरू र नयाँ शताव्दीको प्रजातान्त्रिक डिस्कोर्षहरूका बारेमा उल्लेख गरेका छन् (Fullan, 1991, 2001; Sporn, 1999; Crosier, 2007) । नेपालले उल्लिखित डिस्कोर्षहरूका बारेमा परिवेश सुहाउँदो विश्लेषण गरी विश्वविद्यालय सुधारको योजना बनाउनु उचित हुन्छ । देशको आवश्यकता र विश्व परिवेशअनुरूपको विश्वविद्यालय सुधार र स्तरोन्नतिको योजना कार्यान्वयन गर्न अत्यतै जरुरी भइसकेको छ । तथापि, नेपालमा ठुला परियोजनामार्फत सुधारका कार्यहरू[४९] नभएको पनि होइन तर यसको प्रभावकारीता कसरी बढाउने भन्नेतर्फ हामीले ध्यान दिनु आवश्यक छ ।

## ५.३. प्रादेशिक विश्वविद्यालयका लागि आवश्यक न्यूनतम पूर्वाधारहरू

प्रादेशिक विश्वविद्यालय स्थापनामा भौतिक पूर्वाधारको विकास, सुविधायुक्त संरचना, अध्ययन अनुसन्धानका सुविधाहरू निकै महत्त्वपूर्ण रहेका हुन्छन् । यी पूर्वाधारलगायतका सुविधाहरूको उपलब्धता

४९ विश्वविद्यालय अनुदान आयोग मार्फत Higher Education Reforms Project (HERP) यस्तै एउटा परियोजना हो । यससम्बन्धी प्रतिवेदन यहाँ हेर्न सकिन्छः https://www.ugcnepal.edu.np/ugc_header_images/DLIAchievementReport_1Yr2ndClaim_Final.pdf

सुनिश्चित नभई प्रादेशिक विश्वविद्यालय स्थापना गरिँदा दीर्घकालसम्म त्यसको नकारात्मक प्रभाव पर्दछ[५०] । तसर्थ, विश्वविद्यालयको स्थापनाभन्दा पहिले सडक, विद्युत्, इन्टरनेट तथा यातायात (जसलाई पूर्वाधारको पनि पूर्वाधार भनिन्छ) लाई सर्वसुलभ तथा पहुँचयोग्य बनाउनुपर्छ । अहिले आधारभूत पूर्वाधारहरू तयार नगरी विश्वविद्यालयहरू खोलिएका छन् । उदाहरणका लागि कर्णाली वा सुदूरपश्चिम क्षेत्रमा सडक, बिजुली र इन्टरनेट सबै ठाउँमा पुग्न सकेको छैन । यिनको अभावमा विश्वविद्यालयहरू सञ्चालनका लागि अपरिहार्य हुने प्रविधि आधारित शिक्षण, अनुसन्धान र विकास, प्रयोगशालाको सञ्चालन, अनलाइन पठनपाठन, ई-लाइब्रेरीको सञ्चालन आदिमा कठिनाइ उत्पन्न हुन्छ । यसैगरी, अपाङ्गता भएका, कानुनी रूपमा आरक्षण प्राप्त गरेका, महिला र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा व्यवस्थापनको सुनिश्चितता गर्ने पूर्वाधार तयार हुनुपर्दछ ।

मूलतः भौतिक पूर्वाधारको बारेमा धेरै चर्चा परिचर्चा हुने भए पनि योसँगै सम्बन्धित भएर आउने तर कम छलफल हुने विषय हो जग्गा प्राप्ति तथा उपलब्ध हुने जमिनको क्षेत्रफल । सञ्चालनमा रहेका विश्वविद्यालयहरूको जमिनसँग जोडिएर आउने विषयहरूमा यसको उपयोग, संरक्षण र उत्पादनमा धेरै खालका समस्या र विवादहरू रहेको वास्तविकता छ । एकातिर धेरै विश्वविद्यालयहरूले उपलब्ध जमिनको सदुपयोग गर्न नसकेको तथ्य पनि हाम्रासामु छ भने अर्कोतिर विश्वविद्यालयहरूले पूर्वाधार निर्माण गर्नुपर्ने भएकाले ठुलो परिमाणमा जमिनमा लगानी गर्नुपर्ने आवश्यकता छ । तसर्थ, जमिनको प्राप्ति र सदुपयोगको योजनासहित विश्वविद्यालयहरू तयार हुनुपर्दछ । खास गरी विधागत खेलकुदका लागि खेलकुद मैदान, प्रयोगशाला निर्माण, क्षेत्रगत अध्ययन अनुसन्धान गर्नुपर्ने विषयहरू जस्तैः बालीनाली, पशुपन्छी पालन, वन-पर्यावरण, वन विज्ञान, कृषि, स्वास्थ्य अनुसन्धान, प्राकृतिक स्रोत व्यवस्थापन, खाद्य प्रविधिलगायतका विषयहरूका लागि ठुलो परिमाणमा जमिन आवश्यक पर्दछ । जमिन प्राप्तिको सुनिश्चितता गरेर मात्र विश्वविद्यालय खोल्ने तयारी गर्नुपर्छ ।

जमिन पनि एउटा महत्त्वपूर्ण पूर्वाधार हो भने पूर्वाधारले भौतिक पक्षहरू मात्र समेट्ने नभई विश्वविद्यालयको समग्र शैक्षिक वातावरण र भावनात्मक पक्ष पनि समेट्दछ । भौतिक पूर्वाधारहरू आफैमा साध्य होइनन् तर भौतिक पूर्वाधारको उचित व्यवस्थापन तथा उपयोगविना शैक्षिक गुणस्तर, अनुसन्धान, मानव संसाधनको उत्पादकत्व तथा नवप्रवर्तनमा आधारित पठनपाठनसँग जोड्न सकिँदैन । विश्वविद्यालयले सञ्चालन गर्ने पठनपाठनको विषय वा शैक्षिक कार्यक्रमअनुसार भौतिक पूर्वाधारहरूको आवश्यकता हुने भएकाले पूर्वाधार निर्माण गर्न सोहीअनुसार प्राथमिकता तय हुनुपर्दछ । प्राविधिक विषयहरूका लागि र सामाजिक विज्ञान जस्ता विषयहरूका लागि पूर्वाधारको प्रकृति फरक हुनु स्वभाविक हो । तापनि समग्रमा एउटा विश्वविद्यालय स्थापना गर्दा निम्नानुसारका न्यूनतम पूर्वाधारहरू तयार हुनुपर्छ । यी पूर्वाधारहरूको खाका विभिन्न विश्वविद्यालयहरूको भ्रमण अवलोकन, शिक्षा क्षेत्रका विज्ञहरूको सुझाव, विश्वविद्यालय अनुदान आयोग, प्रतिष्ठित विश्वविद्यालयहरू र साहित्य समीक्षाका आधारमा तयार गरिएको छ ।

५० सार्वजनिक संवाद

## तालिका २२ विश्वविद्यालयहरूका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार

| पूर्वाधार क्षेत्र | विवरण |
|---|---|
| प्राज्ञिक/प्रशासनिक | – प्रशासनिक भवन<br>– हरेक स्कुल/विभागका छुट्टै भवनहरू<br>– केन्द्रीय पुस्तकालय (आङ्गिक क्याम्पसको हकमा छुट्टै)<br>– अनुसन्धान तथा विकास (R&D) भवन<br>– कम्प्युटर ल्याब<br>– प्राविधिक तथा अन्य विषयका लागि आवश्यकताअनुसारको प्रयोगशाला/ल्याबहरू<br>– मापदण्डअनुरूपका शिक्षण भवन/कक्षा कोठा<br>– सभाहल (सबै स्कुलहरूको र विश्वविद्यालयले कार्यक्रम गर्न सक्ने (कम्तीमा १५ सयजनाको क्षमता भएको)<br>– विज्ञ/विशेषज्ञ केन्द्र<br>– सूचना प्रविधि तथा नेटवर्क केन्द्र (डिजिटल कार्ड, इ-मेल, इन्टरनेट सेवा, स्टुडेन्ट एक्टिभिटी सेन्टर)<br>– विदेशी विद्यार्थी विभाग तथा सेवा केन्द्र<br>– विद्यार्थी कल्याण परिषद्को कार्यालय<br>– पुस्तक पसल, फोटोकपी, प्रिन्ट, बाईन्डिङ आदिको उपलब्धता<br>– गिफ्टेड योङ्ग (विशेष छात्र/छात्रा) मैत्री सेवा/संरचना वा छुटै व्यवस्था<br>– नेटवर्क स्थापना केन्द्र (विश्व प्राज्ञिक जगत्सँग सम्बन्धका लागि) |
| आवासीय/सुरक्षा | – अतिथिगृह<br>– कर्मचारी र प्राध्यापकका लागि आवास<br>– आवासीय विद्यार्थीका लागि छात्र/छात्रा आवास गृह<br>– भोजन गृह<br>– शुद्ध पिउने पानीको आपूर्ति<br>– कर्मचारी, प्राध्यापक र विद्यार्थीका वालवालिकाहरूका लागि (पूर्व) प्राथमिक विद्यालय<br>– सेवानिवृत कर्मचारी/प्राध्यापक क्रियाकलाप केन्द्र |

| पूर्वाधार क्षेत्र | विवरण |
|---|---|
| | – स्वास्थ्य क्लिनिक तथा परामर्श सेवा केन्द्र (नगरपालिकास्तरीय स्वास्थ्य केन्द्र सरह सुविधा भएको)<br>– विश्वविद्यालय परिसरभित्र सुरक्षा व्यवस्था (सी.सी. क्यामेरासहितको) |
| खेलकुद/आउटडोर | – बहुउद्देश्यीय खेल मैदान (फूटबल मैदानसमेत), बास्केटबल कोर्ट, भलिबल कोर्ट, व्याडमिनटन कोर्ट, टेनिस कोर्ट आदि<br>– टेबल टेनिस, लुडो, बाघचाल, चेसलगायतका खेलका लागि हल<br>– प्रशिक्षकसहितको व्यायाम हल<br>– पौडी पोखरी |
| पार्किङ/उर्जा | – प्राध्यापक र विद्यार्थीका लागि पार्किङ<br>– वैकल्पिक उर्जा तथा पानीलगायतका व्यवस्थापन क्षेत्र<br>– आपतकालीन आश्रयस्थल (सेल्टर)<br>– ढल तथा निकासको व्यवस्था<br>– सडक सञ्जाल<br>– आपतकालीन छोटोपथ मार्ग (shortcut way) |
| अन्य | – प्रेस तथा प्रकाशन भवन<br>– सहुलियत किराना पसल<br>– फलफूल पसल<br>– बार्बर पसल<br>– पुलिस स्टेशन<br>– प्रविधिमैत्री सेवा र निःशुल्क इन्टरनेट<br>– स्थान विशेष वा प्रदेशको विशेषता जनाउने फलफूलसहितको बगैचा र पोखरीसहितको उद्यान<br>– आगन्तुकका लागि आर्ट ग्यालरी, म्युजियम र चिया/कफीबार<br>– सूचना, आपतकालीन, शोक, राष्ट्रिय दिवस, उत्सवहरूमा विश्वविद्यालय परिसरको सबै ठाउँमा एकैपटक सूचना प्रवाहगर्न सकिने सयन्त्र<br>– विद्यार्थीहरूलई निश्चित अवधिका लागि सुरुआती उद्यम (स्टार्टअप) र इन्कुवेशन केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा जमिन |

| पूर्वाधार क्षेत्र | विवरण |
|---|---|
| | – भावनात्मक सम्बन्धमा बाँध्ने खालका संरचना (जस्तैः सङ्गीत, सांस्कृतिक केन्द्र, योग केन्द्र, नेपाली इतिहास वा कलासम्बद्ध स्मारक वा भविष्यको मार्गदर्शन गर्ने सङ्केतात्मक स्मारक आदि वा अन्य कुनै रूपमा प्रस्फुटन गर्न सकिने) |

यहाँ प्रस्तुत भौतिक पूर्वाधारहरूको सूची समग्र दृष्टिकोणबाट तयार गरिएको हो । परिवर्तित समयको आधारलाई मध्यनजर गर्दै वर्तमानको विद्युतीय/डिजिटल युगमा आवश्यक पूर्वाधार तयार गर्नुपर्ने हुन्छ । उदाहरणका लागि खुला विश्वविद्यालयको अवधारणा वा दूरशिक्षा जस्ता पद्धतिहरूको विकास गर्न पूर्वाधार तयार गर्नुपर्ने बारेमा पनि विचार गर्नुपर्छ । सूचना तथा सञ्चार प्रविधिको विकासले अहिले भौतिक पूर्वाधारको ढाँचालाई समेत प्रभावित पार्दछ ।

## ५.४. प्रादेशिक विश्वविद्यालयको वित्तीय व्यवस्थापन तथा लगानीका ढाँचाहरू

प्रादेशिक विश्वविद्यालय स्थापनाका सन्दर्भमा वित्तीय व्यवस्थापन एक प्रमुख चुनौती हो । विश्वविद्यालयहरू लगानीको अभावमा (under funding) समस्यामा पर्ने परिवेश नेपालका सबैजसो विश्वविद्यालयहरूले भोग्नु परिरहेको यथार्थ हो[५१] । नेपाल सरकारले शिक्षा क्षेत्रमा विनियोजन गरेको कूल बजेटको जम्मा ९ प्रतिशत मात्र उच्च शिक्षाका लागि प्रदान गरिन्छ[५२] । दिगो र पर्याप्त लगानीको स्रोत नहुँदा विश्वविद्यालयहरूले पूर्वाधार निर्माणदेखि नियमित शैक्षिक गतिविधि सञ्चालनमा समेत खर्चमा अभाव झेल्दै आइरहेका छन् । प्रादेशिक विश्वविद्यालय भन्ने बित्तिकै शतप्रतिशत प्रदेश सरकारले लगानी (funding) गर्ने विश्वविद्यालय हो भन्ने बुझ्नु हुँदैन । राष्ट्रिय शिक्षा नीति २०७६ को नीति १०.५० अनुसार "शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्न सरकारले समग्र शिक्षा बजेट र कार्यक्रमको पुनः संरचना गर्ने" (शिक्षा मन्त्रालय, २०७६, पृ. ६६) नीति लिएको छ । यसले शिक्षामा लगानी अभाव र लगानीको ढाँचालाई समेत सुधार गर्न मार्गदर्शन गरेको देखिन्छ ।

प्रादेशिक विश्वविद्यालयको स्थापना गर्दा पूर्वाधार विकासमा केन्द्र सरकार, प्रदेश सरकार र सक्षम स्थानीय सरकारले पनि लगानी गर्न सक्छन । नयाँ स्थापना हुने विश्वविद्यालयहरूले दैनिक सञ्चालन खर्च आफै सिर्जना गर्न सक्ने हुनुपर्छ भने अनुसन्धान र पूर्वाधारमा सरकारले लगानी गर्ने उचित ढाँचा हुन्छ । यस सन्दर्भमा प्रादेशिक विश्वविद्यालय स्थापना गर्दा केन्द्र सरकारले पहिलो चरणमा निश्चित मापदण्ड बनाएर प्रदेश सरकारलाई वित्तीय सहयोग गर्न आवश्यक हुन्छ । यसरी दिइने आर्थिक सहयोग

---

५१ विश्वविद्यालय अनुदान आयोगका अनुसार २०७७/७८ मा उच्च शिक्षाको कूल बजेटको २७.०१ प्रतिशत पुँजीगत विकास र ७२.९९ प्रतिशत सञ्चालन र उपयोगमा खर्च हुन्छ । कूल बजेटको ५४.०२ प्रतिशत त्रिभुवन विश्वविद्यालयलाई जान्छ । यससम्बन्धी थप यहाँबाट हेर्नसकिन्छ https://www.ugcnepal.edu.np/singlenews/24

५२ हेर्नुहोस् बजेट वक्तव्य https://www.mof.gov.np/uploads/document/file/1656476715_Budget%20Translation%20031379%20cv.pdf


विश्वविद्यालयको पूर्वाधारको विकासका लागि निश्चित समयसीमासम्मका लागि प्रदान गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । यो व्यवस्था सुरुआतीचरणमा मात्र सीमित गर्नुपर्दछ । अन्यथा वित्तीय दिगोपनामा परनिर्भरता सिर्जना हुनजान्छ ।

प्रदेश सरकारले विश्वविद्यालयमा गर्नसक्ने लगानी (funding) एकीकृत हुनुपर्दछ । उदाहरणार्थ प्रदेश सरकारको लगानीको सीमा कम्तीमा १० र बढीमा ४० प्रतिशत हुन सक्दछ । विश्वविद्यालय स्थापना गर्नुपूर्व प्रदेश वा स्थानीय सरकारको भूमिका कुन-कुन क्षेत्र र वित्तीय स्रोत कति उपलब्ध गराउने भन्ने विषय विश्वविद्यालय सम्भाव्यता अध्ययन गर्ने समयमा नै सुनिश्चित गरिनुपर्छ । कतिपय स्थानीय तह वा स्थानीय तहमा रहेका सम्पन्न विद्यालयहरूले विश्वविद्यालय स्थापना गर्दा राम्रो योगदान गर्नसक्छन् । स्थानीय विद्यालयको योगदान जमिन, भौतिक पूर्वाधार र वित्तीय हुनसक्दछ[५३] । यसैगरी प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय स्थापना गर्नुपूर्व स्थानीय सरकारबाट प्राप्त हुनसक्ने विविध सहयोगको खोजी गर्न पछि पर्नु हुँदैन ।

प्रादेशिक वा नयाँ स्थापना हुने विश्वविद्यालयबाट दीक्षित (graduate) वा उपाधि हासिल गर्ने जनशक्ति व्यवहारिक रूपमा रोजगार बजारमा जानसक्ने हुनुपर्छ । त्यसो भएमा निजी क्षेत्रले विश्वास गर्दछ । औद्योगिक तथा निजी क्षेत्रबाट पनि लगानी सङ्कलनको वैकल्पिक ढाँचामा जान सक्ने सम्भावना रहन्छ । यसको अतिरिक्त विश्वविद्यालयहरूले बाह्य स्रोत (अर्थात् अन्तर्राष्ट्रिय प्रतिस्पर्धा) बाट पनि अनुसन्धान रकम लिन सक्छन् । यसले विश्वविद्यालयलाई प्रतिस्पर्धी, व्यवहारिक र उत्त्कृष्ट बन्नका लागि सहयोग गर्दछ । विदेशी दाताको सहयोग वा अनुदान पनि यो उद्देश्यका लागि महत्त्वपूर्ण हुन्छ ।

प्रादेशिक विश्वविद्यालय स्थापना गर्दा कस्तो लगानी ढाँचा उपयुक्त र सम्भव हुनसक्छ भन्ने सम्बन्धमा यहाँ केही ढाँचाहरू प्रस्तुत गरिएको छ ।

**चित्र १० विश्वविद्यालयमा लगानीका सम्भाव्य ढाँचाहरू**




५३ सार्वजनिक संवाद

## ५.४.१. सङ्घीय सरकारको लगानी ढाँचा

विश्वविद्यालय स्थापनाका लागि निश्चित प्रक्रियाका आधारमा सङ्घीय सरकारले प्रदान गर्ने लगानीको अवधारणालाई सङ्घीय सरकारको लगानी ढाँचा भनिएको हो । खासगरी पुँजी लगानीको ढाँचा अन्तर्गत कस्तो किसिमको लगानी गर्ने र कुन स्रोतबाट लगानी व्यवस्थापन गर्दा उपयुक्त हुन्छ भन्ने सन्दर्भमा सार्वजनिक संवादको क्रममा विज्ञहरूले राखेको कुरा निकै मननीय रहेका छन् । प्रदेशमा स्थापना गरिने विश्वविद्यालयलाई प्रदेश स्तरमा सीमित नराखीकन क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा शैक्षिक जनशक्ति उत्पादन गर्न सक्ने संस्थाको रूपमा बुझ्न वाञ्छनीय हुन्छ । तसर्थ, विश्वविद्यालयको लगानीका लागि बहुपक्षीय वा संयुक्त लगानीको व्यवस्थापन गर्न आवश्यक छ भन्ने मान्यता विज्ञहरूको रहेको छ । तर यो पुँजी लगानीमा सङ्घीय सरकारको सहयोग निश्चित अवधि (जस्तै ५ देखि १० वर्ष) सम्म मात्र हुने व्यवस्था गर्नु उपयुक्त हुन्छ[५४] । यस्तो लगानी पूर्वाधार विकासमा मात्र प्रयोग गरिनु पर्दछ ।

विश्वविद्यालयको प्राज्ञिक स्वायतता र लगानी पनि अन्तरसम्बन्धित हुने भएकाले स्वायत्तता सुनिश्चित हुने वातावरण तयार गर्नुपर्दछ । सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानले प्राज्ञिक स्वायत्ततामा प्रभाव नपर्ने गरी नीतिगत योजना बनाउनु पर्दछ । एकातिर अनुदान प्राप्त नभए विश्वविद्यालय सञ्चालन गर्न कठिन हुने अवस्था छ भने अर्कोतिर सङ्घीय सरकारबाट प्राप्त अनुदान परिचालनमा समेत कठिनाइ रहेको छ । किनकि यस किसिमको अनुदान ससर्त आएको हुन्छ । ससर्त अनुदान सर्तबन्देजभित्र रहेर प्रयोग गर्नुपर्ने अवस्था छ । ससर्त आर्थिक सहयोग आएपछि विश्वविद्यालय सञ्चालनमा कठिनाइ उत्पन्न भएको अनुभव प्रादेशिक विश्वविद्यालय सञ्चालकहरूको छ (सार्वजनिक संवाद, ३० असोज २०७८) । वित्तीय स्वायतता (autonomy) को कुराहरू पूर्ण रूपमा देखिदैनन् । तर तोकिएको शिक्षण अनुदान रकम सोही शीर्षक अन्तर्गत खर्च गर्ने गरी विश्वविद्यालयलाई आर्थिक स्वायत्तता दिनुपर्दछ । चुस्त लेखा प्रणाली र अनुगमनको व्यवस्थापन विश्वविद्यालयले आफै गर्न सक्षम हुन आवश्यक छ ।

नीति अनुसन्धान प्रतिष्ठानको २०७८ असोज ३० मा आयोजित सार्वजनिक संवाद कार्यक्रममा गण्डकी विश्वविद्यालयका उपकुलपतिले अनुभवहरू प्रस्तुत गर्दै नयाँ स्थापना हुँदै गरेका प्रादेशिक विश्वविद्यालयहरूको हकमा आन्तरिक रूपबाट विश्वविद्यालयले सुरुका वर्षहरूमा दैनिक नियमित सञ्चालन खर्चहरू व्यवस्था गर्न नसकेको तथ्य उल्लेख गरेका थिए । सुरुआती चरणमा प्रादेशिक विश्वविद्यालयको वित्तीय दायरा धेरै फराकिलो भएको हुँदैन । त्यसकारण नयाँ स्थापना हुने विश्वविद्यालयको निश्चित समयावधिसम्म वित्तीय सहायता प्रदान गर्नुपर्ने हुनसक्छ । यसरी केन्द्र वा प्रदेश सरकार दुवैले वित्तीय सहायता उपलब्ध गराउँदा विश्वविद्यालयलाई ससर्त अनुदान दिनु उचित नहुने अनुभव गण्डकी विश्वविद्यालयका उपकुलपतिबाट व्यक्त भएको थियो । किनकि कोष तथा लेखा नियन्त्रण कार्यालयमार्फत वित्तीय स्रोत परिचालन गर्न प्रादेशिक विश्वविद्यालयहरूलाई गाह्रो हुने,

५४ सार्वजनिक संवाद

विश्वविद्यालयको प्रकृतिअनुरूप खर्च गर्न नसकिने, असार मसान्तसम्म खर्च गर्न नसके उपलब्ध वित्तीय स्रोत फ्रिज हुने भएकाले विश्वविद्यालयको शैक्षिक तथा अनुसन्धान गतिविधि सञ्चालनमा समस्या आउने भएको देखिन्छ । सरकारले विश्वविद्यालयलाई लेखा प्रणाली आफै राख्ने गरी अनुदान दिनु पर्दछ । ससर्त अनुदान रकम खर्च भएन भने फिर्ता भएर जाँदा सुरुका अवस्थाहरूमा पुँजीगत संरचना स्थापना गर्दा चाहिने वजेटको समस्याले प्रभावकारी रूपमा काम गर्न सकिंदैन[५५] । विश्वविद्यालयलाई प्राप्त भएर खर्च हुन नसकेको आर्थिक सहयोग वा अनुदान आउँदो आर्थिक वर्षमा स्वतः प्राप्त हुने नीतिगत व्यवस्था गर्नुपर्छ । तर आर्थिक स्रोतको परिचालन नगरी सञ्चित राख्ने प्रवृत्तिलाई निरूत्साहित गर्न प्रत्येक दुई वर्षमा खर्चको अडिट गरेर बजेट संचित गर्ने प्रवृत्ति निरूत्साहित गर्न सकिन्छ ।

यो नीतिगत सवाल हो र यसलाई सहज बनाउन राष्ट्रिय शिक्षा नीति २०७६ ले “शिक्षा विकासका निम्ति सङ्घीय, प्रादेशिक तथा स्थानीय तहमा सम्बन्धित सरकारले नै परिचालन गर्ने गरी प्रादेशिक र स्थानीय शिक्षा कोष खडा गरी त्यस्तो कोषमा अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत प्राप्त हुने स्रोत, सम्बन्धित सरकारी स्रोत विभिन्न संघ/संस्था र दाताहरूबाट प्राप्त सहयोगलाई एकीकृत गर्ने र वित्तीय व्यवस्थापनमा राष्ट्रिय नीति तथा मापदण्ड अन्तर्गत रहेर स्थानीय र प्रादेशिक आवश्यकतालाई सम्बोधन हुने गरी स्रोत परिचालन गर्ने” (शिक्षा मन्त्रालय, २०७६, पृ. ६८) उल्लेख गरिएको छ । यसको कार्यान्वयनले शिक्षाको लगानीमा सहजता प्रदान गर्ने देखिन्छ । प्रादेशिक विश्वविद्यालय स्थापनाका लागि बहुवर्षीय लगानी प्रणालीअनुसार सङ्घीय सरकारले लगानी गरी दिगो पूर्वाधार तयार गर्नु उपयुक्त ठानिएको छ ।

### ५.४.२. प्रदेश एकल लगानी ढाँचा

सङ्घीय संरचनाअनुरूप प्रदेश सरकारले शिक्षामा प्राप्त गर्ने वित्तीय स्रोत निश्चित तथा सीमित छ । यसैको दायराभित्र रहेर प्रदेशले लगानी र पूर्वाधार विकासका योजना बनाइरहेको अवस्थामा यो पर्याप्त भने छैन । प्रदेश सरकारको लगानी सीमित भएको, संरचनागत तथा नीतिगत पूर्वाधारहरूसमेत बलिया भइनसकेको अवस्थामा धेरै चुनौतीहरू देखिन सक्छन् । नीतिगत, प्रणालीगत, र तहगत रूपमा धेरै व्यवहारिक व्यवधान रहेको कुरा विज्ञहरूले समेत औंल्याएका छन् । उदाहरणका लागि वित्तीय स्रोतको प्राप्ति र उपयोगको सन्दर्भमा संघ र प्रदेशबिचमा तालमेल मिलाउन आवश्यक देखिन्छ । नेपाल सरकारको तर्फबाट प्रदेश सरकारलाई शिक्षामा जाने रकम र प्रदेश सरकारले विश्वविद्यालयलाई विनियोजन गर्ने तरिकामा तालमेल नभएको अनुभूति गरिएको छ[५६] ।

नेपाल सरकारको स्रोत समेत सीमित भएकाले थप खर्चको प्रावधान माग गर्न सम्भव देखिएको पनि छैन । तसर्थ, प्रदेशले आफ्नो क्षमता, स्रोत र आवश्यकताअनुसारको लगानीको व्यवस्था गरी विश्वविद्यालय स्थापना गर्न सक्दछन् । प्रादेशिक विश्वविद्यालय स्थापना गर्न चाहिने सम्पूर्ण लगानीको

५५ सार्वजनिक संवाद

५६ सार्वजनिक संवाद

स्रोत प्रदेश सरकारले जुटाइदिने ढाँचा दिगो र आत्मनिर्भर हुन सक्दछ । प्रदेशले मात्र लगानी गर्ने अवधारणा अन्तर्गत यो ढाँचा उपयुक्त हुन सक्दछ । प्रदेश सरकारले प्राप्त गर्ने विभिन्न राजस्वको निश्चित प्रतिशत प्रादेशिक विश्वविद्यालय स्थापनामा लगाउन सक्छन् । यो ढाँचा प्रदेश एकल लगानीका लागि उपयुक्त र सम्भव पनि देखिन्छ ।

### ५.४.३. सार्वजनिक निजी साझेदारी ढाँचा

सार्वजनिक निजी साझेदारी (public private partnership) लगानीको मोडेलमा पनि विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न सकिन्छ । यो लगानी ढाँचा अन्तर्गत निजी क्षेत्रहरूले (औद्योगिक प्रतिष्ठान, उद्योगक्षेत्र, सहकारी, वैंक तथा वित्तीय संस्था आदि) बाट निश्चित प्रतिशत रकम साझेदारी गर्ने गरी लगानी गर्न सक्छन् । यसरी लगानी गर्दा वित्तीय आवश्यकता र दिगोपनलाई विशेष आधार बनाइनुपर्छ । यस्तो लगानी पुँजी निर्माणमा मात्र केन्द्रित रहनु उपयुक्त हुन्छ । सार्वजनिक तथा निजी लगानी ल्याउँदा प्राज्ञिक तथा विश्वविद्यालयको वित्तीय स्वायत्ततामा प्रभाव पार्ने खालको कुनै पनि लगानीलाई स्वीकार गरिनु हुँदैन ।


यद्यपि निजी क्षेत्रले चाहेका क्षेत्रहरू जस्तै भौतिक पूर्वाधार, अनुसन्धान तथा विकास र अन्य क्षेत्रमा तोकिएको ढाँचामा लगानी गर्न सक्छन् । यसको अतिरिक्त निजी क्षेत्रले आफ्ना कर्मचारी वा कामदारलाई चाहेको विधामा वा विषयमा छात्रवृत्तिमा अध्ययन गर्न पठाउन सक्छन । यसैगरी निजी क्षेत्रले तोकिएको समुदाय वा लक्षित वर्गका समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति पनि दिन सक्छन् । नयाँ स्थापना हुने तथा हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूले निजी क्षेत्रको आर्थिक सहयोगको खोजी गर्न सक्दछन् । उदाहरणका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गतका केही सङ्कायहरूमा निजी क्षेत्रले पूर्वाधार तथा उपकरणमा सहयोग गरेको पाइन्छ । यस्तै काठमाडौँ विश्वविद्यालयमा पनि निजी क्षेत्रका र देश बाहिरका संस्था र विश्वविद्यालयले सहकार्य गरिरहेका छन् (हेर्नुहोस् अनुसूची ५) । यसैले प्रदेशले प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने क्रमको सुरुआती चरणदेखि नै निजी क्षेत्रको सहकार्यबाट लगानी जुटाउन सक्छन् । यसका अतिरिक्त निजी प्रतिष्ठानहरूले शैक्षिक क्षेत्रमा सोझै सेवाको भावले लगानी गर्न पनि सक्छन् । प्रतिष्ठित उच्च वर्गका व्यक्तिहरूले पुस्तकालय, भौतिक पूर्वाधार, अक्षय कोषमार्फत छात्रवृत्ति उपलब्ध गराउने चलन नयाँ होइन ।

### ५.४.४. त्रिपक्षीय संयुक्त लगानी ढाँचा

देशको सार्वजनिक शिक्षामा राज्यको लगानी, सहयोग र नियमन हुनुपर्दछ । सङ्घीय संरचनामा प्रवेश गरिसेकपछि देशका लागि आवश्यक जनशक्ति विकास गर्ने कार्य तीनै तहका सरकारहरूको साझा दायित्त्वभित्र पर्दछ । यसरी साझा लगानीका सन्दर्भमा कुन तहको सरकारको लगानी कति हुने र कुन पद्धतिमा हुनुपर्छ भन्ने कुरालाई सूत्रबद्ध गर्न जरुरी देखिन्छ ।

प्रादेशिक विश्वविद्यालय स्थापना गर्दा सरकारहरूबिच अर्थात् संघ, प्रदेश र स्थानीय सरकारको साझेदारी ढाँचामा लगानी गर्न सकिन्छ । यस किसिमको लगानीलाई दुई प्रकारले हेर्नुपर्ने हुन्छ । पहिलो पुँजी लगानी र दोस्रो सञ्चालन खर्च । विश्वविद्यालयको आफ्नो लगानीभित्र स्थानीय सरकारको सहयोग हुनुपर्छ भन्ने तथ्यलाई पनि भुल्नु हुँदैन । स्थापनाको सुरुआतमा विश्वविद्यालयले आफ्नो दायित्वमा परेको लगानी रकम स्थानीय सरकारका स्रोत, सार्वजनिक विद्यालयसँगको सहकार्य, सार्वजनिक आव्हान गरेर पनि सङ्कलन गर्न सक्दछन् । यस विषयमा थप अनुसन्धान गरी लगानीको ढाँचा तय गर्नु आवश्यक छ । विश्वविद्यालय आफैले गर्ने लगानी विद्यार्थी शुल्क र अनुसन्धान कोषहरू हुन् । मुलभूत कुरा विश्वविद्यालयको प्रशासनिक खर्च (प्राध्यापक र कर्मचारीहरूको तलब, मसलन्द खर्च, मर्मत खर्च, विद्युत, पानी, सञ्चार, यातायात, इन्धन आदि) शुल्कबाट उठ्ने गरी व्यवथापन गर्न आवश्यक छ । विश्वविद्यालयलाई चाहिने अनुसन्धान र पूर्वाधार विकास, छात्रवृति आदि खर्च तीनै तहका सरकारको साझेदारी, बाह्य स्रोत वा वैदेशिक अनुदान, तथा दाताको सहयोग आदिबाट जुटाउनु उत्तम हुन्छ । प्रतिस्पर्धात्मक अनुसन्धान कोषमार्फत पनि वैदेशिक सहयोग विश्वविद्यालयहरूले प्राप्त गर्न सक्दछन् ।

### चित्र ११ पुँजी लगानी र सञ्चालन खर्च भार




पुँजी लगानी (capital investment) का लागि सङ्घीय सरकारले ३० प्रतिशत, प्रदेश सरकारले ६० प्रतिशत र विश्वविद्यालय स्वयम्ले १० प्रतिशत स्रोतको व्यवस्था गर्नसक्ने हुनुपर्दछ । विश्वविद्यालय स्वयम्ले यस्तो रकम जुटाउन सक्ने आधारहरू भनेको स्थानीय सरकार, चन्दा, दान, सहयोग रकम सङ्कलन, व्यवसायी वा विदेशी दातृनिकाय हुन सक्दछन् । प्रदेश सरकारको लगानी सबैभन्दा बढी हुनुको कारण यसको स्वामित्व र जिम्मेवारी प्रदेश सरकारसँग रहने भएकाले हो । सञ्चालन खर्चका लागि सङ्घीय सरकारबाट १० प्रतिशत, प्रदेश सरकारबाट ६० प्रतिशत र विश्वविद्यालयबाट ३० प्रतिशत खर्चको व्यवस्था गर्न सकिने धारणा नीति अनुसन्धान प्रतिष्ठानको २०७८ असोज ३० मा

आयोजित सार्वजनिक संवाद कार्यक्रममा विज्ञहरूले राख्नु भएको थियो । त्यसैगरी सुरुका वर्षहरूमा नियमित सञ्चालन खर्चको भार (recurrent cost) मा २५ प्रतिशत केन्द्र सरकारले लगानी गर्नुपर्छ भने ५० प्रतिशत प्रदेश सरकारले र बाँकी २५ प्रतिशत विश्वविद्यालयले नै व्यहोर्ने बनाउनुपर्छ । यो व्यवस्था खासगरी प्रारम्भिक चरणमा मात्र लागु गर्ने प्रावधान गर्नुपर्छ । सरकारले दिने नियमित सञ्चालन खर्च क्रमशः पाँचवर्षमा शुन्यमा ल्याई विश्वविद्यालयले आफ्नै आयबाट व्यहोर्न सक्ने हैसियत बनाउनुपर्दछ ।

### ५.४.५. निजी लगानी ढाँचा

निजी लगानी ढाँचा संसारभर चलेको महत्त्वपूर्ण र सफल ढाँचा मध्येको एक हो । यस ढाँचामा निजी लगानी कर्ताले उच्च शिक्षाको नीति नियमभित्र रहेर लगानी गर्दछन् र लगानी शिक्षा सेवा प्रदान गर्दछन् । यसको मूल उद्देश्य उच्च शिक्षा प्रदान गर्ने र त्यसको सञ्चालनका लागि आवश्यक उचित शुल्क लिने नै हो । विश्वस्तरीय दर्जाको सर्वोच्च श्रेणीमा रहेका, व्यवस्थापन र गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिष्ठित विश्वविद्यालयहरू निजी मोडेल कै हुन् । उदाहरणका लागि हार्वर्ड विश्वविद्यालय, स्ट्यानफोर्ड विश्वविद्यालय, म्यासचुसेटस् इन्सटिच्युट अफ टेक्नोलोजी आदि निजी तथा गैरनाफामूलक संस्थाहरू हुन् । द टाइम्स् हाइयर एजुकेशन- विश्वविद्यालय विश्वस्तरीकरण नामक संस्थाको सन् २०२२ को तथ्याङ्कअनुसार हार्वर्ड विश्वविद्यालय संसारकै दोस्रो नम्बरमा आउँछ (The World University Ranking, 2022) । निजी लगानीमा सञ्चालनामा रहेका विश्वविद्यालयहरू उद्यमशीलता र नवप्रवर्तनमा पनि अगाडि रहेका छन् ।

संसारका उत्कृष्ट विश्वविद्यालयहरूमा रहेको निजी लगानी ढाँचाले विभिन्न देशहरूमा यो ढाँचामा विश्वविद्यालय स्थापना गर्न प्रेरित गरेको छ । नेपालको सन्दर्भमा निजी विश्वविद्यालय नै नभए पनि निजी क्याम्पसहरू प्रशस्त छन् । यी निजी लगानीका क्याम्पसहरूले चुस्त तथा गुणस्तरको शैक्षिक सेवा प्रदान गरेका छन् भने अर्कोतर्फ शैक्षिक शुल्कअनुसारको सेवा सुविधा पनि दिइराखेका छन् । एस इन्टरन्यास्नल विजनेश स्कुल, सी. जी. इन्स्टिच्युट अफ म्यानेजमेन्ट, ग्लोबल कलेज इन्टरन्यास्नल, इन्टरन्यास्नल कलेज अफ हस्पिटालिटी म्यानेजमेन्ट, इस्लिङ्टन कलेज, इटहरी इन्टरन्यास्नल कलेज, किङ्गस् कलेज, पोखरा लिङ्कन इन्टरन्यास्नल कलेज, द ब्रिटिश कलेज आदि यो ढाँचामा सञ्चालित कलेजहरू हुन् (यी कलेजहरूको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ) । यसबाट नेपालमा निजी लगानीमा विश्वविद्यालय खोल्न सकिने आधार तयार भएको छ । देश र विश्व परिवेशलाई आत्मसात् गर्दै उच्च स्तरका विश्वस्तरीय विश्वविद्यालय निजी लगानीमा खोल्न सकिन्छ । नेपालका केही व्यावसायिक प्रतिष्ठानहरूले शिक्षाको क्षेत्रमा लगानी थालनी पनि गरेका छन् । यद्यपि यसरी निजी लगानीमा स्थापना हुने विश्वविद्यालयको शैक्षिक कार्यक्रम, क्रेडिट, पाठ्यक्रम आदिको नियमन गर्न एक उच्च शिक्षा नियमन तथा मान्यता प्रदान गर्ने संयन्त्रको विकास गर्नु पर्दछ । यो प्रस्तावित संस्थाले नेपालका सबै विश्वविद्यालयहरूको नियमन तथा मान्यता प्रदान गर्ने अधिकार प्राप्त गरेको हुनुपर्दछ ।

### ५.४.६. वैकल्पिक लगानी ढाँचा

उपर्युक्त शीर्षकमा व्याख्या गरिएका लगानी ढाँचाहरूको विकल्प समेत खोजी गर्नुपर्ने आवश्यकता छ। परिमाणत: न्यून सार्वजनिक लगानी भएको परिप्रेक्ष्यमा वैकल्पिक स्रोतको माध्यमबाट विश्वविद्यालय स्थापना गर्न सकिन्छ। विश्वविद्यालय शिक्षा सबै सार्वजनिक लगानी (publicly funded) मा मात्र हुनुपर्छ भन्ने जरुरी छैन। नेपालमा सार्वजनिक लगानीलाई वित्तीय स्रोतको मेरूदण्ड नै मानिएको छ तर यस्तो लगानीलाई शिक्षाको गुणस्तरसँग जोडेर पनि हेरिनुपर्छ। राम्रो गुणस्तरको अध्ययन र राम्रो शुल्क भन्ने सिद्धान्तबाट पनि जानु पर्छ। काठमाडौं विश्वविद्यालयले अपनाएको ढाँचालाई उदाहरणका लागि हेर्न सकिन्छ। विद्यार्थीले शुल्क तिरेपछि उसले राम्रो पढ्न खोज्नु उसको अधिकार हो र स्वभावत: शुल्क तिरेपछि राम्रो तथा गुणस्तरको शिक्षा अपेक्षा राख्दछ। साथै वित्तीय सहायता (financial support), ऋण तथा अनुसन्धान कोषबाट पनि वैकल्पिक रूपमा लगानी जुटाउन सकिन्छ। सरकारले चाहेमा बैंकबाट सस्तो शैक्षिक ऋण दिन सकिन्छ। विश्वविद्यालयहरूको पूर्वाधार विकासमा पनि लामो अवधिको सरल ऋण विश्वविद्यालयलाई उपलब्ध गराउन सकिन्छ। यसले सरकारले दिएको अनुदान रकम र शिक्षण शुल्क तथा विश्वविद्यालयमा अन्य आय वचत गरेर विस्तारै ऋण चुक्ता गर्न सक्छन्। प्राविधिक विधा अध्यापन हुने विश्वविद्यालयले नवप्रवर्तन, उद्यमशीलतामा आधारित तालिम आदिबाट आय आर्जन गर्न सक्छन्।

अहिलेसम्म शत प्रतिशत सरकारले अनुदान दिनुपर्छ भन्ने हाम्रो एउटा सोच छ जुन हाम्रो अहिलेको सन्दर्भमा पूर्णरूपमा प्रभावकारी हुन सकिरहेको छैन र यसले विश्वविद्यालयलाई दिगो पनि बनाउँदैन। त्यसकारण पनि मध्यमार्गबाट गुणस्तरीय शिक्षा, उचित शुल्क, ऋण, वित्तीय सहायता र अनुसन्धान कोषमार्फत लगानी जुटाउँदै विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने वैकल्पिक ढाँचा निर्माण गर्नुपर्दछ। सरकारले प्रदान गरेको रकम वा दाताको सहयोगबाट लाभ उठाउने (leverage) कुरा महत्त्वपूर्ण छ। काठमाडौं विश्वविद्यालयको अनुभवबाट सिक्दै र त्यहाँ भएका कमीकमजोरी हटाउँदै यो वैकल्पिक ढाँचा लागु गर्न सकिन्छ।

## ५.५. प्रादेशिक विश्वविद्यालयको संस्थागत ढाँचा तथा सञ्चालन पद्धति

काठमाडौं विश्वविद्यालयबाहेक नेपालमा प्राय: सबै विश्वविद्यालयहरूको सञ्चालन एकै ढाँचामा रहेको पाइन्छ। विश्वविद्यालयहरूको उच्च नेतृत्वमा प्रधानमन्त्री र शिक्षामन्त्री रहने प्रावधान छ। विश्वविद्यालयको कुलपति प्रधानमन्त्री तथा सहकुलपति शिक्षामन्त्री रहन्छन् भने उपकुलपति प्राज्ञिक परिषद्को सिफारिसमा नियुक्ति गर्ने व्यवस्था छ। यस्तो खालको संस्थागत ढाँचामा विश्वविद्यालयको प्राज्ञिक, अनुसन्धानात्मक र शैक्षिक क्रियाकलापमा विश्वविद्यालयको सभा आदि निर्धारित समयमा नभए नीतिगत निर्णयमा ढिला हुने, नेतृत्वमा राजनैतिक प्रभाव पर्ने, प्राज्ञिक वातावरणमा समेत असर पर्नसक्ने देखिन्छ।

नेपालका धेरै विश्वविद्यालयहरू आन्तरिक राजनीति तथा शक्तिशाली राजनैतिक पात्रहरूको प्रभावमा परेका कारण उच्च शिक्षाप्रति जनताको विश्वासमा क्षयीकरण भइरहेको छ (Adhikari, 2021)। त्यसकारण, नयाँ स्थापना हुने विश्वविद्यालयको सञ्चालन पद्धति र संस्थागत ढाँचा कस्तो निर्माण गर्न उपयुक्त हुन्छ भन्ने सन्दर्भमा मानक बनाउन जरुरी देखिन्छ। सञ्चालन ढाँचा र नेतृत्व छनोट गर्दा वैज्ञानिक पद्धतिअनुरूप प्राज्ञिक कर्ममा उत्कृष्ट योगदान गर्नसक्ने गरी व्यवस्था गर्नुपर्दछ। विश्वविद्यालयको नेतृत्वको चयन गर्नुपूर्व विश्वविद्यालय शिक्षालाई देश, विश्वको अर्थराजनीति र स्थानीय आवश्यकतामा अन्तरसम्बन्धित गर्दै प्राज्ञिक न्याय प्रदान गर्ने पक्षमा विशेष ध्यान दिनुपर्दछ।

प्रादेशिक विश्वविद्यालयको स्थापनाको सन्दर्भमा यस अध्ययनले केही सफल विश्वविद्यालयले अनुसरण गरेको र नेपालमा पनि प्राज्ञिक वृत्तमा बहस भएको संस्थागत ढाँचाको चर्चा यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ।

विश्वविद्यालयको संस्थागत नेतृत्व प्राज्ञिक र अनुभवी व्यक्तित्वहरूले गर्नुपर्छ। सार्वजनिक नीति संवाद कार्यक्रममा विज्ञहरूबाट व्यक्त भएको धारणाअनुसार बोर्ड अफ ट्रष्टीले नेतृत्व लिने ढाँचा उपयुक्त हुन्छ। बोर्ड अफ ट्रष्टीलाई प्राज्ञिक उन्नयनका लागि अझ प्रभावकारी बनाउन बोर्डका अध्यक्ष र सदस्यहरू खुला प्रतिस्पर्धाबाट छनोट गर्ने प्रणाली अझ उत्तम हुन्छ।

काठमाडौँ विश्वविद्यालयको अवस्था अध्ययन गर्दा त्यहाँ प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति रहने नेतृत्व ढाँचाले गुणस्तरीय शिक्षा र सफल व्यवस्थापकीय क्षमता प्रदर्शन गरिरहेको देखिएको छ। यदाकदा राजनैतिक प्रभावका कारण नेतृत्व चयनमा समस्या परेको सुनिने गरेको भए पनि काठमाडौँ विश्वविद्यालयको प्राज्ञिक परिषद्को नेतृत्व गर्ने उपकुलपतिलगायतका नेतृत्वहरूले यसमा उत्तिकै महत्त्वपूर्ण भूमिका खेलेको सर्वविदितै छ। यस अर्थमा विश्वविद्यालयको समग्र योजना, व्यवस्थापन, शैक्षिक गुणस्तर जस्ता पक्षहरूमा कार्यान्वयन तहमा निकै सक्षम र दूरदर्शी शैक्षिक नेतृत्व आवश्यक हुन्छ भन्ने यो बलियो प्रमाण हो।

प्रादेशिक अवधारणा अन्तर्गत सञ्चालनमा रहेको मनमोहन प्राविधिक विश्वविद्यालयले विश्वविद्यालयको सङ्गठन अन्तर्गत क्रमशः सभा, बोर्ड अफ गभर्नर्स, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, सेवा आयोगलगायतको प्रबन्ध गरेको छ (मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६) तर कुलपति र सह-कुलपति भने मुख्यमन्त्री र प्रदेशका शिक्षा हेर्ने मन्त्री रहने व्यवस्था रहेको छ। यो नेतृत्व ढाँचामा पुरानै शैलीको अनुकरण भएको देखिन्छ तापनि यसले प्राज्ञिक तथा शैक्षिक नेतृत्वले विश्वविद्यालयको समग्र सञ्चालनमा कति प्रभाव पार्यो भन्ने विषयको मूल्याङ्कन गर्ने समय भइसकेको छैन। तर, विश्वका धेरै विश्वविद्यालयहरूका सफल सञ्चालन ढाँचाहरूमध्ये ट्रष्टी मोडेल नै उत्तम मानिएको छ।

विश्वका प्रतिष्ठित विश्वविद्यालयमध्येको एक हार्वर्ड विश्वविद्यालयको उदाहरण हेर्ने हो भने त्यहाँ हार्वर्ड कर्पोरेसन र बोर्ड अफ ओभरसिअर्सले कार्य गर्दछन्। दुवै बोर्डहरू एकअर्काका परिपूरकका

रूपमा काम गर्दछन्। हार्वर्ड विश्वविद्यालयका अल्मुनाइहरू मध्येबाट बोर्ड अफ ओभरसिअर्सका सदस्यहरू चुनिन्छन्। यस बोर्डको बैठक वर्षको पाँच पटक बस्ने गर्दछ। बोर्डले विश्वविद्यालय नेतृत्वलाई यसको प्राथमिकता, योजना र रणनीतिक कार्यहरूमा सल्लाह प्रदान गर्ने काम गर्दछ (Harvard University, 2022)। क्याम्ब्रिज विश्वविद्यालयको सञ्चालन ढाँचा केही फरक छ। त्यहाँ पाँच हजार सदस्यीय रेजेन्ट हाउस नै विश्वविद्यालय सञ्चालन गर्ने सर्वोच्च निकाय हो। जसमा विश्वविद्यालयका अधिकारी, प्रमुख, र कलेजका अधिकारीहरू हुन्छन्। यसको मुख्य कार्य विश्वविद्यालयको नियमहरू बनाउने र परिमार्जन गर्ने हो। रेजेन्ट हाउसभन्दा तल सिनेट, काउन्सिल, फ्याकल्टीहरूको जनरल वोर्ड, र स्क्रुटिनी वोर्ड रहने व्यवस्था छ (University of Cambridge, 2022)।

यसैगरी, युनिभर्सिटी अफ लन्डनको वोर्ड अफ ट्रष्टी १७ सदस्सीय हुन्छ। विश्वविद्यालयको अभिभावकको रूपमा सम्पूर्ण सम्पत्ति, स्रोतहरू र तिनीहरूको प्रभावकारी व्यवस्थापन, नियन्त्रण र प्रयोगका लागि योजना बनाई कार्य गर्नु यस वोर्डको दायित्व हो (University of London, 2022)।

अन्य देशहरूको अनुभव र सैद्धान्तिक रूपमा बोर्ड अफ ट्रष्टीको ढाँचा नै बढी उपयुक्त हुन सक्छ भन्ने धेरै शिक्षाविद्हरूको धारणा रहेको पाइएको छ (२०७८ असोज ३० मा प्रतिष्ठानले आयोजना गरेको सार्वजनिक नीति संवादमा उपस्थित विज्ञहरूको धारणा)। यस ढाँचामा बोर्ड अफ ट्रष्टी, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, जनशक्ति व्यवस्थापन समिति, स्कुल र अनुसन्धान केन्द्रहरू रहने प्रावधान तयार गर्न प्रस्ताव गरिएको छ। अन्य पदाधिकारीहरूमा क्रमशः अध्यक्ष, कुलपति, उपकुलपति, रजिष्ट्रार, जनशक्ति व्यवस्थापनका अध्यक्ष, डीन र अनुसन्धान केन्द्र प्रमुख रहने व्यवस्था गरिएको छ।

## तालिका २३ बोर्ड अफ ट्रष्टीले नेतृत्व गर्ने सङ्गठनात्मक ढाँचा

| संगठनात्मक ढाँचा | नेतृत्व गर्ने पदाधिकारीहरू | पदाधिकारीहरू छनोटका विधि |
|---|---|---|
| न्यासिक परिषद् | अध्यक्ष | अनुभवी, प्राज्ञिक र स्वतन्त्र शिक्षाविद् |
| कार्यकारी परिषद् | कुलपति | खुला प्रतिस्पर्धाबाट छानिने प्राज्ञिक नेतृत्व |
| प्राज्ञिक परिषद् | उपकुलपति | खुला प्रतिस्पर्धाबाट छानिने प्राज्ञिक नेतृत्व |
| प्रशासनिक जिम्मेवारी | रजिष्ट्रार | खुला प्रतिस्पर्धाबाट छानिने प्राज्ञिक नेतृत्व |
| जनशक्ति व्यवस्थापन समिति | समितिका अध्यक्ष | निष्पक्ष र स्वतन्त्र प्राज्ञिक र कुशल व्यवस्थापक |
| स्कुल/अनुसन्धान केन्द्र | डीन/केन्द्र प्रमुख | खुला प्रतिस्पर्धाबाट छनोट गरिने सक्षम नेतृत्व |

जनशक्ति व्यवस्थापन समितिबाहेक सबै नेतृत्व लिने प्राज्ञिक व्यक्तित्वहरूको आधारभूत योग्यता विद्यावारिधि, कम्तीमा २० वर्षको शिक्षण तथा अनुसन्धान अनुभव र प्रशासनिक अनुभव भएको हुने व्यवस्था गर्नुपर्दछ । यसैगरी, स्कुल र अनुसन्धान केन्द्रका प्रमुखमा शिक्षण अनुभवभन्दा बढी अनुसन्धान अनुभव भएका प्राज्ञलाई प्राथमिकता दिनु उपयुक्त हुन्छ ।

प्रादेशिक विश्वविद्यालय संस्थागत व्यवस्थापनको हकमा बहुसरोकारवाला (multi–stakeholder) प्रणाली उपयुक्त हुन्छ । एकातिर सबैतिरबाट सहयोग र समर्थन जुटाएर साझा लक्ष्य र उद्देश्यअनुरूप आवश्यकता र सम्भावनामा आधारित प्रादेशिक विश्वविद्यालय स्थापनामा अगाडि बढ्नु सान्दर्भिक देखिन्छ भने अर्कोतर्फ स्वायत्तता प्रदान गरेर स्वायत्त संस्था (autonomous institution) विकास पनि गर्नुपर्ने चुनौती छ । यीनै सम्भावना र चुनौतीलाई चिर्दै सफल ढाँचाको विश्वविद्यालय स्थापना गर्न सकिन्छ । विश्वविद्यालयका विभिन्न तहमा प्रधानमन्त्री, शिक्षामन्त्री र मन्त्रीहरूको सहभागिता हुने कुराहरूलाई अन्त्य गर्दै जानुपर्ने सुझाव सार्वजनिक नीति संवादका विज्ञहरूको छ । राजनैतिक विवाद, हस्तक्षेप र राजनीति गर्ने थलो विश्वविद्यालयलाई बनाइनु हुँदैन[५७] । यी विश्वविद्यालयहरूको नेतृत्वमा सरोकारवालाहरूको रूपमा सम्बन्धित मन्त्रालय (line ministry level) को प्रतिनिधित्व गराउनु पर्छ र त्यसलाई सल्लाहकार बोर्ड (advisory board) अन्तर्गत राख्नु उपयुक्त हुन्छ । नेतृत्वमा रहने यस्ता प्रतिनिधिहरूले सम्बन्धित मन्त्रालय (line ministry) बाट आवश्यक सल्लाह सुझाव, सहयोग प्रदान गर्न सक्ने सहज वातावरण तयार गर्नु सान्दर्भिक हुन्छ ।

प्रादेशिक विश्वविद्यालयहरूको सफल सञ्चालनका लागि नेतृत्वको छनोट, सङ्गठनको ढाँचा र नेतृत्व चयन प्रक्रिया सबैभन्दा महत्त्वपूर्ण हुन्छ । शिक्षा क्षेत्रका विज्ञहरूको सुझावअनुसार बोर्ड अफ ट्रष्टी ढाँचाको नेतृत्व नै सबैभन्दा उपयुक्त ढाँचा हुनेछ । गण्डकी विश्वविद्यालयको कुलपति, उपकुलपति (chancellor, vice chancellor) लगायत पदाधिकारीहरू प्रतिस्पर्धा (competition) बाट छानिएका हुन्[५८] । बोर्ड अफ ट्रष्टीले उनीहरूको योग्यता र क्षमताका आधारमा छनोट गर्दछन् । यो नयाँ अभ्यास राम्रो मानिएको तथ्य विश्वविद्यालय सञ्चालकहरूको अनुभवबाट बुझ्न सकिन्छ । यसका धेरै सकारात्मक पक्षहरूमध्ये एक राजनैतिक हस्तक्षेप (political interference) रहित प्राज्ञिक नेतृत्वबाट विश्वविद्यालय सञ्चालन हुने वातावरणको सिर्जना हो । वोर्ड अफ ट्रष्टी ढाँचाको नेतृत्वले विश्वविद्यालयमा प्राज्ञिक समूहको निर्णयबाट विश्वविद्यालयका नीति तथा शैक्षिक कार्यक्रम सञ्चालन हुनुका साथै विश्वविद्यालयको विकासमा पर्याप्त समय प्रदान गर्ने वातावरणको सुनिश्चितता गर्ने भएकाले यो ढाँचाको नेतृत्वको प्रभावकारिता राम्रो हुने तर्क शिक्षाविद्हरूको रहेको छ ।

गण्डकी विश्वविद्यालयको ऐनमा बोर्ड अफ ट्रष्टीको संरचना (composition) मा प्रतिनिधित्व गर्ने महिला, बुद्धिजीवी, निजी क्षेत्रको प्रतिनिधित्व गर्ने व्यवसायीलगायतको प्रावधान रहेको छ । तथापि यो

---

५७ Call to end political dominance in universities शीर्षकमा प्रकाशित यससम्बन्धी समाचार यहाँ हेर्न सकिन्छः https://thehimalayantimes.com/nepal/call-to-end-political-dominance-in-universities

५८ सार्वजनिक संवाद

प्रतिनिधित्वलाई अझ बढी प्रभावकारी बनाउन आवश्यक छ। विश्वविद्यालयको प्राज्ञिक कर्ममा प्रतिनिधिको चयन गर्दा एक तहको प्राज्ञिक (academic) क्षमतालाई नै न्यूनतम मापदण्ड बनाउन सकेमा समग्र प्राज्ञिक र शैक्षिक वातावरण सुदृढ र प्रभावकारी बनाउन थप मद्दत पुग्ने अपेक्षा गरिएको छ। यसर्थ सबै खालका सरोकारवालाहरूको प्रतिनिधिहरूका आ-आफ्नो विषय क्षेत्रको अनुभव, ज्ञान र दक्षताको उपयोग हुँदैन भन्ने अर्थ लगाउनु हुँदैन।

यी अनुभवहरूबाट अब स्थापना हुने प्रादेशिक विश्वविद्यालयहरूले नेतृत्व सञ्चालन ढाँचा बोर्ड अफ ट्रष्टीबाट चल्ने गरी बनाउनुपर्छ भन्ने निष्कर्ष दिन सकिन्छ। राजनैतिक प्रभावलाई शिक्षा क्षेत्रमा हाबी हुन नदिन शैक्षिक तथा प्राज्ञिक नेतृत्वको छनोट गर्दा अनुसन्धानमा अब्बल, प्राज्ञिक कर्ममा अनुभवी र दक्ष व्यक्तित्वको खोजी गरिनुपर्छ। कुलपति, उपकुलपति, डीन, रजिष्ट्रार, अनुसन्धान केन्द्रका निर्देशक, प्राध्यापकको छनोट, नियुक्ति, बढुवा आदिमा स्वदेश तथा विदेशबाट प्रकाशित हुने विश्व स्तरका अनुसन्धान जर्नलहरूमा लेखहरू प्रकाशित गरेको हुनुपर्ने आधारलाई स्थापित गरी लागु गरिनु पर्छ। अनुसन्धान कार्यहरूको उचित मूल्याङ्कन गर्ने मापदण्डसहितका बलिया प्रावधानहरू तयार गरी कार्यान्वयन गरिनुपर्दछ। यसले समग्र विश्वविद्यालयको प्राज्ञिक तथा शैक्षिक पर्यावरण राम्रो बनाउन मद्दत गर्दछ।

यसैगरी अनुसन्धानका लागि अनुदान कोष जुटाउन सक्ने र यस किसिमका कार्यहरू अगाडि बढाउन, प्रेरित गर्ने तथा कार्यान्वयन गर्नसक्ने नेतृत्व हुनुपर्छ। अनुसन्धान कोष जुटाउन सक्ने शैक्षिक नेतृत्व हुँदा निरन्तर अनुसन्धान कार्य सुचारू हुन सक्छन् साथै विद्यार्थीले पनि सिक्ने र कमाउने मौका पाउँछन्। उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले समेत सो कुरालाई पुष्ट्याइँ गरेको छ। "विश्वविद्यालयले सञ्चालन गर्ने हरेक अनुसन्धानमा विद्यार्थीहरूलाई समेत परिचालन गर्ने र उनीहरूलाई पारिश्रमिक समेत दिने" (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५, पृ. ११७) कुरा स्तरीय विश्वविद्यालयको आधारभूत मान्यता पनि हो।

## ५.६. सम्बन्धन तथा क्रेडिट ट्रान्सफर

सम्बन्धन (affiliation) को ढाँचामा प्रादेशिक विश्वविद्यालयहरूको स्थापना गर्दा क्याम्पसहरूको वितरणमा असमानता, अस्वस्थ प्रतिस्पर्धा, शैक्षिक कार्यक्रमको दोहोरोपन जस्ता समस्याहरू देखिन सक्ने यथार्थ विगतको अनुभवबाट सिक्नु आवश्यक छ। "विश्वविद्यालयका ६० देखि ९६ प्रतिशत क्याम्पसहरू सम्बन्धनप्राप्त छन्" (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५, पृ. ९४)। यद्यपि सम्बधनको प्रणालीले सङ्ख्यात्मक हिसाबले शिक्षाको विस्तारमा ठुलो बल पुगेको कुरालाई नकार्न सकिन्न। यो तथ्यबाट सम्बन्धनलाई विश्लेषण गर्न आवश्यक देखिन्छ।

विश्वविद्यालयहरू आफै कार्यक्रम बनाउने र आफै कार्यक्रम सञ्चालन गर्ने संस्था हुन्। व्यवस्थापकीय दृष्टिकोणले पनि चुस्त-दुरुस्त स्कुलहरू बनाउनु उपयुक्त देखिन्छ। स्कुल प्रणाली (school system)

बनाउँदा शैक्षिक कार्यक्रमहरूको संयोजन (combination) हुने, अन्य विश्वविद्यालयको क्रेडिट स्थानान्तरण (credit transfer) हुने सुविधासहितको, समकक्षी शैक्षिक कार्यक्रमहरू (equivalent educational programmes) भएको, बहुआयामिक, नयाँ र आवश्यकतामा आधारित बनाउन उपयुक्त हुन्छ । त्यसै गरी क्रेडिट मानकको (credit standardization) सीमा वैज्ञानिक रूपबाट प्रमाणीकरण हुने व्यवस्था मिलाउनु पर्दछ । विद्यार्थीहरूले एउटा विश्वविद्यालयमा प्राप्त गरेको क्रेडिटलाई अर्को विश्वविद्यालयले मान्यता दिने गर्दा पुन: सोही विषय पढ्नुपर्ने बाध्यता रहँदैन ।

## ५.७. शैक्षिक विधा र विषयहरू

नेपालमा केही निश्चित प्राविधिक क्षेत्रमा कोर्षहरूको नयाँ परिकल्पनाको विकास गरिएको छ जस्तै: त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय आदिका ब्याचलर अफ विजनेस एडमिनिस्ट्रेशन (बी.बी.ए.), एक्चुरिअल साइन्स, गण्डकी विश्वविद्यालयका खेलकुदका विषयहरू आदि । यो पनि नयाँ विश्वविद्यालयहरूका लागि नयाँ विधा, पाठ्यक्रम र विषयहरू छनोट गर्ने एउटा राम्रो उदाहरण बन्नसक्छ । यसमा थप विषयहरूको प्रबन्ध गर्नुपर्ने भएमा क्रेडिट थप हुने व्यवस्था पनि अभ्यास गर्न सकिन्छ । एक विधाबाट अर्को विधाको माथिल्लो तहमा पढ्न आवश्यक क्रेडिट पूरा गरेपछि भर्ना गर्न सकिने व्यवस्था विश्वका धेरै देशहरूले अवलम्बन गरेका छन् । यो प्रणाली नेपालमा पनि लागु गर्न सकिन्छ ।

विश्वविद्यालयको सञ्चालन, दिगोपन र स्थानीय आवश्यकता परिपूर्ति गर्नका लागि विषयवस्तु छनोट पनि त्यतिकै महत्त्वपूर्ण पक्ष हो । विश्वव्यापी विषयवस्तु (global contents) र स्थानीय/राष्ट्रिय विषयवस्तुमा वैज्ञानिक सन्तुलन आवश्यक छ । सार्वजनिक नीति संवाद कार्यक्रममा विज्ञहरूले राखेको धारणाअनुसार २० प्रतिशत राष्ट्रिय विषयवस्तु (national content) र ५० प्रतिशत विषयवस्तु प्रादेशिक बनाउने हो भने प्रदेश विश्वविद्यालयको स्थापनाले थप सार्थकता प्राप्त गर्न सक्ने सम्भावना रहन्छ । त्यसो त पाठ्यक्रमका विषयवस्तुहरूको नियमित परिमार्जन हुन्छन् र प्रारम्भका केही वर्ष प्रादेशिक विषय, ज्ञान र उद्यमशीलताका विषयहरू समेट्नु सान्दर्भिक हुन्छ भने विस्तारै ती विषयवस्तुलाई विश्वव्यापी विषयसँग जोड्ने र स्थानीयकरणबाट विश्वव्यापीकरण गर्दै लैजाने नीति लिनु उपयुक्त देखिन्छ ।

यद्यपि यस्ता पक्षहरूमा विश्वविद्यालयलाई सीमित लचकता प्रदान पनि गर्नुपर्दछ ताकि विधा, भूगोल र परिवेशअनुसार समायोजन गर्न सहज हुन्छ । विज्ञान प्रविधि र पेसागत विषयहरूका लागि भने स्थानीय विषयवस्तुको प्रयोजन कम हुने यथार्थलाई विर्सन भने मिल्दैन ।

विश्वविद्यालयको पाठ्यक्रममा आमूल परिवर्तन गरी ७० प्रतिशत अनुसन्धानमा आधारित र ३० प्रतिशत मात्र सैद्धान्तिक बनाई प्राध्यापक र विद्यार्थीलाई पूर्ण समय अनुसन्धान कार्यमा आबद्ध गराउने[५९]

५९ सार्वजनिक नीति संवाद

र यसका लागि सबै विश्वविद्यालयहरूमा अनुसन्धान अक्षयकोष स्थापना गर्नुका साथै उच्च शिक्षामा अनुसन्धानको बजेटमा ठुलो रकमले बृद्धि गर्न आवश्यक छ ।

विषयगत भारका सन्दर्भमा प्राविधिक र व्यावसायिक क्षेत्रतर्फ कम्तीमा ७० प्रतिशत शैक्षिक कार्यक्रमहरूलाई स्थान दिनु उपयुक्त हुन्छ जसले उद्यमशीलता विकास र रोजगारी सिर्जनामा टेवा प्रदान गर्नसक्दछ । नव प्रवर्तनात्मक, जीवनोपयोगी, व्यावसायिक , विश्वबजारमा प्रतिस्पर्धा गर्नसक्ने र देशको आवश्यकतालाई परिपूर्ति गर्नसक्ने शैक्षिक कार्यक्रमहरू (विधाहरू) सञ्चालन गर्नु पर्दछ । विश्वविद्यालयहरूले सञ्चालन गर्ने विज्ञान तथा प्रविधि, इतिहास, अर्थशास्त्र, ग्रामीण विकास, मानवशास्त्र, भाषा विज्ञान, कला र संस्कृति जस्ता विषयहरूको व्यवसायीकरण गर्न उत्तिकै आवश्यक छ ।

रैथाने ज्ञान (indigenous knowledge) लाई व्यवसायमा रूपान्तरण (transform) गर्न सक्ने किसिमको कार्यक्रम तथा पाठ्यक्रमको विकास भएको देखिदैन । त्यस्तै परम्परागत अध्ययन (traditional studies) को व्यवस्थालाई स्थापित गर्नुपर्ने राय पनि सार्वजनिक संवादका क्रममा आएका छन्) । विज्ञहरूको रायअनुसार ३० प्रतिशतभन्दा बढी परम्परागत अध्ययन (traditional studies) का कार्यक्रमहरू सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले अवलम्बन गरेको रणनीति १०.१५.१ अनुसार "विश्वव्यापीकरण एवम् अन्तर्राष्ट्रियकरण र स्थानीयकरणबिच सन्तुलन तथा ऐतिहासिक ज्ञानलाई आधुनिक ज्ञानसँग र स्थानीय ज्ञानलाई विश्व ज्ञानसँग जोड्दै राष्ट्रिय आवश्यकता सम्बोधन हुने गरी" (शिक्षा मन्त्रालय, २०७६, पृ.२७) उच्च शिक्षालाई समयानुकूल परिमार्जन गर्दै लैजानुपर्ने देखिन्छ । परम्परागत सीप, ज्ञान, र सभ्यतासँग सम्बन्धित पक्षलाई सम्बर्धन गर्न परिवेशअनुसार पाठ्यक्रममा समायोजन गर्नु उपयुक्त हुन्छ ।

विश्वविद्यालयहरूले आफै यस्ता शैक्षिक कार्यक्रमहरूको आवश्यकता अध्ययन गरी विधा तथा पाठ्यक्रमहरू विकास गर्नु राम्रो पद्धति हो । तर राष्ट्रिय स्वार्थलाई, संरक्षण तथा प्रबर्धन गर्ने, आवश्यकता र मागलाई सम्वोधन गर्ने गरी शिक्षाका विधा निर्माण गरिनु आवश्यक देखिन्छ । हरेक शैक्षिक कार्यक्रमहरूका पाठ्यक्रम आवश्यकताअनुसार आवधिक रूपमा परिमार्जन र परिष्कृत गर्ने प्रणालीको विकास भए विश्वविद्यालयले राष्ट्रिय आवश्यकता पूर्ति गर्नसक्छ भने उत्पादित जनशक्ति स्वदेशी तथा विश्वबजारमा प्रतिस्पर्धी बन्न सक्दछन् ।

## ५.८. एकीकृत नीति तथा ऐन निर्माण र कार्यान्वयन

संबिधानले व्यवस्था गरेको तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले उल्लेख गरेको प्रादेशिक विश्वविद्यालयको अवधारणालाई कार्यान्वयन र नियमन गर्न उच्च शिक्षा नीति, शिक्षा ऐनका साथै विश्वविद्यालयहरूलाई नियमन गर्ने ऐन तथा मार्गनिर्देशक प्रावधानहरू परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको छ । प्रादेशिक विश्वविद्यालयको स्थापनाका लागि सबैले अध्यादेश तथा नियमित संसदीय प्रक्रिया मार्फत प्रादेशिक ऐनहरू बनाएर कार्य अगाडि बढाएका छन् । प्रादेशिक विश्वविद्यालय स्थापनाको प्रभावकारी कार्यान्वयन

तथा एकरूपताका लागि एकीकृत नीति र विश्वविद्यालय स्थापनाका मानकहरू यथाशीघ्र यकिन गरिनुपर्दछ। यसका लागि उत्तम विकल्पहरूमध्ये एक सङ्घीय सरकारले नै दुईवटा एकीकृत ऐन (केन्द्रीय विश्वविद्यालय र प्रादेशिक विश्वविद्यालय ऐन) जारी गरी आ-आफ्नो विधानअनुरूप सञ्चालन गर्ने व्यवस्थाको सुरुआत गर्न सकिन्छ। यसलाई नियमन, सहजीकरण र कार्यान्वयन गर्ने ऐन, नियम र कानुन निर्माणमा विलम्ब गरिनुहुँदैन। यस्ता नीति नियमहरू एक अर्कासँग अन्तरसम्बन्धित भई कार्यान्वयनमा जाने हुँदा यसको प्रभाव विश्वविद्यालय स्थापनादेखि परिणाम प्राप्त गर्ने तहसम्म पर्दछन्।

## ५.९. शैक्षिक कार्यक्रम, अनुसन्धान र गुणस्तर

विश्वविद्यालय सञ्चालन व्यवस्थामा स्थानीय तहसम्म प्रभाव पार्ने नीति, योजना, शैक्षिक कार्यक्रमहरूको प्रभावकारी छनोट, कार्यान्वयन, गुणस्तर आदिमा पर्याप्त ध्यान दिन सकेमा मात्र यसको उपादेयता स्पष्ट हुन्छ। नेपालका विश्वविद्यालयहरूको सन्दर्भमा “विश्वविद्यालय अनुदान आयोगबाट हालसम्म ६० उच्च शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको छ। हालसम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा देशभरका १ सय २२ उच्च शैक्षिक संस्थाहरूको स्वअध्ययन प्रतिवेदन स्वीकृत भएको छ भन्ने आशयपत्र बुझाएका ३ सय ७८ संस्थाहरूको प्रमाणीकरण गर्ने कार्य भइरहेको छ” (Economic Survey, 2020/21, p. 179)।

यसका लागि व्यवहारिक, वैज्ञानिक र प्रभावकारी शैक्षिक क्यालेन्डरको निर्माण र कार्यान्वयन हुनुपर्दछ। शैक्षिक क्यालेन्डरको पूर्ण र प्रभावकारी कार्यान्वयनले समग्र विश्वविद्यालय शिक्षाको गुणस्तर कायम राख्न मद्दत गर्छ भने यसको अनुगमन र समयसापेक्ष परिमार्जनले शैक्षिक सुधारको मार्गमा अगाडि बढाउन मद्दत गर्छ। शैक्षिक क्यालेन्डरमा मूलतः प्राध्यापक, कर्मचारी, विद्यार्थी र अभिभावकहरूका लागि महत्त्वपूर्ण सूचनाहरू तयार गरी सम्प्रेषण गर्ने अभ्यास हुन्छ। भर्ना अभियान, आवेदन फाराम भर्ने, कक्षा सञ्चालन, शुल्क विवरण, परीक्षा तालिकालगायत दीक्षान्तसम्मका विषयहरू शैक्षिक क्यालेन्डरमा समावेश भएको हुनुपर्छ। यसको प्रसार र प्रभावकारी कार्यान्वयनका लागि उचित सूचना प्रणालीको व्यवस्था गर्नु विश्वविद्यालयको सञ्चालन ढाँचाभित्र आउनुपर्ने विषयहरू हुन्।

## ५.१०. अनुसन्धान अनुदान र छात्रवृत्ति

प्रादेशिक विश्वविद्यालयले अनुसन्धान तथा उद्यमशीलतालाई विकास तथा प्रोत्साहन गर्न अनुसन्धान अनुदान र छात्रवृत्तिको व्यवस्था गर्नुपर्छ। यद्यपि, साबिकमा विश्वविद्यालय अनुदान आयोगले दिने छात्रवृत्ति र अनुसन्धानात्मक अनुदान प्रादेशिक विश्वविद्यालयहरूले हाल नपाउने अवस्था छ। यसले विश्वविद्यालय अनुदान आयोगबाट दिइने अनुदान प्रादेशिक विश्वविद्यालयहरूले पनि प्राप्त गर्न सक्ने प्रबन्ध नीतिगत रूपमा स्पष्ट हुनुपर्ने देखिन्छ। प्रादेशिक विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीहरू अनुसन्धान अनुदान र छात्रवृत्ति प्राप्त गर्नबाट वञ्चित हुनुहुँदैन। हाल विश्वविद्यालय अनुदान आयोगले

अनुसन्धान प्रस्तावनाको आधारमा व्यक्तिगत रूपमा प्राध्यापक वा विद्यार्थीहरूलाई अनुदान दिने परिपाटीको अन्त्य गरी सरकारले विश्वविद्यालयलाई एकमुष्ट अनुसन्धान अनुदान दिनु पर्दछ। सो अनुदानलाई प्रदेश सरकार वा विश्वविद्यालय आफैले अनुसन्धान अनुदान र छात्रवृत्ति प्रदान गर्ने नीतिगत व्यवस्था गर्नुपर्दछ। यसलाई सङ्घीय सरकार, शिक्षा मन्त्रालय, प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले नीतिगत र व्यवहारिक रूपमा सुल्भाउनुपर्ने देखिन्छ। तथापि, अनुसन्धान कोष र छात्रवृत्ति कोष भने छुट्टाछुट्टै बनाउनु उपयुक्त हुन्छ।

यसैगरी, विश्वविद्यालयको अनुसन्धान अनुदान, छात्रवृत्ति वा अध्ययनवृत्ति वा शिक्षण शुल्कमा छुट (freeship) को व्यवस्था गर्दा व्यवहारिक पक्षहरूलाई पनि जोड्नुपर्दछ। एकातिर विद्यार्थी भर्ना गर्दा नै विभिन्न किसिमका छात्रवृत्तिका लागि योजना तयार गरी विद्यार्थी छनोट गर्न सकिन्छ भने अर्कोतर्फ प्रत्येक सेमेस्टरमा राम्रो गर्ने विद्यार्थीलाई आर्थिक सहयोग तथा अनुसन्धान प्रस्तावनालाई प्रतिस्पर्धात्मक रूपमा अनुसन्धान कोष उपलब्ध गराउन सकिन्छ। प्राध्यापक वा विद्यार्थीले यस्तो अनुसन्धान अनुदान, छात्रवृत्ति वा निःशुल्क अध्ययन वा अध्यापनको सुविधा प्राप्त गरिसकेपछि देशका लागि निश्चित समय स्वयम् सेवा गर्ने सामाजिक दायित्व पनि हुनआउछ। राज्यले अनुदान, छात्रवृत्तिमार्फत शिक्षाको सुविधा दिएपछि विद्यार्थी, प्राध्यापक र कर्मचारीले त्यसको बदला राज्यलाई प्रदान गर्नसक्ने योगदानका बारेमा समेत स्पष्ट नीति तयार गरी लागु गर्नुपर्छ। राष्ट्रिय शिक्षा नीतिको रणनीति १०.२१.१ सँग सम्बन्धित बनाउने गरी "राष्ट्रिय आवश्यकताका आधारमा प्राविधिक विषयहरूमा स्नातक र साधारण विषयहरूमा स्नातकोत्तर तहमा एक वर्षसम्म अवधिको राष्ट्रिय विकास सेवा गर्नुपर्ने व्यवस्था गरिने" (शिक्षा मन्त्रालय, २०७६, पृ. ३२) गरी यसलाई लागु गर्न आवश्यक देखिन्छ।

त्यसैगरी विश्वविद्यालयले छात्रवृत्तिको दिगो व्यवस्थापनका लागि निजी क्षेत्रको सामाजिक उत्तरदायित्व कार्यक्रम (corporate social responsibility) अन्तर्गत सहकार्य गर्न प्रोत्साहित गर्नु सान्दर्भिक हुन्छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले "शिक्षामा निजी क्षेत्रको लगानीको सुरक्षा, संरक्षण र सम्बर्धन गर्दै यसलाई सेवामूलक बनाउने र निजीरूपमा लगानी गर्न व्यक्ति, कम्पनी, कर्पोरेट हाउस, बैंक तथा वित्तीय संस्थाहरूलगायतका संस्थाहरूले कर्पोरेट सार्वजनिक उत्तरदायित्व वहन गर्नुपर्ने व्यवस्था" गरिने भनेको छ (शिक्षा मन्त्रालय, २०७६, पृ.६७)। नेपालमा शिक्षा क्षेत्रमा यस खालका अभ्यास 'चौधरी ग्रुप' लगायतकाले गरिरहेका छन्।

नेपालमा विश्वविद्यालयहरूले प्रदान गर्ने छात्रवृत्तिको प्रभावकारिताका बारेमा समेत प्रश्न उठ्ने गरेको पाइन्छ। खासगरी सक्षम र आवश्यकतामा आधारित, नेपालको संविधानले प्रदान गरेको हक अन्तर्गत रहेर प्राप्त गर्ने आरक्षित छात्रवृत्तिहरू नै नेपालको सन्दर्भमा प्रचलनमा रहेका छन् तापनि तिनको वितरण प्रणाली तथा छात्रवृत्ति छनोट प्रक्रिया पारदर्शी र वैज्ञानिक नभएको कुरा सञ्चारमाध्यममा बेलाबेलामा आउने गरेका छन्। यसलाई थप व्यवस्थित गर्दै पारदर्शी र वैज्ञानिक बनाउनुपर्ने कुरामा

कुनै शङ्का छैन । हालसम्म प्रदान गरिएका छात्रवृत्ति र त्यसका आधारमा मूलतः निम्न प्रकारका छात्रवृत्तिलाई विश्वविद्यालयहरूले अपनाउन सक्ने देखिन्छ ।

१. **योग्यतामा आधारितः** यो छात्रवृत्ति विद्यार्थीले आफूले आवेदन दिएको तहभन्दा अगाडिका परीक्षाहरूमा प्राप्त गरेको नतिजा तथा प्रवेश परीक्षाको उत्कृष्टताका आधारमा प्रदान गर्ने गरिन्छ । उत्कृष्ट, अब्बल र मेधावी विद्यार्थीले क्षमताका आधारमा छात्रवृत्ति प्राप्त गर्ने प्रावधान उत्तम मानिन्छ ।

२. **आवश्यकतामा आधारितः** विद्यार्थीको आर्थिक हैसियत, आम्दानी र परिवारको अवस्था हेरेर कमजोर आर्थिक अवस्था भएका र अध्ययनको खर्च टार्न नसक्ने विद्यार्थीहरूका लागि यो छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउनु आवश्यक छ ।

३. **आरक्षण नीतिका आधारमाः** नेपालको संविधानले निश्चित वर्ग, समुदाय, वर्ग र लिङ्गका मानिसहरूलाई आरक्षण दिने नीति लिएको कारण सोको आधारमा विश्वविद्यालयले प्रदान गर्ने कूल छात्रवृत्तिको तोकिएको कोटाअनुरूप छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

४. **वित्तीय सहायताः** वित्तीय सहायता भन्नाले वित्तीय आवश्यकता परेका विद्यार्थीहरूले प्राप्त गर्ने अनुसन्धान वा आवास वा शिक्षण शुल्कमा प्राप्त गर्नेगरी प्रदान गर्ने सहुलियतपूर्ण सहायता हो । यस्तो सहायता विश्वविद्यालयले आर्थिक रूपमा सबल भएपछि मात्र प्रदान गरेको पाइन्छ ।

५. **विद्यार्थी पुरस्कारः** यो प्रकारको छात्रवृत्ति विद्यार्थीहरूले प्रवेश परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गरेबापत तथा कुनै शैक्षिक क्रियाकलापमा उत्कृष्ट प्रदर्शन गरेवापत प्रदान गर्नेगरी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

६. **दातृ निकायले प्रदान गर्नेः** यस छात्रवृत्ति अन्तर्गत दातृ सरकार, संस्था वा व्यक्तिले आफ्नो इच्छाअनुसारको रकम तोकिएको वर्गलाई प्रदान गर्न पाउने गरी व्यवस्था गर्न सकिन्छ। यसलाई विश्वविद्यालयको नियमानुसार दातृ निकायले चाहेकोअनुसार प्रदान गर्नसक्ने गरी खुला राखी त्यस्ता निकायहरूलाई आकर्षित गर्ने व्यवस्था गर्नु उत्तम हुन्छ ।

७. **सहुलियतपूर्ण ऋणः** विश्वविद्यालयका प्राध्यापक, कर्मचारीहरू तथा विद्यार्थीहरूलाई सरकारले वित्तीय सहयोगमार्फत उच्च शिक्षा अध्ययन गर्न ऋण प्रदान गर्न सक्दछ। यस्तो ऋणमा व्याजदर भने प्रचलित दरभन्दा सस्तो र लामो अवधि (५-१० वर्षसम्म) को हुनु पर्दछ। यस किसिमको ऋण लिने व्यक्तिले अध्ययनपछि रोजगारमार्फत चुक्ता गर्ने व्यवस्था गर्नु पर्दछ ।

नेपालमा यस्ता धेरै प्रकारका छात्रवृत्तिहरू उपलब्ध छन् तर यसको उचित उपयोग विद्यार्थी र विश्वविद्यालयले गर्न सकेको देखिदैन। यसलाई व्यवस्थित गर्नसके विश्वविद्यालयले अझ थप छात्रवृत्तिका लागि सरकार, गैरसरकारी संस्था र व्यक्तिगत दाताहरूको पनि सहयोग पाउन सक्ने

अवस्था रहन्छ । विश्वका धेरै मुलुकहरूमा पूर्वविद्यार्थी समाज, पूर्वविद्यार्थीहरू तथा पूर्वप्राध्यापकहरूले समेत यस्ता छात्रवृत्तिका लागि ठुलो योगदान गरेका हुन्छन् ।

## ५.११. आवासीय प्रबन्ध

प्रादेशिक विश्वविद्यालयको स्थापनाको परिचर्चा गरिरहँदा आवासीय प्रबन्धको अवधारणा छुटाउन नमिल्ने विषय हो । विश्वविद्यालयमा आवासीय प्रबन्ध पूर्वाधारको विषय पनि हो तर यो सबै विश्वविद्यालयका लागि अनिवार्य हुनुपर्छ भन्न खोजिएको होइन । अमेरिकामा जम्मा २५ प्रतिशत विद्यार्थीहरू क्याम्पसभित्रका आवासमा बस्दछन्[६०] भने अन्य बाहिर फरक प्रकारका आवासमा नै बसेर पढ्छन् । आवासीय विश्वविद्यालयका फाइदा अनेकन छन् । क्याम्पस वातावरणमा विद्यार्थीले आफ्नोपनको आभास गर्छन् त्यसले उनीहरूको शैक्षिक लगाव र पढाइ छोड्ने दरमा सुधार गर्नुका साथै उपाधि प्राप्त गर्ने दर बढाउँछ (Kuh, 2001) । गुणस्तरीय शिक्षा, अनुसन्धान तथा वृत्ति विकासमा आवसीय विश्वविद्यालयले महत्त्वपूर्ण भूमिका खेल्दछ । आवास सुविधाले प्राध्यापकहरूसँगको अन्तरक्रिया तथा अनुसन्धान कार्यमा पर्याप्त समय मिल्छ । युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजी अफ चाइनाले विद्यार्थी, प्राध्यापक, कर्मचारी, भिजिटिङ फ्याकल्टीलगायतलाई आवासीय प्रबन्ध गर्दछ[६१] । विश्वविद्यालयमा पुस्तकालय तथा प्रयोगशाला जस्ता सुविधा उपयोग गर्न सहज हुने अवस्था रहन्छ । विगतमा गरिएका आवासीय प्रबन्धहरूमा यसको अव्यवस्थित सञ्चालन तथा सुविधायुक्त आवासहरू निर्माण गर्न नसकिएको हाम्रो अनुभवले देखाउँछ ।

प्राविधिक र प्रयोगशाला तथा व्यवहारिक ज्ञानमा आधारित हुनुपर्ने विधा र विषयहरू जस्तै कृषि तथा वन विज्ञान चिकित्सा, इन्जिनियरिङ विधाका लागि प्राध्यापक र विद्यार्थी दुवैलाई अनिवार्य आवासीय व्यवस्था गर्नुपर्दछ । कृषि, वन, इन्जिनियरिङ, चिकित्सा क्षेत्रमा आवासको प्रबन्धले यी विधाको शिक्षाको स्तरमा पनि वृद्धि भएको पाइएको छ । विगतका केही सिकाइहरूबाट र अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त विश्वविद्यालयहरूको अभ्यास हेर्दा खासगरी गुणस्तरीय शिक्षा प्रदान गर्ने सवालमा पूर्णकालीन प्राध्यापक र पूर्णकालीन विद्यार्थीको[६२] पद्धतिमा रहेर गरिने अध्ययन अनुसन्धानले विश्वविद्यालयको गुणस्तरमा राम्रो प्रभाव पार्दछ । यो अपरिहार्यतालाई आत्मसात् गर्दै काठमाडौं विश्वविद्यालयले प्राविधिक विषयहरूका लागि आवासीय सुविधाको व्यवस्था गरेको छ भने अन्य विश्वविद्यालयहरूमा पनि केही

६० Only 22% of university students in the US live in on-campus dormitories. 55% of US university students live in other types of rental housing, while the remaining 23% live in purpose-built, off-campus housing. (National Real Estate Investor, 2018) https://financesonline.com/student-housing-statistics/

६१ There are six new apartment buildings which can accommodate more than 6000 students. Balconies and elevators are new elements in apartments, which make students' daily life more convenient. http://en.ustc.edu.cn/info/1007/1385.htm

६२ अमेरिकाको हार्वर्ड, प्रिन्सटन, कोलम्बिया,एम आइ टी र स्ट्यानफोर्ड विश्वविद्यालयका अन्डरग्रयाजुएट विद्यार्थीहरू क्याम्पसभित्र बस्ने दर क्रमशः ९९, ९६, ९४, ९४ र ९३ प्रतिशत छ । यसको थप विवरण यहाँ हेर्नसकिन्छः https://www.usnews.com/education/best-colleges/the-short-list-college/articles/2016-11-15/11-national-universities-where-the-most-students-live-on-campus

सीमित विषय, विद्यार्थी तथा प्राध्यापकहरूका लागि यो सुविधा उपलब्ध छ । उदाहरणका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गत कृषि, बन, स्वास्थ्य तथा इन्जिनियरिङमा आवास सुविधा उपलब्ध छ ।

मूलतः प्राविधिक शिक्षामा अनिवार्य आवासीय व्यवस्था गर्नुपर्दछ[६३] । अब स्थापना हुने प्रादेशिक विश्वविद्यालयहरू आवासीय संरचनामा सञ्चालन गर्न सकिने पूर्वाधार निर्माण गर्न पछि पर्नु हुँदैन । यसलाई क्रमशः सबै विधामा लागु गर्नुपर्दछ । तर यसरी विश्वविद्यालयमा आवास उपलब्ध गराउँदा आवासको सञ्चालन खर्च उठ्ने सिद्धान्त (cost recovery principle) का आधारमा स्थापना गर्नुपर्दछ । यस्तो सञ्चालन खर्चमा विद्युत, पानी, सरसफाइ, सुरक्षा, मर्मत सम्भारलगायतका आधारभूत कुराहरू पर्दछन् । अर्थात् आवासीय प्रबन्धको सञ्चालन खर्च र लगानी त्यहीबाट नै परिपूर्ति हुने सुनिश्चितता हुनुपर्छ । त्यस्तै शुल्कको व्यवस्था गर्दा समय सान्दर्भिक र बजार मूल्यलाई हेरेर समायोजन गर्नुपर्दछ । आवासको भाडा तथा 'युटिलिटी' खर्च विश्वविद्यालयका सबै प्राध्यापक कर्मचारी तथा विद्यार्थीबाट अनिवार्य असुल गर्ने प्रणालीको विकास गरिनु पर्दछ । यो कुनै खास प्राज्ञ वा कर्मचारीलाई यस किसिमको सुविधा दिने भए मौद्रिक रूपमा दिने व्यवस्था गर्नु पर्दछ ।

## ५.१२ अवस्था अध्ययन: काठमाडौँ विश्वविद्यालय

काठमाडौँ विश्वविद्यालय लगानी, पूर्वाधार, सञ्चालनको स्वरूप, गुणस्तर, अनुसन्धान र विकासमा प्रभावकारी कार्य गर्दै अगाडि बढेको एक विश्वविद्यालय हो । यसको प्राज्ञिक र व्यवस्थापकीय ढाँचाबाट नेपालमा सञ्चालन भइरहेका विश्वविद्यालयहरूले धेरै कुरा सिक्न सक्ने विश्वासका साथ यो अवस्था अध्ययन (status study) गरिएको हो । प्रादेशिक विश्वविद्यालयका सन्दर्भमा यहाँ गरिएको अवस्था अध्ययन धेरै विषय तथा क्षेत्रहरूमा सहयोगी हुनसक्छ । यसको अर्थ प्रादेशिक विश्वविद्यालयहरू कमजोर सुरुआतमा छन् भनेको होइन तर योजनाअनुरूप कार्यान्वयन हुन नसक्ने अवस्था देखिएको छ ।

हाल सञ्चालनमा रहेका अधिकांश विश्वविद्यालयहरू गुणस्तरीय शिक्षा र अनुसन्धानमा अब्बल देखिएका छैनन् । तिनका लागि लगानी व्यवस्थापन, सञ्चालनको स्वरूप र पूर्वाधारका क्षेत्रहरूमा काठमाडौँ विश्वविद्यालयको अवस्था अध्ययन प्रेरणाको स्रोत हुनसक्छ । यसर्थ, यसै अनुसन्धानको विषयक्षेत्रसँग सम्बन्धित रहेर काठमाडौँ विश्वविद्यालयले अवलम्वन गरेका निश्चित क्षेत्र र विषयहरूको अवस्था अध्ययनको रूपमा यहाँ प्रस्तुत गरिएको छ । अवस्था अध्ययनको विधिमा विश्वविद्यालय भ्रमण अवलोकन, रजिष्ट्रारसँगको अन्तरक्रिया, विश्वविद्यालयको वेबपेज, ऐन, नियमावली, प्रकाशित दस्तावेजहरूको समीक्षात्मक अध्ययन रहेका छन् ।

---

६३ भारतको (National Institute of Technology-NIT) Warangal ले १ हजार २ सय कोठा क्षमताका आवासहरूको प्रबन्ध गरेको छ । त्यहाँ २८ सय विद्यार्थीहरू बस्दछन् । 5 colleges with the best hostels in Inida सम्बन्धी थप जानकारी यहाँ हेर्नसकिन्छ: https://www.shiksha.com/engineering/articles/5-colleges-with-the-best-hostels-in-india-blogId-8615

सन् १९९१ मा स्थापित काठमाडौं विश्वविद्यालय स्वायत्त, गैरनाफामुखी सार्वजनिक संस्था हो । नेतृत्व क्षमता विकासका लागि गुणस्तरीय शिक्षा प्रदान गर्नु यस विश्वविद्यालयको लक्ष्य रहेको छ। मानवजातीको सेवाका लागि ज्ञान र प्रविधिमा समर्पित विश्वस्तरीय विश्वविद्यालय बन्ने दूरदृष्टि यसले लिएको छ । काठमाडौं विश्वविद्यालयको मौलिक विशेषताहरूमा स्वायत्त प्रशासन, वित्तीय आत्मनिर्भरता, नियमित रूपमा परिमार्जित हुने शैक्षिक क्यालेन्डर, अन्तर्राष्ट्रिय प्राज्ञिक समुदायको दिगो विश्वास, फ्याकल्टी र विद्यार्थीबिचको अधिकतम सम्पर्क तथा विद्यार्थीमैत्री वातावरणको उपलब्धता रहेका छन् ।

## ५.१२.१. काठमाडौं विश्वविद्यालयको पूर्वाधार

काठमाडौं विश्वविद्यालयको पूर्वाधारको सुरुआतलाई नियाल्ने हो भने यसले प्रारम्भमा भाडामा भवन लिएर स्कुल अफ साइन्सको शैक्षिक कार्यक्रम सञ्चालन गरेको थियो । यसले आफ्नो सानो दायराबाट प्राज्ञिक संसार चिहाउने माध्यम शिक्षाको गुणस्तरलाई बनाएर अगाडि बढेको सबैका सामु छर्लङ्ग छ । तत्कालीन अवस्थामा जे जस्तो पूर्वाधार उपलब्ध थियो त्यसमै उचित व्यवस्थापन, गुणस्तरीय शिक्षा, प्राध्यापक-विद्यार्थीको मेहनत र लगावका कारण काठमाडौं विश्वविद्यालय अहिलेको अवस्थामा आइपुगेको हो । हालको पूर्वाधारलाई हेर्ने हो भने यसले विकसित देशहरूका विश्वविद्यालयले प्रदान गर्ने बराबरको सुविधा दिन अग्रसर भएको हामीसामु छर्लङ्ग छ ।

विद्यार्थी, प्राध्यापक र कर्मचारीलाई पारिवारिक वातावरणसहितका आवासीय सुविधा, स्वस्थकर खानासहितका भोजनालय, खेलमैदान, यातायातको सुविधा, बैंक, सुरक्षालगायतका गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गरी विश्वस्तरीय विश्वविद्यालय बन्ने लक्ष्यमा काठमाडौं विश्वविद्यालय रहेको छ। प्रतिस्पर्धी विश्वस्तरीय शिक्षा प्रदान गर्न आवश्यक पूर्वाधारहरू जस्तैः प्रविधियुक्त शैक्षिक भवन र कक्षाकोठा, भौतिक तथा विद्युतीय पुस्तकालय, विज्ञान तथा प्रविधि प्रयोगशाला, सभाहल, अन्तर्राष्ट्रिय सम्मेलन गर्न मिल्ने भवन र मैदान, प्रयोगात्मक शिक्षाका लागि आवश्यक पूर्वाधारहरू (जस्तैः स्कुल, अस्पताल, बैंक, सुरुआती उद्यमशीलताका लागि सहजीकरणको वातावरण) को उपलब्धता अहिले यस विश्वविद्यालयको खास पहिचान बनेको छ ।

### वातावरण, पर्यावरण र जग्गा

काठमाडौं विश्वविद्यालयको केन्द्रीय कार्यालय धुलिखेल नगरपालिकामा रहेको छ भने योसँगै इन्जिनियरिङ, कानुन, मेडिकल साइन्स र साइन्स अन्तर्गतका स्कुलहरू र विभागहरू रहेका छन् । यो विश्वविद्यालय रहेको वातावरण निकै मनमोहक, रमणीय र शान्त छ। हरियालीसहितको प्राकृतिक भूबनोटलाई जस्ताको तस्तै उपयोग गर्दै यसले पर्यावरण र सामाजिक वातावरणलाई संरक्षण र सम्बर्धन गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। शान्त र रमणीय पर्यावरणको बिच अध्ययन र अनुसन्धानका कार्यहरू गर्न पाउँदा विद्यार्थी र प्राध्यापक थप उत्साहित हुनु स्वभाविकै हो । त्यहाँ पुग्दा जो कोहीलाई पनि लोभलाग्दो वातावरणले आकर्षित गर्दछ ।

## भौतिक सम्पत्ति तथा खरिद प्रणाली

काठमाडौँ विश्वविद्यालयका भौतिक वा अचल सम्पत्तिको व्यवस्थापन गर्ने कार्य विश्वविद्यालय वित्तीय नियमावली अन्तर्गत रहेर गर्ने गरिन्छ। यसको भौतिक सुविधा शाखा र इन्जीनियरिङ डिजाइन केन्द्रले खरिद प्रकियामा सहभागी भई आफ्नो कार्य गर्दछ। पूर्वाधार विकासका लागि वार्षिक योजना र खरिद योजना तयार गरिएको हुन्छ र सोही योजनाअनुसार खरिद समितिले आवश्यक खरिद कार्य गर्ने व्यवस्था गरिएको छ (Kathmandu University, 2022b)। खरिद प्रणालीको सबैभन्दा सबल पक्ष भनेको खरिद कार्य गर्दा सामूहिक बहस र निर्णयलाई आत्मसात् गर्नु नै रहेको छ।

## ५.१२.२. काठमाडौँ विश्वविद्यालयको वित्तीय व्यवस्थापन

काठमाडौँ विश्वविद्यालयको वित्तीय व्यवस्थापनको मौलिक विशेषताका कारण यसको वित्तीय स्रोत दिगो र प्रभावकारी रूपमा सुचारू रहेको पाइन्छ। वित्तीय स्वायत्तता र व्यवस्थापनका लागि हरेक स्कुलहरूलाई सहज हुने गरी नीतिहरू अख्तियार गरिएको छ। विश्वविद्यालयका शिक्षाध्यक्षका अनुसार विश्वविद्यालयको सबै स्कुलहरूको आम्दानी एकै खातामा जम्मा हुने प्रावधान छ। खर्चको खाता सञ्चालनका लागि सबै स्कुलहरूलाई सरल र किफायती पद्धतिबाट सञ्चालन गर्नसक्ने स्वायत्तता प्रदान गरिएको छ।

वित्तीय व्यवस्थापन अन्तर्गत विश्वविद्यालयको विकास र सञ्चालनका लागि आवश्यक वित्तीय स्रोत र भौतिक व्यवस्थापनका लागि चाहिने पूर्वाधार वा लगानीसम्बद्ध व्यवस्थापन पनि पर्दछ। काठमाडौँ विश्वविद्यालयले यसको स्थापनाको सुरुआतदेखि स्थानीयहरूको अपार सद्भाव र सहयोग प्राप्त गरेको छ। वित्तीय स्रोत आवश्यक रहने तर स्थानीय पालिकाहरूबाट आपूर्ति हुनसक्ने नगद वा भौतिक सहयोग यस विश्वविद्यालयले पाएको छ। उदाहरणका लागि भूमि, खानेपानीको उपलब्धता, उर्जाको आपूर्ति, यातायात वा आवासका लागि स्थानीय तहले धेरै सहयोग गरी वित्तीय भार कम गर्न मद्दत गरेको यथार्थ छ। यसका कारण विश्वविद्यालय सो स्थानमा फैलिन र परिष्कृत हुनसक्ने वातावरण बनेको हो।

काठमाडौँ विश्वविद्यालयले वित्तीय स्रोत र त्यसको परिचालन गर्ने सन्दर्भमा आत्मनिर्भरताको विकास गर्न खोजिरहेको छ। वित्तीय व्यवस्थापन र परिचालन अन्तर्गत काठमाडौँ विश्वविद्यालयको ६० प्रतिशत वित्तीय स्रोत विद्यार्थीहरूको शुल्कबाट सङ्कलन हुन्छ भने सोही बराबरको रकम प्राध्यापक र कर्मचारीहरूको तलब सुविधाहरूमा खर्च हुन्छ। बाँकी ४० प्रतिशत रकम मध्ये १० प्रतिशत सरकारी सहयोगबाट प्राप्त हुन्छ। अन्य स्रोत रकमहरू दाता, सहयोगी, अनुसन्धान अनुदानबाट परिपूर्ति हुन्छ। विश्वविद्यालयका सबै तह र स्कुलहरूका सम्पूर्ण विद्यार्थीहरू मध्ये जम्मा १० प्रतिशत विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गर्छन (Kathmandu University, 2022a)।

काठमाडौँ विश्वविद्यालय अन्तर्राष्ट्रिय विश्वविद्यालयसँगको सहकार्य तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट अनुसन्धान अनुदान प्राप्त गर्न विश्वव्यापी प्रतिस्पर्धामा सहभागी हुने गरेको छ । यसरी प्राप्त हुने अनुसन्धान कोषमा प्राध्यापक तथा विद्यार्थी सहभागी भएर अनुसन्धान गर्ने गर्दछन् । यस किसिमको कोषबाट विद्यार्थीलाई छात्रवृत्ति समेत दिने गरेको पाइन्छ । यसबाट विश्वविद्यालयले वित्तीय स्रोतमा अभिवृद्धि गर्नुकोसाथै दिगोपना पनि संस्थागत गरेको छ । यस माध्यमबाट पनि विश्वविद्यालयका स्कुलहरूले आफ्नो सञ्चालन खर्च आफै जुटाइरहेका हुन्छन । काठमाडौँ विश्वविद्यालयले शिक्षण शुल्क समयसापेक्ष परिमार्जन गर्ने भएकाले सञ्चालन खर्च आन्तरिक स्रोतबाट नै व्यहोर्न सक्छ । काठमाडौँ विश्वविद्यालयको शिक्षण शुल्क त्रिभुवन विश्वविद्यालयको भन्दा केही बढी देखिए पनि गुणस्तरीय शिक्षाको कारण समय सान्दर्भिक नै मानिएको छ । अन्य खर्चको हकमा विश्वविद्यालयले त्रैमासिक रूपमा बजेट प्रवाह गर्दछ ।

## बजेट तथा लेखा पद्धति

बजेटको व्यवस्थापनमा काठमाडौँ विश्वविद्यालयले अख्तियार गर्ने नीति सामूहिक छलफल र समन्वयमा आधारित भएर गर्ने गरिन्छ । पछिल्लो वर्षको बजेट तयार गर्दा एकवर्ष अगाडि नै सबै सरोकारवालाहरूसँग छलफल गरी उनीहरूको सुनुवाईसहितको बजेट तर्जुमा गरी पारित गरिन्छ । यसरी सामूहिक प्रयास र सहभागितात्मक प्रणालीबाट पारित गरिएको बजेटको कार्यान्वयन प्रभावकारी रूपमा हुने सुनिश्चितता बढ्छ र त्यसले अनुगमन र मूल्याङ्कनको प्रक्रियालाई पनि सहज बनाउँछ ।

सबै एकाइको सहभागितामा बजेट तयार भइसकेपछि वित्त विभाग (fnancial department) ले सबै सुझावलाई एकीकृत गरी विश्वविद्यालय परिषद्मा अनुमोदन गर्नका लागि पेश गर्दछ । वित्त विभागले आम्दानी र खर्चको आधारमा अन्तिम लेखा (final account) तयार गर्दछ र सबै सरोकारवालाहरूबिच पारदर्शी रूपले लेखा विवरण प्रकाशमा ल्याउछ (Kathmandu University, 2022b) ।

अन्तिम लेखाले तयार गरेका विवरणहरू काठमाडौँ विश्वविद्यालय व्यवस्थापनका लागि आफ्ना नीति, योजना र कार्यक्रमहरू बनाउन उपयोग गर्ने आधार बन्दछन् । अन्तिम लेखाको प्रतिवेदन नै विश्वविद्यालय र अन्य साझेदार संस्थाहरूबिचको वित्तीय सञ्चार (financial communication) को माध्यम बनेको हुन्छ (Kathmandu University, 2022b) । त्यसकै आधारमा सरोकारवालाहरूबिच विश्वविद्यालयको वित्तीय अवस्था विश्लेषण हुने गर्दछ । यस्ता सरोकारवालाहरूमा खासगरी विश्वविद्यालयका दातृ निकायहरू, अनुसन्धान साझेदारहरू, सहयोगी दाताहरू, बैंक, सरकार र अन्य पर्दछन् ।

वित्तीय नीति तथा प्रतिवेदन निर्माण गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरूसँगको सामञ्जस्य र अन्तरसम्बन्धलाई पनि विश्लेषण गरिएको हुन्छ । यसरी समावेशी, सहभागितात्मक र समन्वयात्मक पद्धतिबाट बजेट तयार गर्नु काठमाडौँ विश्वविद्यालयको सफलताको अर्को सूत्र बनेको छ ।

## अक्षय कोषको व्यवस्था

काठमाडौँ विश्वविद्यालयको वित्तीय व्यवस्थापनको एउटा ठुलो र महत्त्वपूर्ण अङ्गको रूपमा अक्षय कोष (endowment fund) लाई मान्न सकिन्छ । अक्षय कोषलाई विश्वविद्यालयको दीर्घकालीन लक्ष्यहरू प्राप्त गर्ने एक साधनको रूपमा लिइएको छ । यस्तो कोष स्थापना गर्नुको मूल उद्देश्य छात्रवृत्ति प्रदान गर्नु, विद्यार्थीहरूलाई वित्तीय सहायता प्रदान गर्नु र अनुसन्धानलगायतका कार्यमा योगदान गर्नु रहेको छ । यसका साथै शैक्षिक सुविधामा वृद्धि गर्न, फ्याकल्टीहरूलाई अनुसन्धान, विकास र अन्वेषणमा सहयोग गर्न तथा दाताले विशिष्टीकृत गरेका कार्यहरू गर्न र गराउन अक्षय कोषको उपयोग गरिन्छ ।

काठमाडौँ विश्वविद्यालयले अक्षय कोष स्थापना गर्न चाहनेहरूका लागि सरल र सहज विधिहरूबाट योगदान गर्नसक्ने नीति लिएको छ । कम्तीमा २० लाख बराबरको योगदानबाट यस्ता कोषहरू स्थापना गर्न सकिन्छ (काठमाडौँ विश्वविद्यालय, २०२२ग) । दाताले आफूले योगदान गरेको रकम शैक्षिक क्रियाकलापका विभिन्न पक्षहरूमध्ये कुनै एकमा (जस्तैः छात्रवृति, अनुसन्धान, पूर्वाधार, भौतिक पूर्वाधार सुधार तथा विकास) उपयोग भएको देख्न चाहन्छन् भने सोको निर्णय आफैले गर्न सक्दछन् । यसरी दाताले आफुले देखेको, भोगेको र सुधार वा विकास गर्न चाहेको क्षेत्र र विषयमा रकम प्रदान गरी अक्षय कोषमार्फत विश्वविद्यालयको विकासमा लगाउन सक्नु भनेको दाता, समाजसेवी, प्राध्यापकहरू र विश्वविद्यालय दुवै पक्षको जित-जितको अवस्था सिर्जना गर्नु हो ।

अक्षय कोषको स्थापना सहज, सम्मानित, समन्वयात्मक र उद्देश्यमूलक भएको कारण नै यसमा धेरै दाता, संस्था र व्यापारिक प्रतिष्ठान तथा प्राध्यापकहरूको योगदान भइसकेको छ । प्रतिष्ठित फोर्ड फाउन्डेसन, टी. एन. उप्रेती अनुसन्धान केन्द्रलगायत धेरै प्राध्यापकहरूको नाममा यस्ता ठुला अक्षय कोषको स्थापना काठमाडौँ विश्वविद्यालयले गरिसकेको छ । यस्तैगरी सरकारी थिङ्कट्याङ्क नीति अनुसन्धान प्रतिष्ठानसँग पनि काठमाडौँ विश्वविद्यालयले अनुसन्धानका लागि अक्षय कोष स्थापना गरी सहकार्य गरिरहेको छ ।

यसको अर्को महत्त्वपूर्ण प्राज्ञिक पाटो भनेको विश्वविद्यालयका प्राध्यापकले आन्तरिक वा बाह्य स्रोतबाट ल्याउने अनुसन्धान कोष रकमको ओभरहेड मुल्य २० लाख पुगेमा सो रकमलाई अक्षय कोषमा परिणत गरी सञ्चालन गर्ने प्रावधान छ (काठमाडौँ विश्वविद्यालय, २०२२ग) । यसले विश्वविद्यालयको प्राध्यापकले गर्ने अनवरत अनुसन्धानका कार्यलाई उच्च सम्मान मात्र गर्दैन कि भविष्यमा यस्ता अनुसन्धानका लागि प्रेरणासमेत प्रदान गर्दछ ।

## लगानीका स्रोतहरू

काठमाडौँ विश्वविद्यालयको स्थापना एकै चरणमा नभई विभिन्न चरणमा योजनाबद्ध र नेतृत्वको दूरगामी दृष्टिकोणका कारण मात्र सम्भव भएको हो । लगानीका स्रोतहरूको उचित उपयोगबाट शैक्षिक परिणाम र प्रभाव प्रदर्शन गर्दै विभिन्न चरणमा यसको विस्तार भएको देखिन्छ । पुँजी लगानी तथा

चालु खर्चको लगानीका लागि समानान्तर रूपमा उत्पादन र खर्चको तालमेल मिलाउदै विश्वविद्यालय अगाडि बढेको पाइन्छ ।

यस विश्वविद्यालयको मूल लगानीका स्रोतहरूमा सरकारी लगानी, स्वदेशी तथा विदेशी दाताहरूको आर्थिक तथा प्राविधिक सहयोग, व्यापारिक प्रतिष्ठान तथा व्यापारीहरूको सहयोग, विदेशी विश्वविद्यालयहरूको सहयोग, स्थानीय व्यापारी तथा चन्दादाताको सहयोग, स्थानीय सरकारको सहयोगलगायतका रहेका छन् । यसको मूल कारण विश्वविद्यालयले आर्जन गरेको गुणस्तरीय शिक्षा प्रतिको विश्वास र समर्पण नै हो । विश्वविद्यालय स्थापना भएपश्चात् स्थानीयले प्राप्त गरेको ख्याति, रोजगार, आत्मीयता, अपनत्व जस्ता वस्तुगत र भावनात्मक पक्षहरूका कारणले गर्दा विभिन्न क्षेत्रबाट लगानीका स्रोतहरू जुटाउन विश्वविद्यालय सफल भएको हो भनेर सहजै भन्न सकिन्छ ।

**आम्दानीका स्रोतहरू**

विश्वविद्यालयले नियमित आम्दानी र खर्चको व्यवस्थापन गर्ने उपयुक्त संयोजनकारी पद्धतिको विकास गरी समयानुकुल परिमार्जन र परिष्कृत गर्दै लगेको छ । हालको अवस्थालाई समीक्षा गर्दा काठमाडौं विश्वविद्यालयको आन्तरिक आम्दानीले नियमित सञ्चालनको खर्च जुटाइरहेको छ भने अन्य लगानीको स्रोतबाट प्राप्त रकम अनुसन्धान कार्यमा उपयोग भइरहेको छ । विश्वविद्यालयको आम्दानी वा आयका स्रोतहरू मध्ये मूलरूपमा विद्यार्थीहरूबाट प्राप्त हुने शिक्षण शुल्क आपतको रकम, सरकारी अनुदान, विश्वविद्यालय अनुदान आयोगको अनुदान, संस्था वा प्रायोजकहरूको अनुदान, कर्मचारीहरूको आवासको आम्दानी, भोजनालयको सञ्चालन वा भाडा आम्दानी र बैकको ब्याजलगायतका छन् ।

यसैगरी अन्य आयका स्रोतहरूमा विद्यार्थीको शिक्षण शुल्क, विद्यार्थी आवास शुल्क अनुसन्धान तथा विकास ओभरहेड शुल्क, विद्यार्थीका अन्य सेवा शुल्क, भर्ना शुल्क आदि छन् । काठमाडौं विश्वविद्यालयले स्कुलअनुसार हरेक वर्ष ६ देखि १० प्रतिशत विद्यार्थीहरूको शैक्षिक शुल्कमा वृद्धि गर्ने नीति लिएको छ । तथापि प्राविधिक विषयहरूको शुल्क र गुणस्तरको कारण काठमाडौं विश्वविद्यालय विद्यार्थीहरूको आकर्षणको केन्द्र बनिरहेको छ । गुणस्तरीय पठन-पाठनका लागि उचित शुल्क समस्या नभएको उदाहरण काठमाडौं विश्वविद्यालयले दिएको छ ।

## ५.१२.३. सञ्चालनको ढाँचा

काठमाडौं विश्वविद्यालयको सर्वोच्च निकाय सिनेट हो । विश्वविद्यालयका कुलपतिसमेत रहने प्रधानमन्त्रीले सिनेटको अध्यक्षता गर्ने व्यवस्था छ भने शिक्षामन्त्री सहकुलपति रहने व्यवस्था छ । कार्यकारी परिषद् र प्राज्ञिक परिषद्ले नीति तथा कार्यक्रम तयार गर्ने र विश्वविद्यालय सञ्चालन गर्ने कार्य गर्दछन् । सल्लाहकार अङ्गको रूपमा बोर्ड अफ ट्रष्टी रहेको छ । ट्रष्टीमा अध्यक्षसहित उपकुलपति, रजिष्ट्रार र ६ जना सदस्य रहने व्यवस्था छ । हरेक स्कुलका डीनहरू प्राज्ञिक र प्रशासनिक प्रमुख

हुन्छन जसले गर्दा विश्वविद्यालयको नियमित शैक्षिक कार्यक्रम लागु गर्न र निर्णय गर्न सहज हुने मानिन्छ । डीनहरूलाई आफ्नो आवश्यकतामा आधारित भएर नियमानुसार शैक्षिक कार्यक्रम बनाउने र चलाउने तथा शैक्षिक सामग्रीहरू खरिद गर्नसक्ने गरी स्वायत्तता दिइएको छ ।

काठमाडौँ विश्वविद्यालय कार्य व्यवस्था नियम २०४९ (सन् १९९१) ले गरेको व्यवस्थाअनुरूप काठमाडौँ विश्वविद्यालय अन्तर्गतका प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूको पेसागत हकहित संरक्षणका लागि विशुद्ध शैक्षिक एवम् व्यावसायिक रूपमा विश्वविद्यालयको प्रत्येक स्कुलमा प्राध्यापकको हितसँग सम्बन्धित प्राध्यापक कल्याण परिषद् (faculty welfare council), कर्मचारीको हितसँग सम्बन्धित कर्मचारी कल्याण परिषद् (staff welfare council) र विद्यार्थीको हितसँग सम्बन्धित विद्यार्थी कल्याण परिषद् (student welfare council) गठन गर्नसकिने प्रावधान रहेको छ (काठमाडौँ विश्वविद्यालय, २०२२ घ) । यसरी प्रत्येक स्कुलमा गठन गरिने परिषद्मा स्कुलका सम्बन्धित प्राध्यापक, कर्मचारी र विद्यार्थी सदस्य रहन्छन । यसले विश्वविद्यालयको शैक्षिक वातावरण र पेसागत कल्याणका लागि सकारात्मक भूमिका निर्वाह गरिरहेको छ ।

विश्वविद्यालयलाई राजनैतिक थलो बनाउने, व्यक्तिगत स्वार्थका लागि उपयोग गर्ने, झैझगडाको अखडा बनाउने, प्राध्यापक कुटपिट हुने वा विद्यार्थीको जीउधनमाथि असुरक्षा हुने, आर्थिक हिनामिना गर्ने, भौतिक साधन तोडफोड गर्ने, आन्दोलन गर्ने, राजनैतिक नियुक्ति र तिनीहरूको संरक्षण गर्ने जस्ता अशोभनीय र अवाञ्छित कार्य र घटनाहरू काठमाडौँ विश्वविद्यालयभित्र भएको देखिँदैन ।

### ५.१२.४. शैक्षिक कार्यक्रम

हाल विश्वविद्यालयले सातवटा स्कुलमार्फत विभिन्न शैक्षिक कार्यक्रम चलाएको छ । यी स्कुलहरू हुन्: विश्वविद्यालयका स्कुलहरू स्कुल अफ आर्ट्स, स्कुल अफ एजुकेशन, स्कुल अफ इन्जिनियरिङ, स्कुल अफ ल, स्कुल अफ म्यानेजमेन्ट, स्कुल अफ मेडिकल साइन्सेज र स्कुल अफ साइन्स । सबै स्कुलहरू अन्तर्गत रही १ सय ४० भन्दा बढी शैक्षिक कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

काठमाडौँ विश्वविद्यालयले सञ्चालन गरेका धेरैजसो कार्यक्रमहरू नेपालमा पहिले सञ्चालनमा नआएका छन । विजनेस एड्मिनिस्ट्रेशन, मास्टर अफ विजनेस इक्नोमिक्स, ह्युमन बायोलोजी, डिभलपमेन्ट स्टडिज, डक्टर अफ मेडिसिन, जिओम्याटिक्स इन्जिनियरिङलगायतका धेरै विषयहरू काठमाडौँ विश्वविद्यालयले पहिलो पटक सुरु गरेको हो । यस अर्थमा देशको प्राविधिक र उच्च सीपयुक्त जनशक्ति उत्पादनमा काठमाडौँ विश्वविद्यालयले निकै ठुलो योगदान गरेको छ । पछिल्लो समयमा प्राविधिक सँगसगै व्यावसायिक र सामाजिक विज्ञानका नयाँ विषय र पाठ्यक्रमहरू समावेश गरिएका छन् । स्कुल अफ एजुकेसन अन्तर्गत स्टीम (science, technology, engineering, arts and mathematics– STEAM) विभागको सञ्चालन, प्राविधिक तथा व्यावसायिक शिक्षामा विस्तार यसका उदाहरणहरू हुन् । स्टीम भन्नाले मूलतः विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितको समिश्रित

शिक्षा शिक्षण गर्ने पद्धति र विधा हो । यस्ता नयाँ खालका विधामा विद्यार्थीको रुचि बढी हुन्छ भने राष्ट्रको आवश्यकतालाई समेत यसले सम्बोधन गर्न मद्दत गर्दछ ।

### ५.१२.५. अनुसन्धान र विकास

काठमाडौं विश्वविद्यालयको सफलताको परिचायक नै अनुसन्धान र विकासमा आधारित शिक्षा प्रणाली हो । आन्तरिक र बाह्य स्रोतको प्रबन्ध गरी विश्वविद्यालयले आफ्ना अनुसन्धानका कार्यहरू गर्ने गर्दछ । ठुला अनुसन्धान कार्यहरू अन्तर्राष्ट्रिय सहयोग तथा विश्वविद्यालयहरूसँगको सहकार्यमा सम्पन्न गर्ने गरिएको छ । काठमाडौं विश्वविद्यालयको अनुसन्धानका सम्पूर्ण कार्यहरू अनुसन्धान, विकास तथा नवप्रवर्तन निर्देशनालय (directorate of research, development and innovation) अन्तर्गत गरिने व्यवस्था रहेको छ ।

प्राय: सबै स्कुल अन्तर्गत अनुसन्धान केन्द्रहरूको व्यवस्था गरी नवप्रवर्तन र नयाँ ज्ञानको खोजी र प्रसार गर्ने लक्ष्य काठमाडौं विश्वविद्यालयले लिएको देखिन्छ । प्राध्यापकहरूले आफ्नो क्षमतामा अनुसन्धानका लागि आन्तरिक वा बाह्य कोष ल्याउन सक्ने प्रावधान छ । यस्तो अनुसन्धान कोष ल्याएमा १० प्रतिशत ओभरहेड स्कुललाई प्रदान गर्नुपर्ने नियम छ । यदि यो अनुसन्धान कोष नभई परामर्श सेवा हो भने २० प्रतिशत रकम स्कुलले पाउने नियम छ । यसरी यो ओभरहेड कोष २० लाख पुग्यो भने सम्बन्धित अनुसन्धानकर्ताको नामबाट एउटा अक्षयकोष तयार गरी सोको ब्याजबाट अन्य अनुसन्धान वा छात्रवृत्ति प्रदान गर्ने कार्यका लागि सो रकम उपयोग गर्ने गरिन्छ (काठमाडौं विश्वविद्यालय, २०२२च) ।

बहुविधाका विषयक्षेत्रहरूमा अनुसन्धान गर्ने केन्द्रलगायत स्कुल अफ आर्ट्स, इन्जिनियरिङ, व्यवस्थापन र विज्ञान विषयका अनुसन्धान केन्द्रहरू निकै प्रभावकारी मानिएका छन् । नेपाल टेक्नोलोजी इन्नोभेसन सेन्टर, डिज्याविलिटी रिसर्च सेन्टर, सेन्टर फर इलेक्ट्रिक पावर इन्जिनियरिङ, अक्वाटिक इकोलोजी सेन्टर, इन्टरप्राइज एण्ड म्यानेजमेन्ट डेभेलोपमेन्ट सेन्टरलगायत काठमाडौं विश्वविद्यालय अन्तर्गतका गहन अनुसन्धान गर्ने अनुसन्धान केन्द्रहरू हुन् ।

यसैगरी काठमाडौं विश्वविद्यालय अनुसन्धानसम्बन्धी नियम २०६२ (ईस्वी सन् २००५) ले प्रबन्ध गरेअनुरूप हरेक स्कुलहरूमा एउटा अनुसन्धान समिति रहने व्यवस्था छ । सो समितिमा सम्बन्धित स्कुलका डीन अध्यक्ष, सम्बन्धित स्कुलका एशोसियट डीन सदस्य, सम्बन्धित स्कुलका विभागीय प्रमुखहरूमध्येबाट बढीमा पाँचजना सदस्य, सम्बन्धित स्कुलका विभागहरूबाट एक-एकजना प्रोफेसरका दरले बढीमा दुईजना सदस्य र उपकुलपतिबाट मनोनित विद्वानहरू मध्येबाट बढीमा दुईजना सदस्य रहने प्रावधान छ (काठमाडौं विश्वविद्यालय, २०२२ङ) । यस समितिको मूल कार्य स्कुलका अध्ययन र अनुसन्धान क्रियाकलापहरूलाई सञ्चालन गर्ने, गुणस्तरीयता कायम गर्ने, एम, एस. बाइ रिसर्च (MS by research), एम. फिल, र विद्यावारिधि कार्यक्रम सञ्चालन गर्ने रहेको छ । यसले काठमाडौं

विश्वविद्यालयको नियमित अनुसन्धान र शैक्षिक कार्यक्रमहरूको गुणस्तरलाई कायम राख्न, प्रबर्धन गर्न र विकास गर्न मद्दत गरेको छ। विश्वविद्यालयले सम्बन्धित स्कुलबाट अनुसन्धान जर्नलहरू प्रकाशन गर्ने र ती जर्नलहरूमा लेखहरू प्रकाशन गर्ने वातावरण तयार गरेको छ। साथै देशभित्र र बाहिरका अन्य विज्ञ समीक्षित जर्नलहरूमा लेख प्रकाशनलाई विद्यावारिधिमा अनिवार्य र अन्य तहमा प्रोत्साहन गर्ने पद्धति बसालेको छ।

काठमाडौँ विश्वविद्यालयको शैक्षिक गुणस्तर, अनुसन्धान र विकासलगायतका पक्षहरूको वरीयता तुलना गर्न विश्ववरीयता मापनलाई आधार बनाउन सकिन्छ। यस सन्दर्भमा SCIMAGO Institutions Ranking को विश्ववरीयतालाई हेर्ने हो भने सन् २०१८ मा ७५७औँ, २०१९ मा ७९१औँ, २०२० मा ७९३औँ, २०२१ मा ७७७औँ र २०२२ मा ७००औँ स्थानमा रहेको देखिन्छ[६४]। यो विश्वतर तह पछिल्लो दुई वर्षयता सुधार हुँदै गएको देखिन्छ। यसैगरी यस विश्वविद्यालयमा अन्तर्राष्ट्रिय विद्यार्थीको सङ्ख्या ४ प्रतिशत रहेका छन्[६५]। यसैगरी, SCIMAGO Institutions Ranking को तथ्याङ्कमा अनुसन्धान स्तर, अन्वेषणात्मक स्तर र सामाजिक स्तर क्रमशः सुधारात्मक अवस्थामा गएको देखिन्छ (यससम्बन्धी विस्तृत तथ्याङ्क अनुसूची ६क मा उल्लेख गरिएको छ)। सन् २०१८ देखि २०२२ सम्मको तथ्याङ्क समावेश गरिएकोमा अनुसन्धान स्तर ४४८ बाट ४१६औँ, अन्वेषणात्मक स्तर ४९२ बाट ४२२औँ र सामाजिक स्तर १७२ बाट २४६औँ तहमा पुगेको देखिन्छ।

### ५.१२.६. काठमाडौँ विश्वविद्यालयले अवलम्बन गरेका राम्रा अभ्यासहरू

काठमाडौँ विश्वविद्यालय प्रारम्भमा सानो लगानी तथा सीमित शैक्षिक कार्यक्रमसहित ग्रामीण क्षेत्रमा तर दूरदृष्टि र औचित्यसहितको अवधारणाबाट विकास गरिएको स्पष्ट हुन्छ। यसको निरन्तर गुणस्तरीय यात्राले नेपालमा कस्तो विश्वविद्यालय सफल हुनसक्छ र कसरी व्यवस्थापन गनुपर्छ, कस्तो नेतृत्व आवश्यक हुन्छ र कस्तो नीति बनाउनु पर्छ भन्ने पाठ सिक्न मद्दत गर्दछ। विश्वविद्यालय स्थापना गरिँदैमा विद्यार्थी पढ्न आउने होइनन्। यसमा धेरै पक्षहरू अन्तरसम्बन्धित हुन्छन। समाज र देशको आवश्यकता तथा विश्वस्तरमा प्रतिस्पर्धी जनशक्ति उत्पादनमा निरन्तर चुनौतीपूर्ण यात्रा तय गर्नुपर्छ। काठमाडौँ विश्वविद्यालयको स्थापना र विकासमा हालको अवस्थासम्म ल्याउन अथक प्रयास गर्ने संस्थापक प्राज्ञिक व्यक्तित्व प्राध्यापक डा. सुरेश राज शर्मालगायतका कर्मठ शिक्षाविद् तथा शिक्षाप्रेमीहरूको निकै मेहनत लागेको छ। तसर्थ, काठमाडौँ विश्वविद्यालयले अवलम्बन गरेका सकारात्मक कार्यहरू अन्यका लागि पनि अनुकरणीय हुन सक्दछन्। काठमाडौँ विश्वविद्यालयको सफलताका सूत्रहरूबाट सिक्न सकिने शिक्षालाई यहाँ उल्लेख गर्न सान्दर्भिक ठानिएको छ।

---

६४ https://www.scimagoir.com/institution.php?idp=6008

६५ https://www.timeshighereducation.com/world-university-rankings/kathmandu-university-0?utm_medium=thewebsite&utm_campaign=cta-link&utm_source=rankings#institution-courses-pane

- सुविधायुक्त, वैज्ञानिक, शिक्षण सिकाइलाई सहज हुने र अनुसन्धान तथा विकास केन्द्रित पूर्वाधारहरूको विकास तथा गुणस्तरीय शिक्षा,
- शैक्षिक वातावरण, पर्यावरण र सौन्दर्यचेतयुक्त बनावट तथा संस्कृति,
- पारदर्शी लेखा तथा बजेट निर्माण प्रणाली,
- सामूहिक निर्णय प्रक्रिया र सरोकारवालाहरूको बिचमा छलफल र सुनुवाइको अभ्यास,
- आर्थिक र शैक्षिक रूपमा स्वायत्त स्कुल प्रणालीको विकास,
- स्थानीय र विश्वविद्यालयबिचको सहकार्य र सहयोग,
- आत्मनिर्भर वित्तीय प्रणाली र वैज्ञानिक शुल्क पद्धति,
- अक्षय कोषको अवाधारणामार्फत लगानी र शैक्षिक उत्पादनको चक्रीय प्रणाली,
- आन्तरिक, बाह्य र दाता संस्था, विश्वविद्यालयबिचको सहकार्यबाट स्रोत परिचालन,
- विशुद्ध प्राज्ञिक र शैक्षिक नेतृत्वको अवधारणा,
- सल्लाहकार समितिको व्यवस्था,
- पेसागत मर्यादा, हक र हितलाई केन्द्रमा राख्ने पद्धति,
- दलीय राजनीतिको न्यून प्रभाव,
- पेसागत सुरक्षा,
- प्राविधिक शिक्षाको बाहुल्यता,
- समयसापेक्ष पाठ्यक्रमको विकास र कार्यान्वयन तथा नियमित परिमार्जन,
- कुशल व्यवस्थापनमा सञ्चालित स्कुलहरू,
- अनुसन्धान र विकासमा जोड,
- अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरूसँगको समन्वय र सहकार्य आदि ।

काठमाडौं विश्वविद्यालयको अवस्था अध्ययनबाट नेपालमा स्थापना भएका विश्वविद्यालयले शैक्षिक गुणस्तर, नेतृत्व, सञ्चालन व्यवस्थापन र आर्थिक तथा वित्तीय स्रोतको परिचालनमा असल नमूना निर्माण गर्ने प्रयास गरिरहेको देखिन्छ । यसले नेपालमा स्थापना हुने विश्वविद्यालयलाई योजना निर्माण, पूर्वाधार विकास तथा विषय-विधा छनोटका लागि सूक्ष्म अध्ययनको अधार तयार गरिदिएको छ । यस विश्वविद्यालयको सञ्चालनको अनुभवबाट थप प्रतिस्पर्धी र उच्च गुणस्तरीय विश्वविद्यालय स्थापना गर्न आवश्यक आधारहरू निर्माण गर्न सकिन्छ । यसरी एउटा विश्वविद्यालयलाई चाहिने न्यूनतम आवश्यक पूर्वाधारका र शैक्षिक वातावरणका लागि स्थानीयको सहयोग, समर्थन र विश्वविद्यालय कुशल व्यवस्थापनको उचित संयोजन भएको हुनुपर्दछ ।

# परिच्छेद ६

# नतिजा तथा छलफल

नेपालमा त्रि-चन्द्र क्याम्पसको स्थापनालाई आधार मान्दा उच्च शिक्षाको औपचारिक सुरुआत भएको एक शताब्दी मात्र भयो । त्रिभुवन विश्वविद्यालय स्थापना (सन् १९५९) भएको पनि जम्मा ६३ वर्ष मात्र भएको छ । यसबिचमा नेपालको विश्वविद्यालय शिक्षाले जति सङ्ख्यात्मक विस्तारको अवसर प्राप्त गऱ्यो त्यति गुणात्मक फड्को मार्न भने सकेको छैन । हालसम्म १३ वटा विश्वविद्यालय सञ्चालनमा आइसकेका छन् भने अन्य केही सञ्चालनको सङ्घारमा रहेका छन् । यसै गरी ६ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा रहेका छन् ।

## ६.१. विश्वविद्यालय सुधारको वस्तुगत आधार

यस अनुसन्धानले नेपालमा हालसम्म सञ्चालित विश्वविद्यालयहरूको स्थिति विश्लेषण गरी नयाँ स्थापना हुने मूलतः प्रादेशिक विश्वविद्यालयहरूको स्थापनाका लागि आवश्यक पूर्वसर्त तथा आधारहरू तयार गरेको छ । नेपालमा हाल सञ्चालित विश्वविद्यालयहरूको अवस्था विश्लेषण गर्दा विश्वविद्यालय तथा क्याम्पसहरूको वितरण, तहगत विद्यार्थी भर्ना तथा उत्तीर्ण दर, प्राध्यापकहरूको वितरण जस्ता पक्षहरूको विश्लेषण गरिएको छ । यसै गरी विश्वविद्यालयहरूले प्राप्त गर्ने अनुदान, सङ्गठनात्मक ढाँचा, स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको अवस्था साथै विश्वविद्यालयमा राजनीतिले पार्ने प्रभाव र विश्वविद्यालय शिक्षाको मूल मुद्दा तथा समस्याहरू केलाउने प्रयास गरिएको छ ।

नेपालको पहिलो र सबैभन्दा ठुलो त्रिभुवन विश्वविद्यालयका आङ्गिक ६२, सामुदायिक ५ सय २९ र निजी ५ सय ५१ गरी जम्मा १ हजार १ सय ४२ वटा क्याम्पसहरू रहेका छन् । त्रिभुवन विश्वविद्यालयको फैलावट देशका सबै प्रदेशहरूमा रहेको छ भने कूल विद्यार्थी सङ्ख्या ३ लाख ५६ हजार ६ सय ५४ जना रहेका छन् । त्रिभुवन विश्वविद्यालयको कूल विद्यार्थी सङ्ख्यामा महिला विद्यार्थीको सङ्ख्या ५४.७ प्रतिशत रहेको छ । त्रिभुवन विश्वविद्यालयका सामुदायिक क्याम्पसहरूमा निजी तथा आङ्गिक क्याम्पसहरूमा भन्दा बढी महिला विद्यार्थीहरूको सङ्ख्या रहेको कारण यो लैङ्गिक अनुपात बढी देखिएको हो । लैङ्गिक वितरणका दृष्टिकोणले उच्च शिक्षामा महिला विद्यार्थीहरूको सहभागितामा वृद्धि हुनुलाई सकारात्मक मान्न सकिन्छ । यस्तै, मध्यपश्चिम विश्वविद्यालयको तथ्याङ्क हेर्दा महिला विद्यार्थीको सङ्ख्या ६१.७ प्रतिशत रहेको छ । समग्रमा, खुला विश्वविद्यालयलाई छाड्ने हो भने विश्वविद्यालयहरूमा महिला विद्यार्थीको अनुपात उल्लेख्य नै छ (UGC, 2020) । खुला विश्वविद्यालयमा महिला विद्यार्थीको सङ्ख्या ११.३ प्रतिशत मात्र रहेको छ ।

त्रिभुवन विश्वविद्यालयले कूल उच्च शिक्षा भर्नाको ७६.४ प्रतिशत, नेपाल संस्कृत विश्वविद्यालयले ०.६ प्रतिशत, काठमाडौँ विश्वविद्यालयले ४ प्रतिशत, पूर्वाञ्चल विश्वविद्यालयले ५.९ प्रतिशत, पोखरा

विश्वविद्यालयले ६.९८ प्रतिशत भाग ओगटेको छ। यस्तै लुम्बिनी बौद्ध विश्वविद्यालयको उच्च शिक्षामा हुने कूल भर्नाको ०.१५ प्रतिशत, कृषि तथा वन विज्ञान विश्वविद्यालयको ०.९५ प्रतिशत, मध्यपशिचम विश्वविद्यालयको २.०९ प्रतिशत, सुदूरपश्चिम विश्वविद्यालयको २.१७ प्रतिशत, नेपाल खुला विश्वविद्यालयको ०.२५ प्रतिशत र राजर्षि जनक विश्वविद्यालयको ०.०४ प्रतिशत हिस्सा रहेको छ।

विश्वविद्यालयहरूको प्रदेशगत वितरणको अवस्थालाई विश्लेषण गर्दा प्रदेश १ मा अवस्थित सबै विश्वविद्यालयहरूका क्याम्पसहरूको सङ्ख्या १ सय ९७ रहेको छ भने जम्मा विद्यार्थी सङ्ख्या ५५ हजार ७ सय २९ रहेको छ। सबैभन्दा धेरै क्याम्पसहरू रहेको प्रदेश बागमती प्रदेश हो। यस प्रदेशमा जम्मा ६ सय २४ वटा क्याम्पसहरू रहेका छन् भने २ लाख ३० हजार ६ सय ८ विद्यार्थी रहेका छन्। यस्तै सबैभन्दा कम क्याम्पसहरू रहेको प्रदेश कर्णाली हो, जहाँ ६२ वटा क्याम्पसहरू र १८ हजार ३ सय ७८ जना विद्यार्थीहरू रहेका छन्।

हाल सातै वटा प्रदेशमा रहेका क्याम्पसहरूको वितरण, विद्यार्थी सङ्ख्या र जनसङ्ख्याको आनुपातिक वितरणलाई पनि नयाँ विश्वविद्यालय स्थापनाको आधार बनाइनु पर्दछ। यसरी हेर्दा प्रदेशगत प्रति क्याम्पस जनसङ्ख्या औसत २४ हजार ३६ जना हुन आउँछ। केही प्रदेशमा क्याम्पसको सङ्ख्याको अनुपातभन्दा जनसङ्ख्या बढी हुन आउँछ। यसको अर्थ हो - त्यहाँ जनसङ्ख्या धेरै तर क्याम्पसको वितरण कम छ। यद्यपि उचित भौतिक र प्राज्ञिक पूर्वाधारको उपलब्धता हुने हो भने ती क्याम्पसहरूलाई पर्याप्त हुने गरी विद्यार्थी सङ्ख्या भर्ना हुन सक्ने वातावरण बन्न सक्दछ। यसै आधारमा एउटा क्याम्पसले समेट्ने प्रदेशगत जनसङ्ख्याको वितरणलाई मिलान गरी उच्च शिक्षा अध्यापन गराउने क्याम्पसको दिगोपनमा समेत सघाउ पुऱ्याउन सकिन्छ। प्रदेशहरूले यसको अध्ययन गरेर मात्र नयाँ विश्वविद्यालय स्थापनातर्फ उन्मुख हुनुपर्दछ।

यद्यपि, प्रदेशगत क्याम्पसहरूको वितरण जनसङ्ख्याको आधारमा मात्र नभई उपलब्ध शैक्षिक कार्यक्रम - जस्तो कि प्राविधिक तथा साधारण धार के हुन् - भन्ने विषयले पनि निर्धारण गर्दछ। देशको जनशक्ति आपूर्तिको आवश्यकता प्राविधिक वा साधारण कुन विधामा कति छ भन्ने विषयलाई समीक्षा गर्नु उपयुक्त हुन्छ। हालको प्राविधिक तथा साधारण धारमा विद्यार्थीहरूको अवस्थालाई केलाउँदा दुई धारबिच ठुलो अन्तर देखिन्छ। प्राविधिक तथा साधारण सङ्कायको सबैभन्दा ठुलो अन्तर रहेको प्रदेश कर्णाली हो। त्यहाँ ९२.५९ प्रतिशत साधारण सङ्कायमा अध्ययन गरिरहँदा जम्मा ७.४१ प्रतिशत विद्यार्थी मात्र प्राविधिक विषयमा अध्ययन गर्दछन्। यस्तै बागमती प्रदेशमा यो अन्तर सबैभन्दा कम छ। यस प्रदेशमा ७० प्रतिशतभन्दा बढी साधारण धारमा विद्यार्थी भर्ना भएका देखिन्छन् भने झन्डै ३० प्रतिशत प्राविधिक धारमा अध्ययन गर्दछन्। प्राविधिक र साधारण धारका विद्यार्थीबिचको अन्तरलाई केलाउँदै सबै प्रदेशमा बिस्तारै यो अन्तरलाई घटाउँदै जान सक्ने गरी नीतिगत कदमहरू चाल्नु पर्दछ। राष्ट्रिय शिक्षा नीति २०७६ ले आवश्यकता र नक्सांकनका आधारमा साधारण शिक्षाबाट प्राविधिक

शिक्षालयका रूपमा रूपान्तरण गर्ने नीतिगत व्यवस्था गरेको छ । जसको कार्यान्वयनबाट यसमा प्रगति हासिल गर्न सकिन्छ ।

पछिल्लो समय स्थापना गरिएका विश्वविद्यालयहरूमा देखिएको न्यून विद्यार्थी भर्ना दरले ती विश्वविद्यालयको आवश्यकता, तिनको सञ्चालन र तिनले दिने गुणस्तरबारे गम्भीर प्रश्न उठ्न सक्ने देखिन्छ । विश्वविद्यालय तथा क्याम्पसहरूको भौगोलिक वितरण, विधा, शैक्षिक कार्यक्रम, गरीखाने शिक्षा तथा उद्यमशीलताको कमीलगायतका करणहरूले विद्यार्थी सङ्ख्यामा कमी भएको पाइन्छ ।

छिमेकी मुलुकहरूसँगको तुलनामा हेर्दा नेपालको उच्च शिक्षामा विद्यार्थी भर्ना दर १५ प्रतिशत छ भने भारत र चीनको क्रमशः २९ र ५८ प्रतिशत रहेको पाइन्छ । नेपालको उच्च शिक्षाको भर्ना दर वृद्धि गर्न गुणस्तरमा सुधार गर्नुको विकल्प छैन भने उच्च शिक्षालाई रोजगारी र उद्यमशीलतासँग जोड्न उत्तिकै जरुरी छ । औसतमा एउटा क्याम्पसमा कति विद्यार्थी भर्ना भएका छन् भन्ने तथ्यले पनि यसको विश्लेषण गर्न सघाउ पुग्दछ ।

यस अनुसन्धानमा प्रति क्याम्पस विद्यार्थी सङ्ख्याको तथ्याङ्क तयार पार्दा सबैभन्दा धेरै प्रति क्याम्पस विद्यार्थी सङ्ख्या नेपाल खुला विश्वविद्यालयमा (१ हजार १ सय ६४) रहेको देखिन्छ भने सबैभन्दा कम लुम्बिनी बौद्ध विश्वविद्यालयको (७७.२ प्रति क्याम्पस विद्यार्थी सङ्ख्या) रहेको छ। यस्तै त्रिभुवन विश्वविद्यालयको प्रति क्याम्पस विद्यार्थी सङ्ख्या दर सरदर ३ सय १२ जना रहेको छ। समग्रमा सबै विश्वविद्यालयहरूको औसत प्रति क्याम्पस विद्यार्थी सङ्ख्या ३ सय २६ हुन्छ जुन गुणस्तर र व्यवस्थापन कायम गर्ने दृष्टिकोणले उपयुक्त हो । तर यो सङ्ख्या सञ्चालन खर्च, पूर्वाधार विकास र लगानीका दृष्टिकोणले खर्चिलो हुनसक्ने देखिन्छ। तथापि चिकित्सा, इन्जिनियरिङ, कृषि तथा वन विज्ञान जस्ता प्राविधिक विषयहरूका साथै व्यवस्थापनका पेसागत विषयमा कोटाका आधारमा भर्ना गरिने हुँदा प्रति क्याम्पस विद्यार्थी सङ्ख्या पूर्वनिर्धारित नै हुन्छ ।

विश्वविद्यालयहरूको तहगत भर्ना दरलाई हेर्दा स्नातकमा ८९.२० प्रतिशत, स्नातकोत्तरमा १०.१२ प्रतिशत, एम. फिल. तहमा ०.२९ प्रतिशत र विद्यावारिधि तहमा ०.३५ प्रतिशत रहेको छ। विश्वविद्यालय शिक्षाको उपल्लो तहमा क्रमशः घट्दो आकर्षण विश्वव्यापी परिघटना नै हो । धेरै विद्यार्थीहरू स्नातक उपाधि प्राप्त गरिसकेपछि कामको बजारमा प्रवेश गर्दछन् भने त्यसको केही प्रतिशत मात्र माथिल्लो तहमा भर्ना हुन्छन् । कतिपयलाई आर्थिक अभाव, पारिवारिक उत्तरदायित्व र सामाजिक कारणले पनि उपल्लो तहमा अध्ययनका लागि अवसर प्राप्त हुँदैन भने कतिपयलाई कामको बजारमा उपल्लो तहको शैक्षिक उपाधि आवश्यक पनि हुँदैन ।

धेरै विद्वानहरूले त उच्च शिक्षाको माथिल्लो तह सबैका लागि अनिवार्य सर्त होइन पनि भन्ने गर्दछन् । स्नातकोत्तर उपाधि कुनै विषयमा विशेषज्ञता हासिल गर्न लिइन्छ। यो कुनै व्यवसाय, उद्योग वा करिअर बनिसकेपछि लिइने उपाधि हो। अन्तर्राष्ट्रिय क्षेत्रमा प्राध्यापक बन्ने, अनुसन्धानमा लाग्नेले त्यस्तो

उपाधि लिने गरेको पाइन्छ । जापानमा होस् वा अमेरिका सबैले स्नातकोत्तर उपाधि लिँदैनन् र चाहिँदैन पनि । त्यहाँ आफ्नो कुनै क्षेत्र बनाइसकेपछि त्यो क्षेत्रमा आफूलाई स्थापित गर्न स्नातकोत्तर गर्दछन् । अर्थात् कामको बजारमा आवश्यक भएमा मात्र उच्च तहको उपाधि लिने व्यवस्था गर्नु उचित हुन्छ । विश्वविद्यालयमा अध्यापन गर्न वा अनुसन्धान गर्न मात्र उच्च स्तरको उपाधि चाहिने हो । नेपालमा स्नातकपछि कामको बजारमा काम नपाउने अवस्था भएपछि विद्यार्थी स्नातकोत्तर गर्नतिर लाग्ने गरेको पाइन्छ[६६] ।

यसै गरी, विश्वविद्यालयमा औसत विद्यार्थी उत्तीर्ण दर हेर्ने हो भने त्रिभुवन विश्वविद्यालयको जम्मा २९.३ प्रतिशत रहेको छ भने प्राविधिक विषयहरू अध्यापन गर्ने संस्थाहरूको (उदाहरण, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको ९७.५ प्रतिशत) नतिजा धेरै राम्रो रहेको पाइन्छ । त्यस्तै, खुला विश्वविद्यालयको उत्तीर्ण दर ७२ प्रतिशत रहेको छ । यी तथ्याङ्कहरूको निष्कर्ष हुन्छ - विश्वविद्यालयहरूको शिक्षण पद्धति, पाठ्यक्रम तथा मूल्याङ्कन पद्धति (जस्तैः सेमेस्टर प्रणालीमा लैजाने) मा सुधार र परिमार्जन आवश्यक छ ।

नेपालमा सञ्चालित विश्वविद्यालय तथा तिनीहरूका आङ्गिक क्याम्पसलाई विश्वविद्यालय अनुदान आयोगमार्फत अनुदान रकम उपलब्ध गराउने पद्धति छ । उदाहरणार्थ त्रिभुवन विश्वविद्यालयले अनुदान आयोगबाट आ. व. २०७६/७७ मा प्राप्त गरेको रकम ९ अर्ब २४ करोड छ । यो रकम प्रति विद्यार्थी रु. ७४ हजार ९ सय ४८ हुन आउँछ । यो रकम विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूले मात्र प्राप्त गर्ने अनुदान हो । राजर्षि जनक विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयहरूले क्रमशः प्रति विद्यार्थी अनुदान ६ लाख ४५ हजार १ सय ६१ रुपैयाँ, ४ लाख २४ हजार २ सय ४२ रुपैयाँ र १ लाख ८६ हजार ७ सय १६ रुपैयाँ प्राप्त गर्दछन् । यसरी अनुदान प्राप्त गर्ने विश्वविद्यालयका कतिपय क्याम्पसहरूको शैक्षिक गुणस्तर भने निकै कमजोर रहको देखिन्छ ।

नेपालका विश्वविद्यालयहरूमा प्राध्यापन गर्ने प्राध्यापकहरूको वर्गीकरण स्वरूप प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, शिक्षण सहायक तथा कोर्स करारलाई विश्वविद्यालय अनुदान आयोगले उल्लेख गरेको छ । जसअनुसार सबै विश्वविद्यालय तथा तिनीहरूका आङ्गिक क्याम्पसहरूमा प्राध्यापन गर्ने माथि उल्लिखित विभिन्न तहका प्राध्यापकहरूको सङ्ख्या जम्मा १० हजार ८ सय १० रहेको छ । यी विश्वविद्यालय तथा आङ्गिक क्याम्पसहरूमा प्राध्यापन गर्ने आंशिक विषय प्राध्यापकहरूको तथ्याङ्क उल्लेख भएको पाइँदैन । यसै गरी सम्बन्धनप्राप्त सामुदायिक तथा निजी क्याम्पसहरूमा प्राध्यापन गर्ने प्राध्यापकहरूको पनि तथ्याङ्क एकीकृत गरी अभिलेख राखेको पाइँदैन । यसले गर्दा विश्वविद्यालय तथा क्याम्पसहरूमा कूल प्राध्यापकहरू कति छन् र कति प्राध्यापक एकभन्दा बढी क्याम्पस वा संस्थामा

---

६६ सबैलाई जरुरी छ स्नातकोत्तर? शीर्षकमा प्रा. डा. मन प्रसाद वाग्लेले व्यक्त गरेको विचार यहाँ हेर्न सकिन्छः https://www.nayapatrikadaily.com/news-details/3199/2019-01-14?fbclid=IwAR2BbYSpnA162AMAACar3z1da2FufKshEnAJ-h3PkclgEC6aqz9B7C8woPo

शिक्षण गर्दछन् भन्ने तथ्याङ्क समेत खोज्नु आवश्यक छ। तसर्थ सङ्ख्यात्मक रूपले स्पष्ट नभई प्राध्यापकको भर्ना र शैक्षिक गुणस्तरमा समेत नीतिगत आवश्यक व्यवस्था गर्न कठिन हुने देखिन्छ।

विश्वविद्यालय सेवामा प्रवेश गर्न चाहने योग्य व्यक्ति छनोट गर्ने विषयले समग्र उच्च शिक्षाको गुणस्तरमा प्रभाव पार्दछ। २०७५ सालमा गठित उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले नेपालमा विश्वविद्यालय सेवामा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता विद्यावारिधि उपाधि हासिल गरेको हुनुपर्ने सुझाव दिएको छ। सो आयोगले "सामुदायिक र निजी उच्च शैक्षिक संस्थामा प्राध्यापन गर्ने प्राध्यापकलाई आङ्गिक क्याम्पसका प्राध्यापक सरहको मान्यता, वृत्ति विकास, तलब सुविधा र अन्य सेवा, सुविधा अनिवार्य रूपमा उपलब्ध गराउने र सबै खाले उच्च शिक्षाका (आङ्गिक, सामुदायिक, निजी) संस्थाहरूमा अध्यापन गर्ने प्राध्यापकहरूको बढुवा र उनीहरूको पद प्राप्त गर्ने एउटै मापदण्ड कायम गर्न" सिफारिस गरेको छ (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५, पृ. ११४)। यद्यपि, हाल सबै उच्च शिक्षा अध्यापन गराउने क्याम्पसहरूमा ठुलो सङ्ख्यामा रहेका आंशिक प्राध्यापकहरूको व्यवस्थापन गरी पेसागत रूपमा सक्षमलाई मात्र स्थान दिने नीति लिएको पाइँदैन।

विश्व स्तरीय विश्वविद्यालयको प्राध्यापक नियुक्ति गर्ने प्रक्रिया, आधार र योग्यता सूचीहरू दृष्टिगत गर्दा विश्वविद्यालय प्राध्यापनमा आकाङ्क्षीहरू सक्षम, प्रतिस्पर्धी र अनुभवी हुनुपर्ने न्यूनतम मापदण्ड हो। जस्तै: वेईली कर्नेल मेडिसिन कलेज र लेडी श्रीराम कलेज फर वुमनले विद्यावारिधि गरेको, शिक्षण र अनुसन्धानमा अब्बल, सम्बन्धित पेसामा संस्थागत अनुभव भएको, कन्फरेन्समा कार्यपत्र प्रस्तुत गरेको, विज्ञ समीक्षित जर्नलमा अनुसन्धान लेखहरू प्रकाशन गरेको आदि हुनुपर्छ भनेको छ। नेपालको सन्दर्भमा प्राध्यापक छनोट गर्दा आवश्यक शैक्षिक योग्यता र अनुभवहरूको मापदण्ड पुनरावलोकन गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने जरुरी छ।

## ६.२. सञ्चालन ढाँचामा सुधारको अपरिहार्यता

विश्वविद्यालयको हालको सङ्गठनात्मक ढाँचा र पदाधिकारीहरूको स्वरूपमा पनि बोर्ड अफ ट्रष्टीको ढाँचामा जानुपर्ने र यो नै नेपालको सन्दर्भमा उपयुक्त ढाँचा भएको तर्क विज्ञहरूको रहेको छ। हालै मात्र प्रादेशिक स्वरूपमा स्थापना गरिएका विश्वविद्यालयहरूले बोर्ड अफ ट्रष्टीको ढाँचालाई अभ्यासमा ल्याई काम गरिरहेका छन्। विश्व प्रतिष्ठित विश्वविद्यालय हार्वर्ड विश्वविद्यालय, क्याम्ब्रिज विश्वविद्यालय, लन्डन विश्वविद्यालयमा समेत ट्रष्टी ढाँचामा सङ्गठनात्मक संरचना र पदाधिकारीको चयन गर्ने व्यवस्था गरिएको पाइन्छ। हार्वर्डमा हार्वर्ड कर्पोरेसन र बोर्ड अफ ओभर्सिअर्सले एक अर्काको परिपूरकको रूपमा कार्य गर्ने गरी व्यवस्थापकीय संरचना मिलाइएको छ।

क्याम्ब्रिज विश्वविद्यालयमा रेजेन्ट हाउस नै विश्वविद्यालयको सबैभन्दा उपल्लो तहको सङ्गठनात्मक संरचना हो। यसमा क्रमश: सिनेट, काउन्सिल, फ्याकल्टीहरूको जनरल बोर्ड र स्क्रुटिनी बोर्ड रहेको

छ । लन्डन विश्वविद्यालयमा १७ सदस्यीय बोर्ड अफ ट्रष्टी छ । नेपालमा पनि अभ्यासमा आइसकेको प्राज्ञिक व्यक्तिहरूले नेतृत्व लिने बोर्ड अफ ट्रष्टी ढाँचा नै उपयुक्त ठानिएको छ । तथापि सङ्गठनात्मक संरचना तथा पदाधिकारी चयन गर्दा राजनैतिक प्रभाव पर्न जाने र त्यसले समग्र विश्वविद्यालय प्रणालीमा असर पार्ने विषयलाई निरुत्साहित गरी विशुद्ध प्राज्ञिक वातावरण कायम गर्ने कुरामा सचेत हुनुपर्दछ ।

हाल सञ्चालनमा रहेका तथा नयाँ स्थापना गरिने विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधार गर्दै विश्वस्तका विश्वविद्यालय बनाउने सन्दर्भमा यस अनुसन्धानले विभिन्न देशहरूका अभ्यास र नेपाल कै काठमाडौं विश्वविद्यालयको अवस्था अध्ययन गरेको छ । यसबाट प्राप्त नतिजाअनुसार विश्वस्तरीय विश्वविद्यालयका लागि अनुसन्धान क्षमतामा अभिवृद्धि गर्न विश्वका उत्कृष्ट प्रतिभाहरूलाई समेट्ने र उनीहरूको ज्ञान उपयोग गर्ने, ज्ञानको उत्पादनलाई अर्थतन्त्रको स्रोत बनाउने कार्य गर्नुपर्ने देखिन्छ ।

चीनले विश्वविद्यालयको स्तर अभिवृद्धि गर्ने रणनीति अन्तर्गत तोकिएका विश्वविद्यालयहरूमा अनुसन्धानका लागि केन्द्र सरकारको लगानी गर्ने र केही महत्त्वपूर्ण स्थानीय विषयको अध्ययनमा स्थानीय सरकारले कोष उपलब्ध गराउने नीति तथा केन्द्र र स्थानीय दुवै सरकारले सघन अनुसन्धानका लागि उपलब्धिमा आधारित अनुसन्धान कोष वृद्धि गर्ने नीति अवलम्बन गरेको थियो । यसैगरी, भारतले विश्व स्तरीय विश्वविद्यालय निर्माणका लागि सन् २०११ देखि निजी शिक्षण संस्थाहरूलाई प्राथमिकता दिएको पाइन्छ । यस्ता उच्च शिक्षण संस्थाहरू स्वायत्त भएमा मात्र प्राज्ञिक सफलता प्राप्त हुन सक्दछ भन्ने नीति लिएबाट भारतले स्तरीय विश्वविद्यालयको विकासमा फड्को मारेको हो ।

भारतमा सन् २००१ मा १९७ वटा मात्र स्वायत्त संस्था रहेकोमा सन् २०१७ मा सो सङ्ख्या बढेर ८९२ पुगेको थियो । त्यस्तै सन् २०१८ देखि ग्रेडेड अटोनोमीको अवधारणाले भारतका विश्वविद्यालयलाई सफलतातर्फ उन्मुख गराएको पाइन्छ । ग्रेडेड अटोनोमीले विश्वविद्यालयलाई नेसनल एसेस्मेन्ट एण्ड एक्रिडिटेसन काउन्सिलले गर्ने मूल्याङ्कनसँग जोडेर स्वायत्तता प्रदान गर्ने पद्धतिको विकास गरेको छ । उच्च गुणस्तर कायम गर्न सकेमा स्वायत्तता प्राप्त गर्ने र त्यसले समग्र प्राज्ञिक उन्नयनमा सहयोग पुग्ने रणनीति हो ग्रेडेड अटोनोमी । गुणस्तर तथा स्तर अभिवृद्धि गर्नका लागि ग्रेडेड अटोनोमीको अवधारणा तयार गरे जस्तै पूर्वाधार र उच्च शैक्षिक संस्थाको व्यवस्थापनका लागि क्लष्टर विश्वविद्यालयको अवधारणा ल्याएको देखिन्छ ।

भारतले उच्च शिक्षा सुधारमा अगाडि सारेको क्लस्टर विश्वविद्यालयको अवधारणा स-साना कलेजका भौतिक संरचना एकीकृत गरी व्यवस्थापनयोग्य र प्रभावकारी सञ्चालनका लागि उचित आकारमा ल्याउन गरिएको समूहगत सुधारको पद्धति हो । नेपालमा विश्वविद्यालय शिक्षाको सुधारका लागि चीनले अपनाएको अनुसन्धानमुखी लगानीको रणनीति तथा भारतले अपनाएको गुणस्तरसँग स्वायत्तता जोड्ने रणनीतिलाई उपयोगमा ल्याउन सकिने देखिन्छ ।

## ६.३. गुणस्तरीय जनशक्ति उत्पादनको सुनिश्चितता

नेपालको सन्दर्भमा विश्वस्तरीय र गुणस्तरीय विश्वविद्यालय स्थापनामा भौतिक पूर्वाधार तथा वित्तीय स्रोतको अभाव हुनसक्ने तर्क धेरै विज्ञहरूको रहेको देखिए तापनि क्लस्टरिङ गर्ने, गाभ्ने, स्तरोन्नति गर्ने र सञ्चालनमा रहेका विश्वविद्यालयहरूको विश्वस्तरीय विश्वविद्यालयसँग सहकार्य गर्ने अवधारणामा जान सकिन्छ। नेपालमा हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूले सुधार गर्नुपर्ने पूर्वाधारका घटकहरूमा जमिन तथा भौतिक पूर्वाधार, बौद्धिक पूर्वाधार, नेटवर्क पूर्वाधार र भावनात्मक पूर्वाधार मुख्य रहेका छन्। उल्लिखित पूर्वाधारका क्षेत्रहरू मध्ये जमिनको उपलब्धता भएका विश्वविद्यालयहरूको उचित उपयोग गर्ने नीति र वित्तीय स्रोतको प्रबन्ध गर्नुपर्ने अवस्था छ भने बौद्धिक पूर्वाधारमा अनुसन्धान, डिजिटल प्रविधिको उपयोग, नवप्रवर्तन र अन्वेषणमा प्राथमिकता दिनुपर्ने अवस्था छ। यसै गरी नेटवर्क पूर्वाधार अन्तर्गत सरकार-विश्वविद्यालय-उद्योग सहकार्य तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय र संघ संस्थासँगको सम्बन्ध विस्तार र भावनात्मक पूर्वाधार प्रमुख पक्षहरू हुन्।

नेपालमा विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूलाई थप व्यवस्थित गर्ने, नियमन गर्ने र प्रभावकारी बनाउनुपर्ने आवश्यकता समेत देखिएको छ। विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूमा विद्यार्थीहरूको आकर्षण, गरीखाने तथा उद्यमशीलतामा आधारित शैक्षिक कार्यक्रमहरूको उपलब्धता हुनु यसको सबल पक्ष हो। तथापि यस्ता कलेजहरूको नियमनका लागि शिक्षा मन्त्रालय स्वयम्भन्दा पनि उचित नियामक निकाय हुनुपर्ने विचार विज्ञहरूले व्यक्त गरेका छन्। विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूबाट हासिल गरिएको अनुभव, ज्ञान र आवश्यकतालाई उपयोग गर्दै विश्वस्तरीय विश्वविद्यालयका शाखा विश्वविद्यालय नै नेपालमा स्थापना गरी सञ्चालन गर्नसमेत मार्ग प्रशस्त गर्नुपर्ने धारणा अभिव्यक्त भएका छन्। खास गरी नेपालले ठुलो आर्थिक लगानी गर्न नसक्ने र पूर्वाधार विकासमा उपयोग हुने सडक, सुरुङ मार्ग, जलविद्युत इन्जिनियरिङ जस्ता विषयका लागि मात्र यस्ता विश्वविद्यालयसँग सहकार्य गर्नुपर्दछ।

हाल सबैजसो प्रदेशले विश्वविद्यालय स्थापनाको कार्य अगाडि बढाएका छन् भने गण्डकी र प्रदेश १ मा विश्वविद्यालय स्थापना भई अध्यापनको समेत सुरुआत भइसकेको छ। यस परिस्थितिमा नयाँ स्थापना हुने प्रादेशिक विश्वविद्यालयहरूको वर्तमान स्थिति, पूर्वाधार, वित्तीय स्रोत लगानीका ढाँचाहरू, विषय क्षेत्रहरू आदि विषयलाई केन्द्रमा राखेर गरिएको यस अध्ययनको परिणाममा प्राप्त भएका मूलभूत विषयहरूलाई केलाउँदा तत्काल प्रादेशिक विश्वविद्यालय स्थापनामा जोड दिनुभन्दा सञ्चालनमा रहेकालाई स्तरोन्नति गर्ने र ती विश्वविद्यालयबाट समेत जनशक्ति आपूर्तिमा कमी भएको र ती विश्वविद्यालयले वर्तमानको आवश्यकता पूरा गर्न नसकेको अवस्था देखिएमा मात्र नयाँ स्थापनातर्फ लाग्नु उचित देखिन्छ।

तथापि, ती विश्वविद्यालयहरूले आर्थिक तथा वित्तीय स्रोतको अभावमा अपेक्षाकृत पूर्वाधारको विकास गर्न सकिरहेका देखिँदैनन्। यसरी वित्तीय स्रोतको अभाव, शैक्षिक कार्यक्रममा नयाँपनको अभाव र

संस्थागत र संरचनागत प्रभावकारिताको अभावमा प्रादेशिक विश्वविद्यालय स्थापना गर्नुको औचित्य रहँदैन । सुरुआती चरणमा प्रादेशिक विश्वविद्यालय स्थापनामा पुँजी लगानीका लागि सङ्घीय सरकारले ३० प्रतिशत, प्रदेश सरकारले ६० प्रतिशत र विश्वविद्यालय स्वयम्ले १० प्रतिशत स्रोतको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

विश्वविद्यालय स्थापना गर्दा मूलतः आवश्यकता, उद्यमशीलता तथा मानव संसाधन विकासलाई आधार बनाइनुपर्छ । त्यसका लागि उपयुक्त नक्साङ्कन र नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ । यसका साथै प्रक्रियागत हिसाबले निजी क्षेत्रको सक्रियताका आधार, गुणस्तरको मानक निर्धारण गरेर विश्वस्तरीय तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने गरी नयाँ विश्वविद्यालय स्थापना गर्नु पर्दछ । नयाँ विश्वविद्यालय स्थापनाका लागि जमिनको प्राप्त गरी पूर्वाधारको निर्माण गर्न विधा र शैक्षिक कार्यक्रमहरूको प्रकृतिअनुसार जमिनको क्षेत्रफल निर्धारण गर्न उपयुक्त देखिएको छ ।

हालको जनशक्ति तथा मानव संसाधनको विकासमा विश्वविद्यालयले जनशक्ति समेत प्रक्षेपण गर्न सक्ने हुनुपर्ने देखिन्छ । नेपाल श्रम शक्ति सर्वेक्षण २०१७-१८ का अनुसार- युवा जनशक्ति अन्तर्गत १५ देखि २४ वर्षको श्रम शक्ति ३८.१ प्रतिशत र २५ देखि ३४ वर्षसम्मको श्रम शक्ति ३१.१ प्रतिशत बेरोजगार रहेको देखिन्छ भने समग्रमा १५ देखि ३४ वर्ष समूहका युवाको बेरोजगारी दर ६९.१ प्रतिशत छ (CBS, 2018) । यो उच्च शिक्षाको दृष्टिकोणले पनि निकै महत्त्वपूर्ण समूह हो । स्नातक तह प्रवेश गर्ने औसत उमेर १८-२० वर्ष रहेको छ । यसैले यो उमेर समूहका युवाहरूलाई शिक्षा प्रदान गर्दा बेरोजगारी र शिक्षाको अन्तरसम्बन्धलाई केलाएर सीप र उद्यमशीलतालाई प्रोत्साहन गर्ने शिक्षा दिन सक्ने उद्यमशीलता विकास भई बेरोजगारीको समस्या सम्बोधन गर्न र राष्ट्रिय अर्थतन्त्रमा पनि उल्लेख्य योगदान हुनसक्ने देखिन्छ ।

खासगरी विश्वविद्यालयको प्रशासनिक खर्च (प्राध्यापक र कर्मचारीहरूको तलब, मसलन्द खर्च, मर्मत खर्च, विद्युत्, पानी, सञ्चार, यातायात, इन्धन आदि) शिक्षण शुल्कबाट उठ्ने गरी व्यवस्थापन गर्न आवश्यक छ । तसर्थ, विश्वविद्यालयलाई चाहिने अनुसन्धान र पूर्वाधार विकास, छात्रवृत्ति आदि खर्च तीनै तहका सरकारको साझेदारी, बाह्य स्रोत वा वैदेशिक अनुदान, तथा दाताको सहयोग आदिबाट जुटाउनु उत्तम हुन्छ । प्रतिस्पर्धात्मक अनुसन्धान कोषमार्फत पनि वैदेशिक सहयोग विश्वविद्यालयहरूले प्राप्त गर्ने वातावरण बनाउनु उपयुक्त हुन्छ ।

सुरुआती चरणमा नियमित सञ्चालन खर्चको भार (recurrent cost) मा २५ प्रतिशत केन्द्र सरकारले लगानी गर्ने र ५० प्रतिशत प्रदेश सरकारले र बाँकी २५ प्रतिशत विश्वविद्यालयले नै बेहोर्ने बनाउनुपर्छ । यो वित्तीय स्रोतको व्यवस्था खास गरी प्रारम्भिक चरणमा मात्र लागु गर्ने प्रावधान गर्न उपयुक्त हुन्छ । साथै, सरकारले दिने नियमित सञ्चालन खर्च क्रमशः पाँचवर्षमा शून्यमा ल्याई विश्वविद्यालयले आफ्नै आयबाट बेहोर्ने सक्ने हुनुपर्दछ ।

निजी लगानीको सन्दर्भमा भने विश्वस्तरीय दर्जाको सर्वोच्च श्रेणीमा रहेका, व्यवस्थापकीय हिसाबले उत्कृष्ट र गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिष्ठित विश्वविद्यालयहरू निजी मोडेल कै देखिन्छन् । उदाहरणका लागि हार्वर्ड विश्वविद्यालय, स्ट्यानफोर्ड विश्वविद्यालय, म्यासचुसेटस् इन्स्टिच्युट अफ टेक्नोलोजी आदि निजी तथा गैरनाफामूलक संस्थाहरूको रूपमा परिचित छन् । द टाइम्स हाइएर एजुकेसन- विश्वविद्यालय विश्व स्तरीकरण नामक संस्थाको सन् २०२२ को तथ्याङ्कअनुसार हार्वर्ड विश्वविद्यालय संसारकै दोस्रो नम्बरमा रहेको छ (The World University Ranking, 2022) । यी निजी लगानीमा सञ्चालनमा रहेका विश्वविद्यालयहरू उद्यमशीलता र नवप्रवर्तनका लागि पनि अब्बल रहेका छन् ।

यसरी उत्कृष्ट विश्वविद्यालयहरूमा रहेको निजी लगानी ढाँचाले संसारका अन्य देशहरूमा समेत यो ढाँचामा विश्वविद्यालय स्थापना गर्न नसकिने भन्ने होइन । नेपालमा निजी विश्वविद्यालय नै नभए पनि निजी क्याम्पसहरू प्रशस्त छन् । यी निजी लगानीका क्याम्पसहरूले चुस्त तथा गुणस्तरको शैक्षिक सेवा प्रदान गरेका छन् भने अर्कोतर्फ शैक्षिक शुल्कअनुसारको सेवा सुविधा पनि दिइराखेका देखिन्छन् । जस्तैः एस इन्टरन्यास्नल बिजनेस स्कुल, सी. जी. इन्स्टिच्युट अफ म्यानेजमेन्ट, ग्लोबल कलेज इन्टरन्यास्नल, इन्टरन्यास्नल कलेज अफ हस्पिटालिटी म्यानेजमेन्ट, इस्लिङ्टन कलेज, इटहरी इन्टरन्यास्नल कलेज, किङ्गस् कलेज, पोखरा लिङ्कन इन्टरन्यास्नल कलेज, द ब्रिटिस कलेज आदि यसका प्रतिनिधिमूलक उदाहरण हुन् । देश र विश्व परिवेशलाई आत्मसात् गर्दै उच्च स्तरका विश्व स्तरीय विश्वविद्यालय निजी लगानीमा नेपालमा खोल्न सकिन्छ भने नेपालका केही व्यावसायिक प्रतिष्ठानहरूले शिक्षाको क्षेत्रमा लगानी थालनी गरी सफलतापूर्वक सञ्चालन गरेका पनि छन् । निजी विश्वविद्यालय स्थापना गर्दा मुनाफारहित संस्थाको अवधारणामा जानु पर्दछ । यद्यपि यसरी निजी लगानीमा स्थापना हुने विश्वविद्यालयको शैक्षिक कार्यक्रम, क्रेडिट, पाठ्यक्रम आदिको नियमन गर्न एक उच्च शिक्षा नियमन तथा मान्यता प्रदान गर्ने संयन्त्रको विकास गर्नु पर्दछ । यस्तो नियामक संस्थाले नेपालका सबै विश्वविद्यालयहरूको नियमन तथा मान्यता प्रदान गर्ने र गुणस्तरका लागि काम गर्ने अख्तियारी प्राप्त गरेको हुनु पर्दछ । हालको विश्वविद्यालय अनुदान आयोगलाई स्तर वृद्धि गरी नयाँ कार्यादेशसहित यस कार्यको जिम्मेवारी प्रदान गर्न सकिने देखिन्छ ।

# परिच्छेद सात

# निष्कर्ष तथा नीति सिफारिस

## ७.१. निष्कर्ष

यस परिच्छेदमा नेपालमा प्रादेशिक विश्वविद्यालय तथा अन्य विश्वविद्यालयको स्थापनाका लागि न्यूनतम पूर्वाधार विकास, वित्तीय व्यवस्थापन तथा लगानीका स्रोत र सञ्चालनका ढाँचाको सन्दर्भमा अनुसन्धानबाट प्राप्त निष्कर्ष तथा नीति सिफारिसहरू प्रस्तुत गरिएको छ। नेपालको संविधानको व्यवस्था र राष्ट्रिय शिक्षा नीति, २०७६ ले अख्तियार गरेको नीतिअनुरूप प्रदेश सरकारहरूले विश्वविद्यालय स्थापना गरिरहेको परिप्रेक्ष्यमा सङ्घीय सरकार, प्रदेश सरकार, नीतिसम्बद्ध संस्थाहरू र आमसरोकारवालाहरूलाई विश्वविद्यालय स्थापनामा नीतिगत मार्गदर्शन प्रस्तुत गर्नु यस अनुसन्धानको मूल उद्देश्य हो ।

नेपालमा थप विश्वविद्यालय तथा प्रादेशिक विश्वविद्यालय स्थापनाको परिप्रेक्ष्यमा नयाँ विश्वविद्यालय स्थापना गर्नुभन्दा अगाडि यसको आवश्यकता र औचित्यका बारेमा समग्र विश्लेषण गरी हाल भइरहेका विश्वविद्यालयहरूको क्षमता विकास र स्तरोन्नतिबाट पनि त्यो आवश्यकता पूर्ति हुन नसक्ने अवस्थामा मात्र नयाँ विश्वविद्यालय खोल्न सकिने यस अनुसन्धानको निष्कर्ष हो ।

हाल सञ्चालनमा रहेका विश्वविद्यालयलाई व्यवस्थित गर्ने, सुधार गर्ने, स्तरोन्नति गर्ने, गुणस्तर अभिवृद्धि गर्ने, ठुला विश्वविद्यालयलाई सहज व्यवस्थापन गर्न सकिने आकारमा लैजाने, सञ्चालन खर्च आफैले धान्न सक्ने बनाउने तथा प्राज्ञिक र स्वायत्त बनाउने कार्य यथाशीघ्र गर्नुपर्ने देखिन्छ। राष्ट्रिय शिक्षा नीति २०७६ को कार्यनीति १०.१४.६ मा "ठुलो आकार र विद्यार्थी सङ्ख्या बढी भई व्यवस्थापन, अनुगमन र परीक्षा जस्ता पक्षमा चुस्तता र गुणस्तर कायम गर्न त्रिभुवन विश्वविद्यालयको पुनःसंरचना" (शिक्षा मन्त्रालय, २०७६, पृ. २६) गर्ने उल्लेख गरिएको छ। सोही नीतिगत प्रावधानका आधारमा आवश्यकता र औचित्य पुष्टि हुने देखिनेमा त्रिभुवन विश्वविद्यालयका ठुला आङ्गिक क्याम्पसहरूलाई पुनर्संरचना तथा स्तरोन्नति गरी प्रादेशिक विश्वविद्यालयका रूपमा सञ्चालन गर्न सकिने देखिन्छ। सबै विश्वविद्यालयमा सङ्गठनात्मक ढाँचा, नेतृत्व पद्धति, पूर्वाधार स्तर वृद्धि, शैक्षिक गुणस्तर अभिवृद्धि, उपलब्ध जमिनको उचित उपयोगलगायतका सुधारका कार्यहरू गर्नु अति आवश्यक छ। भइरहेका विश्वविद्यालयहरूले प्राविधिक शिक्षामा प्राथमिकता, देश र विश्व परिवेशअनुरूपका विधा थप गर्ने, गरिखाने शिक्षामा जोड दिनुपर्ने, उद्यमशीलताको विकास गरी देशमा ज्ञानको अर्थतन्त्रमा योगदान गर्ने जनशक्ति उत्पादन गर्ने काम गर्नुपर्ने आवश्यकता छ ।

विश्वविद्यालयहरूले शैक्षिक कार्यक्रममा दोहोरोपन हुने गरी, कम गुणस्तर र न्यून सङ्ख्यामा विद्यार्थी पढाउँदा स्रोत व्यवस्थापनमा पर्न जाने चापको अवस्थालाई अन्त्य गर्न तत्काल महत्त्वपूर्ण र बृहत् कदम

चाल्नु पर्दछ । सञ्चालनमा रहेका विश्वविद्यालयहरूलाई वर्तमानमा विनियोजन गरिएको बजेट तिनकै व्यवस्थित तथा प्रभावकारी सञ्चालनमा अपर्याप्त भएको अवस्थामा राज्यको स्रोतबाट नयाँ विश्वविद्यालय स्थापना गर्नु अव्यवहारिक देखिन्छ । हालका विश्वविद्यालय र क्याम्पसहरूको सुधार गरिसकेपछि कुन, कहाँ र कस्तो विश्वविद्यालय आवश्यक छ भनेर यकिन गर्न सहज हुन्छ । कतिपय विश्वविद्यालय र क्याम्पसहरूले आफ्नो सञ्चालन खर्च समेत जुटाउन सकेका छैनन् । यसमा गुणस्तर सुधार गरेर देशको आवश्यकता र बजारको मागअनुसारको शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्दछ । राज्य कोषबाट सञ्चालन खर्च धानेका विश्वविद्यालयको आधारभूत पुनर्संरचना गरी देशको आवश्यकता पूरा गर्ने क्षमता विकास गर्ने र राज्यले परिणामतः उच्च शिक्षामा आवश्यक अनुसन्धानमा लगानी बढाउने गर्नुपर्दछ । विश्वविद्यालयको स्थापनामा क्लस्टर विधि अपनाई, विधा थप गर्ने र राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन प्रभावकारी रूपमा गर्नुपर्दछ ।

विश्वविद्यालय स्थापनाको बहसमा सबैभन्दा पहिलो सर्त नै विधिसम्मत तथा सरोकारवालाहरूको सक्रिय सहभागितामा अनुसन्धानबाट आवश्यकताको पहिचान गर्नु हो । यद्यपि, अहिले अनुसन्धानका आधारमा माथि उठाइएका सवालहरूको पूर्ण सम्बोधन हुने गरी प्रादेशिक विश्वविद्यालय स्थापनाको पक्षमा निष्कर्ष निस्कने अवस्था छैन । त्यसैले, स्थापना भइसकेका र हुँदै गरेका (प्रादेशिक) विश्वविद्यालयहरूको नीतिगत व्यवस्था, सङ्गठनात्मक ढाँचा, जग्गा, न्यूनतम पूर्वाधार, लगानी स्रोत, विधा र विषय जस्ता आधारभूत पक्षमा अध्ययन गरी सुझावहरू प्रस्तुत गरिएको छ । विश्वविद्यालय स्थापना गर्दा आवश्यकता र औचित्य प्रस्ट गर्न गहन सम्भाव्यता अध्ययन गरी अनुसन्धानका आधारमा विश्वविद्यालय स्थापनाको औचित्य, पर्याप्त पूर्वाधार, उचित स्थान चयन, आवश्यक जग्गा प्राप्ति र लगानीको स्रोत निश्चय गरेर मात्र योजना अघि बढाउनु पर्दछ । नेपालको सन्दर्भमा लगानीका स्रोतहरू र त्यसको व्यवस्थापन निकै चुनौतीपूर्ण देखिन्छ । विश्वविद्यालयहरूले स्थापनाकालदेखि नै स्रोतको अभाव खेप्नु परेकोले एकातर्फ विश्वविद्यालयहरूको शिक्षा गुणस्तरीय हुन सकेको छैन भने अर्कोतर्फ अनुसन्धान कोषको अभावमा उच्च शिक्षा कक्षा कोठामा मात्र सीमित हुन पुगेको छ ।

राज्य कोषमा मात्र भर परेर पर्याप्त अनुसन्धानविना विश्वविद्यालय स्थापना गर्ने प्रतिस्पर्धाले लगानी जुटाउन र विश्वविद्यालयको गुणस्तर कायम गर्न कठिन हुन्छ । राज्य कोषबाट हुने लगानीको प्रभावकारिता, मितव्ययिता, दिगोपना र उपयोगितामा विशेष ध्यान दिएर मात्र यससम्बन्धी निर्णय गर्न वाञ्छनीय देखिन्छ ।

पूर्वाधारको पर्याप्तता, गुणस्तर, स्तरीय मापदण्डको तयारी तथा देशको आवश्यकतामा आधारित शैक्षिक योजना निर्माण तथा उद्यमशीलता विकास गर्न सक्ने व्यावसायिक, प्राविधिक तथा गरीखाने शिक्षालाई नयाँ विश्वविद्यालय स्थापनाको पूर्वसर्त बनाउनुपर्छ । प्रादेशिक विश्वविद्यालय देशको आवश्यकताअनुरूपको ज्ञान उत्पादन र प्रसार गर्ने केन्द्रको रूपमा विकास गर्न सक्ने हुनुपर्दछ । तसर्थ,

प्रादेशिक विश्वविद्यालय खोल्नुभन्दा पहिला यसको आधारभूत सर्त या मापदण्ड नै यही आवश्यकता परिपूर्ति सुनिश्चित गर्ने हुनु आवश्यक छ ।

विश्वविद्यालयको स्थापना परम्परागत ढाँचामा र सङ्ख्यात्मक वृद्धिका लागि मात्र हुनुहुँदैन । यो देशको समग्र विकासमा ठोस योगदान गर्न सक्ने प्राविधिक, नव प्रवर्तनात्मक, उद्यमशील, रोजगारमूलक तथा गरीखाने शिक्षा प्रदान गर्ने उद्देश्यबाट प्रेरित भएर मात्र अघि बढ्नु पर्दछ ।

उच्च शिक्षा प्राप्त गर्न चाहनेका लागि विश्वविद्यालयको सहज पहुँच, आर्थिक रूपले विपन्नलाई सहुलियत हुने, समन्यायिक वितरणमा आधारित, जनसङ्ख्या र भूगोलअनुकूल पनि हुनुपर्दछ । त्यति मात्र नभई विश्वव्यापीकरणको युगमा स्थापना हुने विश्वविद्यालयहरूले कूटनीतिक तथा सौम्य शक्ति उत्पादनमा विशेष ध्यान दिनु आवश्यक छ । यो रणनीतिक दृष्टिकोणले त्यतिकै महत्त्वपूर्ण विषय हो र त्यस्ता विषयले विश्वविद्यालय पाठ्यक्रममा स्थान पाउनु आवश्यक ठानिन्छ । विश्वविद्यालयहरू स्थापना गर्नुपूर्व यी सबै पक्षहरूको पर्याप्त लेखाजोखा अनिवार्य रूपमा भएको हुनुपर्दछ । त्यसैले देशको वर्तमान जनशक्तिको माग र आपूर्ति शृङ्खलाअनुरूप भइरहेका विश्वविद्यालयहरूले दिइरहेका सेवा र यिनीहरूको सुधार तथा पुनर्संरचनाले पनि प्रादेशिक विश्वविद्यालयको आवश्यकता पूरा गर्न सकेन भने मात्र पर्याप्त भौतिक र आर्थिक स्रोतको सुनिश्चितता गरी थप विश्वविद्यालय खोल्नु औचित्यपूर्ण हुन्छ ।

प्रादेशिक विश्वविद्यालय स्थापनाका आधार र विधिहरू मूलत: भौतिक तथा शैक्षिक पूर्वाधार र उद्यमशीलता तथा मानव संसाधन विकासको आधारमा भइरहेका क्याम्पसको स्तरोन्नति गर्ने गरी हुनुपर्दछ । स्तरोन्नति गर्दा क्याम्पसहरूको भौतिक संरचनामा सुधार गर्ने र नयाँ तथा आवश्यकतामा आधारित विषयहरू थप गर्नु पर्दछ । यसै गरी प्रादेशिक विश्वविद्यालयको स्थापना समय सान्दर्भिक र आवश्यकताका आधारमा मात्र नभई शैक्षिक कार्यक्रममा दोहोरोपना नहुने गरी गर्नुपर्दछ । लगानीको सवालमा सङ्घीय सरकार, प्रदेश सरकार, सार्वजनिक निजी साझेदारी र स्थानीय तहका सरकारको समेत लगानी गर्ने ढाँचाका विकल्प हुन सक्दछन् ।

## ७.२. नीति सिफारिसहरू

सूचना तथा तथ्याङ्कको विश्लेषण र अनुसन्धानबाट प्राप्त नतिजाका आधारमा नेपालमा विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापनलाई थप सुदृढ बनाउन तथा प्रादेशिक विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापनलाई दिशानिर्देश गर्न देहायका नीतिगत सिफारिसहरू सुझाव गरिएको छ :

### क) एकीकृत (छाता) ऐनको व्यवस्था गरी विश्वविद्यालयको स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने

१. नेपालमा विश्वविद्यालयहरूको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विश्वविद्यालयगत रूपमा अलग-अलग नभई एकीकृत र छाता ऐनको व्यवस्था गरिनु पर्दछ ।

यसका लागि सङ्घीयस्तरबाट स्थापित, सञ्चालित र व्यवस्थित हुने विश्वविद्यालयहरूका सन्दर्भमा सङ्घीय सरकारले एकीकृत ऐनको व्यवस्था गर्नुका साथै प्रदेश विश्वविद्यालयका लागि मापदण्ड तथा नियमनका आधारहरू तय गरिदिने र त्यसका आधारमा हरेक प्रदेशहरूले आ-आफ्नो प्रादेशिक एकीकृत (छाता) ऐन मार्फत प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, व्यवस्थापन र नियमनको कानुनी व्यवस्था गर्नुपर्दछ । यस व्यवस्थाको कार्यान्वयन मार्फत सबै विश्वविद्यालयहरूलाई एकीकृत ऐनको कार्यादेश अनुररूप विधानबाट सञ्चालन गर्ने प्रवन्ध गरिनु पर्दछ ।

### ख) हाल सञ्चालित विश्वविद्यालयहरूकै व्यवस्थापन मार्फत प्रादेशिक विश्वविद्यालयको आवश्यकता परिपूर्ति गर्ने

२. नयाँ विश्वविद्यालय स्थापना गर्नुअघि राज्यले हाल सञ्चालित विश्वविद्यालयहरूलाई सुधार र व्यवस्थित गर्ने तथा हालका क्याम्पसहरूको स्तरोन्नति गर्ने कार्य गर्नुपर्दछ । यसरी सुधार र व्यवस्थानका कार्यहरू अघि बढाउँदा क्षेत्रीय अवधारणाअनुरूप विगतमा विकासक्षेत्रगत रूपमा स्थापना भएका विश्वविद्यालयहरूलाई आवश्यक नीतिगत/कानुनी व्यवस्था गरी हाल जुन प्रदेशमा उक्त विश्वविद्यालय अवस्थित छ, सोही प्रदेशबाट सञ्चालित हुने गरी प्रादेशिक विश्वविद्यालयको विकास गर्नुपर्दछ । उदाहरणार्थ हाल सञ्चालनमा रहेका पूर्वाञ्चल विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, पोखरा विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र सुदुरपश्चिम विश्वविद्यालयलाई तत्तत् प्रदेश अन्तर्गत सञ्चालन हुने गरी प्रादेशिक विश्वविद्यालयमा रूपान्तरण गर्न सकिन्छ ।

३. त्रिभुवन विश्वविद्यालयका विद्यमान समस्याहरू समाधान गर्दै चुस्त व्यवस्थापनसहित प्राज्ञिक उन्नयन र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा मुलुकका लागि आवश्यक प्रदेश विश्वविद्यालयको मागलाई सम्बोधन गर्न त्रिभुवन विश्वविद्यालय को पुनर्संरचना गर्नु नै उत्तम विकल्प हुन्छ । यसरी पुनर्संरचना गर्दा अन्तर्राष्ट्रिय अभ्यास र अनुभवसमेतलाई विश्लेषण गरी त्रिभुवन विश्वविद्यालयको ऐतिहासिक परिचय र महत्त्वलाई सम्मान गदै त्रिभुवन विश्वविद्यालयलाई टुक्र्याएर त्रिभुवन विश्वविद्यालयकै नाममा (जस्तैः त्रिभुवन विश्वविद्यालय - मधेश, त्रिभुवन विश्वविद्यालय - बागमती, त्रिभुवन विश्वविद्यालय - गण्डकी, आदि) प्रदेशगत रूपमा सातवटा (प्रादेशिक) विश्वविद्यालय स्थापना गर्न सकिन्छ । यसका लागि हरेक प्रदेशहरूको भौगोलिक क्षेत्रभित्र अवस्थित/सञ्चालित (विद्यार्थी सङ्ख्या, प्रध्यापक, भौतिक संरचना, सञ्चालित कार्यक्रम आदि जस्ता शैक्षिक, संरचनागत तथा भौतिक दृष्टिमा) सवल त्रिभुवन विश्वविद्यालयको क्याम्पसहरूलाई स्तरोन्नति गरी विश्वविद्यालयमा रूपान्तरण गर्नु पर्दछ । साथै, हाल त्रिभुवन विश्वविद्यालयको आङ्गिक तथा सम्बन्धनमा सम्बन्धित प्रादेशभित्र सञ्चालित सबै क्याम्पस/कलेजहरूलाई यथास्वरूपमा सोही विश्वविद्यालय अन्तर्गत सञ्चालन गरेर विस्तारै थप व्यवस्थित गर्दै लैजानु पर्दछ । त्रिभुवन विश्वविद्यालयको कीर्तिपुरस्थित केन्द्रीय कार्यालय,

केन्द्रीय क्याम्पस र केन्द्रीय विभागहरूसहित काठमाडौं उपत्यकामा सञ्चालित आङ्गिक क्याम्पसहरूलाई समेटेर सङ्घीय विश्वविद्यालयका रूपमा त्रिभुवन विश्वविद्यालयको सञ्चालन तथा विकास गर्नु व्यवस्थापकीय, गुणस्तर र सञ्चालनका दृष्टिले उत्तम देखिन्छ। यद्यपि, यस व्यवस्थाको कार्यान्वयन गर्नुपूर्व थप र गहन अध्ययन आवश्यक पर्न सक्छ।

### ग) हाल सञ्चालित क्याम्पसहरूको स्तरीकरण र एकीकरण गरेर प्रदेश स्तरमा विश्वविद्यालयको विकास गर्ने

४. माथि सिफारिस नम्बर (ख) को १ र २ का व्यवस्थाहरूको कार्यान्वयनबाट पनि प्रादेशिक विश्वविद्यालयको आवश्यकता पूरा हुन नसकेको अवस्थामा सम्बन्धित प्रदेशसहित मुलुकमा सञ्चालनमा रहेका अन्य विश्वविद्यालयहरूको मातहतमा सञ्चालित कुनै पनि उपयुक्त क्याम्पसलाई आवश्यक नीतिगत/कानुनी व्यवस्थासहित स्तरोन्नति गरेर प्रादेशिक विश्वविद्यालयमा रूपान्तरण गर्न सकिन्छ। यसरी रूपान्तरण गर्दा दुई वा दुईभन्दा बढी क्याम्पसहरूलाई एकीकृत/समाहित गरेर विश्वविद्यालयमा स्तरीकरण गर्न सकिन्छ भने एउटै क्याम्पसको समग्र पक्षको स्तरीकरण गरेर पनि त्यसलाई प्रादेशिक विश्वविद्यालय बनाउन सकिन्छ।

५. माथि सिफारिस गरिएका तीनवटै तरिकाबाट प्रादेशिक विश्वविद्यालय बनाउँदा त्यसरी स्थानान्तरण हुने तथा टुक्रिने विश्वविद्यालय र रूपान्तरण हुने क्याम्पसका जग्गा जमिनसहितका भौतिक संरचना र आर्थिक स्रोत साधन यसरी बन्ने नयाँ विश्वविद्यालयको स्वामित्वमा स्वतः स्थानान्तरण भई यथावत कायम रहने तर शैक्षिक कार्यक्रम भने परिवर्तित सन्दर्भको आवश्यकता र मागका आधारमा संशोधन, खारेजी तथा नयाँ सुरुआत हुन सक्ने र विद्यमान मानव संशाधन पनि प्रादेशिक विश्वविद्यालयको आवश्यकताअनुरूप परिमार्जन र विस्थापन गर्दै लैजाने कानुनी व्यवस्था सुनिश्चित गर्नुपर्दछ।

### घ) नयाँ प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा

६. माथि सिफारिस (ख) र (ग) अनुसार सिफारिस सङ्ख्या २, ३ र ४ मा गरिएका सुझावहरूको कार्यान्वयनपश्चात् पनि प्रादेशिक विश्वविद्यालयको आवश्यकता पूर्ति हुन नसकी थप प्रादेशिक विश्वविद्यालय स्थापनाको औचित्य तथा सान्दर्भिकता देखिएमा विस्तृत अनुसन्धान र सरोकारवालाहरूको सक्रिय संलग्नतामा ठोस आवश्यकता पहिचान गरी आवश्यक नीतिगत तथा कानुनी प्रबन्ध पूरा गरेर सम्बन्धित प्रदेशले आवश्यक सम्पूर्ण पक्षहरूको तयारी तथा व्यवस्थापनसहित नयाँ स्वरूपमा थप प्रादेशिक विश्वविद्यालय स्थापना गर्नु पर्दछ। अन्यथा नेपालमा प्रादेशिक विश्वविद्यालय स्थापना र सञ्चालनका सन्दर्भमा माथिका तीनवटा

सिफारिसहरूले गरेको व्यवस्था र सुझावहरूको कार्यान्वयन नै सबैभन्दा उपयुक्त, सान्दर्भिक, सहज, व्यवस्थित र आर्थिक दृष्टिकोणले पनि मितव्ययी र औचित्यपूर्ण देखिन्छ ।

७. नयाँ सार्वजनिक विश्वविद्यालय स्थापना गर्दा राष्ट्रलाई ठुलो अतिरिक्त आर्थिक व्ययभारसमेत थपिने हुँदा अब स्थापना हुने विश्वविद्यालयले यथासम्भव प्रशासनिक खर्च अनिवार्य रूपमा आफ्नो आयबाट थेग्न सक्ने व्यवस्था सुनिश्चित गरेर मात्र स्थापना गर्नु पर्दछ । यसबाट राज्यले गर्ने लगानी भौतिक पूर्वाधार, अनुसन्धान र गुणस्तरमा केन्द्रीत गर्न सहज हुन्छ ।

## ङ) निजी लगानीमा विश्वविद्यालयको स्थापना, सञ्चालन, व्यवस्थापन र नियमन गर्न आवश्यक कानुनी व्यवस्था गर्ने

ड. उच्च शिक्षामा निजी लगानी आकर्षित गरी गुणस्तरीय उच्च शिक्षाको आवश्यकतालाई सम्बोधन गर्न निजी लगानीमा विश्वविद्यालयको स्थापना, सञ्चालन, व्यवस्थापन र नियमन गर्न आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ । यसरी विश्वविद्यालय स्थापना गर्दा आवश्यकताको पहिचान, पूर्वाधार विकास, शैक्षिक कार्यक्रम, सञ्चालन प्रणाली आदि पक्षहरू माथिका सुझावहरूले सिफारिस गरेअनुरूप हुने गरी एकीकृत ऐनको व्यवस्था बमोजिम गर्नु पर्दछ । यस्ता विश्वविद्यालयहरूलाई निजी गुठी (ट्रष्ट) का रूपमा मुनाफा वितरण नगर्ने गरी पनि सञ्चालन गर्न सकिन्छ ।

## च) विश्वविद्यालय स्थापना, सञ्चालन र व्यवस्थापनका अन्य पक्षहरू सम्बन्धमा

९. कुनै पनि विश्वविद्यालयको स्थापना नक्साङ्कन, भौगोलिक आवश्यकता, जनसङ्ख्या, विद्यार्थीको पहुँच, मुलुकका लागि आवश्यक जनशक्तिको प्रक्षेपण, शैक्षिक कार्यक्रमलगायतका पक्षहरूको अनिवार्य मूल्याङ्कन तथा विश्लेषण गरेर आवश्यकता, औचित्य र सान्दर्भिकताका आधारमा मात्र गर्नुपर्दछ । नयाँ (सङ्घीय तथा प्रादेशिक) विश्वविद्यालय स्थापना गर्नुपूर्व सम्बन्धित सङ्घीय तथा प्रदेश सरकारले अध्ययनका आधारमा गरिएको सिफारिस अनुरूपका भौतिक तथा शैक्षिक पूर्वाधारका मापदण्डहरू पूरा हुने सुनिश्चित गरेर मात्र गर्नुपर्दछ । यसका लागि सङ्घीय तथा प्रादेशिक सरकारले सर्वप्रथम नवप्रवर्तनात्मक, अन्तर्राष्टिय रूपमा प्रतिस्पर्धी, उद्यमशील, प्राविधिक र गरीखाने मानव संशाधनको उत्पादन र तिनको उपयोग तथा खपत गर्ने क्षेत्रहरूको आवश्यकता र मागलाई आधार मानी निकट भविष्यका लागि मुलुकलाई आवश्यक मानव संसाधनको प्रक्षेपण गर्नुपर्दछ ।

१०. प्राविधिक विश्वविद्यालयहरू (जस्तैः कृषि, वन विज्ञान, चिकित्सा, इन्जिनियरिङ आदि) को स्थापनामा धेरै आर्थिक स्रोत, प्राविधिक यन्त्र उपकरण र मानव संसाधन आवश्यकपर्ने भएकाले यस्ता विद्यागत क्षेत्रमा नयाँ विश्वविद्यालय स्थापना गर्नुभन्दा हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरू तथा माथि सिफारिस गरिएअनुसार रूपान्तरित भएर बन्ने विश्वविद्यालयको

संस्थागत क्षमता विकास गरी थप स्वयत्ततासहित आवश्यक कार्यक्रमहरूको सञ्चालन तथा अध्ययन अनुसन्धान गरेर यस्ता आवश्यकताको परिपूर्ति गर्नुपर्दछ ।

११. विश्वविद्यालय कूटनीतिक तथा सौम्य शक्ति उत्पादन गर्ने थलोसमेत भएकाले राष्ट्रिय हितलाई केन्द्रमा राखी कला, धर्म, सस्कृति, रीतिरिवाज, सामाजिक तथा सांस्कृतिक मूल्य मान्यतालाई जगेर्ना गर्ने, राष्ट्रियता प्रबर्धन गर्ने तथा कूटनीतिक र सौम्य शक्ति आर्जन गर्नसक्ने जनशक्ति उत्पादन गर्ने मान्यतालाई आधार मानी हालका विश्वविद्यालयहरूको पुनर्संरचना गरेर सोहीअनुरूप प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

## छ) वित्तीय स्रोत र लगानी सम्बन्धमा

१२. हाल विश्वविद्यालयको स्थापनामा लगानी अभाव (under funding) रहेकाले वित्तीय स्रोत सुनिश्चितताको दीर्घकालीन खाका पनि विश्वविद्यालय स्थापनाको पूर्वसर्त हुनुपर्दछ । प्रादेशिक विश्वविद्यालय स्थापनामा पुँजी लगानीको लागि तीनै तहका सरकारले निश्चित प्रतिशतका दरले योगदान गर्नुपर्दछ (उदाहरणका लागि सङ्घीय सरकारले ३० प्रतिशत, प्रदेश सरकारले ६० प्रतिशत र विश्वविद्यालय स्वयंमले १० प्रतिशत स्रोतको व्यवस्था गर्नु उपयुक्त हुन्छ) । यसबाहेक विश्वविद्यालय अवस्थित स्थानीय सरकार, सहकारी र निजी क्षेत्रसमेतको निश्चित प्रतिशत लगानीको प्रावधान राख्न सकिन्छ । यसो गर्दा सङ्घीय वा प्रदेश सरकारको आर्थिक भार कम हुन सक्छ ।

## ज) पूर्वाधार विकास र जग्गा सम्बन्धमा

१३. नयाँ विश्वविद्यालय स्थापनाका लागि प्राज्ञिक तथा प्रशासनिक प्रयोजनका लागि आवश्यक जग्गाको निर्धारण प्रारम्भिक चरणमा नै गर्नुपर्दछ । नयाँ विश्वविद्यालयलाई पर्याप्त जग्गा उपलब्ध भएपछि मात्र पूर्वाधार निर्माण योजना सुरु गर्नुपर्दछ[६७] ।

१४. हाल सञ्चालनमा रहेका विश्वविद्यालयसँग रहेको जग्गाको संरक्षण सम्बन्धमा अधिकारसम्पन्न उच्चस्तरीय समिति गठन गरी आवश्यक अध्ययन गरेर विश्वविद्यालयहरूको अतिक्रमण गरिएका जग्गा विश्वविद्यालयहरूलाई नै फिर्ता गर्ने गराउने नीतिगत व्यवस्था गर्नुपर्दछ ।

१५. प्रादेशिक विश्वविद्यालय कृषि, वन, वातावरण, पशु विज्ञान, पर्वत, औषधी, खाद्य प्रविधि, सूचना सञ्चार जस्ता क्षेत्रगत वा स्थलगत अध्ययनमा आधारित हुने खालका विधामा सञ्चालन हुने भए पर्याप्त क्षेत्रफल (उदाहरणका लागि कम्तिमा १००० रोपनी जग्गा) कायम गर्नु उपयुक्त हुन्छ । प्राविधिक तथा साधारण विश्वविद्यालय स्थापना गर्दा आवश्यक न्यूनतम पूर्वाधारका

६७ हाल विश्वविद्यालयहरूले उपयोग गरिरहेको जग्गाको विवरण, स्थिति र उद्देश्यका आधारमा प्रादेशिक विश्वविद्यालयलाई कम्तिमा ७ सय रोपनी जग्गा प्राप्ती गरेर मात्र विश्वविद्यालय स्थापनाको प्रक्रिया सुरु गर्नुपर्ने अध्ययनमा देखिएको छ ।

मापदण्ड अन्तर्राष्ट्रिय स्तरको हुनुपर्दछ । प्रारम्भिक चरणमा नै प्राध्यापक, विद्यार्थी र कर्मचारी आवासका लागि जमिन र पूर्वाधार विकास गरी बैंक, खाद्यान्न पसल र सस्तो यातायातको समेत उचित प्रबन्ध गर्नुपर्दछ ।

## झ) सङ्गठन ढाँचा सम्बन्धमा

१६. विश्वविद्यालय शिक्षामा समन्वयात्मक पक्षलाई थप प्रभावकारी बनाउने, अनुदान वितरण वैज्ञानिक बनाउने, गुणस्तर सुनिश्चितता तथा प्रत्यायनलाई प्रभावकारी र अनिवार्य बनाउने, राष्ट्रिय योग्यता परीक्षण लागु गर्ने, शैक्षिक मापदण्ड निर्धारण, अनुगमन तथा नियमनमा संस्थागत विकास र सुदृढीकरण गर्न विश्वविद्यालय (तथा उच्च शिक्षा) परिषद् गठन गर्नु आवश्यक देखिन्छ जुन कुरा राष्ट्रिय शिक्षा नीति २०७६ को नीति १०.१४ सँग सम्बन्धित पनि छ ।

१७. प्रादेशिक विश्वविद्यालयको सञ्चालन पद्धति र संस्थागत ढाँचामा बोर्ड अफ ट्रष्टीको नेतृत्व अन्तर्गत कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, जनशक्ति व्यवस्थापन समिति, स्कुल, आङ्गिक क्याम्पस र अनुसन्धान केन्द्रको व्यवस्था गर्नुपर्दछ । कुलपति, उपकुलपति, डीनलगायतका पदाधिकारीहरू खुला प्रतिस्पर्धाबाट छनोट गर्ने नीति अवलम्वन गर्नुपर्दछ । हाल सञ्चालित विश्वविद्यालयका समेत ऐनमा परिमार्जन गरी सञ्चालन ढाँचामा बोर्ड अफ ट्रष्टीले नेतृत्व लिने र प्राज्ञिक पदाधिकारी छनोट तथा नियुक्ति निश्चित मापदण्डमा आधारित प्रतिस्पर्धाका आधारमा गर्ने व्यवस्था गर्न सिफारिस गरिन्छ ।

## ञ) शैक्षिक कार्यक्रम, समकक्षता र गुणस्तर सम्बन्धमा

१८. सहज क्रेडिट ट्रान्सफर हुन सक्ने र अन्तरविश्वविद्यालय ट्रान्सफर गर्दा एक विधाबाट अर्को सम्भाव्य विधामा जान सक्ने गरी र केही आवश्यक थप क्रेडिट पूरा गरेर माथिल्लो तहमा प्रवेश गराउने नीति विश्वका धेरै विश्वविद्यालयमा कार्यान्वयनमा रहेकाले नेपालमा पनि यससम्बन्धी समस्या समाधानका लागि सो नीति अवलम्वन गर्नुपर्दछ ।

१९. नेपालभित्रकै एक विश्वविद्यालयबाट दीक्षित विद्यार्थीलाई अर्को विश्वविद्यालयले समकक्षता प्रदान गर्नु नपर्ने व्यवस्था गर्नुपर्दछ । विदेशी विश्वविद्यालयको हकमा भने विश्वविद्यालय अनुदान आयोगको संस्थागत क्षमता अभिवृद्धि गरी समकक्षता प्रमाणीकरणको जिम्मेवारी दिनुपर्दछ ।

२०. उच्च शिक्षाका सबै कार्यक्रमलाई (स्नातकदेखि विद्यावारिधिसम्म) अनिवार्य रूपले सेमेष्टर प्रणालीमा लैजाने र कम्तिमा पनि ८५ प्रतिशत हाजिरी नभएका विद्यार्थीलाई स्तरवृद्धि परीक्षामा समावेश नगर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ ।

२१. गुणस्तर परीक्षण तथा प्रत्यायन प्रमाणीकरणलाई सबै उच्चशिक्षण संस्थाहरूका लागि अनिवार्य गरिनु पर्दछ। यसका लागि गुणस्तर परीक्षण तथा प्रत्यायन [quality assurance and accreditation (QAA)] गर्ने एक स्वायत्त उच्चस्तरीय (केन्द्रदेखि प्रदेशसम्मको गुणस्तर अनुगमन गर्न) र अधिकारसम्पन्न संयन्त्र निर्माण गरी जिम्मेवारी प्रदान गर्नुपर्दछ। उच्च शिक्षाको अनुदान प्रणालीलाई यससँग आबद्ध गर्नु बाञ्छनीय देखिन्छ।

## ट) अनुसन्धान र विकास सम्बन्धमा

२२. अनुसन्धान केन्द्रित र उद्यमशील प्रादेशिक विश्वविद्यालयलाई सेवा सुविधा, लगानी र सञ्चालनमा थप सहयोग गर्ने नीति लिनुपर्दछ। विश्वविद्यालयमा हुने अनुसन्धानको निरन्तरताका लागि अक्षय कोषको व्यवस्था गर्नुपर्दछ। यस्तो कोषमा सरकारी तथा गैरसरकारी र अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन गर्ने नीति लिनुपर्दछ।

२३. विश्वविद्यालयको पाठ्यक्रममा आमूल परिवर्तन गरी ७० प्रतिशत अनुसन्धानमा आधारित र ३० प्रतिशत मात्र सैद्धान्तिक बनाई प्राध्यापक र विद्यार्थीलाई पूर्ण समय अनुसन्धान कार्यमा आबद्ध गराउने नीतिगत व्यवस्था गर्नुपर्दछ। यसका लागि सबै विश्वविद्यालयहरूमा अनुसन्धान अक्षयकोष स्थापना गरी उच्च शिक्षामा अनुसन्धानको बजेटमा ठूलो रकमले वृद्धि गर्नुपर्दछ।

२४. विश्वविद्यालयले वैज्ञानिक आविष्कार, अन्वेषण, बौद्धिक सम्पति, प्याटेन्ट, प्रतिलिपि अधिकारलगायतका क्षेत्रहरूमा विशिष्ठ योगदान गर्ने आवश्यक नीति तर्जुमा गरेर कार्यान्वयन गर्नु पर्दछ। राज्यले दिने अनुदान निर्धारण गर्ने एउटा मानकको रूपमा विश्वविद्यालयहरूलाई विश्वस्तरीयताको अङ्कको आधार लिनु उपयुक्त हुन्छ।

२५. अनुसन्धान र गुणस्तरीय प्रकाशनको आधारमा प्राध्यापकको नियुक्ति र वृत्तिविकास आदिको व्यवस्था तथा विद्यार्थीलाई अनुसन्धान परियोजनामा सहभागी गराउनसक्ने प्राध्यापकलाई वृत्तिविकासका लागि गरिने मूल्याङ्कनमा थप अङ्क प्रदान गर्ने नीतिगत प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

२६. स्नातकोत्तर तहमा अध्यापन गर्न विद्यावारिधि उपाधि हासिल गरेको योग्यतालाई अनिवार्य गर्ने र उनीहरूको क्षमता विकासलाई प्राथमिकतामा राखी विशेष कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन्छ।

## ठ) अनुदान र छात्रवृत्ति सम्बन्धमा

२७. विश्वविद्यालय अनुदान आयोग ऐन २०५० नेपालको संविधान र वर्तमान राज्य व्यवस्थासँग तालमेल नमिलेकोले यो ऐन तत्काल संशोधन गरिनु पर्दछ। यसरी परिमार्जित ऐनले सबै विश्वविद्यालयहरूलाई उपलब्ध गराउने अनुसन्धान वृत्तिलगायतका अनुदान र सहयोग प्रदान गर्ने नीतिगत व्यवस्था गर्नुपर्दछ। प्रादेशिक विश्वविद्यालयलाई सङ्घीय सरकारले गर्ने

लगानी/अनुदानसहित सङ्घीय सरकारबाट अनुदान पाउने विश्वविद्यालयको अनुदान विश्वविद्यालय अनुदान आयोगबाट प्रदान गरिनुपर्दछ। प्रादेशिक विश्वविद्यालयहरूले सञ्चालन गर्ने चिकित्सा शिक्षा, इन्जिनियरिङ जस्ता विषयमा प्रदेश मार्फत अनुदानको उचित व्यवस्था गरी प्राविधिक कार्यक्रमहरूलाई व्यवस्थित र प्रोत्साहित समेत गर्नुपर्दछ।

२८. अनुसन्धान, गुणस्तरीय प्रकाशन, शैक्षिक क्यालेन्डरको निर्माण र कार्यान्वयन गर्न नसक्ने विश्वविद्यालयलाई अनुदान रकम घटाउँदै लैजाने नीति लिनुपर्दछ। अनुसन्धान र गुणस्तरीय प्रकाशन, शैक्षिक क्यालेन्डरको निर्माण तथा कार्यान्यवनलाई अनुदानसँग जोडेर मूल्याङ्कन गर्ने कानुनी प्रबन्ध गर्नुपर्दछ।

२९. आंशिक वा पूर्ण छात्रवृत्ति, विद्वत्वृत्ति, शुल्क छुट प्राप्त गर्ने प्राध्यापक, विद्यार्थीहरूले निश्चित (कम्तिमा १ वर्ष) अवधि तोकिएको क्षेत्र र सेवासर्तमा काम गर्नुपर्ने व्यवस्था गर्नु पर्दछ। यसलाई राष्ट्रिय शिक्षा नीति २०७६ को रणनीति १०.२१.१ सँग आबद्ध गरेर कार्यान्वयन गर्नुपर्दछ।

## ड) नीतिगत सुधारका सम्बन्धमा

३०. लगानी स्रोत र व्यवस्थापनमा देखिएका नीतिगत समस्या समाधान गरी नेपालको उच्च शिक्षा क्षेत्रलाई लगानीमैत्री, प्रक्रियामैत्री र कार्यान्वयनमैत्री बनाउनुपर्दछ। किनकी, प्रदेशस्तरमा विश्वविद्यालय स्थापना गर्दा लगानी स्रोत अभावको सामना गर्नुपरेको, रकम प्राप्त गर्न तथा परिचालन गर्न कठिनाइ भएको र सहज कार्यान्वयनमा नीतिगत समस्या देखिएकाले सोको समाधानका लागि नीतिगत प्रबन्ध गर्नुपर्दछ।

३१. उच्च शिक्षा नीति (हाल राष्ट्रिय शिक्षा नीति, २०७६ अन्तर्गत रहेका प्रावधान), प्रदेशहरूका उच्च शिक्षा ऐन (जस्तैः बागमती प्रदेशको उच्च शिक्षा ऐन २०७८, लुम्बिनी प्रदेशको प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको ऐन, २०७८) र नीतिहरूबिच नीतिगत सामञ्जस कायम गरी अन्तरसम्बन्धित नीतिहरूलाई थप प्रभावकारी बनाउनुपर्दछ। नीतिगत सामञ्जस्यका लागि सङ्घीय सरकारले केन्द्रीय विश्वविद्यालय र प्रादेशिक विश्वविद्यालय स्थापनाका मापदण्डहरूलाई सम्बोधन गर्नेगरी नीति तर्जुमा गर्न आवश्यक हुन्छ। अन्यथा, नीतिगत अभावका कारण आवश्यकताभन्दा बढी विश्वविद्यालय स्थापना हुने र राज्यकोषमा अनावश्यक आर्थिक भार पर्नजाने मात्र नभई यस्ता विश्वविद्यालयको दिगोपनामा समेत प्रश्न उठ्छ।

३२. उच्च शिक्षा तथा विश्वविद्यालय शिक्षालाई व्यवस्थित तथा सुधार गर्न तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन नीतिहरूको निर्माण र कार्यान्वयन, जनशक्तिको आवश्यकता र उत्पादनबिचको तालमेल, अनुगमन तथा निरीक्षण र गुणस्तर कायम गर्न हालको विश्वविद्यालय अनुदान आयोगको संरचनाले पर्याप्त हुँदैन। यसका लागि राष्ट्रिय शिक्षा नीतिको नीति नं. १०.१४.३

को व्यवस्था बमोजिम आयोगलाई सबल बनाई नीतिगत रूपमा सोही प्रकृतिका निकायसँग कार्यविभाजनको व्यवस्था गर्नु उपयुक्त हुन्छ । सङ्घीय र प्रादेशिक सरकारले आ-आफ्ना तहमा विश्वविद्यालय स्थापना गर्ने नीतिगत प्रावधानले विश्वविद्यालय स्थापनामा महत्त्वपूर्ण योगदान गर्ने सुनिश्चितता गरेतापनि सङ्घीय र प्रादेशिक विश्वविद्यालयलाई परिभाषाअनुरूप कार्यान्वयन गर्नु आवश्यक देखिन्छ ।

३३. संवैधानिक अधिकारको उपयोग गर्दै सङ्घीय र प्रादेशिक विश्वविद्यालयहरू आ-आफनै अलग्गै छाता ऐनबाट सञ्चालन हुने व्यवस्था गरी सोही आधारमा आ-आफ्नै प्रकृतिअनुरूपका विश्वविद्यालयहरूको सञ्चालन गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ । सोही ऐनका आधारमा विश्वविद्यालयहरूले आ-आफ्नो नियमावली निर्माण गर्नुपर्दछ । यसका अतिरिक्त उच्च शिक्षाका बाँकी संयन्त्र, व्यवस्था र प्रवन्धका लागि अर्को उच्च शिक्षा ऐन पनि चाहिन्छ, जसले हालको विश्वविद्यालय अनुदान आयोगका कामसहित गुणस्तर परीक्षण र प्रत्यायन, समकक्षता, राष्ट्रिय योग्यता परीक्षण, प्राध्यापक तालिम, विश्वविद्यालयबिच समन्वयलाई नियमित गर्ने लगायतका सबै काम गरोस् ।

## ढ) विविध

३४. विज्ञान र प्रविधिको उच्चतम् विकास अभ्यासमा रहेको वर्तमान अवस्थामा नेपालमा सञ्चालित उच्च शैक्षिक संस्था, कार्यरत प्राध्यापक र कर्मचारीको सङ्ख्या, उच्च शिक्षाका शैक्षिक कार्यक्रमहरूलगायतका अत्यन्तै आधारभूत र महत्त्वपूर्ण तथ्याङ्कहरू एकै सूचना व्यवस्थापन प्रणाली अन्तर्गत एकीकृत रूपमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ । तसर्थ, नियामक निकाय (सङ्घीय वा प्रादेशिक) को मातहतमा रहने र देशका सबै विश्वविद्यालय, मानित विश्वविद्यालय, क्याम्पस, स्कुल तथा कलेजहरूले अनिवार्य प्रयोग गर्ने गरी एक केन्द्रीकृत उच्च शिक्षा व्यवस्थापन सूचना प्रणालीको अनिवार्य सञ्चालन गर्ने व्यवस्था गरी यसलाई सरकारी अनुदान प्राप्तिको एउटा पूर्वसर्त बनाएर प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३५. गैरप्राज्ञिक र राजनैतिक दलसँग आबद्ध कर्मचारी, प्राध्यापक र विद्यार्थीका भातृ सङ्गठनहरूको प्राज्ञिक वातावरण खल्बल्याउने गतिविधिहरू विश्वविद्यालय तथा क्याम्पसहरूमा पूर्ण रूपमा बन्द गर्ने र कानुनी रूपमा नियमन गर्ने व्यवस्था गरी उनीहरूका पेसागत हकहितका लागि राष्टिय तथा अन्तर्राष्ट्रिय कानुनले दिएका अधिकार प्रयोग तथा उपयोग गरी केबल पेसागत सवालमा मात्र काम/वकालत गर्ने कल्याण परिषद्हरूलाई मात्र मान्यता दिने कानुनी व्यवस्था गर्नुपर्दछ ।

# सन्दर्भग्रन्थ सूची


ADB. (2016). Innovative strategies in hiigher education for accelerated human resource development in South Asia: Nepal. https://www.adb.org/sites/default/files/publication/178548/innovative-strategies-higher-education-nepal.pdf

Adhikari, B. (2021). Mobilizaing resources for the university of Nepal. *Spotlight*, vol.15, (1), July 16, 2021. DOI 584/074-75

Adhikari, K. P. (2018). The first Nepali in England: Motilal Singh and PM Jang Bahadur Rana. *European Bulletin of Himalayan Research*, *50*.

AFU. (2022). Agriculture and Forestry University, Faculties. http://afu.edu.np/

Aghion, P., Dewatripont, M., Hoxby, C., Mas-Colell, A., & Sapir, A. (2010). The governance and performance of universities: evidence from Europe and the US. *Economic policy*, *25*(61), 7-59. https://www.nber.org/system/files/working_papers/w14851/w14851.pdf

Aithal, P. S., & Aithal, S. (2019, October). Essential infrastructures for world-class universities. In *Proceedings of National Conference on Research in Higher Education, Learning and Administration* (Vol. 1, No. 1, pp. 01-23). https://papers.ssrn.com/sol3/papers.cfm?abstract_id=3484071

Baral, K. J. (2007). Higher education financing in Nepal. *Journal of Nepalese Business Studies*, *4*(1), 1-9.

Barber, M., Donnelly, K. & Rizvi, S. (2013). An avalanche is coming: Higher education and the revolution ahead. London: Institute of Public Policy Research.

Burrows, A., Harvey, L., & Green, D. (1992). *Concepts of quality in higher education: A review of the literature*. Quality in Higher Education Project.

Byun, K., Jon, J. E., & Kim, D. (2013). Quest for building world-class universities in South Korea: Outcomes and consequences. *Higher Education*, *65*(5), 645-659. https://link.springer.com/article/10.1007/s10734-012-9568-6

CBS. (2018). Report on the Nepal labour force survey, 2017/18/ Central Bureau of Statistics. https://cbs.gov.np/wp-content/upLoads/2019/05/Nepal-Labour-Force-Survey-2017_18-Report.pdf

CBS. (2079). Perliminary results of National Census. https://cbs.gov.np/wp-content/upLoads/2022/01/Final%20Preliminary%20Report%20of%20Census%202021%20Newfinal.pdf

Cheng, Y., Wang, Q., & Liu, N. C. (2014). How world-class universities affect global higher education. In *How world-class universities affect global higher educa-*

*tion* (pp. 1-10). SensePublishers, Rotterdam. https://link.springer.com/chapter/10.1007/978-94-6209-821-3_1

Crosier, D. (2007). Beyond Bologna. Challenges for European higher education. *Mail and Guardian*, October 2007.

Denneen, J., & Dretler, T. (2012). The financially sustainable university. *Bain & Company*, *12*. http://major21.wdfiles.com/local—files/archive/BAIN_The_financially_sustainable_university_annotated.pdf

Dicker, R., Garcia, M., Kelly, A., & Mulrooney, H. (2019). What does 'quality'in higher education mean? Perceptions of staff, students and employers. *Studies in Higher Education*, *44*(8), 1425-1441.

Ministry of Finance (2021). Economic survey. https://www.mof.gov.np/uploads/document/file/1633341980_Economic%20Survey%20(Engslish)%202020-21.pdf

Elken, M. (2017). Standardization of (higher) education in Europe–policy coordination 2.0?. *Policy and Society*, *36*(1), 127-142.

Etzkowitz, H., & Leydesdorff, L. (1995). The triple helix university-industry-government relations: A Laboratory for knowledge-based economic development. *EASST Review 14*, 14-19.

Fullan, M. (1991). The new meaning of educational change. 2nd edition. London: Casell Education Limited.

Fullan, M. (2001). The new meaning of educational change. 3rd edition. New York: Teachers' College Press.

FWU. (2022). Far western university, faculties. https://fwu.edu.np/page/faculties.html

Groenwald, S. L. (2018). The challenges and opportunities in leading a multi-campus university. *Journal of Professional Nursing*, *34*(2), 134-141. https://doi.org/10.1016/j.profnurs.2017.12.005

GU. (2022). About US. https://www.gandakiuniversity.edu.np/about-us/

Gulbranson, C., & Audretsch, D. (2008). Proof of concept centers: Accelerating the commercialization of university innovation. *The Journal of Technology Transfer, 33(3)*, 249–258. http://doi.org/10.1007/s10961-008-9086-y

Harvard University. (2022). Leadership and governance- Governing Boards. https://www.harvard.edu/about/leadership-and-governance/

Huang, F. (2015). Building the world-class research universities: A case study of China. *Higher Education*, *70*(2), 203-215. https://link.springer.com/article/10.1007/s10734-015-9876-8

Hui Wang, Q.; Wang, Q., and Cai Liu, N. (2011). Building world-class universities in China: Shanghai Jiao Tong University. In Philip G. Altbach and Jamil Salmi (Eds.). *The Road to Academic Excellence: The Making of World-Class Research Universities.* The World Bank, Washington DC.

ICAR. (2022). About the university. https://education.icar.gov.in/Univ_Details_New.aspx?Univ=mcgEc1VUH97rm4DECIkRJ+efeXbSBhSg

Jabal, A. A., Davari, M., Bertino, E., Makaya, C., Calo, S., Verma, D., & Williams, C. (2019). Methods and tools for policy analysis. *ACM Computing Surveys (CSUR)*, *51*(6), 1-35. https://doi.org/10.1145/3295749

Jennifer Jones. (2018). 7 largest universities in the world. accessed on: July 2, 2022. Accessed from: https://largest.org/misc/universities/

Joshi, R. D. (2018). Higher education in Nepal: Supporting aspirations for prosperity. https://edu4com.com/wp-content/uploads/2019/01/Higher-Education-in-Nepal-Supprting-Aspirations-for-Prosperity-011719.pdf

Kafle, G., Bhattarai, I., Shrestha, A. K., & Siwakoti, M. (2018). Why do patients choose to consume Ayurvedic Medicines in Nepal? An exploratory study. *International Journal of Ayurvedic Medicine*, *9*(4), 250-7.

Kathmandu University. (2022a). About Us. https://ku.edu.np/about-us

Kathmandu University. (2022b). Accounting Manual, 2016. https://ku.edu.np/policy-guidelines

Kuh, G. D. (2001). Organizational culture and student persistence: Prospects and puzzles. *Journal of College Student Retention: Research, Theory & Practice*, *3*(1), 23-39. https://doi.org/10.2190/U1RN-C0UU-WXRV-0E3M

Lady Shri Ram College for Women. (2022). Qualifications for the post of assistant professor in the university colleges. https://lsr.edu.in/wp-content/uploads/2020/01/3-Qualifications-for-appointment-of-Assistant-Professors.LSR-College.pdf

Lee, J. (2013). Creating world-class universities: Implications for developing countries. *Prospects*, *43*(2), 233-249. https://doi.org/10.1007/s11125-013-9266-x

Lumbini Bouddha University. (2020). LBU Brochure, 2020. https://lbu.edu.np/about-us/

Marginson, S. and Considine, M. (2000). *The enterprise university: Power, governance, and reinvention in Australia.* Cambridge: Cambridge University Press.

Mathema, K. B. (2007). Crisis in education and future challenges for Nepal. *European Bulletin of Himalayan Research 31*: 46-46. http://himalaya.socanth.cam.ac.uk/collections/journals/ebhr/pdf/EBHR_31_04.pdf

Miles, M. B., & Huberman, M. A. (1984). Qualitative data analysis: a sourcebook of new methods. London: Sage.

MIT. (2022). Education. https://www.mit.edu/education/

Mok, K. H. (2008). University restructuring experiences in Asia: Myth and reality. *Policy Futures in Education, 6*(5), 528-531.

MTU. (2022). Manmohan Technical University (Introduction). https://mtu.edu.np/about

National Planning Commission. (2020). The Fifteenth Plan (Fiscal Year 2019/20 – 2023/24). Kathmandu. https://npc.gov.np/images/category/15th_plan_English_Version.pdf

Ngok, K. and Guo, W. (2008). The quest for world class universities in China: Critical reflection. *Polity Futures in Education, 6*(5), 545-557.

NOU. (2022). Brochure NOU Nepali New 2077. https://nou.edu.np/uploads/attachhments/os2udxkrtoqwdnxs.pdf

Rajbhandari, M. M. S. (2011). Strengthening the strength of public-private partnership model in Education: A Case study of Durbar High School in Nepal. *Online Submission*.

Ravi, S., Gupta, N., & Nagaraj, P. (2019). Reviving higher education in India. *Brookings India Research Paper* 112019-01.

Regmi, K. D. (2019). *Higher Education in Nepal: A Handmaiden of Neoliberal Instrumentalism. Higher Education Policy, 34(2), 393–411.* doi:10.1057 /s41307-019-00138-0

RJU. (2022). About Us-Introduction. http://rjuuc.edu.np/about

Salmi, J. 2009. *The Challenge of Establishing World-Class Universities*: *Directions in Development*. Washington, DC: World Bank. http://portal.unesco.org/education/en/files/55825/12017990845Salmi.pdf/Salmi.pdf.

Shrestha, D. L., Manandhar, T. B., Manandhar, K. M., Singh, S., Shrestha, I. K., & Shrestha, S. (2007). Financing the Higher Education in Nepal. *Centre for Economics*.

Sporn, B. (1999). Adaptive university structures. An analysis of adaptation to socio-economic environments of US and European universities. London: Jessica Kingsley Publishers.

SRCC. (2022). Infrstructure and Facilities. https://www.srcc.edu/infrastructure-facilities

Standford University. (2022). Stanford Lands. https://facts.stanford.edu/about/lands/

The World University Ranking. (2022). https://www.timeshighereducation.com/world-university-r%C3%A1nkings/2022#!/page/0/length/25/sort_by/rank/sort_order/asc/cols/stats

The World University Rankings. (2018). Nepal, Tribhuvan University. https://www.timeshighereducation.com/world-university-rankings/tribhuvanuniversity

Times Higher Education. (2021). The world's best small universities 2021. https://www.timeshighereducation.com/student/best-universities/best-small-universities

Torres, C. A. (2011). Public universities and the neo-liberal commonsense: Iconoclastic thesis. *International Studies in Sociology of Education. 21* (3): 177 – 197.

Tribhuvan University. (2022). About Us. http://tribhuvan-university.edu.np/page/5_5dfd4e523dc74a#:~:text=The%20Central%20Administrative%20Office%20and,ropanis)%20of%20land%20at%20Kirtipur.

UGC. (2020). Education Management Information System (EMIS) Report, 2019-2020. Accessed on: December 20, 2021. www.ugcnepal.edu.np_uploads_publicationsAndReports_mPditn.pdf

UGC. (2022). Objective. https://www.ugcnepal.edu.np/frontpage/2

UNESCO. (2022). International Bureau of Education (Curriculum). http://www.ibe.unesco.org/en/geqaf/core-resources/curriculum

UniRank. (2022). Top 200 Universities in the world. https://www.4icu.org/reviews/5728.htm

University of Cambridge. (2022). About the University-Governance. https://www.cam.ac.uk/about-the-university/how-the-university-and-colleges-work/governance

University of London. (2022). University Governance-Board of Trustees. https://london.ac.uk/about-us/university-governance/board-trustees

Upadhyay, J. P. (2018). Higher education in Nepal. *Pravaha*. 24(1). 96-108.

Walker, D. (1990). Fundamentals of curriculum. New York: Harcourt Brace Jovanovich Publishers.

Walker, M. (2006). Towards a capability-based theory of social justice for education policymaking. *Journal of Education Policy, 21*(2), 163-185.

Weill Cornell Medicine. (2022). Guidebook: Criteria for faculty appointment and promotion https://faculty.weill.cornell.edu/guidebook-criteria-faculty-appointment-and-promotion

World Bank. (2022a). School enrollment, tertiary (% gross) – India. https://data.worldbank.org/indicator/SE.TER.ENRR?locations=IN

World Bank. (2022b). School enrollment, tertiary (% gross) – China https://data.worldbank.org/indicator/SE.TER.ENRR?locations=CN

www.collegenp.com. (03 Nov 2019). Provincial University Plan–Gandaki Province at the Forefront, 03 Nov 2019, News link: https://www.collegenp.com/news/provincial-university-plan-gandaki-province-at-the-forefront/

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग। (२०७५)। उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५ को प्रतिवेदन (अप्रकाशित), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

कर्णाली प्रदेशको नीति तथा कार्यक्रम २०७८/७९। (२०७८)। कर्णाली प्रदेश सरकारको आ. व. २०७८/७९ को नीति तथा कार्यक्रम। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बिरेन्द्रनगर, सुर्खेत। http://ocmcm.karnali.gov.np/sites/ocmcm/files/2021-06/Niti%20%26%20Karyakram%20%28For%20Web%29.pdf

काठमाडौँ विश्वविद्यालय। (२०२२क)। काठमाडौँ विश्वविद्यालय, फ्याक्ट एण्ड फिगर्स २०२१। https://ku.edu.np/reports

काठमाडौँ विश्वविद्यालय। (२०२२ग)। काठमाडौँ विश्वविद्यालय- विश्वविद्यालयको मूलकोष (एन्डाउमेन्ट फन्ड) स्थापना तथा सञ्चालन निर्देशिका २०७५ https://ku.edu.np/policy-guidelines

काठमाडौँ विश्वविद्यालय। (२०२२घ)। काठमाडौँ विश्वविद्यालय कार्य व्यवस्था नियम, २०४९ https://cdn.ku.edu.np/xneln_olnjnfgun_avlnz_0491550561364.cqs/2

काठमाडौँ विश्वविद्यालय। (२०२२ङ)। काठमाडौँ विश्वविद्यालय, अनुसन्धानसम्बन्धी नियम, २०६२। https://cdn.ku.edu.np/ErfrnepuNpg_0621550564153.cqs/2

काठमाडौँ विश्वविद्यालय। (२०२२च)। डाइरेक्टोरेट अफ रिसर्च, डेभेलपमेन्ट एण्ड इनोभेसन। https://rdi.ku.edu.np/

गण्डकी प्रदेश। (२०७८)। प्रदेश नीति तथा योजना आयोगको बार्षिक प्रतिवेदन २०७७/७८ . http://ppc.gandaki.gov.np/downloadfile/PPC_Pradesh%20Niti%20Tatha%20Yojana%20Aayog%20Annual%20Report%202078from%20press_1636442225.pdf

गुरुङ, कमला। (२०७८, साउन २३)। आयुर्वेदको विकासका लागि सरकार कटिबद्ध छैनः डा. बासुदेव उपाध्याय (अन्तर्वार्ता)। साउन २३, २०७८। https://swasthyakhabar.com/story/41500

चिकित्सा शिक्षा आयोग। (२०७९)। नेपाल सरकार, चिकित्सा शिक्षा आयोग https://mec.gov.np/np/pages/about-us

नीति तथा कार्यक्रम। (२०७७)। नीति तथा कार्यक्रम, २०७७/७८। नेपाल सरकार। हेरिएको मितिः असार २७, २०७९। www.opmcm.gov.np/wp–content/uploads/२०२०/०५/नीति-तथा-कार्यक्रम-२०७७-७८-फाइनल.pdf

नेपाल सरकार। (२०७९, जेठ)। सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधन।

नेपाल सरकार। (२०७४)। नेपाल सरकार (कार्य विभाजन) नियमावली, (मिति २०७६ साल असोज मसान्तसम्मको अद्यावधिक)। नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार।

पन्त, निराजन। (२०७०)। नेपालमा गुरुकुल शिक्षाको ऐतिहासिक पृष्ठभूमि। *गुरुकुल सन्देश*, भक्तपुर, गुरुकुल आश्रम व्यवस्थापन परिषद्, पृ. ४९-५४।

प्रदेश १। (२०७८)। बार्षिक नीति तथा कार्यक्रम २०७८/७९। https://ocmcm.p1.gov.np/wpcontent/uploads/2021/06/%E0%A4%A8%E0%A5%80%E0%A4%A4%E0%A4%BF-%E0%A4%A4%E0%A4%A5%E0%A4%BE-%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A5%8D%E0%A4%AF%E0%A4%95%E0%A5%8D%E0%A4%B0%E0%A4%AE-2078-79.pdf

बागमती प्रदेश सरकार-२०७८)। प्रदेश उच्च शिक्षा सम्बन्धमा व्यवथा गर्न बनेको विधेयक। https://provincialassembly.bagamati.gov.np/storage/bill-registration/N6TsJ0QrexXe20EEVe6VQqmOw4ICUmDcF6cVCQSH.pdf

बजेट वक्तव्य २०७७-७८ (प्रदेश १)। (२०७८)। आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश १। http://moeap.p1.gov.np/node/279

मधेश प्रदेश। (२०७८)। प्रदेश सभामदेश प्रदेश, जनकपुरधाम, डाउनलोड्स। http://provincialassembly.p2.gov.np/%e0%a4%a1%e0%a4%be%e0%a4%89%e0%a4%a8%e0%a4%b2%e0%a5%8b%e0%a4%a1%e0%a4%b8%e0%a5%8d/

मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६। (२०७६)। आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश नं. १। http://moial.p1.gov.np/en/post/manama-hana-pa-ra-va-thha-ka-va-sha-vava-tha-ya-lya-aina

मार्टिन चौतारी। (२०७१)। त्रिवि टुक्र्याएर नयाँ विश्वविद्यालय बनाउँदाका जटिलता। जानकारी पत्र, अङ्क १४, चैत २०७१। मार्टिन चौतारी। http://himalaya.socanth.cam.ac.uk/collections/journals/mcpb/pdf/MC_PolicyBrief_14_NEP.pdf

लुम्बिनी प्रदेश। (२०७८)। प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको ऐन। बुटवल: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

विश्वविद्यालय अनुदान आयोग । (२०७४) । सङ्घीयतामा विश्वविद्यालयहरू सहित समग्र उच्च शिक्षाको संरचना, स्वरूप, सञ्चालन, नियमन तथा वित्तीय व्यवस्थापनसम्बन्धी अध्ययनको प्रतिवेदन । विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर.

शर्मा, गोपीनाथ । (२०७१) । नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू । काठमाडौँ, मकालु प्रकाशन गृह ।

शिक्षा मन्त्रालय । (२०७४क)। शिक्षा क्षेत्रमा सुधारका लागि सुझाव दिन गठित उच्चस्तरीय कार्यदल २०७४ को प्रारम्भिक प्रतिवेदन । सिंहदरवार, शिक्षा मन्त्रालय । http://moe.gov.np/assets/uploads/files/Submitted_High-Level_Task_Force-Preliminary_Report_2074.pdf

शिक्षा मन्त्रालय । (२०७४ख) । सङ्घीयता कार्यान्वयनमा शिक्षा क्षेत्रको सङ्गठन, संरचना, कार्य विवरण तथा कर्मचारी व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन । सिंहदरवार, शिक्षा मन्त्रालय । http://moe.gov.np/assets/uploads/files/Final_O_M_Report,_2074_Baisakh_(1).pdf

शिक्षा मन्त्रालय । (२०७६) । राष्ट्रिय शिक्षा नीति २०७६ । सिंहदरवार, शिक्षा मन्त्रालय । https://moe.gov.np/assets/uploads/files/Education_Policy.pdf

सिटिईभिटि । (२०७८/०७९) । वार्षिक प्रतिवेदन, २०७८/०७९ । http://ctevt.org.np/public/uploads/kcfinder/files/Annual%20Report%20-20781.pdf

सुदुरपश्चिम प्रदेशको नीति तथा कार्यक्रम २०७८/७९ । (२०७८) । सुदुरपश्चिम प्रदेश सरकारको आ. व. २०७८-७९ को नीति तथा कार्यक्रम । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली । http://ocmcm.sudurpashchim.gov.np/index.php/ne/node/685

# अनुसूची

## अनुसूची १ सार्वजनिक नीति संवादमा सहभागी विज्ञहरूको विवरण

| क्र.स. | विज्ञहरूको नाम | पद तथा आबद्ध संस्था |
|---|---|---|
| १ | डा. विष्णु राज उप्रेती | कार्यकारी अध्यक्ष, नीति अनुसन्धान प्रतिष्ठान |
| २ | प्रा. डा. नब राज देवकोटा | उपकुलपति, गण्डकी विश्वविद्यालय |
| ३ | प्रा. डा. सूर्यराज आचार्य | नेपाल विश्वविद्यालय |
| ४ | प्रा. डा. चन्द्रप्रकाश रिजाल | त्रिभुवन विश्वविद्यालय |
| ५ | प्रा. डा. वेदराज आचार्य | गणित केन्द्रीय विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय |
| ६ | प्रा. डा. टंकनाथ शर्मा | पूर्वडीन, स्कुल अफ एजुकेशन, काठमाडौं विश्वविद्यालय |
| ७ | प्रा. डा. राम बहादुर क्षेत्री | मानवशास्त्री |
| ८ | प्रा. डा. बिनोद पोखरेल | मानवशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय |
| ९ | डा. हरि लम्साल | सहसचिव, शिक्षा मन्त्रालय |
| १० | महेश सुबेदी | विज्ञ, पूर्वशिक्षक |
| ११ | डा. रविन्द्र सिवाकोटी | विज्ञ |
| १२ | डा. अनुपमा महत | प्राध्यापन, काठमाडौं विश्वविद्यालय |
| १३ | राजु शर्मा | विज्ञ |
| १४ | खेमराज शर्मा | विज्ञ |
| १५ | डा. रूमा मानन्धर | नेपाल खुला विश्वविद्यालय |
| १६ | डा. निमानन्द रिजाल | विज्ञ |
| १७ | जी. पी. आचार्य | विज्ञ |
| १८ | सुरेश प्रधान | विज्ञ |
| १९ | डा. रामहरि पौड्याल | विज्ञ |
| २० | निष्णु थिङ्ग | विज्ञ |
| २१ | ओम प्रकाश लामिछाने | विज्ञ |
| २२ | डा. दीपक खड्का | वरिष्ठ अनुसन्धानकर्ता, नीति अनुसन्धान प्रतिष्ठान |
| २३ | डा. हरि शर्मा न्यौपाने | अनुसन्धान विभाग प्रमुख, नी. अ. प्र. |

| क्र.स. | विज्ञहरूको नाम | पद तथा आबद्ध संस्था |
|---|---|---|
| २४ | डा. गिरी राज शर्मा | अनुसन्धानकर्ता, नी. अ. प्र. |
| २५ | डा. मन्दिरा लामिछाने धिमाल | सह-अनुसन्धानकर्ता, नी.अ. प्र. |

## अनुसूची २ प्रारम्भिक नतिजा प्रस्तुति तथा पृष्ठपोषण कार्यक्रममा उपस्थित विज्ञहरू

| क्र.स. | विज्ञहरूको नाम | पद तथा आबद्ध संस्था |
|---|---|---|
| १ | डा. विष्णु राज उप्रेती | कार्यकारी अध्यक्ष, नीति अनुसन्धान प्रतिष्ठान |
| २ | डा. पूर्ण कुमार लक्सम | उपाध्यक्ष, प्रदेश योजना आयोग, प्रदेश १ |
| ३ | प्रा. डा. श्रीकृष्ण गिरी | उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग |
| ४ | डा. दामोदर भुसाल | सदस्य, प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश |
| ५ | प्रा. डा. सुवोध शर्मा | रजिस्ट्रार, काठमाडौं विश्वविद्यालय |
| ६ | डा. प्रदिप ज्ञवाली | कार्यकारी प्रमुख, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् |
| ७ | दीपक लामिछाने | प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय, सुदुरपश्चिम प्रदेश |
| ८ | दीर्घराज मैनाली | प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय, प्रदेश १ |
| ९ | ईमनारायण श्रेष्ठ | प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय, मधेश प्रदेश |
| १० | डा. सूर्यराज आचार्य | सदस्य, नेपाल विश्वविद्यालय विकास समिति |
| ११ | जय कुमार घिमिरे | सचिव, प्रदेश योजना आयोग, प्रदेश १ |
| १२ | प्रा. मधुसुदन सुवेदी | प्राध्यापक, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान |
| १३ | प्रा. डा. हिमलाल घिमिरे | प्राध्यापक, रेडन कलेज |
| १४ | डा. निमानन्द रिजाल | एसोसिएट रिसर्चर, एनइओसी |
| १५ | डा. नेत्रप्रसाद तिमिल्सिना | क्षेत्रीय निर्देशक, दक्षिण एसियाली गरिवी उन्मुलन मञ्च |
| १६ | डा. नारायण सत्याल | स्वतन्त्र अनुसन्धानकर्मी |
| १७ | प्रा. डा. टंकनाथ शर्मा | स्वतन्त्र अनुसन्धानकर्मी |
| १८ | प्रा. डा. लोचना श्रेष्ठ | निर्देशक, नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान |
| १९ | डा. शरद वन्त | जनस्वास्थ्य विज्ञ |
| २० | मेदिन लामिछाने | प्राचार्य, युलेन्स स्कुल |
| २१ | डा. विष्णु कुमार सिंजाली | सामाजिक सुरक्षा विज्ञ |
| २२ | निष्णु थिङ | अनुसन्धानकर्मी |
| २३ | तीर्थ थापा | सल्लाहकार, युओएन |
| २४ | हेमन्त झा | स्वतन्त्र विज्ञ |

## अनुसूची ३ चिकित्सा शिक्षा आयोगका काम, कर्तव्य र अधिकारहरू

१) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने,

२) संघ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,

३) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लगी नीति तथा मापदण्ड निर्धारण गर्ने,

४) प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,

५) प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने,

६) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकतानुसार निर्देशन दिने,

७) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,

८) आशयपत्र, सम्बन्धन र सम्बन्धन खारेजसम्बन्धी नीति र मापदण्ड तय गर्ने,

९) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,

१०) आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

११) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने,

१२) तोकिए बमोजिम अन्य कार्यहरू गर्ने ।

## अनुसूची ४ आयुर्वेद तथा प्राकृतिक चिकित्सा विज्ञानका विषयहरू अध्यापन गर्ने संस्थाहरू

| क्र.सं | शिक्षण संस्थाको नाम र ठेगाना | सञ्चालित कार्यक्रम | सम्बन्धन दिने संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | आयुर्वेद क्याम्पस, कीर्तिपुर | स्नातक, स्नातकोत्तर (आयुर्वेद) | त्रिभुवन विश्वद्यालय | आङ्गिक क्याम्पस |
| २ | श्री मिथिला आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्र गंगुली, धनुषा | स्नातक (आयुर्वेद) | नेपाल संस्कृत विश्वविद्यालय | |
| ३ | नेपाल आयुर्वेद मेडिकल कलेज, श्रीपुर, विरगञ्ज | स्नातक (आयुर्वेद) | त्रिभुवन विश्वविद्यालय | |
| ४ | केन्द्रीय आयुर्वेद विद्यापीठ, बिजौरी, दाङ | स्नातक (आयुर्वेद) | नेपाल संस्कृत विश्वविद्यालय | आङ्गिक क्याम्पस |
| ५ | पतञ्जली आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्र, धुलिखेल, काभ्रे | स्नातक (आयुर्वेद) | नेपाल संस्कृत विश्वविद्यालय | |
| ६ | जनता विद्यापीठ, विजौरी, दाङ | आयुर्वेद उत्तर मध्यमा प्रमाणपत्र स्तर) | नेपाल संस्कृत विश्वविद्यालय | आङ्गिक क्याम्पस |
| ७ | हिमालय आयुर्वेद महाविद्यालय, काठमाण्डौं | प्रमाणपत्र तह (आयुर्वेद तथा सामान्य चिकित्सा) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| ८ | धन्वन्तरी आयुर्विज्ञान अध्ययन संस्थान, काठमाण्डौं | प्रमाणपत्र तह (आयुर्वेद तथा सामान्य चिकित्सा) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| ९ | शैलजा आचार्य पोलिटेक्निकल इन्ष्टिच्यूट, शिशवनी, जहदा, मोरङ्ग | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | आङ्गिक क्याम्पस |
| १० | जगदम्बा मेडिकल इन्ष्टिच्यूट, राजविराज, सप्तरी | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |


| क्र.सं | शिक्षण संस्थाको नाम र ठेगाना | सञ्चालित कार्यक्रम | सम्बन्धन दिने संस्था | कैफियत |
|---|---|---|---|---|
| ११ | मोडर्न इन्स्टिच्यूट अफ हेल्थ साइन्स उदयपुर, गाइघाट | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| १२ | त्रियुगा नेशलन एजुकेशन एकेडेमी, उदयपुर, गाइघाट | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| १३ | आयुर्वेदिक मेडिकल इन्स्टिच्यूट, जनकपुरधाम, धनुषा | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| १४ | शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर, जनकपुरधाम, धनुषा | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| १५ | नेशनल इन्स्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजि, भरतपुर, चितवन | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| १६ | बर्दिया मेडिकल इन्स्टिच्यूट, गुलरिया, बर्दिया | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| १७ | राष्ट्रिय प्राविधिक शिक्षालय, सुर्खेत | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| १८ | सामुदायिक सेवा सहयोग संथान, धनगढी, कैलाली | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| १९ | ह्वाइट पार्क कलेज, डडेलधुरा | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |

| क्र.सं | शिक्षण संस्थाको नाम र ठेगाना | सञ्चालित कार्यक्रम | सम्बन्धन दिने संस्था | कैफियत |
|---|---|---|---|---|
| २० | डडेलधुरा प्यारामेडिकल इन्ष्टिच्युट, डडेलधुरा | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| २१ | जगदम्बा मेडिकल इन्ष्टिच्यूट, राजविराज, सप्तरी | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| २२ | बङ्गलामुखी टेक्निकल इन्ष्टिच्यूट, इटहरी | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |
| २३ | इलाम टेक्निकल इन्ष्टिच्यूट, इलाम | सहायक आयुर्वेदिक स्वास्थ्य कार्यकर्ता (TSLC) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् | |


# अनुसूची ५ काठमाडौं विश्वविद्यालयसँग सहकार्य गर्ने देश बाहिरका गैरप्राज्ञिक संस्थाहरूको विवरण

| Country | Non-Academic Organizations |
|---|---|
| Japan | -Yamaji Fumiko Cultural Foundation<br>-Komyo S Club and Social Interest Club<br>-JASSO<br>-Centre for Environmental Remote Sensing (CERes), Chiba University |
| Korea | -Korean International Cooperation Agency (KOICA)<br>-Ministry of Foreign Affairs and Trade of the Republic of Korea and Ministry of Finance, Nepal<br>-Korea Energy Management Cooperation (KEMCO)<br>-Korea Peoples Peace Forum<br>-Korea Digital Hospital Export Agency (KOHEA) |
| Norway | -NORAD<br>-NOMA<br>-SINTEF Energi for skning AS (SEfAS)<br>-Exchange for Sustainable Development ESD in the North<br>-Norwegian University of Science and Technology (NOMA Project Scheme) |

## अनुसूची ६ (क) काठमाडौं विश्वविद्यालयको समग्र स्तर, अनुसन्धान स्तर, अन्वेषनात्मक स्तर र सामाजिक स्तर




## अनुसूची ६ ख) त्रिभुवन विश्वविद्यालयको समग्र स्तर, अनुसन्धान स्तर, अन्वेषनात्मक स्तर र सामाजिक स्तर



## अनुसूची ७ नेपालमा विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेज तथा संस्थाहरू

| SN | Name of Institute | University | Programme |
|---|---|---|---|
| 1 | Academy of Culinary Art and Hospitality Management Pvt. Ltd., Lalitpur | Lincoln University College, Malaysia / Culinary Solutions Australia International College, Australia | Bachelor of Science (Hons) in Hospitality Management / 1.Diploma in Culinary Art (Duration -800hrs), 2.Diploma in Bakery and patisserie (Duration -800hrs), 3.Certificate -I in Culinary Art (Duration -200hrs), 4. Certificate -I in Bakery and patisserie (Duration -200hrs) |
| 2 | Ace International Business School, Pvt. Ltd, Kathmandu | Queen Margaret University, UK | BBA- 4yrs, MBA- 2 yrs. |
| 3 | Ambrosia International College, Lalitpur | Asia E University, Malaysia | Bachelor of Information and Communication Technology (Hons), Master of Business Administration |
| 4 | Asian Institute of Technology and Management, Lalitpur | IMI University Centre, Switzerland | Bachelor's Degree in international Hotel and Tourism Management-4yrs. |
| 5 | Birat College for Professional Studies Pvt.Ltd. Biratnagar | Asia Pacific University of Technology & Innovation, Malaysia | BA (Hons) in Business Management, Master of Business Administration |
| 6 | Brihaspati School Management, Kathmandu | Confederation of Tourism & Hospitality (CTH) UK | Diploma and Advanced Diploma in Hospitality |
| 7 | C.G. Institute of Management Pvt. Ltd. Minbhawan, KTM | Limkokwing University of Creative Technology, Malaysia | BBA-(4 yrs), MBA-(2 yrs) |
| 8 | College For Professional Studies, Kathmandu | Asia Pacific University of Technology & Innovation, Malaysia | Master of Science in Information Technology Management (2 yrs.) & |

| SN | Name of Institute | University | Programme |
|---|---|---|---|
| | | | Master of Business Administration (2yrs). |
| 9 | Cosmos International College, Pokhara | Cambridge University UK | (2) Master of Business Administration (2yrs). |
| 10 | Elite Institute of Finance and Accountancy Pvt. Ltd., (KFA Business School and IT) Kathmandu | Lincoln University College, Malaysia | Bachelor of Science (Hons) in Hospitality Management, MBA- 2 yrs. |
| 11 | Global Academy of Tourism and Hospitality Education, Kathmandu | Hotellerie Suisse, Swiss Hotel Association (SHS), Switzerland. | Higher Diploma in Hotel and Restaurant Management (3 years) |
| 12 | Global College International, Kamaladi, Kathmandu | Cambridge University UK/ Shinawatra University, Thailand | BBA (4 yrs), MBA-(2 Yrs) |
| 13 | Herald College, Kathmandu | Wolverhampton University, UK | BA (Hons) International Business Management–4yrs., BSc (Hons) Computing–3 yrs. |
| 14 | Himalayan College of Management, Pvt. Ltd, Naxal, Kathmandu | Infrastructure Univesity, Malaysia | BBA & MBA- |
| 15 | ICA Kathmandu | Indira Gandhi National Open University, India | BPPP (6 Months), DIM(1 year).MBA (2.5 Years), PGDFM (1 Year), BED (2 Years), DCE, DTS(1 year), PGJMC (1 Year), BA(3 years), BTS (3years), B.Com (3years), MEG (2 years), MTM (2 years), CIC(6 Months), BCA(3 years), MCA(2years) |

| SN | Name of Institute | University | Programme |
|---|---|---|---|
| 16 | IEC College of Art & Fashion, Bishalnagar, Kathmandu | Limkokwing University of Creative Technology, Malaysia | BA (Hons) in Fashion and Retailing–3yrs, Bachelor of Art in Interior Architecture-3yrs |
| 17 | Infomax College of Information Technology and Management, Ranipauwa, Pokhara | Sikkim Manipal University of Health, Medical, and Technology, India | B.Sc.IT (3 Years), M.Sc.IT (2 Years), BBA(3 years), MBA ( 2 Years), MBA Banking (2 years), BMA IT (2 years) |
| 18 | Informatics College Pokhara Pvt. Ltd, Matepani, Pokhara | London Metropolitan University, UK | BA (Hons.) Business Administration, (3 yrs.) & BSc (Hons.) Computing, (3Yrs.) |
| 19 | Institute of Banking and Management Studies Bagbazar, Kathmandu | Bharathiar University of India | BBA, BBM, MBA |
| 20 | Institute of International Management Science, Kathmandu | UCSI University, Malaysia | Bachelor of Science (Hons) in Computing, Bachelor of Arts (Hons) Hospitality Management |
| 21 | International College of Hospitality Management, Kathmandu | Tbilisi Teaching University, Gorgasali, Georgia | Bachelor in Hospitality Management (4 yrs.), MBA in Hospitality Management (2 yrs.) |
| 22 | International School of Management and Technology, Tinkune, Kathmandu | NCC Education UK/ EDEXCEL, UK | Diploma and Advanced Diploma in Management (2 years) / Professional Course (Higher National Diploma) |
| 23 | International School of Tourism and Hotel Management, Kathmandu | Salzburg University of Applied Science and Technology, Austria | 1.Diploma in Hotel Management, FHS Diploma in Hotel Management, Diploma in Tourism Management and Higher Diploma in Tourism MGT.<br>2. Postgraduate Degree in |

| SN | Name of Institute | University | Programme |
|---|---|---|---|
| | | | Innovation and Management in Tourism 2 yrs.<br>3.Bachelor of Science (Hons) in Hospital Management<br>4. Bachelor of Science (Hons) in Culinary Art Management |
| 24 | Islington College, Kamalpokhari, Kathmandu | London Metropolitan University, UK/ Cambridge University, UK | BSc (Hons.) in Computing, BSc (Hons.) in Computer<br>Networking and IT Security, BSc (Hons.) in Mulity Media<br>Technology- 3 and 4 yrs., BA (Hons)Business<br>Administration(4yrs), M.Sc. IT (computing), M.Sc. (Networking), MBA, A-Level |
| 25 | Ithari International College, Dulari, Morang | London Metropolitan University, UK | BA (Hons.) Business Administration (4 yrs.) & BSc (Hons.) Computing (3 yrs.) |
| 26 | Kashyap Institute of Engineering and Technology, Janakpur | The Institution of Civil Engineering,<br>India | Diploma in Civil Engineering and Architecture- 3yrs |
| 27 | Kathmandu College of Management, Lalitpur | Siam University, Thailand | BBA- 4yrs |
| 28 | Kathmandu Forestry College, Koteshwor, Kathmandu | University of Salzburg, Austria | M. Sc .in Geo-Information (2 Years) |
| 29 | Kings College, Kathmandu | Cambridge University UK/ West Cliff University, California, USA | BBA-4yrs, MBA- 2yrs |
| 30 | Lincoln International College of Management and IT (Balmiki Lincoln College, Jhapa) | Lincoln University College, Malaysia | BBA, MBA |

| SN | Name of Institute | University | Programme |
|---|---|---|---|
| 31 | Lincoln International College of Management and IT (Green Peace Lincoln College, Itahari, Sunsari) | Lincoln University College, Malaysia | BBA, MBA |
| 32 | Lincoln International College of Management and IT Network, Kamalpokhari, Kathmandu | Lincoln University College, Malaysia | BBA- 4yrs, MBA- 2 yrs. |
| 33 | Lord Buddha Education Foundation, Kathmandu | Asia Pacific University of Technology & Innovation, Malaysia | BSc (Hons) in Information Technology, BA (Hons) in Business Management |
| 34 | Maryland College Pvt. Ltd, Biratnagar | The University of Wolverhampton, UK | BA (Hons) International Business Management-4yrs. |
| 35 | Mid Valley Intl. College, Gyaneshor, Kathmandu | Help University, Malaysia | Bachelor of Business (Accounting) Hons., Bachelor of Business (Finance) Hons., Bachelor of Business (Hospitality Management) |
| 36 | National College of Management & Technical Science, Samakhusi, Kathmandu | Lincoln University College, Malaysia | BBA, Bachelor of Science (Hons) in Hospitality Management |
| 37 | Naya Aayam Multi-Disciplinary Institute (NAMI), Jorpati, Kathmandu | The University of Northampton, UK | BBA- 4yrs, MBA- 2 yrs, B. Sc.(Hons) Computing -4yrs, B.Sc(Hons) Environmental Science-4 yrs |
| 38 | Nepal Business College, Biratnagar | Lincoln University College, Malaysia | BBA- 4yrs, MBA- 2 yrs. |
| 39 | Nepal Education Foundation -Consortium of Colleges. | Asian Institute of Technology, Thailand | 1. MBA, 2. MBA Energy Business, 3. Bachelor in Information and Communication Technology, |

| SN | Name of Institute | University | Programme |
|---|---|---|---|
| | | | 4. Bachelor in Civil and Infrastructure Engineering (These programs will be offered in 2 stages, the first in NEF-CC Nepal and The second in AIT Thailand) |
| 40 | Nepal Information Technology, Lalitpur | Indira Gandhi National Open University, India | CIA, BPP, BA, BCA, B.Com. |
| 41 | Nisha Education Foundation, Kathmandu (Nova International College) | Delta International University, New Orleans, USA | BBA-4 Yrs, MBA-2 Yrs |
| 42 | Niva Management & IT College Pvt. Ltd, Anarmani-Jhapa | Sikkim Manipal University, India | BBA (3 Yrs)+ 1 Yrs PG and B.Sc. IT (3 Yrs) |
| 43 | NTP Tourism Affairs, Lalitpur | Tbilisi Teaching University, Gorgasali, Georgia | Bachelor of Hospitality Management- 4yrs, MBA-2yrs |
| 44 | Padmashree International College, Kathmandu | Nilai University College, Malaysia | Bachelor of Information Technology (Hons), BA (Hons) in Business and Hospitality Management |
| 45 | Palpa International College Of Management And IT Pvt. Ltd | Lincoln University College, Malaysia | BBA & MBA |
| 46 | Patan College for Professional Studies Pvt. Ltd, Lalitpur | University of Bedfordshire, UK | 1. B.Sc. (Hons) in Computer Science & Software Engineering (3 yrs) 2. BA (Hons) in Business Administration (3 yrs) |
| 47 | Pokhara Lincoln International College, Pokhara | Lincoln University College, Malaysia | BBA- 4yrs, B.Sc.(Hons) in Hospitality Management-4yrs |
| 48 | Presidential Business School, | West Cliff University, California, USA | BBA-4yrs, MBA-2yrs. |

| SN | Name of Institute | University | Programme |
|---|---|---|---|
| | Buddhanagar, Kathmandu | | |
| 49 | Republica International College Pvt. Ltd (Phoenix College of Management, Bijulibazar, Kathmandu | Lincoln University College, Malaysia | BBA-4 Yrs, MBA-2 Yrs |
| 50 | Silver Mountain School of Hotel Management, Kathmandu | Queen Margaret University, UK | BA in International Hospitality Management-4yrs. |
| 51 | Sky International College, Butwal, | Asia Pacific University of Technology & Innovation, Malaysia | Master of Science in Information Technology-2yrs., Master of Business Administration–2yrs., |
| 52 | Softwarica College IT & E-commerce, Kathmandu | NCC Education UK | Level4 and 5 in Computer Studies) |
| 53 | Sunway International Business School, Devkota Marg, Mid Baneshwor, Kathmandu | Infrastructure University, Malaysia | Master of Business Administration, Bachelor of Computer Science (Hons.) |
| 54 | Texas College of Management and IT, Kathmandu. | Lincoln University College, Malaysia | BBA- 4yrs, MBA- 2 yrs., Bachelors of information Technology (Hons) (BIT) & Bachelors of Computer Science (Hons) (Network Technology and Cybersecurity) |
| 55 | The British College Thapathali, Kathmandu | University of the West England, UK/ Leeds Beckett University, UK. | BBA (4 Years), M.Sc. International Business Management (MIBM), MBA (Executive Professional) (2Yrs.), B.Sc.Computing |

| SN | Name of Institute | University | Programme |
|---|---|---|---|
| | | | ( 4yrs.), B.A in Business Management (4 yrs.), MBA & M.Sc. Information & Technology |
| 56 | Ullens School, Lalitpur | International Baccalaureate Organization (IBO), Switzerland | International Baccalaureate Diploma (IB Diploma) |
| 57 | Wellhams Education Network Pvt. Ltd, Lalitpur | University of Madras, India | MBA-(2yrs) |
| 58 | Western Mega College, Butwal | Lincoln University College, Malaysia | Bachelor of Science in Hospitality Management-4yrs, MBA- 2 yrs. |
| 59 | Wigan & Leigh College, Kathmandu | WLC, India | 1.Business (16 weeks to two years, Training program)<br>2.Fashion Technology (16 weeks to two years, STraining program)<br>3. Advertising & Graphic Design- (16 weeks to two years, Training program)<br>4. Media- (16 weeks to two years, Training program)<br>5. Hospitality- (16 weeks to two years, Training program)<br>6.Hospital Administration- (16 weeks to two years, Training program) |

# अनुसूची ८ विश्वका प्रतिष्ठित विश्वविद्यालयहरूमा अध्यापन हुने विषयहरू

**चिकित्सा विज्ञानसम्बद्ध विषयहरू**

प्लाज्मा फिजिक्स

सेल बायलोजी

जेनेटिक्स

हेल्थ एण्ड वेलबिइङ

भाइरोलोजी

फार्मास्युटिकल साइन्स

न्युरोसाइन्स

हेल्थ एण्ड सोसियल केयर

**व्यवस्थापनसम्बद्ध विषयहरू**

भूमि व्यवस्थापन तथा व्यवस्थित बसोबास

लजिष्टिक म्यानेजमेन्ट

सहरी विकास तथा व्यवस्थापन

सहरी तथा जनसङ्ख्या अध्ययन

विकास अर्थशास्त्र

राजनैतिक अर्थशास्त्र

इकोनोमेट्रिक

**अन्य विषयहरू**

स्थानीय विकास तथा सुशासन

जलवायु परिवर्तन

पर्यटन प्रविधि तथा उद्योग

हिमालयन तथा पर्वतीय अध्ययन

टेक्टोनिक जिओलोजी

आर्ट्स एण्ड ह्याण्डीक्र्याफ़ट

हिन्दु, बौद्ध तथा पाश्चात्य दर्शन

कानुन

**कृषिसम्बद्ध विषयहरू**

कृषि व्यवसाय व्यवस्थापन

खाद्य प्रशोधन उद्योग

कृषि यान्त्रिकीकरण तथा औजार

कृषि तथा जडीबुटी प्रशोधन

जैविक प्रविधि तथा इन्जिनियरिङ

**इन्जिनियरिङसम्बद्ध विषयहरू**

जलविद्युत इन्जिनियरिङ

सेफ्टी इन्जिनियरिङ

फ्लुइड मेसनरी एण्ड इन्जिनियरिङ

टनेल इन्जिनियरिङ

बायोमेडिकल इन्जिनियरिङ

माइनिङ इन्जिनियरिङ

म्यानिफ्याक्चारिङ एण्ड अटोमेशन

क्लिन इनर्जी/ग्रीन इनर्जी

माइक्रोमोलिक्युल मटेरियल एण्ड इन्जिनियरिङ

**सूचना प्रविधि र विज्ञानसम्बद्ध विषयहरू**

डेटा साइन्स

क्वान्टम इन्फर्मेशन साइन्स

एप्लाइड म्याथम्याटिक्स

मेशिन लर्निङ

एनिमेशन/एप डिजाइन

इन्फरमेशन सेक्युरिटी

औद्योगिक डिजाइन

आर्टिफिसियल इन्टेलिजेन्स

एप्लाइड फिजिक्स

## अनुसूची ९ स्थलगत भ्रमणका लागि छनोट गरिएका विश्वविद्यालयहरूको विवरण

| लुम्बिनी विश्वविद्यालय | छलफलमा सहभागीको नाम र पद | सहभागीको विचारका मुख्य अंशहरू |
|---|---|---|
| | १. तिलक राम आचार्य, रजिष्ट्रार<br>२. निलु गिरी, अनुसन्धान निर्देशक<br>३. निर बहादुर गुरुङ<br>४. शान्तराज न्यौपाने<br>५. गजेन्द्र गुप्ता | – विशिष्टीकृत विश्वविद्यालय भएकाले त्यसैअनुरूप सञ्चालित हुदै आएको<br>– अनुसन्धान कार्यमा आर्थिक समस्याहरू भोग्नु परेको<br>– सम्बद्ध सरोकारवाला निकाय (जस्तैः प्रदेश सरकार) बाट सहयोग पाउन समस्या रहेको<br>– उच्च शिक्षा ऐन जारी गरी विश्वविद्यालय शिक्षालाई सुधार गर्नुपर्ने आवशयकता रहेको<br>– इच्छा र रहरका भरमाभन्दा देशको आवश्यकताका आधारमा विश्वविद्यालय स्थापना गर्नुपर्ने<br>– बौद्ध अध्ययन, शिष्टाचार सिकाउने खालको शिक्षाको खाँचो रहेको, यस्तो शिक्षा परीक्षण लोकसेवा आयोगले लिने परीक्षामा पनि हुनुपर्ने<br>– बौद्ध शिक्षामा सरकारी लगानी वृद्धि गरी अन्तर्राष्ट्रियस्तरको बनाउनुपर्ने |

अन्य विश्वविद्यालय र छलफल गरिएका सम्बद्ध पदाधिकारीहरूको विवरण (२०७८ चैत्त २३-२५)

| विश्वविद्यालय | पदाधिकारीहरू |
|---|---|
| कृषि तथा वन विज्ञान विश्वविद्यालय | १. पुन्य प्रसाद रेग्मी, उपकुलपति<br>२. शारदा थपलिया, रजिष्ट्रार |
| गण्डकी विश्वविद्यालय | १. गणेशमान गुरूङ, कुलपति<br>२. नब राज देवकोटा, उपकुलपति |
| काठमाडौं विश्वविद्यालय | १. प्रा. डा. सुबोध शर्मा, रजिष्ट्रार |

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश २०७५ बमोजिम आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक, विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधारलगायत विभिन्न क्षेत्रका विविध पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न गठन गरिएको विशिष्ट प्रकृतिको विज्ञ संस्था हो ।

नीतिसम्बन्धी अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिनु प्रतिष्ठानको कार्यादेश हो । यसले विश्वविद्यालय र अनुसन्धान गर्ने सङ्घसंस्थालगायत परामर्शदाता र प्रतिष्ठानको आफ्नै अनुसन्धान समूहको माध्यमबाट काम गर्दछ र प्राप्त नतिजाहरू नेपाल सरकार र अन्य सम्बन्धित सरोकारवालाहरू समक्ष प्रस्तुत गर्दछ । गुणस्तरीयता, वस्तुपरकता, सत्यनिष्ठा, विविधता, पारदर्शिता, जवाफदेहिता र सहभागिता प्रतिष्ठानका मूल मान्यताहरू हुन् । प्रतिष्ठानले विधागत पाँच क्षेत्रका १८ उपक्षेत्रमा तय गरेको नीति अनुसन्धान चक्र, प्रक्रिया र मानकबाट निर्देशित भई नीति अनुसन्धान गर्दैआएको छ ।

ज्ञान व्यवस्थापन नीति अनुसन्धान प्रतिष्ठानको एक महत्त्वपूर्ण पक्ष रहदै आएको छ, जस अन्तर्गत नीति अनुसन्धानसम्बन्धी विषयमा छलफल तथा सिकाइको आदान प्रदान गर्ने संयन्त्र - सार्वजनिक नीति संवाद - सञ्चालन हुँदै आएको छ । नीति निर्माणका सन्दर्भमा तीन किसिमका ज्ञान - क) अनुसन्धान र विश्लेषणमार्फत प्राप्त वैज्ञानिक ज्ञान, ख) निजामती सेवाको अनुभवबाट प्राप्त प्रशासनिक ज्ञान र ग) आमजनताका अनुभव र सञ्चारमाध्यमलगायत सामाजिक तथा राजनीतिक प्रक्रियाबाट प्राप्त सामुदायिक ज्ञान - आवश्यक हुन्छ भन्ने विश्वासमा आधारित भई प्रतिष्ठानले नीति अनुसन्धान गर्दैआएको छ ।

9 789937 957748